# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक पूर्णाङ्क ७६



क्युवाली अनाथ बालकमाथि अमेरिकाको राजनीति

मृत्युसंगको संघर्ष !

# निर्मल लामा



अस्पतालको शैयामा लिइएको विशेष अन्तर्वार्तासहित




कोरियामा एक लाख बामपन्थीहरुको हत्याको पर्दाफास !

नेपाली चलचित्रहरुको सापेक्षतामा 'चमेली'

शहस्राब्दी पुरुष 'आइन्स्टाइन' समाजवादी नै भएको दावी

# DUCKHAMS




अन्तरराष्ट्रिय
**ISO-9002** को
उच्च गुणस्तरको
लुब्रिकेटिङ्ग आयल






**PRODUCTS OF ALEXANDER DUCKHAMS & CO. ENGLAND**



# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १८, पूर्णाङ्क ७६
वैशाख, २०५७



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईंटेल
**सह-सम्पादक**
राजेन्द्र महर्जन
**सहायक-सम्पादक**
तुल्सीदास महर्जन
विष्णुदेवी श्रेष्ठ
**सम्पादन सहयोगी**
चन्द्र खाकी

**प्रमुख व्यवस्थापक**
श्याम खड्का
**लेखा व्यवस्थापक**
वीरप्रसाद भंसारी
**बजार व्यवस्थापक**
दुर्गा खड्का



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक, काठमाडौं-३२
फोन: ४२२७६९, फ्याक्स: ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं
*इमेल :*
mulyankan@hons.com.np
*वेभसाइट:*
www.webnepal.com/mulyankan




# सम्पूर्ण जीवन देश र जनताको लागि समर्पण गर्ने

# क. निर्मल लामा

जतिखेर म राजनीतिमा लाग्नथालें, त्यतिखेर मेरो कुनै सपना थिएन
- क. निर्मल लामा

**क. लामासँग अस्पतालमा लिइएको विशेष अन्तर्वार्ता**

**जन-अभिनन्दन समारोहमा कसले के भने ?**

◆

क. निर्मल लामाका स्वीकारोक्तिहरू

◆

अहँ, कहिल्यै मर्दैन निर्मल लामा
- कृष्णज्वाला देवकोटा

एलियान गोन्जालेज काण्ड :
**क्युवाली बालकमाथि अमेरिकाको राजनीति**

◆ **नेपाली चलचित्रको सापेक्षतामा *'चमेली'***
◆ **एस.एल.सी. परीक्षा : किन हुन्छ चिट चोर्ने र चोराउने कार्य ?**
◆ **कोलम्बिया : अमेरिकाको 'अर्को भियतनाम बन्दैछ ?**
◆ **अखिल नेपाल जनजाति संघको कस्तो 'नेपाल बन्द' ?**
◆ **कोरियामा एक लाख वामपन्थीहरुको हत्याको पर्दाफास**
◆ 'जर्ज बुश, तिम्रो नयाँ विश्व व्यवस्था कस्तो छ ?' 'नारकीय र निर्दयी छ !' - जर्मनीवासीहरु

*अल्बर्ट आइन्स्टाइन :*
**पूँजीवादी पत्रिकाका 'शताब्दी-व्यक्ति' समाजवादी नै भएको दावी !**


**हाम्रो मूल्यांकन**
के सेना परिचालन गरेर माओवादी समस्या हल हुन्छ ? ४

**घटना र प्रवृत्ति**
माओवादीहरू आफ्नो नीति र सोचमा यसरी हेरफेर ल्याउँदैछन्
- श्याम श्रेष्ठ ५
एलियान गोन्जालेज काण्ड : यसरी क्यूवाली बालकले बल्ल बाबुसित रहन पाए
- दीपक वैद्य ६
एस.एल.सी. परीक्षा : किन हुन्छ चिट चोर्ने र चोराउने कार्य ?
- राजेन्द्र महर्जन १३
एमाले पार्टीले नातीकाजीहरूलाई अभिनन्दन गऱ्यो !
- हरिगोविन्द लुईटेल १४
अखिलहरू सडकबाट सम्मेलनतिर १०
असाममा २३ जना नेपालीहरू मारिए १५
साहित्य-सन्ध्या पुरस्कार निभा र शास्त्रीलाई २३
प्रगतिशील लेखक संघले कार्यक्रम तय गऱ्यो ३२
अखिल नेपाल जनजाति संघको 'नेपाल बन्द'
- विवेक मानन्धर ४५

**आँखीझ्याल**
कोरियाली युद्धमा अमेरिकी र दक्षिण कोरियाली सैनिकहरूको नृशंसता : १ लाख बामपन्थीहरूको हत्या २६

**विश्व कम्युनिष्ट आन्दोलन**
अल्बर्ट आइन्स्टाइन : पूँजीवादी *पत्रिकाका* 'शताब्दी-व्यक्ति' समाजवादी नै भएको दावी !
- राजेन्द्र महर्जन १६
आदर्शवादी विद्वान बर्ट्रेण्ड रसेलको आँखामा आइन्स्टाइनको स्वभाव १७
'जर्ज बुश, तिम्रो नयाँ विश्व व्यवस्था कस्तो छ ?' 'नारकीय र निर्दयी छ !'
- जर्मनीवासीहरू १९
के फेरि सत्तासीन हुँदैछन् चेक कम्युनिष्टहरू ? २०
विश्व बैंक र मुद्रा-कोषविरूद्ध चेक युवाहरूले प्रदर्शन गर्ने २०
के भन्छन् चेक कम्युनिष्टहरू ? २१
माकपाद्वारा ११६ जना क्रान्तिकारीहरूको हत्या ! २१
भाकपा मालेको ३१ औं स्थापना दिवस २१
अमेरिकामा मार्क्सवादबारे सम्मेलन २२
*अमेरिकी चुनावमा* कम्युनिष्ट महिला पनि उम्मेदवार २३
कोलम्बिया : अमेरिकाको 'अर्को भियतनाम' बन्दैछ ? २४

**उत्पीडित चौतारी**
प्रजातन्त्रको जननी बेलायतमा महिलाहरूको स्थिति कस्तो छ ?
- मुक्ता श्रेष्ठ २५

**दर्शन**
द्वन्दवादी भौतिकवाद : परिमाणको गुणमा र गुणबाट परिमाणमा हेरफेरको नियम
- प्रज्ञानरत्न २८

**नीति / संस्कृति**
हामीले आफूलाई राजनीति पीडित ठान्ने कि नठान्ने ?
- चन्द्रदेव नेपाली ३०

**इतिहास**
नेपालको प्रथम राजनैतिक संस्था प्रचण्ड गोरखा
- विष्णुदेवी श्रेष्ठ ३१

**आवरण कथा**
सम्पूर्ण जीवन देश र जनताको लागि समर्पण गर्ने क. निर्मल लामा
- तुल्सीदास महर्जन ३४
जतिखेर म राजनीतिमा लाग्न थालें, त्यतिखेर मेरो कुनै सपना थिएन
- क. निर्मल लामा ३६
क. निर्मल लामाका स्वीकारोक्तिहरू ३७
जन-अभिनन्दन समारोहमा कसले के भने ? ४०
अहँ, कहिल्यै मर्दैन निर्मल लामा
- कृष्णज्वाला देवकोटा ४४

**पर्दा / रंगमंच**
नेपाली चलचित्रको सापेक्षतामा 'चमेली'
- सुशील सापकोटा १२
चलचित्र 'मुकुण्डो' अन्तर्राष्ट्रिय महोत्सवमा छानियो १३
'आरोहण' समूहको नाटक- "कुमारी" ३२

**संक्षेप**
तेस्रो धार : हामी बहस चलाईरहेका छौं
- हरि रोका ८

**व्यंग्य**
गद्दारहरू धेरै छन्
- विमल निभा ३३

**पाठकको कुरो** ४६



आवरणमा : वामपन्थी आन्दोलनका एक योद्धा क. निर्मल लामा, फोटो ए.बी.सी फोटो, बागबजार । क्युवाली अनाथ बालक एलियान गोन्जालेज (माथि) । कोरियामा भएको नरसंहारको दृश्य (तल) । आवरण सज्जा: टाइम्स क्रिएशन, बागबजार, फोन: २५२६४५ कलर सेपरेशन: पोलिइमेज, प्रदर्शनी मार्ग । फोन: २५२५७२ कलाकारहरू: लक्ष्मण भूजेल, जि.डि. सारू, *यति आर्ट*, पुतलीसडक । मुद्रण: इन्द्रेणी अफसेट प्रेस, बागबजार

# के सेना परिचालन गरेर माओवादी समस्या हल हुन्छ ?


अहिले नेपाली राजनीतिक परिदृश्यमा केही प्रश्नहरू चर्को विवादका रूपमा उठेका छन् । विवादका रूपमा उठेका मुख्य प्रश्नहरू हुन् : सरकारले सुरक्षा परिषद्‌लाई सक्रिय पार्नु हुन्छ कि हुन्न ? सरकारले माओवादीविरूद्ध सैन्यशक्ति वा अर्द्ध-सैन्य शक्ति प्रयोग गर्नु हुन्छ कि हुन्न ?

निरपेक्ष रूपमा र सैद्धान्तिक तहमा भन्ने हो भने सरकारले सुरक्षा परिषदलाई सक्रिय पार्नु हुन्छ कि हुन्न भन्ने विवाद व्यर्थको मूर्खतापूर्ण विवाद हो । कुनै पनि पूँजीवादी प्रजातन्त्रमा त्यस देशको सरकारले नै कुनै बेला सुरक्षा परिषद्‌लाई र सेनालाई क्रियाशील पार्दछ, पार्नुपर्छ, र पार्नसक्दछ । तर नेपालको पूँजीवादी प्रजातन्त्रको र संविधानको एउटा मूलभूत दोष के छ भने, यहाँ सेनाको परमाधिपति राजालाई बनाइएको छ, प्रधानमंत्रीलाई होइन । नेपालको सेना अझै जन-निर्वाचित संस्थाहरू- संसद र सरकारको मातहतमा छैन, यो अहिले पनि दरवारको मातहतमा छ । र, सेना परिचालन गर्ने हक प्रधानमन्त्री अध्यक्ष भएको, रक्षामन्त्री र प्रधान सेनापति रहने सुरक्षा परिषदले गर्ने भनिएको छ । संविधानका यी प्रावधानहरूले के भ्रम पैदा गरेका छन् भने, प्रधानमन्त्रीलाई सुरक्षा परिषद् क्रियाशील पार्ने र सेना परिचालन गर्ने कुनै हक नै छैन । केही प्रवुद्ध वृद्धिजीवीहरू नै अहिले यो तर्क गर्न थालेका छन् ।

हाम्रो ठम्याइमा यी र यस्ता तर्कहरू गलत छन् र यस्ता तर्कहरूले प्रजातन्त्रलाई होइन, दरवारलाई पुनः निरंकुश पार्नलाई मात्र सहायता गर्छन् । अहिलेकै संविधानमुताविक पनि सेना र सुरक्षा परिषद परिचालन गर्ने हक प्रधानमन्त्रीलाई छ र हुनु पनि पर्दछ । सेना भनेको कार्यकारीको अभिन्न अंग हो । यो अभिन्न अंगलाई परिचालन गर्ने हक निर्वाचित कार्यकारी प्रमुखसित नै हुन्छ र हुनुपर्दछ । यो हक कार्यकारी प्रमुखसित नहुनासाथ कार्यकारी नै निकम्मा हुन्छ, दरवार सवल हुन्छ । र, दरवारलाई सवल पार्ने ढंगले, निर्वाचित कार्यकारीलाई चाहिं निकम्मा पार्ने ढंगले तर्क उठाउनु गलत हुन्छ ।

तात्कालिक रूपमा नेपालको संविधानमा अहिले जुन दोष छ, त्यो दोष संविधान संशोधन गरेर भए पनि हटाइनु पर्छ । नेपालको सेनाको परमाधिपति राजा होइन, प्रधानमंत्री हुनुपर्दछ । सेनालाई सुस्पष्ट रूपमा संसद र सरकारको मातहतमा ल्याइनुपर्दछ । सरकारको सेना प्रयोगलाई 'चेक एण्ड व्यालेन्स' गर्ने हक संसदमा हुनुपर्दछ । सरकारद्वारा प्रस्तावित प्रधान सेनापतिलाई संसदबाट निर्वाचित र संसदप्रति उत्तरदायी बनाइनुपर्दछ ।

दीर्घकालीन रूपमा नेपालमा सेनाको कुनै काम नै छैन । बसीबसी वर्षको २१३ अरब बजेट खाने, र जनतालाई दबाउन मात्र प्रयोग हुने यो दमनकारी शक्तिलाई अन्ततः विस्थापित गर्ने कदम चालिनुपर्दछ । आम जनतालाई सशस्त्र पारेर यो



कार्य गर्न सकिन्छ र गरिनुपर्दछ । जुन देशले कसैसित लडाइँ लड्नु नै छैन- त्यसले यति ठूलो सेना किन पालीराख्ने ?

बहसको र विवादको अर्को विषय छ - माओवादी समस्या सेना वा अर्द्ध-सैन्य बल प्रयोग गरेर हल गर्न सकिन्छ कि सकिन्न ? र, माओवादी समस्या हल गर्न सेना परिचालन गर्नु उचित हुन्छ कि हुन्न ?

यो विवाद किन पैदा भइरहेछ भने, सरकार यतिखेर 'खेमराज रेग्मी कार्यदल'ले दिएको सुझावअनुसार गृह मंत्रालयको मातहत रहने गरी करीब १५ हजार जवानको अर्द्ध-सैन्य बल (पारामिलीटरी फोर्स) खडा गर्नतिर लागिरहेछ । ऊ अहिले ६ वटा जिल्ला रोल्पा, रूकुम, सल्यान, जाजरकोट, कालिकोट र प्यूठानमा प्रहरीको व्याक-अप फोर्सका रूपमा सेनालाई तैनाथ गर्ने निर्णयमा पुगिसकेको छ । यस निम्ति रू. १३ करोडको बजेट निकासा गर्ने टुंगोमा समेत सरकार पुगिसकेको छ ।

गिरिजा सरकारको यो कदम मूर्खतापूर्ण छ र सरासर निन्दनीय छ । माओवादी समस्या फौजी दमनबाट हल गर्ने सपना देख्नु भ्रम हो ।

कुनै पनि समस्या तब मात्र हल हुन्छ, जब यसको जरो कारण पत्तो लाग्छ र जरोमै समस्या हल गर्ने प्रयत्न हुन्छ । माओवादी समस्या सरकारको कंट्रोलमा सेना नभएर पैदा भएको होइन । माओवादी समस्या पैदा हुनुको जरो कारण त कांग्रेस स्वयम् हो । यो देशमा गत दश वर्षमा लगभग ९ वर्ष त कांग्रेस स्वयंले शासन गऱ्यो । यो ९ वर्षमा कांग्रेसले व्यवहारतः के सावित गर्न सकेन भने, देश र जनताको आधारभूत समस्या बहुदलीय पूँजीवादी प्रजातन्त्रबाट हल गर्न संभव छ । कांग्रेसी शासनमा पूँजीवादी प्रजातन्त्रले देश र जनताको कुनै पनि आधारभूत समस्या हल गर्न सकेन । जनताको निरपेक्ष गरीवी बढेर ४२ प्रतिशतबाट ४९ प्रतिशत पुग्यो । वेरोजगारी बढेर ५ बाट १४ प्रतिशत पुग्यो । न वास्तविक जोताह किसानको भूमिको स्वामित्वको समस्या प्रगतिशील भूमि सुधारद्वारा हल गरियो, न मजदूरहरूको ज्यूँनयोग्य मानवीय ज्यालाको समस्या नै । न महिलाहरूले पुरूषसरह समान संपत्तिको हक प्राप्त गर्न सके, न जन-जातिहरूले समानता र स्वायत्तताको हक नै । यो एक दशकमा मुलुकको राष्ट्रिय स्वाधीनता र सार्वभौम सत्ता अरू ज्यादा बलात्कृत भयो मात्रै - उदारीकरण, विदेशी ऋणमा अपार बृद्धि र महाकाली सन्धिहरूद्वारा । परन्तु, १९५० का असमान सन्धिहरू कहिल्यै खारेज गरिएनन् ।

विगत एक दशकमा कांग्रेसको नेतृत्वमा नेपालको पूँजीवादी प्रजातन्त्र सिंहदरवारमा बस्ने करिब ५०० जना नेता, सांसद र नोकरशाहहरूको सुख संपन्नताको निम्ति मात्र सीमत भयो । यो आम जनताको सुख संपन्नता भएर गाउँगाउँका झुपडीसम्म बिस्तारित नै भएन । देशको उन्नति र दरिलो प्रभुसत्ता भएर मेचीदेखि कालापानी-लिम्पियाधुरासम्म यो बिस्तारित नै भएन ।

सरकारमा गएकाहरू त पथभ्रष्ट भए भए, सडकमा रहेका प्रतिपक्षीहरूले पनि यो भ्रष्टताका विरूद्ध सशक्त जन-आन्दोलन उठान गर्न सकेनन् । क्रान्तिकारी जन-उभारको सशक्त आँधी सिर्जना गर्न सकेनन् ।

सरकारमा र संसदमा गएकाहरू पथ-भ्रष्ट हुनु र सडकमा भएकाहरू चाहिं मन-तातो र कमजोर हुनु, के गर्ने भन्ने सवालमै अस्पष्ट हुनु : यसैको ध्रुवीय प्रतिक्रिया हो - माओवादी सशस्त्र 'जनयुद्ध' । अन्यथा, २०५१ सालसम्म अहिलेका माओवादीहरू संसदमै थिए ।

हो, चरित्रमा अधैर्यता र असहिष्णुता अनि चिन्तनमा अराजकता र यान्त्रिकताले नै माओवादी आन्दोलन शुरू भएको छ । माओवादीले आख्तियार गरेको व्यक्तिहत्याको बाटोप्रति हामी सहमत छैनौं । परन्तु उनीहरूको क्रान्तिकारी नियतमा शंका गर्नेकुनै ठाउँ छैन । क्रान्तिकै लागि उनीहरूले हतियार उठाएका हुन् । शासकहरू तानाशाही र भ्रष्ट भएपछि उनीहरूको मुर्छा भंग गर्न त्यसको विरूद्ध हतियार उठाउने हक जनतालाई हुन्छ नै । के कांग्रेस स्वयम्‌ले यही नियतले यस्तै हतियार २००७ सालअघि र २०१७ सालपछि उठाएको थिएन र ? यदि सत्य यस्तो हो भने, कांग्रेसले भ्रष्ट र तानाशाही सरकारविरूद्ध हतियार उठाउनु चाहिं ठीक, माओवादीले उठाउनु बेठीक कसरी हुन्छ ?

परन्तु, नेपालकै इतिहासले भन्छ- फौजी दमनले क्रान्तिकारी विद्रोहलाई कहिल्यै अन्त्य र साम्य गर्न सकिन्न । विश्वकै इतिहास हेर्ने हो भने पनि यही सत्य बारम्बार सावित भएको सर्वत्र पाइन्छ । अनि विश्वव्यापी सत्य यस्तो हुँदाहुँदै नेपाली कांग्रेसको सरकार किन सेना परिचालन गरेर माओवादी समस्या हल गर्ने व्यर्थ प्रयत्न र मूर्खता गरिरहेछ ?

सरकारले माओवादी समस्याकै वास्तविक हल चाहन्छ भने माओवादीसित वार्ता गरोस् । त्यो जरो कारण हल गर्न प्रयत्न गरोस्, जसबाट माओवादी समस्या पैदा भएको छ । उसले सक्छ भने व्यवहारद्वारा यो सावित गर्ने काम गरोस् कि पूँजीवादी प्रजातन्त्रले देश र जनताको आधारभूत समस्या हल गर्न संभव छ, पूँजीवादी प्रजातन्त्रले गाउँगाउँका झुपडीमा सुख, संपन्नता ल्याउन संभव छ । होइन, त्यो संभव छैन भने - देश र जनताले अर्को जन-क्रान्तिको बाटो खोज्नु स्वाभाविक छ । बाटो ठीक वा बेठीक हुनु छुट्टै छलफलको विषय हो । ❑

# माओवादीहरू आफ्नो नीति र सोचमा यसरी हेरफेर ल्याउँदैछन्

श्याम श्रेष्ठ

२०५२ साल फागुन १ देखि घोषित रूपमा 'जनयुद्ध' चलाइरहेको ने.क.पा. (माओवादी) ले आफ्नो नीति र सोचमा केही महत्वपूर्ण हेरफेर गर्न लागेको संकेत मिलेको छ ।

माओवादी नेतृत्व-वृत्तमा देखिएको एउटा महत्वपूर्ण परिवर्तन हो- सरकारसित वार्ता गर्ने चाहना । माओवादी नेतृत्वले यतिखेर वास्तविक रूपमै सरकारसित वार्ता गर्न खोजिरहेको पाइएको छ । कांग्रेसी सरकारको नेतृत्वमा आएको परिवर्तनले उसको यो *ईच्छा यतिखेर धरमरमा पर्न* गएको छ, बिशेषतः गिरिजा सरकारको सेना परिचालन गर्ने निर्णयले । परन्तु, भट्टराई सरकार यथावत भएको भए यतिखेर सरकार र माओवादीबीच वार्ता भइसक्ने सुनिश्चित थियो । माओवादी नेतृत्वले गत फागुनमा यस निम्ति क. अशोकलाई वार्ताकारका रूपमा तोकिसकेको थियो । वार्ताका निम्ति केही मूर्त शर्तहरूसमेत माओवादीको महामन्त्रीको तर्फबाट अघि सारिसकिएका थिए ।

### माओवादीका वार्ताका शर्तहरू

◆ बेपत्ता पारिएका माओवादीका केन्द्रिय सदस्य दिनेश शर्मा लगायतका संपूर्णको स्थिति स्पष्ट गर्ने तथा रिहा गर्ने

◆ देशव्यापी जनहत्या र राज्यआतंक बन्द गर्ने

◆ मुठभेडका नाममा भर्खरै रूकुममा भएको जनहत्या काण्ड, आगजनीलगायत अन्य यस प्रकारका घटनाको छानवीन गर्नुपर्ने, क्षतिपूर्ति दिनुपर्ने र दोषीमाथि कारवाहीको प्रक्रिया अघि बढाउनु पर्ने

◆ अन्तर्राष्ट्रिय मान्यताअनुरूप वार्ताको वातावरण तयार गर्नुपर्ने

*स्रोत : कमरेड प्रचण्डको वक्तव्य, जनादेश, फागुन- १७, २०५६*

यी शर्तहरूउपर सरकारले पनि सकारात्मक रूख प्रदर्शित गरिसकेको थियो । "माओवादी समस्या सुझाव समिति"का संयोजक पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले "माओवादीबाट आएको यो वक्तव्यलाई मैले अत्यन्त सकारात्मक र उत्साहवर्द्धक रूपमा लिएको छु" भनेर वार्ताको निम्ति हरियो बत्ती बालिसकेका थिए । एक जानकार सूत्रले मूल्यांकनलाई बताएअनुसार प्रदीप गिरीको टोली शुरूको वार्ताको निम्ति खटिसकेको थियो । वार्ताको तैयारीको निम्ति एकाध चरण वार्ता भैसकेको थियो ।

परन्तु एकाएक गिरिजाको दोस्रो अविश्वास प्रस्तावका कारण भट्टराई सरकार चैतको पहिलो हप्तामा गिर्‍यो र चैत्र ७ गते गिरिजाप्रसाद कोइराला नेपालका प्रधानमन्त्री हुनपुगे । भट्टराई वार्ताद्वारा माओवादी समस्या हल गर्ने कुरामा ज्यादा विश्वास राख्थे । तर गिरिजाको भने सेना परिचालनद्वारा दमन गरेर माओवादी सिध्याउने कुरामा ज्यादा चाख देखिन्छ । यसका निम्ति उनले सत्तामा आउने बित्तिकै 'सुरक्षा परिषद' लाई क्रियाशील पार्न पहलसमेत गरिसकेका छन्, यद्यपि यो कदमको चारैतिरबाट तीव्र विरोध भइरहेछ । स्वयम् कांग्रेसभित्र समेत यो कुरामा एउटै मत हुनसकेको छैन । कांग्रेसभित्रको अति दक्षिणपन्थबाहेक सबैले यो नीतिको तीव्र विरोध गरेको पाइएको छ ।



क. प्रचण्ड

*माओवादीमा संयुक्तमोर्चा सम्बन्धी सोचमा रहेको संकीर्णता हट्नु राम्रो कुरा हो । यो प्रगतिको लक्षण हो । परन्तु ...*

सरकारमा र सरकारको सोचमा आएको हेरफेरको कारण माओवादीसितको वार्ताको एजेण्डा यतिखेर किनारा लागेको छ । परन्तु "विश्वासयोग्य वातावरण बनेमा" माओवादी अहिले पनि वार्ताको निम्ति तैयार हुनसक्ने देखिन्छ ।

माओवादी यतिबेला वार्ताको निम्ति तैयार हुनुका केही मूर्त कारणहरू छन् ।

आधार इलाकाको घोषणापछि माओवादीले अति ज्यादा दमनको शिकार हुनुपरेको छ । आधार इलाका वास्तविक अर्थमा आधार इलाकाजस्तो हुनसकेकै छैन । दरिलो आधार इलाका नभएपछि सैन्यशक्तिको स्थिति घुमन्ते विद्रोहीको जस्तो हुनजान्छ । माओवादीमा यो समस्या आई नै सकेको देखिएको छ । आधार इलाकाको घोषणा त सजिलै भयो, परन्तु त्यसलाई टिकाउनु महामुश्किलको कुरो भइरहेछ ।

माओवादीलाई दरिलो संयुक्त मोर्चाको पनि यतिबेला निकै ठूलो अभाव खट्किन थालेको देखिएको छ । यसको अभावमा ऊ युद्धमोर्चामा लगभग एक्लो भएको छ । र, एक्लै नृशंस राज्यहिंसा झेल्नु प्रायः असंभव हुन्छ ।

माओवादीले यसबीच शहरिया जन-आन्दोलन उठाउने प्रयत्न त गरेको छ । तर त्यो प्रभावकारी ढंगले उठिरहेको छैन । नौ वामको संघर्ष प्रभावशाली हुन सकेको छैन । शहरिया जन-संघर्ष प्रभावकारी ढंगले उठेको भए शासकवर्गको शक्ति-विन्यासमा फरक आउँथ्यो : यो ग्रामीण क्षेत्रको दमनमा त्यति केन्द्रित हुन पाउँदैनथ्यो ।

माओवादी नेतृत्वले यिनै सब सवालमा यतिखेर पुनर्समीक्षा गर्नु जरूरी भएको छ । गंभीर आत्मसमीक्षाको लागि समयको जरूरी भएको छ, शान्तिपूर्ण ढंगले बस्ने र सोच्ने ग्यापको जरूरत भएको छ । वार्ताले त्यो ग्याप प्रदान गर्छ । तसर्थ वार्ता माओवादीको बस्तुगत आवश्यकता भएको छ ।

माओवादी स्वयम्ले सम्मानजनक शर्त र विश्वासिलो वातावरणमा वार्ता खोजिरहेको यो समयमा बुद्धिमत्तापूर्ण सरकार भएको भए वार्ता गर्नु निकै महत्वपूर्ण कदम हुनसक्थ्यो । तर गिरिजा सरकार यो मामलामा पटमूर्ख देखिएको छ । ऊ सैन्य परिचालनद्वारा माओवादी समस्या हल गर्न उद्यत देखिएको छ । सैनिक दमनद्वारा विश्वमा कतै पनि क्रान्तिकारी सशस्त्र विद्रोह वा युद्ध अन्त्य गर्न सकिएको इतिहास छैन । नेपालमा पनि त्यसो गर्नु असंभव छ । त्यसो गर्न संभव भएको भए न नेपालमा राणाशासन खत्तम हुन्थ्यो, न त पंचायती व्यवस्था नै । के दमनका लागि उनीहरूसित पनि पर्याप्त सैन्यशक्ति थिएन र ?

माओवादी समस्या त तब मात्र हल हुन संभव छ, जब यो पैदा हुनुको जरो कारण ठम्याइन्छ र त्यो कारण नै निमिट्यान्न पार्ने इमान्दार प्रयत्न हुन्छ । माओवादी समस्या पैदा हुनुको जरो कारण- बहुदलीय प्रजातन्त्रको सीमितिकरण र नेताहरूको भ्रष्टीकरण हो । बहुदलीय प्रजातन्त्र सिंहदरबारमा बस्ने ५०० जना नेता र नोकरशाहहरूलाई सुख संपन्न पार्न मात्र सीमित भयो । यो गाउँ गाउँको झुपडीको सुख संपन्नतासम्म विस्तारित नै हुन सकेन । नेपालका देश हाँक्न खोज्ने नेताहरू - आफ्नो घोषित उद्देश्य र आदर्शबाट भ्रष्ट भए । उनीहरूले आफ्नो उद्देश्य र आदर्शलाई जीवन र व्यवहारमा कार्यान्वय नै गरेनन् । ठीक यसैको ध्रुवीय प्रतिक्रियामा माओवादी समस्या पैदाभएको हो । तसर्थ यो जरो कारणलाई ज्यूँकात्यूँ राखेर सैन्य दमनद्वारा माओवादी समस्या हल गर्नु संभव नै छैन ।


अहिले माओवादीले क्रान्तिको लागि हतियार उठाएका छन् र उनीहरूलाई सैनिक शक्तिले कुल्चिने कुरालाई गिरिजा सरकारले ठीक ठहर्‍याउँदैछ । के हिजो कांग्रेस स्वयम्ले राणाशाही र पंचायतविरूद्ध क्रान्तिकै लागि भनेर हतियार उठाएको थिएन ? के त्यतिबेला कांग्रेसलाई सैन्यशक्तिले कुल्चिने तानाशाहहरूको कदम ठीक थियो ? के त्यसरी सैन्य दमन गरेर राणा र पंचायती एकतन्त्र ढल्नबाट बच्यो ?

त्यसैले नेपाली कांग्रेसको सरकारले क्रान्तिकारीहरूविरूद्ध सैन्य परिचालनको कुरा गर्दा आफ्नै विगत इतिहासलाई फर्केर हेर्नु जरूरी छ । त्यसमाथि थप अहिले त माओवादीले वार्ता चाहिरहेको छ । माओवादीले वार्ता चाहिरहेको बेलामा सरकारचाहिं उनीहरूलाई बन्दूक सोझ्याउनतिर लाग्नु पागलपन हो ।

यतिखेर माओवादीमा देखिएको अर्को परिवर्तन चर्को अलगावको स्थितिले गर्दा उसको संयुक्त मोर्चासम्बन्धी सोचमा भएको हेरफेर हो । माओवादीले यही सिलसिलामा आफ्नो घोषित संयुक्तमोर्चा - "संयुक्त जनमोर्चा"लाई विघटन गरेको छ र कांग्रेसइतर संपूर्ण राजनीतिक शक्तिहरूको संयुक्तमोर्चाको विचार अघि सारेको छ । यतिसम्म कि, यतिखेर कांग्रेसविरूद्ध दरबारसित समेत एकता गर्न सकिने सोच सार्वजनिक भएको छ ।

माओवादीमा संयुक्तमोर्चा सम्बन्धी सोचमा रहेको संकीर्णता हट्नु राम्रो कुरा

[illegible]



## क्यूवाली अनाथ बालकमाथि अमेरिकाको राजनीति

मेरील्याण्डको एन्ड्रयुज एयर फोर्स बेसमा आफ्ना बाबुसंग मिलन हुँदाको क्षणमा बालक एलियान गोन्जालेज

# यसरी क्यूवाली बालकले बल्ल बाबुसित रहन पाए

## एलियन गोञ्जालेज काण्ड

- दीपक वैद्य -

आमा मरेपछि एउटा सानो ६ वर्षे नाबालकले उसलाई औधी माया गर्ने उसको बाबुसित रहन पाउनु उसको नैसर्गिक मानवीय अधिकार हो । अमेरिकी कानूनमा पनि यसको स्पष्ट उल्लेख छ, अन्तर्राष्ट्रिय कानूनमा पनि । तर एलियान गोञ्जालेजले यो हक प्राप्त गर्न आमा गुमेको ५ महिनासम्म मानसिक पीडा झेल्नुपर्‍यो । उसको देशको सरकारले र जनताले ठूलो संघर्ष गर्नुपर्‍यो । बालक एलियानको दोष यतिमात्र थियो कि उसको मातृभूमि समाजवादी क्यूवा थियो । सिर्फ समाजवादी क्यूवामा जन्मेकै कारणले तुच्छ पूर्वाग्रह-पीडित भएर तुच्छ राजनीतिक स्वार्थका निम्ति मियामीका समाजवाद-विरोधी क्युवन अमेरिकीहरूले, उसलाई जवर्दस्ती आफूकहाँ राखिरहेको एलियानका मियामीस्थित क्यूवन अमेरिकी आफन्तहरूले र त्यहाँको स्थानीय सरकारले बालक एलियानको मनोदशा नै डाँवाडोल हुने र जीवन नै बर्वाद हुने शर्तमा पनि उसलाई क्यूवामा उसको बावुको जिम्मामा सुम्पन ठाडो इन्कार गरे । एलियानका पिता हुआँ माइगल गोञ्जालेज छोरालाई भेट्न र लिन अमेरिकामै आउँदा समेत छोरोलाई बाबुको हातमा सुम्पन उनीहरू मानेनन् । यतिसम्म कि शुरूमा दुईपटक बाहेक बाबुलाई छोरोसित फोनमा कुरा गर्न दिन समेत उनीहरूले इन्कार गरे । व्यापक अमेरिकी जनदवावपछि अमेरिकाको संघीय सरकारले शान्तिपूर्ण ढंगले बालकलाई उसको बुबाको जिम्मा लगाउन लाख प्रयत्न र अन्तिम घडीसम्म वार्ता गर्दा पनि आफन्तहरूले अस्वीकार गरेपछि अन्ततः वैशाख १० गते बिहानै सशस्त्र बल प्रयोग गरेर एलियानलाई उसको बाबुसित पुनर्मिलन गराइएको छ । यो निकै अचम्मको असाधारण घटना हो कि अमेरिकामा एउटा सानो क्यूवाली आमा-टुहुरो बालकले उसको बाबुसित भेटेको खबरसमेत यतिखेर विश्वको सर्वाधिक चर्चाको समाचार बनेको छ ।

के एलियान बेलायत, जर्मनी वा जापानमा जन्मिएको बालक भएको भए र उसलाई यस्तो घटना घटेको भए यो खालको भयानक मानसिक आघात उसले अमेरिकामा भोग्नुपर्थ्यो ? उसलाई आफ्नो बाबु भेट्न यति चर्को महाभारत पर्थ्यो ? के यस्ता बालक र बावुको पुनर्मिलन जस्तो सामान्य घटना प्रमुख विश्व समाचार बन्थ्यो ? के स्पष्ट छ भने, यो क्यूवाली बालकको घटना भएकैले र अमेरिकामा यो घटना घटेकाले यी सारा कुरा हुन संभव भएको हो ।

### *दुर्घटना कसरी घट्यो ?*

गत नोवेम्वर २५ को दिन थियो, जुन अमेरिकामा धन्यवाद-ज्ञापन दिवसको रूपमा मनाइन्छ । एलियानसहित एलियानकी आमा, उसको सौतेनी बाबु र अन्य ९ जना यात्रीहरू सानो जहाजमा क्यूवाबाट अमेरिका आउँदै थिए । क्यूवाबाट अमेरिकातर्फ आउँदा सबैभन्दा नजिकै फ्लोरिडा राज्य अन्तर्गतको अमेरिकी सीमान्त शहर मियामी पर्दछ र उनीहरू मियामीतर्फ नै आउँदै थिए । परन्तु, जहाज बीचमै दुर्घनाग्रस्त भयो । एलियानकी आमा, सौतेनी बाबु र अरू ९ जना त्यही दुर्घटनामा समुद्रमा डुबेर मरे । संयोगले मियामीका २ जना माछा मार्ने माझीले एलियानलाई मात्र जीवित बचाउन सके ।

यो दुर्घटनामा त एलियान जीवित बचे । तर तुरून्तै अरू दुर्घटनाहरू प्रारम्भ भए । मियामीमा त्यो बालक जीवित बचेपछि र त्यो बालकले आफ्नो बाबु क्यूबामा छ भनेर नाम ठेगानासहित बताएपछि अन्तर्राष्ट्रिय कानून र अमेरिकी कानून मुताविक र सामान्य मानवीय विवेक मुताविक त्यो बच्चालाई तुरून्तै क्यूवामा उसको बाबुकहाँ पठाउनु अमेरिकी सरकारको दायित्वको कुरो थियो । परन्तु अमेरिकी सरकारले त्यो नैतिक मानवीय दायित्व तुरून्तै निर्वाह गरेन । सिर्फ किनकि, त्यो समाजवादी क्यूवामा जन्मेको बालक थियो ।

मियामीमा एलियानका ठूलो बुबाहरू बस्थे, जो क्यूवाबाट भागेका र त्यहीं बसोबास गरी बसेका क्युवन-अमेरिकीहरू थिए । उनीहरू क्यूवाली समाजवादका कट्टर विरोधी क्युवन-अमेरिकीहरू थिए । शुरूमै एलियानलाई क्यूवामा पठाउनुको सट्टा उसका यिनै ठूला बाहरूलाई अपहरण गर्न दिइयो । एलियानका यिनै मियामीस्थित आफन्तहरू हुन्, जसले त्यस नाबालकलाई ब्रेन-वाश गर्न खोज्दै र अनेकौं मानसिक आघात थोपर्दै ५-५ महिनासम्म आफूकहाँ रहन बाध्य गरे र क्यूवामा उसको बाबुकहाँ उसलाई सुम्पन इन्कार गरे । एलियानका बाबु आफैं अमेरिकामा आउँदा समेत ६ वर्षे बालकलाई आफ्ना पितालाई भेट्न र फोन गर्न दिन समेत उनीहरूले अस्वीकार गरे ।

### *शक्ति प्रयोग गर्नुपर्ने बाध्यता*

एलियानलाई अमेरिकी सरकारले कानूनअनुसार शुरूमै क्यूवामा उसको बाबुकहाँ पठाईदिएको भए यो समस्या बेलैमा सजिलै हल हुन्थ्यो । यो कुनै विश्वव्यापी चर्चाको विषय बन्ने नै थिएन । न त यो अन्यन्त जटिल समस्या नै बन्न जान्थ्यो, जुन पछिल्लो समयमा गएर भयो ।

अमेरिकाको कानून मन्त्रालयको रूपमा चिनिने न्याय विभागलाई यस्तो गर्ने कानूनी अधिकार पनि थियो । न्याय विभागका प्रमुख महान्यायाधिवक्ता श्रीमती जेनेट रेनो

एक्लैसित समेत यो अधिकार विद्यमान थियो । क्यूबाबाट अमेरिकामा भागेर आउने अधिकांश शरणार्थीहरूलाई जसरी तुरुन्तै क्यूबामै फर्काउने गरिएको छ, ठीक त्यसरी नै उनले एलियानलाई अविलम्ब क्यूबामा फर्काउने निर्णय गर्न सक्थिन् ।

तर उनले बेलैमा यस्तो गरिनन् । उल्टो, उनले समस्या समाधानको प्रक्रियालाई निकै लामो र जटिल बनाइन् । क्यूबामा एलियानको बाबु कस्तो छ भनेर बुझ्ने नाममा उनले गतः डिसेम्बरमै त्यहाँ अधिकारीहरू पठाइन् र अन्तर्वार्ता गर्न लगाइन् । अधिकारीहरूले एलियानका बाबु हुआँ माइगल गोञ्जालेज निकै विवेकशील र मायालु छन् र एलियानलाई राम्ररी संरक्षण दिन योग्य छन् भनेर रिपोर्ट दिईसकेपछि पनि उनले तुरुन्तै एलियानलाई आफ्नो पिताको संरक्षणमा पठाउने कार्य गरिनन् । उनी त्यसको बदलामा मियामीका आफन्तहरूबारे बुझ बुझारथ गर्नपट्टि लागिन् । ती आफन्तहरूलाई अदालतमा मुद्दा हाल्ने अवसर समेत उनले प्रदान गरिन् । एलियानलाई अमेरिकामा शरणार्थीको दर्जा प्राप्त होस् भन्ने निवेदन हाल्न लाउने समय र अवसर समेत उनले प्रदान गरिन् । थुप्रै महत्वपूर्ण समय त उनले एलियानका मियामीस्थित ठूलो बुबा लाजारो गोंजालेजसित वार्ता गर्नमा बिताइन् । कैयन् पटक अन्तिम वार्ता भनेर डेड् लाइन तोक्ने, अनि त्यसको उल्लघंन लाजारोले गरेपछि पुनः वार्ता गर्ने प्रक्रिया बारम्बार चलिरह्यो ।

परन्तु क्यूबाली सरकारले यसबीच एलियानको सुपुर्दगीको मुद्दालाई विश्वव्यापी प्रचारमा ल्यायो । क्यूबामा राष्ट्रपति फीडेल क्यास्त्रोको अपीलमा लगातार लाखौंको संख्यामा जनताहरू एलियानको सुपुर्दगीको माग गर्दै सडकमा ओर्लिए । लाखौं आमाहरूसमेत सडकमा ओर्लिए । यी घटनाहरूबाट विश्व जनमत र अमेरिकी जनता निकै संवेदित भयो । दुई तिहाई अमेरिकी जनता स्वयंमले एलियानलाई उसको बाबुको संरक्षणमा सुम्पिनुपर्छ भनेर आफ्नो अभिमत जोहर गरे । बहुसंख्यक अमेरिकी बालमनोविद्हरूले के आवाज बुलन्द पारे भने, एलियानको जीवन बर्बाद हुनबाट बचाउने हो भने उसको बाबुको हातमा नै उसलाई *सुम्पनुपर्छ* । नत्र उसको मनोदशा विकृत हुनसक्छ । ७-८ महिनापछि नै राष्ट्रपतिको चुनाव हुनलागेको अमेरिकामा बहुसंख्यक अमेरिकी जनताको जबर्दस्त जनमतविरूद्ध जानु राष्ट्रपतिको निम्ति निकै जोखिमपूर्ण सवाल हुनगयो । यसपछि



अमेरिकापक्षीय संचार माध्यमहरूले धेरै ठाउँमा हँसिलो अनुहार मात्र देखाउने गरेतापनि पराई-घरमा बन्दीजस्तै बस्न बाध्य भएका बालक गोन्जालेज दुःखी थिए : उनी बन्द झ्यालबाट बाहिर हेर्दैछन्

नै अमेरिकी राष्ट्रपति वील क्लिण्टनले र महान्यायाधिवक्ता जेनेट रेनोले एलियानलाई उसको बाबुको हातमा सुम्पने टुंगो गरे ।

यतिञ्जेलसम्ममा गोञ्जालेज काण्ड निकै जटिल बनिसकेको थियो । समाजवादी क्यूबाविरोधी क्युबन-अमेरिकीहरूले यसलाई आफ्नो क्षुद्र राजनीतिक स्वार्थको मुद्दा बनाईसकेका थिए । फ्लोरिडा राज्यमा उनीहरू सिर्फ एक तिहाई मात्र थिए । परन्तु आर्थिक र राजनीतिक हिसावले उनीहरू त्यस राज्यमा निकै प्रभुत्वशाली थिए । त्यस राज्यको क्युवन-अमेरिकी भोट आफ्नो पक्षमा तान्न रिपब्लीकन पार्टीका राष्ट्रपतिका उम्मेदवार बुश र कैयन् सिनेटरहरूले एलियानलाई कुनै पनि हालतमा फिडेल क्यास्त्रोको क्यूबामा सुम्पनु नहुने, उसलाई मियामीस्थित आफन्तहरूकहाँ नै राखिछोड्नु पर्ने अडान अघिसारे । यतिसम्म कि राष्ट्रपति वील क्लिण्टनले एलियानलाई उसको बाबुको हातमा सुम्पने अठोट सार्वजनिक रूपमा अघि सारिसकेपछि पनि डेमोक्रेटिक राष्ट्रपति उम्मेदवार अल गोरले चाहिं क्षुद्र भोटकै स्वार्थको लागि बच्चा मियामीस्थित आफन्तकहाँ नै रहनुपर्छ भन्ने आवाज पछिल्लो घडीमा सार्वजनिक तवरले उठाए । यिनै सब तुच्छ राजनीतिक स्वार्थहरू

## क्यूबाबाट अमेरिकामा भागेर आउने अधिकांश शरणार्थीहरूलाई तुरून्त क्यूबामै फर्काउने गरिएझैं एलियानलाई पनि अविलम्ब क्यूबामा फर्काउन सकिन्थ्यो, तर......

गुजुल्टिएर एलियान गोञ्जालेजको सुपुर्दगीको सवाल निकै जटिल राजनीतिक मुद्दा बन्यो र यसले विश्वव्यापी चर्चा पायो ।

पछिल्लो घडीमा आइपुग्दा स्थिति कस्तो बन्यो भने, संघीय सरकार बालकलाई बाबुको हातमा सुम्पन उसका आफन्तलाई आदेश दिने, उसका आफन्तहरू राज्य सरकार, स्थानीय सरकार, रिपब्लीकनहरूका आड भरोसामा त्यो आदेशलाई घोती लाइदिने । महान्यायाधिवक्ता जेनेट रेनो शान्तिपूर्ण ढंगले संझौता गरेर सुपुर्दगीको समस्या हल गर्न खोज्ने, एलियानका मियामीस्थित आफन्तहरू कुनै पनि हालतमा संझौता गर्न नमान्ने । यो परिप्रेक्ष्यमा संघीय सरकार मियामीमा आफ्नो एउटा सानो निर्णय समेत कार्यान्वयन गर्न नसक्ने हदसम्म पंगु र कमजोर भएको भन्ने प्रभाव आम जनतामा स्वभावतः पर्न गयो । एकमात्र महाशक्ति अमेरिकाका महाशक्तिशाली राष्ट्रपति वील क्लिण्टनले आफ्नो कार्यकालको अन्त्यमा आम जनतामा यस्तो प्रभाव पर्न नदिन कुनै दरो कदम उठाउनुपर्ने स्थिति सिर्जना भयो । त्यो दरो कदम सशस्त्र बलको प्रयोगबाट बच्चा खोस्ने सिवाय अर्को केही बाँकी रहेन ।

महान्यायाधिवक्ता रेनो त अझै आफन्तहरूलाई समय दिने पक्षमा थिइन् । तर अहंमा गंभीर रूपले चोट लागेका राष्ट्रपति क्लिण्टनले यो मुद्दा तुरुन्त किनारा लाउन रेनोलाई निर्देशन दिए । वैशाख ८ गते विहीवार २ बजेभित्र बालकलाई नजिकैको विमानघाटमा सुम्पन रेनोले एलियानका आफन्तहरूलाई अन्तिम आदेश दिइन् । महान्यायाधिवक्ता रेनो स्वयम् पनि बालक लिन मियामी गइन् । तर आफन्तहरूले टेरपुच्छर लगाएनन् । उनी रित्तै लज्जित भएर रित्तो हात राजधानी फर्किन् । त्यसपछि वैशाख ९ गते दिनभरि र रातभरि पनि वार्ता चलिरह्यो । पछिल्लो अन्तिम डेड् लाइन वैशाख १० गते विहान ५ बजेसम्मको थियो । श्रीमती रेनोका एकजना सहयोगीका अनुसार त्यो समयसम्म पनि श्रीमती रेनो फोनबाट आफन्तका वकीलहरूलाई भन्दै थिइन् "हामीलाई त्यो कुरा गर्न बाध्य नपार्नुहोस् जुन हामी गर्न चाहन्नौं । हामी अब कानून कार्यान्वयनको कार्यवाही गर्न लाग्दैछौं ।" त्यो अन्तिम चेतावनी समेत नटेरेपछि अन्ततः विहान ५ बजेको लगत्तैपछि मियामीमा पहिले नै पुगिसकेका संघीय सुरक्षा अधिकारीहरूले एलियान रहेको उसको ठूलो बुबाको घरमा सशस्त्र धावा बोले ।

### *कसरी एलियानलाई सुम्पिइयो ?*

करीब १३० जना तालीमप्राप्त संघीय सुरक्षा अधिकारीहरूलाई घरको ढोका फोरेर एलियान भेट्न र गाडीमा राख्न करीब ३ मिनेटको समय लाग्यो । एलियानलाई लुगा राख्ने दराजमा लुकाइएको रहेछ र उसको ज्यान बचाउने दुई माझीहरूमध्ये एकजनाले उसलाई लिइराखेको रहेछ । एकजना सुरक्षाकर्मीले एलियानका ठूलाबा लाबारोलाई र अर्कोले त्यस माझीलाई अटोमेटिक गन तेर्स्याएर बालकलाई तुरुन्तै नदिए

गोली हान्ने चेतावनी दिँदै बालकलाई एकजना महिला सुरक्षाकर्मीमार्फत् भट्पट् खोसे र नजिकै रहेको भ्यानमा पुऱ्याए । परन्तु आफन्तहरूले यो दृश्यको फोटो खिच्न एशोसिएटेड प्रेसका एकजना व्यवसायिक फोटो पत्रकारलाई त्यतिबेला घरमै लुकाईराखेका रहेछन् । उनले त्यो दृश्यको फोटो खिच्न भ्याईहाले । तथापि विना कुनै रक्तपात र चोटपटक एलियान सुरक्षाकर्मीहरूको गाडीमा पुग्यो ।

त्यसपछि नजिकैको विमानघाटबाट हवाईजहाजमा उनलाई वाशिंगटनस्थित एण्ड्रुउज् हवाईसेनाको अड्डामा पुऱ्याइयो, जहाँ उनका बाबु नयाँ सानी आमाका साथ उनलाई भेट्न व्यग्रताका साथ पर्खिरहेका थिए । निकै चर्को सुरक्षा व्यवस्थाबीच यसरी बाबु र छोराको ५ महिनापछि अपूर्व मिलन भयो ।

अहिले यो पंक्ति लेख्दासम्म उनीहरू त्यही हवाई अड्डाको एउटा अतिथि गृहमा बसिरहेका छन् । उनीहरूलाई घण्टौंसम्म त्यहीं भेटेर आउने चर्चका प्रतिनिधिहरूले बताएका छन्- "एलियान निकै राम्रो अवस्थामा देखिएको छ । उसका प्रशन्न बाबु हुआँ माइगल गोञ्जालेजसित ऊ सुविस्तासाथ रहिरहेको छ र उसको शिशु भाइ हियान्नीसँग मकजासित खेलिरहेको छ ।"

अमेरिकी सरकारले उनीहरूलाई केही समयपछि मेरील्याण्डको पूर्वी समुद्री किनारस्थित अति सुरक्षित वे प्लाण्टेशनमा सार्न खोजिरहेछ ।

एलियानले उसको बाबुसित रहन त पाएको छ, तर अमेरिकाको एघारौं सर्किट नामक पुनरावेदन अदालतले, एलियानलाई मियामीबाट वाशिंगटन लानु एकाध दिनअघि मात्रै एउटा आदेश जारी गरेर उनीहरूलाई मुद्दाको किनारा नलागुञ्जेल अमेरिका छोडेर क्यूबा जान प्रतिबन्ध लगाएको छ । ६ वर्षे नाबालक एलियानले उसको बाबुको अनुमतिविना अमेरिकामा शरणार्थी हुनका लागि आवेदन दिन सक्छन् कि सक्दैनन् भन्ने सवालमा एटलाण्टास्थित त्यस अदालतमा मुद्दा परिरहेको छ । त्यस मुद्दाको सुनवाई यही वैशाख २९ गते (मे ११) का दिन राखिएको छ । त्यो अदालतको फैसलाउपर अमेरिकी सर्वोच्च अदालतमा पुनरावेदन दिन सकिन्छ, परन्तु त्यो मुद्दाको फैसला सर्वोच्चबाट हुन महीनौं लाग्न सक्छ । यस प्रकार एलियान र उसका माता पिताहरू चाँडै क्यूबा फर्कन सक्ने कुनै स्थिति देखिन्न । मुद्दा फछ्र्यौट नहुंजेल उनीहरू अमेरिकामा नै बस्न बाध्य छन् र अमेरिकामा पनि त्यहाँ जहाँ अमेरिकी सरकारले उनीहरूलाई राख्छ ।

### *पछिल्ला विकासक्रमहरू*

क्लिण्टन सरकारको शक्ति प्रयोगको निर्णयउपर अहिले अमेरिकामा रिपब्लीकन सांसदहरू र क्युवन-अमेरिकीहरूले ठूलो हुण्डरी मच्चाएका छन् । वैशाख १३ गते मियामीभरि आम हडतालको कार्यक्रम राखिएको थियो । क्लिण्टनलाई क्यास्त्रोको टाँगमुनि छिरेको आरोप लगाइएको छ । परन्तु पछिल्लो मत सर्वेक्षणमा ६० प्रतिशत अमेरिकीहरूले मियामीस्थित आफन्तकहाँबाट एलियानलाई हटाइनु र उसको बाबुको संरक्षणमा उसलाई सुम्पनुलाई ठीक कदम ठहऱ्याएका छन् । उनीहरूले शक्ति प्रयोगलाई पनि सही कदम बताएका छन् ।

विरोध कार्यक्रम खासगरी न्यूयोर्क, न्यूजर्सी र फ्लोरिडामा देखिएको छ, जहाँ क्युवन-अमेरिकीहरूको बसोबास छ । विरोधलाई उछाल्ने काम टि.भि.हरूले गरिरहेका छन् । सुरक्षाकर्मीहरूले धावा बोल्दा अटोमेटिक गन तेस्र्याएको एसोसियटेड प्रेसले खिचेको फोटोलाई ऋल्ल र अन्य टि.भि.हरूले लगातार कैयन् दिनसम्म प्रसार गरिरहेका थिए ।

क्यूवामा भने खुशीको लहर मच्चिएको छ । क्यूवाली जनताले 'विजय दिवस' मनाउने सुरसार गरेका थिए । तर सरकारले भने त्यसो गर्दा अमेरिकामा अझै घटनाक्रम नकारात्मक दिशामा जानसक्ने संभावना भएकाले त्यसो नगर्न आह्वान गरेको छ ।

राष्ट्रपति क्यास्त्रोले- यो विजयलाई राष्ट्रपति क्लिण्टन, महान्यायाधिवक्ता जेनेट रेनो र अन्य अधिकारीहरूबीच बाँड्न चाहेको बताउँदै भन्नुभएको छ- "हाम्रा जनताका लागि यो गौरवको दिन हो । लडाइँ भने भोलि पनि जारी रहन्छ ।"

यसप्रकार एलियान गोञ्जालेज काण्डले अहिले सकारात्मक मोड लिएको छ । परन्तु क्षुद्र राजनीतिक स्वार्थका लागि अमेरिका र अमेरिकाजस्तो देशमा विवेक र मानवताको कसरी घाँटी निमोठिन्छ, त्यो यो घटनाले छर्लंग देखाएको छ । यो घटनामा क्यूवाले गरेभैं विश्वभरि प्रचार-हंगामा मच्चाएर कसरी अमेरिकाजस्तो देशको जनमतलाई समेत प्रभावित पार्न सकिन्छ र घटनाक्रमलाई सकारात्मक दिशामा मोड्न सकिन्छ, र- त्यो पक्ष पनि यो घटनाले राम्ररी सिकाएको छ । ❑

◀ **संक्षेप**

# तेस्रो धार हामी बहस चलाईरहेका छौं



- हरि रोका -

**यस पटकदेखि हामी नयाँ स्तम्भ शुरू गर्दैछौं – संक्षेप । यस अन्तरगत कुनै एक विषयमा केन्द्रित रहेर सार्वजनिक जीवनका महत्वपूर्ण व्यक्तिहरूसँग संक्षिप्त सम्वाद गरिनेछ । यसपटक प्रस्तुत छ- वाम आन्दोलनमा 'तेस्रो धार'का एक चर्चित व्यक्तित्व क. हरि रोकासँग गरिएको कुराकानी ।**

**– *मूल्यांकन***

**+ तेस्रो धार के हुँदैछ ?**

- कम्युनिष्ट आन्दोलनको सही धार निर्माण गर्न हामी जुटेका हौं । त्यसको निम्ति हामीले केही समयअघि एउटा विचार गोष्ठी गरेका थियौं । त्यो एउटा शुरूवात हो । अब त्यसबाट अघि बढ्दैछ ।

**+ तपाईंले जिन्दगीमा कति चोटी आत्मालोचना गर्नुभयो ?**

- गोष्ठी आयोजनासँग सम्बन्धित विषयमा गरेको आत्मालोचना मैले जिन्दगीमा गरेको पहिलो आत्मालोचना हो ।

**+ राम्रै काम शुरू गर्नुभएको थियो , तैपनि किन आत्मालोचना गर्नुभयो त ?**

- अझै शक्ति आर्जन गर्नका लागि ।

**+ आत्मालोचना गरेर पनि शक्ति आर्जन हुन्छ र ?**

- हाम्रा केही समस्याहरू थिए । खास गरेर संगठनको सवालमा समस्याहरू थिए । त्यसैले आत्मालोचना गरेको हुँ ।

**+ वास्तवमा ती समस्याहरू के के थिए त ?**

- पऱ्यो भने म नेकपा (माले)को साधारण सदस्यता समेत त्याग्न तत्पर भएको मान्छे हुँ । संगठनको निम्ति राष्ट्रव्यापी नेटवर्क चाहिन्छ । यतिखेर हामीसँग त्यो नेटवर्क छैन । दोस्रो कुरा, तेस्रो धार निर्माण प्रक्रियामा हामीहरू को को अटाउँछौं भन्ने कुरा अझै सुनिश्चित भैसकेको छैन । तेस्रो कुरा, समेटिन सकिनेहरू बीच अझै सैद्धान्तिक-वैचारिक छलफल सकिएको छैन । त्यसैले मैले पार्टी छोडीनहालेको हुँ । पार्टी नछोड्नका लागि मैले आत्मालोचना गर्नैपर्थ्यो । त्यसैले गरें ।

**+ तपाईंको निम्ति आफ्नो विचार ठूलो कि पार्टी ?**

- विचारले म संगठित भएको हुँ । त्यसैले विचार ठूलो हो । विचारले नै संगठन निर्माण गर्ने हो । त्यो संगठनले विचार फैलाउने हो । तसर्थ विचार र पार्टी एकअर्काका परिपूरक हुन् ।

**+ आफूले 'विचार छोडीसकेको' मानेको पार्टी कसरी विचारको पूरक हुन्छ ?**

- नेकपा (माले)मा हाम्रो विचार लिने साथीहरूको संख्या उल्लेखनीय छ । विचार लिने हामीहरू अन्ततः विजय हासिल गर्नेछौं ।

**+ त्यसोभए मालेले नै तेस्रो धारको रूप लिन्छ त ?**

- हामी सामूहिक नेतृत्वमा विश्वास गर्छौं । गोष्ठी आयोजक कमिटीमा रहेका र बाहिरै रहेका साथीहरूले पनि पार्टी छोडीहाल्ने स्तरको कडा निर्णय गर्नु ठीक हुँदैन भन्ने सल्लाह दिनु भएकोले मैले आत्मालोचना गरेको हुँ । मालेले नै तेस्रो धारको रूप लिन्छ भन्ने लागेर आत्मालोचना गरेको होइन ।

**+ तपाईंले विचारमा सम्झौता गर्नुभएको त देखियो नि ?**

- बहुचर्चित गोष्ठीको बारेमा मैले आत्मालोचना गरेकै होइन । संगठनभित्र रहेर त्यही संगठनलाई प्रतिकूल असर पर्ने पद्धतिको कुरामा मात्रै मैले आत्मालोचना गरेको हुँ । तर मेरो आत्मालोचनालाई गलत प्रचार गरियो । तेस्रो धारको पक्षमा म पूर्ववत् कायम छु ।

**+ तेस्रो धारको पक्षमा अब के गर्दै हुनुहुन्छ त ?**

- सबै बाम राजनीतिक पार्टीहरूसँग, खास गरी युवा हस्तीहरूसँग हामी छलफल चलाइरहेका छौं । सैद्धान्तिक-वैचारिक बहस भइरहेको छ । राष्ट्रव्यापी रूपमा अरू धेरै सभा-गोष्ठीहरू गर्ने र विचार मन्थनको कामलाई ग्रासरूट तहसम्म पुऱ्याउने कार्यक्रम तय गर्दैछौं । ❑


## एस.एल.सी.को परीक्षामा भ्रष्ट आचरण

# किन हुन्छ चिट चोर्ने र चोराउने कार्य ?

'एस.एल.सी.को परीक्षामा - पेस्तोलसहित चिट चोराउन जानेहरू गिरफ्तार ! चिट चोर्ने र चोराउने शिक्षक एवं निरीक्षकहरू निष्काशित ! चिट चोराउन खोज्ने अभिभावक र प्रहरीहरूबीच मुठभेड हुँदा प्रहरीद्वारा ५ राउण्ड हवाई फायर र अभिभावकहरूद्वारा ढुंगामुढाको वर्षा ! जाँच हुनुभन्दा अगावै प्रश्नपत्र *आउट* ! निजी विद्यालयहरूद्वारा जिल्ला शिक्षा कार्यालयका उच्चपदस्थ कर्मचारीहरूलाई मोटो रकम बुझाइयो ! परीक्षा शुरू हुनुभन्दा अगावै शिक्षकहरूले प्रतिविद्यार्थी पाँच हजारका दरले 'चिट प्याकेज' बिक्री गरे ।' आदि आदि ।

-एस.एल.सी. परीक्षाको क्रममा यस पटक पनि बोराकाबोरा चिट बरामद भएको, विद्यार्थी, अभिभावक, शिक्षक, निरीक्षक र स्कूलहरू चिट चोराउन व्यस्त भएको र चिट चोराउन नपाएपछि 'चिट चोराउन पाउनुपर्छ' भन्ने नारा लगाउँदै ढुंगामुढा गर्न क्रियाशील भएको तथा चिट चोराउन नजाने शिक्षकहरूलाई घेराउ गर्ने अनि जुत्ताको माला लगाउने जस्ता घृणित काममा संलग्न रहेको जस्ता खबरहरू अखवारहरूमा दिनहुँजसो छापिएको देखेर धेरैजसो इमान्दार मानिसहरू आश्यर्चचकित र दुःखित् भएका छन् । तर नेपालका समाजशास्त्री र शिक्षाविद्हरू एस.एल.सी. परीक्षाको क्रममा सर्वत्र देखिएका यी विकृति, विसंगति र भ्रष्ट आचरणहरू देखेर त्यति धेरै आश्चर्यचकित भएका छैनन्, दुःखित र चिन्तित चाहिं पक्कै भएका देखिन्छन् । र, उनीहरू यस्ता भ्रष्ट आचरणहरूको ठोस कारण र सही समाधान खोज्नका लागि आवश्यक चिन्तन गर्न सबैलाई घच्घच्याउनु पर्ने राय व्यक्त गरिरहेका छन् ।

अरू देशका पूँजीवादी प्रजातन्त्रमा जस्तै केही समाजशास्त्रीहरू भन्छन् - यहाँको बहुदलीय व्यवस्थामा पनि नेतादेखि कार्यकर्तासम्म, प्रधानमन्त्रीदेखि पिउनसम्म भ्रष्ट हुन थालेको, उनीहरूको नीति-नैतिकता, संस्कृति र आचरणमा छाएको भ्रष्टता नै एस.एल.सी.को परीक्षामा पनि प्रतिबिम्बत भएको देखिन्छ । आफ्नो तुच्छ व्यक्तिगत वा पार्टीगत स्वार्थको लागि जसरी पनि, जुनसुकै अनैतिक, अमर्यादित उपाय पनि प्रयोग गर्न नहिच्किचाउने प्रवृत्ति माथिदेखि तलसम्म दावानलझैं बढीरहेको वर्तमान समाज व्यवस्थामा विद्यार्थी, अभिभावक, शिक्षक, निरीक्षक र स्कूलहरूले पनि अनैतिक उपाय प्रयोग गर्नु र अमर्यादित आचरण गर्नु कुनै अनौठो र नौलो कुरो होइन ।




शिक्षाविद् डा. मीनबहादुर विष्ट

नेपालका शिक्षाविद् डा. मीनबहादुर विष्ट पनि यहाँको समाज-व्यवस्थाद्वारा उच्च शिक्षा, कमाऊ रोजगारी र इज्जतका लागि अनिवार्य रूपमा छिर्नैपर्ने 'फलामे ढोका' बनाइएको एस.एल.सी. परीक्षामा छाएको भ्रष्ट आचरण भनेको भ्रष्ट समाज-व्यवस्था र अनैतिक व्यवस्था संचालकहरूकै भ्रष्ट आचरणको प्रतिविम्ब ठान्नुहुन्छ ।

एसएलसीको फलामे ढोकाबाट छिर्न नसकेसम्म नाम, इज्जत, रोजगारी नपाउने, उच्च शिक्षा अध्ययन गर्न नपाउने र जम्माजम्मीमा जीवन नै राम्ररी नचल्ने स्थिति बनाइएकोले मानिसहरूमा जसरी भएपनि, जुनसुकै उपाय लगाएर भए पनि एस.एल.सी. पास गर्ने अनैतिक मनोवृत्ति शिक्षक र अभिभावहरूमा नराम्ररी बढेको विश्लेषण गर्दै उहाँ भन्नुहुन्छ - "एकातिर सिक्ने-सिकाउने प्रक्रिया र वातावरण जस्तोसुकै गएगुज्रेको भए पनि सार्वजनिक स्कूल र शिक्षकहरूले आफ्ना विद्यार्थीहरूलाई जसरी भएपनि पास गराउनु पर्ने वाध्यता छ । तीन वर्षसम्म लगातार रूपमा ३० प्रतिशतभन्दा कम विद्यार्थीहरू पास भएमा स्कूललाई दण्डित गर्ने सरकारी घोषणाले उनीहरूलाई नराम्ररी च्यापिरहेको छ ।

अर्कोतिर, पैसा कमाउनकै लागि खोलिएंका निजी स्कूलहरूले आफ्ना शतप्रतिशत विद्यार्थीहरू प्रथम श्रेणीमा पास भएको विज्ञापन गर्दै 'मार्केटिङ गर्ने आधार पनि यही एस.एल.सी. परीक्षा भइरहेको छ । यस्तो दवाब र अवसर बनेको एस.एल.सी. परीक्षामा भ्रष्ट आचरण छाउनु अब कुनै नौलो र अनौठो कुरा हुन छाडीसक्यो । दुईवटा असमान प्रतिस्पर्धीहरूको अन्यायपूर्ण र अनैतिक दौड-प्रतियोगिताको रूप लिइरहेको एस.एल.सी. परीक्षामा भ्रष्ट आचरण बढ्दै जानुमा एस.एल.सी.को बोर्डमा नैतिकवान् नेतृत्व नहुनु, भारतमा प्रश्नपत्र छपाएर पैसा र आनन्द लुटिरहेको भ्रष्ट नोकरशाहीतन्त्रले नै परीक्षा प्रणालीमाथि नियन्त्रण कायम राखीछाड्नु, परीक्षा लगायत सिंगो शिक्षा प्रणाली नै राज्यजस्तै अति केन्द्रीकृत हुनु र स्कूल अनि शिक्षकहरू



फोटो साभार : कान्तिपुर

*● बोराकाबोरा चिट बरामद भयो,*
*● विद्यार्थी, अभिभावक, शिक्षक, निरीक्षक र स्कूलहरू चिट चोराउन व्यस्त भए*
*● चिट चोराउन नजाने शिक्षकहरूलाई घेराउ गर्ने अनि जुत्ताको माला लगाइयो*

अधिकारविहीन हुनुले ठूलो प्रभाव पारिरहेको छ ।

राष्ट्रिय स्तरमा केन्द्रीकृत ढंगले एस.एल.सी.को परीक्षा लिने प्रणाली अहिले सरकारको क्षमताभन्दा बाहिर हुनथालेको र यो प्रणाली अप्रजातान्त्रिक पनि भएकोले अब त्यसमा आमूल परिवर्तन गर्नुपर्ने राय व्यक्त गर्ने शिक्षाविद्हरू धेरै छन् ।

डा. मीनबहादुर विष्ट भन्नुहुन्छ – "केन्द्रीकृत ढंगले परीक्षा लिने व्यवस्थालाई प्रजातन्त्रीकरण गरेर स्कूल र शिक्षकहरूलाई अधिकार सम्पन्न पार्ने उद्देश्यले विकेन्द्रीत गर्नुपर्ने जरूरत भइसकेको छ । अब त जिल्ला र क्षेत्रीय स्तरबाट पनि तल झारेर स्कूल र शिक्षकहरूमा आधारित परीक्षा-प्रणाली र प्रमाणपत्र दिने प्रणाली शुरू गर्नुपर्ने स्थिति आइसकेको छ । शिक्षक र स्कूलहरूमा उच्च नैतिकता र आदर्श नभएको, उनीहरूमा जाँच लिने क्षमता र प्रविधि पनि नभएको दावी गर्दै आइरहेको सरकार र नोकारशाहीतन्त्रले अब शिक्षक र स्कूलहरूको क्षमतामाथि भर पर्ने, क्षमता कम भएमा त्यसलाई वृद्धि गर्ने उपाय निकाल्ने र आफूमा मात्र सीमित रहेको शिक्षासम्बन्धी सत्ता-शक्तिलाई शिक्षक र स्कूलसम्म विकेन्द्रीत गर्नुपर्ने अवस्था आइसकेको छ । यस्तो विकेन्द्रकरणबाट मात्रै शिक्षक र स्कूलहरू सशक्त र अधिकारसम्पन्न हुने, एस.एल.सी. जस्ता केन्द्रीकृत परीक्षामा सुधार आउने देखिन्छ । यसका लागि परीक्षा प्रणालीलाई विद्यार्थीको संझना-शक्ति र सूचनाहरू ओकल्न सक्ने क्षमताको मात्र जाँच गर्ने परम्पराको रूपमा अगाडि बढाइराख्नुको सट्टा नयाँ प्रजातात्रिक र वैज्ञानिक पद्धतिहरू अपनाउनु जरूरी हुन्छ । विद्यार्थीहरूले पढेका, कण्ठस्थ पारेका र संझेका कुराहरूको मात्रै जाँच लिने प्रणालीमा चिटको ठूलो महत्व हुने, संझनामा नरहेका कुरालाई चिट हेरेर संझनु नपर्ने बनाउन सकिने भएकोले नयाँ वैज्ञानिक, प्रजातान्त्रिक र विद्यार्थीकेन्द्रीत परीक्षा प्रणाली जरूरी भएको हो । विद्यार्थीहरूको ज्ञान, कौशल, बोध, रचनात्मकता र बौद्धिक क्षमताको जाँच गर्ने, स्कूलभित्रै महिना-महिनामा लगातार जाँच गर्ने अनि निरन्तर रूपमा मूल्यांकन गर्ने व्यवस्था निर्माण गर्नु समयको माग भइसकेको छ ।

यति धेरै परिवर्तन गर्न नसकिए पनि गणित, विज्ञान र अंग्रेजीजस्ता कोर विषयहरूलाई केन्द्रीकृत ढंगले जाँच लिने र अरू विषयहरूमा भने विकेन्द्रीकृत ढंगले परीक्षा लिने व्यवस्था गरेर अहिलेको जड र पुरातनपन्थी प्रणालीमा केही भए पनि सुधार गर्न सकिन्छ ।"

यसै सन्दर्भमा मार्क्सवादी शिक्षाविद्हरू भन्छन्- "सबैजसो परीक्षा प्रणाली भनेको विद्यार्थीहरूलाई फेल गरेर दण्डित गर्ने, लज्जित पार्ने एवं पास गरेर पुरस्कृत गर्ने 'दण्ड र पुरस्कारको पूँजीवादी प्रणाली' मा आधारित छ । विद्यार्थीहरूबीच असमान र अन्यायोचित प्रतिस्पर्धा गराएर दण्डको भय र पुरस्कारको लोभ देखाउँदै उनीहरूलाई अनुशासित, आज्ञाकारी र नियन्त्रित पाल्तु मानिस बनाउने परीक्षा प्रणाली प्रतिस्पर्धाको आधारमा टिक्ने पूँजीवादको सफल हतियार हो । यस्तो परीक्षा प्रणाली भएको शिक्षा व्यवस्थाको प्रजातन्त्रीकरणको बारेमा सबै वामपन्थीरूले एस.एल.सी. परीक्षामा देखिएको भ्रष्ट आचरणको सन्दर्भमा थप चासो र चिन्ता लिने एवं चिन्तन गर्नुपर्ने हो कि ? ❑

**– राजेन्द्र महर्जन**

## वाम विद्यार्थीहरू आन्दोलनमा

# अखिलहरू सडकबाट सम्मेलनतिर

*उस्तै प्रकारका माग र नारा बोकेर पनि चार वाम विद्यार्थी र एमाले निकट विद्यार्थीहरू किन संयुक्त नभएका ?*

नेपालको प्रजातान्त्रिक आन्दोलनमा होस् या राष्ट्रिय स्वाधीनताको आन्दोलनमा, सधैं नै नेपाली विद्यार्थीहरूको भूमिका महत्वपूर्ण रहँदै आएको छ । त्यसमाथि पनि वाम विद्यार्थीहरूको योगदान सर्वाधिक उल्लेखनीय छ ।

०४६ सालको ऐतिहासिक जन-आन्दोलनले बहुदलीय संसदीय व्यवस्थाको स्थापना गरेपछिका समयहरूमा पनि विभिन्न वाम विद्यार्थी संगठनहरूले छुट्टाछुट्टै वा संयुक्त रूपले विद्यार्थीहरूको हक, हित तथा प्रजातान्त्रिक अधिकार, राष्ट्रियताको जगेर्ना एवं दैनिक जीवनका जल्दाबल्दा समस्याहरूलाई लिएर बारम्बार संघर्षका कार्यक्रमहरू राख्दैआएका छन् ।

यसै क्रममा विभिन्न २९ सूत्रीय मागहरू राखी बिगत दुई वर्षदेखि संयुक्त रूपमा चलाउँदै आएको आन्दोलनको क्रममा चारवटा अखिलहरूले गत चैत्र १५ गते काठमाण्डौ लगायत अधिराज्यका विभिन्न मुख्य शहरहरूमा प्रहरीहरूको व्यापक दमनका बावजूद चक्का जामको कार्यक्रम सफलतापूवर्क सम्पन्न गरे ।



प्रहरी दमनमा अखिल (२०२२)का उपाध्यक्ष जीवन गौतम

त्यसै सिलसिलामा काठमाण्डौको भोटाहिटीमा आयोजना गरिएको चक्का जाम कार्यक्रममा प्रहरीले व्यापक धरपकड गरी अखिल (२०२२) का केन्द्रिय अध्यक्ष प्रकाश पोखरेल, उपाध्यक्ष जीवन गौतम, अखिल (छैठौं) का केन्द्रिय कोषाध्यक्ष लक्ष्मण उप्रेती लगायतका दर्जनौ विद्यार्थी नेताहरूलाई गिरफ्तार गर्‍यो । चक्का जामकै कार्यक्रमा अधिराज्यका विभिन्न शहरहरूमा आन्दोलनमा संलग्न चारवटै विद्यार्थी संगठनहरू नेकपा (मसाल) को निकट अखिल (छैठौं), नेकपा एकता केन्द्र निकट अखिल (२०२२), नेकपा (माओवादी) निकट अखिल (क्रान्तिकारी) र, नेकपा (माले) निकट अनेरास्ववियूका सैयौं कार्यकर्ताहरूलाई प्रहरीले गिरफ्तार गरेको थियो ।

आन्दोलनको चौथो चरणको कार्यक्रमअन्तर्गत चारवटा अखिलहरूले गत ०५६ साल चैत्र २० र २१ गते दुई दिने शैक्षिक संस्थाहरूको आम हड्तालको कार्यक्रम सम्पन्न गरेका थिए । यो हड्तालको कार्यक्रम पनि प्रहरी दमन र हस्तक्षेपका बावजूद पूर्ण रूपमा सफल भएको दावी गरिएको छ ।

चार वाम विद्यार्थी संगठनहरू अर्थात् चारवटा अखिलहरूले आन्दोलनमा प्रस्तुत गरेका विभिन्न २९ सूत्रीय मागहरूमा निःशुल्क शिक्षाको नाममा लिने गरिएको एक मुष्ट शुल्क खारेज गर, अनिवार्य संस्कृत शिक्षा खारेज गर, मातृभाषामा प्राथमिक शिक्षाको व्यवस्था गर, अव्यवहारिक शैक्षिक सत्र खारेज गरी व्यवहारिक शैक्षिक सत्र लागु गर, बिनापूर्वाधारको १० जोड २ खारेज गर, प्रविणता प्रमाण-पत्र तह विस्थापनको निर्णय खारेज गर, प्रवेश परीक्षा खारेज गर, विश्व बैंक र एशियाली बिकास बैंक, अन्तर्राष्ट्रिय मुद्राकोष जस्ता साम्राज्यवादी संस्थाहरूलाई फिर्ता गर, शैक्षिक संस्थामा शैक्षिक वातावरण कायम गर, कालो कानून खारेज गर, राज्य आतंक बन्द गर, नेपाली भूमिबाट भारतीय सेनालाई फिर्ता गर, सीमा अतिक्रमण बन्द गर र अतिक्रमित भूमि फिर्ता गर, सन् १९५० र १९६५ लगायतका सम्पूर्ण असमान सन्धिहरू खारेज गर, महंगी, कमीशनतन्त्र , भ्रष्टाचार र माफियातन्त्रको अन्त्य गर, भाषिक समानताको ग्यारेन्टी गर जस्ता मागहरू प्रमुख

रवीन्द्र अधिकारी

*अनेरास्ववियू १५ औं राष्ट्रिय सम्मेलनले भर्खरै निर्वाचित गरेका केन्द्रिय अध्यक्ष*



रूपमा समावेश भएका छन् ।

अखिलका विभिन्न घटकहरूमध्ये अर्को एक घटक नेकपा (एमाले) निकटको अनेरास्ववियू पनि अलग्गै कार्यक्रमको घोषणा गरी गत फागुन ३० गतेदेखि आन्दोलनमा उत्रेको छ । त्यसले मा .वि. शिक्षा निःशुल्क गर, उच्च शिक्षा सर्वसुलभ र सस्तो गर, शैक्षिक निजीकरण र कारवाहीको अन्त्य गर, उच्च शिक्षामा प्रविणता प्रमाण-पत्र तहलाई यथावत राख, उच्च मा.वि. मा सरकारले लगानी गर, विद्यार्थी सहुलियत र सुविधा बृद्धि गर, परीक्षा प्रणालीमा वैज्ञानिक सुधार गर, गुणात्मक शिक्षा लागू गर, शिक्षामा भएको कांग्रेसीकरण र शैक्षिक अराजकताको अन्त्य गर, शिक्षण संस्थाको स्वायत्तताको ग्यारेण्टी गर जस्ता कुराहरू समावेश भएको ४६ सूत्रीय मागपत्र प्रस्तुत गरेको छ ।

आन्दोलनको क्रममा एमाले निकटको अनेरास्ववियूले गत चैत्र २३ गते बिहान ८ बजेदेखि ११ बजेसम्म सिंहदरबार घेराउ कार्यक्रम सम्पन्न गऱ्यो । त्यस घेराउ कार्यक्रमलाई बिफल तुल्याउन बिहानको करीब ८ :३० बजेतिर शान्तिपूर्ण रूपमा घेराउ गरिरहेका विद्यार्थीहरूमाथि प्रहरीले पुतलीसडक, माइतीघर, भद्रकाली गरी तीन ठाउँबाट एक्कासी अश्रुग्याँस प्रहार र लाठी चार्ज गरेको थियो । लाठी चार्जबाट दर्जनौं विद्यार्थीहरू घाइते हुनपुगे ।

सोही कार्यक्रम अन्तर्गत काठमाण्डौको आर.आर. क्याम्पस र शंकरदेव क्याम्पसबाट माइतीघरतर्फ गएका विद्यार्थीहरूको जुलूसमाथि प्रहरीले अन्धाधुन्ध लाठी चार्ज गरेपछि प्रहरी र विद्यार्थीबीच भिडन्त भएको थियो । प्रहरीले आ. आर., नेपाल ल र शंकरदेव क्याम्पस प्रवेश गरेर व्यापक रूपमा गिरफ्तारी गरेपछि त्यसको विरोधमा आर.आर. क्याम्पसका विद्यार्थीहरूले ढुंगामुढा गरेपछि क्याम्पस क्षेत्र तनावग्रस्त भएको थियो ।

चाहे चार वाम विद्यार्थी संगठनका कार्यकर्ताहरू हुन्, चाहे एमाले निकटका अनेरास्ववियूका कार्यकर्ताहरू हुन्, विद्यार्थीहरूको हकहित तथा जल्दाबल्दा राष्ट्रिय समस्याहरूलाई लिई उनीहरू सहासपूर्वक र जुझारू रूपले युवा जोशका साथ सडकमा उत्रेका छन् । यो साह्रै नै सह्रानीय कुरो हो ।

तर उस्तै प्रकारका माग र नारा बोकेर पनि चार वाम विद्यार्थी र एमाले निकट वाम विद्यार्थीहरू संयुक्त भई आन्दोलनमा उत्रेका छैनन् । बिभाजित आन्दोलनले लक्ष्यमा पुग्न कठिन त पार्छ नै, साथै यसले बिद्यार्थी आन्दोलन वास्तविक धरातलमा उभिएर भन्दा पनि निकटमा रहेका वामपार्टीहरूको तत्कालीन राजनीतिक संकीर्णताबाट बढी प्रभावित भएको तथ्य झल्कन्छ । यस कुरालाई विद्यार्थी नेताहरूले गम्भीर रूपले चिन्तन मनन गर्नुपर्ने देखिन्छ ।

यसैबीच, आन्दोलनमा संलग्न रहेका मध्ये एक अखिलको राष्ट्रिय सम्मेलन यो पंक्ति लेख्दालेख्दै संपन्न भएको छ भने अर्कोको सम्मेलन केही महिनापछि नै सम्पन्न हुन गइरहेका छन् ।

नेकपा (माले) निकटस्थ अनेरास्ववियुको १५ औं राष्ट्रिय सम्मेलन यही वैशाख १५ देखि १७ गतेसम्म चितवनको वीरेन्द्र बहुमुखी क्याम्पसमा सम्पन्न भयो । नेकपा (माले) का महासचिव क. वामदेव गौतमबाट उद्घाटन भएको सो सम्मेलनमा देशभरिका १७६ क्याम्पस, १८० उच्च मा.वि., २५ प्राविधिक शिक्षालय र देशभरिका माध्यमिक विद्यालयका अनुपातिक प्रतिनिधि गरी ९०० जनाभन्दा बढी नै प्रतिनिधिहरूले भाग लिएको कुरा आयोजक समितिले जनाएको छ । उक्त सम्मेलनमा आधा दर्जनभन्दा बढी विदेशी विद्यार्थी संगठनहरूले पनि भाग लिएको बुझिएको छ । सो सम्मेलन "यथास्थितिवाद र सामाजिक निराशाका विरूद्ध हाम्रो जागरण, सबैको लागि शिक्षा, रोजगार र स्वच्छ शैक्षिक वातावरण" भन्ने मूल नाराका साथ सम्पन्न भएको थियो ।


चार अखिलद्वारा बुटवलमा गरिएको चक्का जाममा प्रहरी र विद्यार्थीहरूबीच भएको झडप

यस्तै गरी, नेकपा (एमाले) निकटस्थ अनेरास्ववियूको पनि १५ औं राष्ट्रिय सम्मेलन आउँदो असोज १ देखि ७ गतेसम्म बुटवलमा सम्पन्न हुने भएको छ । गत वैशाख १० गते बसेको उक्त संगठनको राष्ट्रिय परिषदको वैठकले उक्त निर्णय गरेको हो । बैठकले हिक्मत कार्कीको संयोजकत्वमा १२५ सदस्यीय आयोजक कमिटीको पनि गठन गरेको छ । 'सामाजिक विकृति र विसंगतिका विरूद्ध हाम्रो अभियान, सर्वसुलभ र गुणस्तरीय शिक्षाका लागि बिद्यार्थी आन्दोलन' भन्ने मूल नाराका साथ सप्ताहव्यापी रूपमा सम्पन्न गरिने उक्त सम्मेलनको नेकपा (एमाले) का महासचिव क. माधव नेपालले उद्घाटन गर्नु हुने कार्यक्रम रहेको छ ।

सम्मेलन आयोजक कमिटीद्वारा जारी गरिएको प्रेस विज्ञप्तिको अनुसार सो संगठनले आउँदो जेठ १ गते विद्यार्थी दिवसको उपलक्ष्यमा काठमाण्डौको शहीदमंचमा वृहत् विद्यार्थी महोत्सव आयोजना गर्ने भएको छ ।

स्मरणीय छ, गत फागुनमा डाचाराज बाग्लेले नेतृत्व गर्नुभएको अ.ने. रा.स्व.वि.यु (क्रान्तिकारी)ले जनकपुरमा आफ्नो राष्ट्रिय सम्मेलन संपन्न गरेको थियो । यही सम्मेलनले यो संगठनको नाम परिवर्तन गरी अ.ने.रा.स्व.वि.यु. (२०२२) राख्ने निर्णय गरेको थियो । ❑

## "पारिजात" पुरस्कार साधना र मित्रलाललाई

पारिजात स्मृति केन्द्रद्वारा हरेक वर्ष प्रदान गरिँदै आएको र इन्छुरेड इन्टरन्याशलनले स्थापना गरेको "पारिजात संघर्षशील नारी पुरस्कार" २०५६ सालका लागि श्रीमती साधना अधिकारीलाई प्रदान गरिने भएको छ ।

यसैगरी, सो केन्द्रद्वारा संचालित र बेलायतस्थित एच.एस. सास फाउण्डेसनद्वारा स्थापित "पारिजात सिर्जनशील पुरस्कार २०५६" युवा कवि मित्रलाल पंज्ञानीलाई प्रदान गरिने निर्णय भएको कुरा पारिजात स्मृति केन्द्रले जनाएको छ ।

उक्त दुवै पुरस्कारको राशी रू.दश हजार रहेको छ ।

पारिजातको वार्षिक स्मृतिमा यही वैशाख ३१ गते काठमाण्डौको राष्ट्रिय नाचघरमा आयोजना हुने विशेष कार्यक्रममा सो पुरस्कार वितरण गरिने कुरा पनि केन्द्रले जनाएको छ । ❑

**आफ्ना उपभोक्ताहरूको माझमा स्वदेशी चिनी !**

वीरगंज तथा लुम्बिनी चिनी कारखानाद्वारा उत्पादित

पूर्ण प्रशोधित सुख्खा दानेदार चिनी

सम्पूर्ण थोक एवं खुद्रा व्यापारी एवं निजी उपभोक्ताहरूका लागि सुपथ मूल्यमा उपलब्ध भै रहेछ ।

आजै मौकाको फाइदा उठाऔं ।

उपलब्ध हुने स्थान :- ने.ट्रे.लि.
उपत्यका बिक्री व्यवस्था
कार्यालय, टेकु ।

**नेशनल ट्रेडिङ्ग लिमिटेड**
बिक्री प्रवर्द्धन विभाग
केन्द्रीय कार्यालय, टेकु ।
फोन नं. - २४४९६२, २४४०३२

नयाँ बर्ष २०५७ को सुखद उपलक्ष्यमा समस्त नेपाली दाजु भाइ तथा दिदी बहिनीहरु एवं ग्राहक वर्गमा हार्दिक मंगलमय

शुभ कामना ।

गोरखकाली रबर उद्योग लि.
परिवार

# नेपाली चलचित्रको सापेक्षतामा




# चमेली

- सुशील सापकोटा

रवि बरालद्वारा निर्देशित नेपाली चलचित्र *चमेली* यसबेला नेपाली दर्शकहरूमाझ प्रस्तुत भएको छ । लगानी र विषयलाई लिएर प्रदर्शन अगावै यो चलचित्र चर्चाको वृत्तभित्र प्रवेश गरिसकेको थियो । एक करोड रूपैयाँको लागतमा बनेको चलचित्र *चमेली* अहिलेसम्म बनेका नेपाली चलचित्रहरूमध्ये सबैभन्दा बढी लगानीमा बनेको चलचित्र हो । त्यसैले ठूलो लगानीमा बनेको यो चलचित्र गुणात्मक दृष्टिले कति राम्रो होला भन्ने जिज्ञासाबाटै यसको चर्चाको शुरूवात भएको देखिन्छ ।

चेलीबेटी बेचबिखनको समस्या नेपालको राष्ट्रिय चिनारीलाई समेत कलंकित तुल्याउने समस्या हो । चलचित्र *चमेली* यही समस्यामा आधारित छ । नेपालबाट केटीहरू कसरी भारततिर पुऱ्याइन्छन् र भारतको वेश्यालयमा पुऱ्याइएका ती नेपाली केटीहरूले त्यहाँ कस्तो प्रकारको नारकीय यातनाहरू पाउँछन् भन्ने कुरालाई चमेलीले सकेसम्म पत्यारिलो ढंगले देखाउने प्रयास गरेको छ ।

समाजका समस्याहरूलाई चलचित्रको विषयको रूपमा छनौट गर्ने गभीर प्रकृतिका चलचिकर्मीहरूको उपस्थिति हामीकहाँ लगभग शून्यप्रायः छ । यो अवस्थामा नेपाली समाजमा निरन्तर जारी रहेको चेलीबेटी बेचबिखनको समस्यालाई चलचित्रको विषयको रूपमा छनौट गर्नु आफैमा एउटा प्रशंसनीय कार्य हो । त्यस अर्थमा पनि चमेलीका निर्देशक रवि बराल र उनका सहकर्मीहरूले गरेको प्रयास प्रशंसनीय छ ।

नेपालमा बनेका र बनिरहेका अधिकांश नेपाली चलचित्रहरू अपरिष्कृत अथवा अशुद्ध नेपाली भाषामा बनेका हिन्दी चलचित्रहरूजस्ता देखिन्छन् । त्यहाँ नेपाली कलाकारहरू र नेपाली भाषाबाहेक नेपालीपन झल्कने कुनै पनि कुरा भेट्टाउन मुस्किल पर्छ । चलचित्रको राष्ट्रिय परिचय निर्माण गर्ने दिशामा कुनै प्रयास नभइरहेको यस स्थितिमा *चमेली*को निर्माणले नेपाली दर्शकहरूलाई आशावादी बनाइदिएको छ । यो चलचित्र हेर्दा शुरूदेखि करीब मध्यान्तरसम्म नै हामीलाई हाम्रै नेपाली चलचित्र हेरिरहेभैं अनुभूति हुन्छ । मध्यान्तरपछि चाहिं त्यस स्थितिमा केही भिन्नता देखिन्छ ।

चलचित्रमा चमेली पात्रको जन्म, न्वारनजस्ता संस्कारहरूदेखि लिएर उसको परिवारको रहनसहनजस्ता कुराहरूबाट हामी नेपालको ग्रामीण जनजीवनको वास्तविकतालाई पत्यारिलो ढंगले प्रस्तुत गरिएको पाउँछौं । चमेलीको बिहामा नरसिंह र करनालसहित पंचैबाजा बजाएर आएका जन्तीहरू देखेपछि हामीलाई हाम्रो गाउँघरको विहाको दृष्य पर्दामा हेर्न पाएको अनुभव हुन्छ । नेपालीहरूले साँचो अर्थमा नेपाली चलचित्र हेर्न पाएको अनुभव गराउन सक्नु चलचित्र *चमेली*को प्रशंसनीय प्रयास हो ।

चलचित्र निर्माणको शैली र व्याकरणको दृष्टिले हेर्दा चलचित्र *चमेली* विशुद्ध यथार्थवादी चलचित्र भने होइन । चलचित्रमा यथार्थको प्रतिविम्बन तथा सम्प्रेषण कलात्मक ढंगले प्रस्तुत गर्ने शैली अनुरूप बनेका चलचित्रहरूलाई 'कला फिल्म' 'सार्थक फिल्म' वा 'समानान्तर फिल्म' भन्ने गरिएको छ । *चमेली* चलचित्र यथार्थको प्रतिबिम्बन कलात्मक ढंगले प्रस्तुत गर्ने अभीष्ट राखेर बनाइएको त्यसप्रकारको 'कला फिल्म' होइन । यो व्यावसायिक चलचित्र नै हो; तर यसमा यथार्थको प्रस्तुतीकरणलाई प्रमुखता दिने काम भएको छ । व्यावसायिक चलचित्र भएता पनि यसमा नायक नायिकाको प्रमुख भूमिका, प्रेम प्रसङ्ग र त्यसमा परिवार तथा खलनायकहरूद्वारा आइलाग्ने व्यवधान, ठाउँ कुठाउँ गीत र गीतसँगसँगै नाचगान, अन्त्यमा नायक वा नायिकाको जीत र खलनायकको हारजस्ता हिन्दी व्यावसायिक चलचित्रमा वारम्वार दोहोरिएर आउने सूत्रहरूको अधिकांश नेपाली सिनेमाहरूमा जस्तो भद्दा अनुकरण गरिएको छैन । यसरी व्यावसायिक सूत्रहरूमा गरिएको पर्याप्त कटौती चलचित्र *चमेली*को अर्को प्रशंसनीय पक्ष हो ।

नायिका चमेलीको भूमिकामा अभिनय गर्ने अंजु बिष्ट, दलाल अमरको भूमिकामा अभिनय गर्ने भूषण पोखरेल र नलिनीबाईको भूमिकामा अभिनय गर्ने विद्या कार्कीको अभिनय स्तरिय देखिन्छ । यी पात्रहरू यस दृष्टिले प्रशंसनीय छन् । समग्रतामा पनि अभिनयको पक्ष राम्रै देखिन्छ ।

यो चलचित्रका कमजोर पक्षहरू पनि उल्लेखनीय नै छन् । सबभन्दा कमजोर पक्ष हो- चलचित्रको कथ्यमा गंभीरताको अभाव । चलचित्रको कथामा जुन कथ्यको निरूपण गरिएको छ, त्यसमा समस्याको मूललाई उजागर गर्ने काम भएको छैन । नुवाकोट, धादिङ, सिन्धुपाल्चोक जस्ता काठमाण्डौ उपत्यकासँग जोडिएका वा निकट रहेका जिल्लाहरूबाट बर्षेनी चेलीबेटी बम्बैतिर लगिन्छन् । यस कार्यमा संलग्न नेपाली दलालहरूलाई विद्यमान राज्य व्यबस्थाले यथोचित सजायँ गरिरहेको छैन । कतिपय दलालहरूलाई राजनीतिक पार्टीका नेताहरूले नै संरक्षण गरेको पाइन्छ । अर्कोतिर, झुक्किएर दलालको पछि लाग्ने वा बम्बै गएर पैसा कमाउने लोभले जानाजान बेचिन तयार हुने युवतीहरूको संख्या थोरै छैन । आर्थिक समस्या, गाउँको अनुत्पादक परिस्थिति, र सांस्कृतिक दरिद्रताले नेपाली चेलीहरूलाई बम्बैतिर पलायन गर्न पर्याप्त कारण दिएको छ । राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक समस्याले गर्दा फस्टाइरहेको चेलीबेटी बेचबिखनजस्तो अत्यन्त घीनलाग्दो अपराध कर्मलाई रोकथाम गर्ने राजनीतिक प्रतिवद्धता राज्यले कहिल्यै प्रदर्शन गरेन । त्यसैले सरकार त्यो समस्यालाई छुन पूर्णतया असक्षम हुनेगरेको छ भने त्यही समस्या समाधान गर्छौ भनेर खुलेका गैर-सरकारी संस्थाहरू समुद्रपारिबाट डलर भित्र्याउँदै त्यसका संचालकहरूले मूलतः आफ्नै व्यक्तिगत समस्याहरू समाधान गरिरहेका छन् । त्यसैले जुन मात्रामा देहव्यापार विरोधी गैर-सरकारी संस्थाहरू बढेका छन्, त्यही मात्रामा देहव्यापारको धन्दा पनि बढीरहेको छ । चलचित्र *चमेली*ले यो पक्षलाई पटक्कै छोएको छैन । चेलीबेटी बेचबिखनको समस्या बस्तुतः सामाजिक-राजनीतिक समस्या हो भन्ने कुरा *चमेली* बनाउनेहरूलाई राम्ररी बोध नभएकोले नै यस चलचित्रमा त्यो हदको त्रुटी भएको हो ।

*चमेली* चलचित्रका प्रमुख पात्रहरू चमेली र अमर यथार्थ जीवनको चरित्रको स्तरमा विकसित भएका देखिंदैनन् । बेचिएकी चेली वेश्यालयमा पुगिसकेपछि शुरूमा जसरी यातना भोग्छे, त्यतिनै बेलादेखि उसको चरित्रमा पनि क्रमशः रूपान्तरणको प्रक्रिया प्रारम्भ हुन्छ । त्यसपछि ऊ यदि आफ्नो समस्याबाट माथि उठेर केही गर्ने प्रयास गर्छे भने उसले यो समस्याको सबै पक्षलाई आफ्नो विरोधको निशाना बनाउँछे । तर *चमेली*मा चमेलीको चरित्रलाई त्यसरी विकसित गरिएको छैन ।

**_चमेली_ चलचित्र यथार्थको प्रतिबिम्बन कलात्मक ढंगले प्रस्तुत गर्ने अभीष्ट राखेर बनाइएको त्यसप्रकारको 'कला फिल्म' होइन । यो व्यावसायिक चलचित्र नै हो; तर....**



दलालको रूपमा आएको पात्र अमरको चरित्र पनि चलचित्रको उत्तरार्द्धमा पुगेपछि खण्डित भएको छ । पात्रहरूको विकास व्यवस्थित ढंगले नभएकाले चलचित्रको प्रभावकारिता विषयको सापेक्षतामा संकुचित भएको छ । कथामा पात्रहरूलाई ठीक ढंगले अघिबढाइएको भए त्यस्तो हुने थिएन । यसरी चलचित्रका पात्रहरूको ठीक ढंगले चरित्रमा विकास नभएकाले चलचित्र त्यति सुगठित भएको छैन । *चमेली* चलचित्रको अर्को प्रमुख कमजोरी यही हो ।

*चमेली*को तेस्रो कमजोरी पात्रहरूको समन्वयको अभाव हो । एउटा पात्र के कति कारणले अर्को पात्रसँग जोडिन्छ वा छुट्टिन्छ भन्ने कुराले चलचित्रको घटनाको उतारचढावलाई दर्शकहरू समक्ष सम्प्रेषण गर्दछ । *चमेली*मा एउटा पात्र र कुनै अर्को पात्र बीचको सम्बन्ध स्वभाविक ढंगले जोड्ने काममा कमी देखिएको छ ।

चौथो कमजोरी यसमा प्रयोग भएको सम्वाद हो । यसमा रहेको सम्वादमा स्वभाविक ढंगले यथार्थको अभिव्यक्ति गर्ने काम भएको छैन । स्तरिय लेखकलाई सम्वाद लेखनको जिम्मेवारी दिइएको भए यस्तो दोषबाट *चमेली* जोगिन्थ्यो । त्यसरी जोगिंदा *चमेली*को स्तर स्वतः यसभन्दा माथि उठ्थ्यो । एउटा दलाल दुर्घटनावश मरेपछि चमेली भन्छे, "अपवित्र शरीरबाट पवित्र आत्मा उडेर गयो" । यो सम्वाद घटिया र हास्यास्पद समेत लाग्दछ । यस्ता निम्न स्तरका सम्वादहरू ठाउँ ठाउँमा खट्किन्छन् ।

अब पटकथाका कमजोरीहरूतिर जाऔं । नेपाली युवतीहरूलाई बम्बैको वेश्यालयसम्म पुऱ्याउने दलाल केटो अमरले चमेलीलाई विहा गरेर श्रीमती बनाएर नलिनीवाईको कोठीमा पुऱ्याएको छ । त्यहाँ अमरद्वारा पुऱ्याइएका नेपाली केटीहरू अरू पनि छन् । तर चमेलीको ती केटीहरूसँग भेट र कुराकानी हुँदैन । अरू नै तरिकाले चमेली वेश्यालयबाट भाग्छे र सजिलै आफ्नो घर पुग्छे । यहाँ पनि जटिल प्रक्रियालाई सरलीकृत गरिएको छ । वेश्यालयमा हिन्दी फिल्मी गीतहरू धेरै पटक, धेरै बेर पृष्ठसंगीतको रूपमा बजाइएका छन् । अनि 'होली'को दिनमा हिन्दी फिल्मका होलीका गीतहरू मात्र भरमार बजाइएको छैन, वेश्यालयका सबै वेश्याहरू, वाईहरू र पालेहरू खुसीसाथ 'होली' खेलेर गीतको तालमा नाचेका छन् । यो दृष्य *चमेली*को कथाको मूलधारसंग सरोकार राख्ने दृष्य होइन । यहाँनिर व्यवसायिकता थोपरिएको प्रष्ट खट्किन्छ । चलचित्रको अन्त्यमा नायिका चमेलीले लखेट्दा लखेट्दै लडेर दलाल अमरको मृत्यु भएको छ । यो लखेटालखेट, त्यसअघिको होलीको उत्सव, वेश्यालयबाट आफ्नो गाउँ पुगेकी चमेलीलाई गाउँहरूले गाउँ निकाला गर्न खोज्दा चमेलीको मास्टरले गरेको भिनो प्रतिवाद र गाउँका फटाहाहरू समक्ष उसको आत्मसमर्पण जस्ता कुराहरू एकातिर *चमेली*को पटकथामा रहेका त्रुटीहरू हुन् भने अर्कोतिर निर्देशक रवि बराल र सहकर्मीहरूमा रहेको वैचारिक अस्पष्टताका कारणले चलचित्रभित्र उब्जिएका खराबीहरू हुन् ।

तैपनि समग्र खराबीहरूको सापेक्षतामा चलचित्र *चमेली*का असल पक्षहरू बलिया छन् । त्यसैले नेपाली चलचित्रको दरिद्र स्तरको सापेक्षतामा *चमेली* निस्सन्देह एउटा स्तरिय चलचित्र हो । ❑

# चलचित्र 'मुकुण्डो' अन्तर्राष्ट्रिय महोत्सवमा छानियो

करीब तीन वर्षअघि काठमाण्डौमा आयोजत दक्षिण एशियाली वृत्तचित्र महोत्सवमा सर्वश्रेष्ठ घोषित भएको वृत्तचित्र "द स्पिरिट डजन्ट कम ऐनिमोर" का निर्देशक छिरिङ्ग रितार शेर्पाको अर्को कृति पनि विशेष रूपले चर्चित भएको छ । उनले निर्देशन गरेको कथानक चलचित्र 'मुकुण्डो' अमेरिकी चलचित्र महोत्सवको निम्ति छनौट भएको छ ।

यही वैशाख ९ देखि २२ गतेसम्म आयोजना भैरहेको "सान्फ्रान्सिस्को अन्तर्राष्ट्रिय चलचित्र महोत्सव"मा मुकुण्डोले तीन पल्ट प्रदर्शित हुने अवसर पाएको छ । सो महोत्सव स्तरीय फिल्म र फिल्मकारहरूले भाग लिने थलोको रूपमा स्थापित भएको महोत्सव हो ।

'मुकुण्डो' राजधानीमा घटित एक सत्य घटनामा आधारित कथा-बस्तुले भरिएको कुरा निर्देशक रितारले जनाएका छन् । नेपालमा सार्वजनिक रूपमा प्रदर्शन हुन बाँकी सो फिल्ममा छोरो पाउने उत्कण्ठाले भाँक्रिनीकहाँ पुगेका एकजोडी स्त्री-पुरूषहरू र आफ्नै भूमिकाप्रति दिग्भ्रमित भाँक्रिनीका बीच भएको भेटले सृजना गरेको द्वन्दलाई प्रस्तुत गरिएको कुरा पनि जनाइएको छ ।

'मिला प्रोडक्सन प्रा.लि.'का अनुसार सो चलचित्र आगामी असोज महिनादेखि मात्र नेपालमा सार्वजनिक प्रदर्शन हुने भएको छ । चलचित्रमा मिथिला शर्मा, गौरी मल्ल र रतन सुवेदीको प्रमुख भूमिका रहेको छ । यो चलचित्रका लागि छिरिङ्ग रितार शेर्पा र एन.एच.के. जापानको संयुक्त लगानी रहेको छ ।

'मुकुण्डो' यसअघि जापान, स्वीडेन र स्वीट्जरलैण्डका चलचित्र महोत्सवहरूमा पनि प्रदर्शित भैसकेको छ । ❑



चलचित्र 'मुकुण्डो'को एक दृष्य

# एमाले पार्टीले नातीकाजीहरूलाई अभिनन्दन गर्‍यो !

*ती लेखकहरू, जसले समग्रमा जनविरोधी सांस्कृतिक अभियानमै आफ्नो जिन्दगी होमेका छन्, तिनका पनि दुई चारवटा 'मानवीय संवेदनायुक्त' राम्रा कृतिहरू हुन सक्छन् । के त्यत्तिकै आधारमा एमालेले तिनलाई पनि अभिनन्दन गर्नेछ ?*



एमाले पार्टीले 'हिजोसम्म सांस्कृतिक कार्यक्रमहरू आफैं अग्रसर भएर गर्दैनथ्यो । सांस्कृतिक मोर्चामार्फत् कार्यक्रमहरू हुनेगर्थे ।

तर आज ने.क.पा. एमाले फगत कुनै मोर्चामार्फत् मात्र हैन, आफू स्वयं नै पनि मंचमा प्रस्तुत भएर सांस्कृतिक कार्यक्रम गर्न अग्रसर भएको छ । यसमा उसले थुप्रैथरि कलाकारहरूलाई मंच पनि प्रदान गरेको छ । यसले ठूलो जन-सहभागिताका बीच यो कार्यक्रममा गायक, गायिका, गीतकार र बाद्यवादकहरूलाई पार्टीको तर्फबाट 'हार्दिक अभिनन्दन' पनि गरेको छ ।

पाठकहरूले निश्चितै रूपमा अनुमान गर्नुभयो होला - आफ्नो सांस्कृतिक मोर्चा 'जन-संस्कृतिक मंच'लाई समेत उछिनेर एमाले पार्टी स्वयं अग्रसर भएको यो कार्यक्रममा उसले बोलाएका र अभिनन्दन गरेका थुप्रैथरि कलाकारहरूमा रमेश, रायन होलान्, जे.वि. टुहुरे होलान्, मंजुल होलान्, जीवन शर्मा, माधव प्रधान, उदय श्रेष्ठ, रामकृष्ण दुवाल होलान्, सके मणिथापा र खुसीराम पाखिन पनि होलान् अनि यसमा थुप्रै नयाँ नयाँ प्रगतिशील प्रतिभाहरू पनि होलान् ।

तर हैन । बिल्कूलै हैन । एमाले पार्टीले बोलाएका र मंच दिएका एवं सम्मान समेत गरेकाहरू थिए- तारादेवी, नातीकाजी, प्रेमध्वज प्रधान, कुमार कान्छा, ओमविक्रम बिष्ट आदि ।

गत चैत्र १२ गते भएको कार्यक्रम हो यो । काठमाण्डौको सबैभन्दा ठूलो हल "वीरेन्द्र अन्तराष्ट्रिय सम्मेलन केन्द्र" बानेश्वरमा ने.क.पा. एमाले उपत्यका समन्वय कमिटी काठमाण्डौको आयोजनामा भएको सो कार्यक्रममा प्रमुख अतिथि महासचिव क. माधव नेपाल हुनुहुन्थ्यो । उहाँले आफैंले *"अब मानिसको अन्तराष्ट्रिय जाति हुनेछ"* भन्ने अन्तराष्ट्रिय गीत गाएर शुरू गर्नुभएको यो कार्यक्रमा 'म मौनतामा अल्झिएको एउटा जीवन' भन्ने पुरानो पप गीत ओमविक्रम बिष्टले गाएका थिए ।

*"यो मन्दिर, मस्जिद, यो चैत्य, यो गुम्बा*
*मलाई छ प्यारो मेरो मुटुभन्दा"*

अंजान सुब्बाको यो गीत पनि त्यहाँ प्रस्तुत भएको थियो । अर्को गीत थियो - *"जिन्दगीको के भर छ र आज वर भोलिको पर,*
*ए ! मायाँ मारेर !*
*नजाऊ मलाई एक्लै पारेर !"*

कुमार कान्छाले यो बाहेक - *"मलाई प्रेम गरिदेऊ हे युवती"* भावार्थ भएको नेवारी गीत पनि प्रस्तुत गरे । प्रेमध्वज प्रधानले "राजामति कुमति" गीत गाए ।

विजय सुब्बाको एउटा - *"मेरै त हो कालापानी"* भन्ने गीत र मनोज गजुरेलको प्रहसन पनि सो कार्यक्रममा प्रस्तुत गरिएको थियो । सुरसुधा समूह, प्रस्तर समूह, साँध समूह आदिको सांगीतिक प्रस्तुतिको साथमा कार्यक्रममा परंपरागत नेवारी वज्रवाणी चर्यानृत्य, नेवा ऱ्याप र त्रिदेवी नृत्य पनि प्रस्तुत गरिएको थियो । धनुषा सिंहको प्यारोडी र मह जोडीको चर्चित प्रहसन "रिमोट कंट्रोल" पनि सो कार्यक्रममा समावेश गरिएका थिए । अत्याधुनिक र निकै महंगो ध्वनि, प्रकाश तथा रंगमंच सज्जासहित विशेष तयारीपूर्वक गरिएको सो कार्यक्रमको दोस्रो चरणमा क. माधव नेपालले गायिका तारादेवी, गायक प्रेमध्वज प्रधान, संगीतकार नातीकाजी र गीतकार भैरवनाथ रिमाल 'कदम' एवं हार्मोनियमवादक शामदेव शर्मा र तबलावादक शंभु प्र. मिश्रको अभिनन्दन गर्नुभएको थियो - दोसल्ला ओढाएर र अभिनन्दन-पत्र प्रदान गरेर ।

एमाले पार्टीले आफ्नै नाम र अग्रसरतामा यस्तो कार्यक्रम आयोजना गर्न किन जरूरी ठान्यो ? एमालेले पंचायतकालदेखि नै सरकारी संचार माध्यममा एकलौटी छाएका नातीकाजी, तारादेवी, प्रेमध्वज प्रधान र भैरबनाथ रिमाल 'कदम' लाई नै अभिनन्दन गर्न किन जरूरी ठान्यो ? 'आफ्ना विधाका हस्ती हुन्' भन्ने आधारमा जो-कोहीलाई पनि एउटा 'कम्युनिष्ट पार्टी'ले अभिनन्दन गर्नु के उचित हुन्छ ? शामदेव शर्मा र शंभु प्र. मिश्रको वादन-कला स्वयंमा कुनै वर्गको नहोला, त्यो वादनलाई जसले प्रयोग गर्‍यो, त्यो त्यही वर्गको होला । तर के शब्द र विचार मिश्रित गीतहरू पनि वर्गीय हुन छाडेका हुन् ?

'कम्युनिष्ट पार्टी' भनेको शोषकवर्ग र शोषित वर्गमा ब्राँडिएको हाम्रो मानव समाजमा शोषित वर्गको पक्षधर अगुवा पार्टी हो । त्यसले साहित्य-कलामा पनि यही वर्ग पक्षधरता खोज्ने गर्छ । यो वर्ग पक्षधर कलाको पक्षमा थुप्रै चिन्तक र दार्शनिकहरूले बोलेका छन्, लेखेका छन् । एमालेकै नेताहरूले पनि यसरी नै हिजो धेरै कुरा बोलेका छन्, लेखका छन् । के एमालेले यो आफ्नै बोलाइ र लेखाइको परित्याग गरेको हो ? गरेको हो भने उसले प्रष्ट शब्दमा यो कुराको घोषणा गर्नु जरूरी छ ।

हो, अन्य खेमाका कलाकार-हरूसँग मिलेर पनि निश्चित बुँदाहरूमा साझा-सहमति कायम गरी सँगै काम गर्न सकिन्छ, सँगै गाउन, नाच्न, बजाउन वा कविता वाचन गर्न सकिन्छ । २०४६ सालको आन्दोलनको पक्षमा र विगतमा कालो ऐन आउन लाग्दा त्यसको विरोधमा यस्तो गरिएको थियो पनि । अहिले पनि समाजलाई अलिकति मात्रै पनि अगाडि बढाउन मद्दत गर्ने संयुक्त कला-अभियान चलाउन सकिन्छ, र त्यसो गर्नु जरूरी पनि छ । औपचारिक संबन्ध राम्रो राख्न सकिन्छ, मर्दा-पर्दा सघाउन पनि सकिन्छ । सरकारमा जाँदा सरकारको मन्त्रीको हैसियतले अरूको निमन्त्रणा मान्दा एक हदसम्मका काममा सहभागी हुन पनि सकिन्छ ।

तर यसको अर्थ, के विगतमा प्रतिक्रियावादी सत्ता र विचारको सेवामा आफूलाई होमेका गैर-जनवादी कलाकारहरूलाई कम्युनिष्ट पार्टी स्वयम्ले उनीहरूका ती विगतका संपूर्ण क्रियाकलापका लागि अभिनन्दन गर्नु ठीक हुन्छ ?

एमालेले यही गरेको छ । के अब यसले आज यी कलाकारहरूलाई अभिनन्दन गरेझैं भोलि कुनै दिन विगतमा पंचायती कालदेखि नै शोषक-सत्ताको भाटगिरी समेत गर्दै आएका लेखकहरूलाई पनि हार्दिक-सम्मान गर्नेछ ? ती लेखकहरू, जसले समग्रमा जनविरोधी सांस्कृतिक अभियानमै आफ्नो जिन्दगी होमेका छन्, तिनका पनि दुई चारवटा 'मानवीय संवेदनायुक्त' राम्रा कृतिहरू हुन सक्छन् । के त्यत्तिकै आधारमा एमालेले तिनलाई 'तपाइंले दर्जनौं किताबहरू लेख्नु भएकोमा हाम्रो पार्टी तपाईलाई हृदयदेखि नै सम्मान गर्दै यो अभिनन्दन-पत्र अर्पण गर्दछ' भनी धातुको पातामा लेखेको अभिनन्दन-पत्र प्रदान गर्नेछ ?

एमालेले गत चैत्र १२ गते नातीकाजी, भैरवनाथ रिमाल कदम, प्रेमध्वज प्रधान, तारादेवीलाई यस्तै व्यहोराको अभिनन्दन-पत्र प्रदान गर्‍यो ।

नातीकाजीका संगीतहरूले 'खेल-खलिहान ब्युँझिन्छ', तारादेवीको 'साधना, समर्पण र संकल्पले पुस्तौंपुस्तासम्म प्रेरणा दिनेछ', भैरवनाथ कदमका 'शब्दहरू मान्छेका कथा बन्छन्, सरस, सरल र सुकोमल छन्', प्रेमध्वजको गीतले 'मानव प्रेमको ध्वजा उठाउँछ' -एमालेले दिएको अभिनन्दन पत्रमा उल्लिखित यी विश्लेषणहरूलाई ऊ नजीकका समीक्षक वा समालोचकहरूले कुन रूपमा लिनेछन् ? -यो प्रश्न पनि सोचनीय बनेको छ ।

कार्यक्रममा क. माधव नेपालले बोल्ने क्रममा पहिले पहिले क्रान्तिकारी, जनवादी गीतहरू मात्र हुने गर्थे,

**एमाले पार्टीले यस्तो गरेको करीब चार हप्तापछि एमालेको सांस्कृतिक मोर्चा 'रा.ज.सा.मंच' ले यही वैशाख ९ गते काठमाण्डौको खुलामंचमा एउटा 'जन-सांस्कृतिक कार्यक्रम' प्रस्तुत गर्‍यो**

एमालेले अहिले त्योभन्दा भिन्न कार्यक्रम गरेको छ भन्दै एमाले अरू खाले कलाकारहरूलाई पनि बोलाउन चाहन्छ र उहाँहरू पनि एमालेको कार्यक्रममा आउन चाहनुहुन्छ भन्ने विचार व्यक्त गर्नुभयो ।

उहाँको भनाइ साँचो थियो । यस अर्थमा कि- कला साहित्यबारेको वर्गीय दृष्टिकोण त्यागेर एमाले कुनै लेखक-कलाकारको जस्तोसुकै विगतलाई पनि सम्मान गर्न चाहन्छ भने उनीहरू एमालेले बोलाएको ठाउँमा नआउने कुरै छैन । उनीहरूको लागि त यो अहोभाग्य नै हो । शोषित वर्गको वकालत गर्छु भन्दै हिड्ने पार्टीले जीवनमा आफूले शोषक वर्गको सेवा गरेबापत आफूलाई सम्मान गर्छ भने त्यो त उसको लागि दुवै हातमा लड्डू नै सावित हुन्छ ।

एमालेले डेढ सय रूपियाँदेखि हजार रूपियाँसम्मको टिकट बेचेर, धेरै नै सजधज र तयारी गरेर संपन्न गरेको यो कार्यक्रमलाई एमालेको एक अखवारले "आकर्षक र रोचक साँझ" भन्ने उपाधि दियो । कार्यक्रममा मिसाएर प्रस्तुत गरिएका केही उत्कृष्ट बाद्यहरू, महजोडीको प्रहसन र भव्य मंच-सज्जा हेरेर एमालेका दर्शक-कार्यकर्ताहरू रनभुल्लमा परे ।

एमालेका 'प्रगतिशील सांस्कृतिक कर्मी'हरूले भने यो कार्यक्रमको बारेमा चुँसम्म पनि नबोलेर यसको मौन समर्थन गरे ।

घर-परिवार त्यागेर जनवादी कलाको विकासमा निरन्तर लाग्दै आएका प्रगतिशील कलाकारहरूलाई अझै सत्ता र संस्थापनाले सम्मान दिनु त परै जावस्, मंचसम्म पनि सजिलै दिइरहेको छैन । पंचायती कालका 'सरकारी हस्ती कलाकारहरू' नै सम्मानित भैरहेका छन् रसारा 'सार्वजनिक मंचहरू उनीहरूकै एकलौटी भैरहेको छ । । यस्तो स्थितिमा, जब एमाले पार्टी पनि फेरि तिनैलाई पुज्न उत्ताउलिन्छ, तब प्रश्न उठ्छ- एमालेको सांस्कृतिक प्राथमिकता कतातिर? उपेक्षित प्रगतिशील आन्दोलनको उत्थानतिर र स्वस्थ्य, सार्थक प्रगतिशील गीत-संगीतलाई प्रोत्साहित र सम्मानित गर्नतिर कि बिनाशर्त बुर्जुवा कलालाई टाउकामा टेकाउनतिर ?

स्मरणीय छ, एमाले पार्टीले यस्तो गरेको करीब चार हप्तापछि एमालेको सांस्कृतिक मोर्चा 'रा.ज.सा.मंच' ले यही वैशाख ९ गते काठमाण्डौको खुलामंचमा एउटा 'जन-सांस्कृतिक कार्यक्रम' प्रस्तुत गर्‍यो । प्रगतिशील गीतहरू, नृत्यहरू, बाल गीत र बाल नृत्यहरू एवं प्रहसनहरू समावेश गरिएको सो कार्यक्रमा भिनो संख्यामा मानिसहरूको उपस्थिति थियो ।

*'नबोके पनि खुकुरी, खुँडा, बन्दूक तरवार । कलमबाटै भत्काइदिन्छु अन्यायी संसार ।'* -त्यहाँ प्रस्तुत एउटा गीतको बोल यस्तो थियो ।

*"हाम्रो त जात दुईटै हो, शोषकले कुरा सुन्दैन, शोषितले कुरा बुझ्दैन"*- त्यहाँ प्रस्तुत तामाङ्ग सेलोको बोल यस्तो थियो ।

जे.वि. टुहुरले गाएको अर्को गीतले भन्थ्यो - *"वरू मेरो छाती छेड्ला जन्ता रोप्ने भालाले, तर मलाई किन्न सक्दैनौ छ आनाको छालाले ।"*

जन-संस्कृति मंचले त्यस कार्यक्रमा प्रगतिशील कलाको वकालत गर्‍यो । उद्घोषक खगेन्द्र राईले रेडियो-टि.भि.मा गलत विचारका गीतहरू प्रस्तुत गरिने गरेको र वच्चाहरूलाई समेत 'गैह्री खेतको तीरै हान्यो' जस्तो गीत गाउन लाउने वा त्यस गीतमा नचाउने गरिएको गलत प्रवृत्तिको विरोध गर्नुभयो ।

यसरी, एकातिर एमाले पार्टी गैर-प्रगतिशीलहरूलाई 'हृदयदेखि नै सम्मान गर्छौं' भनेर दोसल्ला ओढाइरहेछ र अर्कोतिर भने त्यसै पार्टीका केही 'कलाकारहरू वर्गीय समाजमा शोषित वर्गको पक्षमा आफू उभिएको भावधारा व्यक्त गरिरहेछन् ।

यो के हो ? बुझ्न सकिएन ।

कि यो एमालेले दुवै वर्गलाई खुसी पार्न बठ्याइँपूर्वक गरेको 'नाटक' हो । अन्तराष्ट्रिय सभागृहमा संपन्नहरूलाई वरिपरि राखेर, गैर-प्रगतिशीलहरूलाई हार्दिक र विशेष सम्मान गर्ने, अनि खुला मंचतिर चाहिं विपन्नहरूलाई वरिपरि राखेर 'क्रान्तिकारी सपना बाड्ने' नाटक ।

अथवा, यो एमाले पार्टी र यसका कलाकर्मीबीचको अन्तरविरोध हो । एमाले पार्टी स्वयं चाहिं पंचायती सत्ताले पोसेको संस्कृतिलाई सम्मान र बढावा दिन चाहने तर एमालेका केही कलाकर्मीहरू चाहिं त्यसो गर्न नचाहने र जनवादी धुकधुकी जोगाउन चाहने कारण पैदा भएको अन्तरविरोध । अस्तु ।

❑ हरिगोविन्द लुईटेल

# असाममा २३ जना नेपालीहरू मारिए

भारतको पूर्वी राज्य आसामको कार्बि आंग्लांग जिल्लामा यही वैशाख ७ र १२ गते अलगअलग हत्या-काण्डमा नेपाली मूलका २३ जना व्यक्तिहरू मारिएका छन् । आसामस्थित एक उग्र सांप्रदायिकतावादी संगठन "युनाइटेड पिपुल्स डेमोक्र्याटिक सोलिडारिटी" (यु.पी.डि.एस.) का कार्यकर्ताहरूद्वारा लुटपाटसहित मच्चाइएको उक्त हत्यकाण्डमा भारतकै विहार राज्यबाट आसाम गएका केही नागरिकहरू पनि मारिएका छन् । पन्ध्र दिनभित्र तीनवटा सामूहिक हत्या-काण्ड गरी उक्त उग्रवादी समूहले ३० जनाको हत्या गरेको छ ।

उक्त उग्रवादी समूहले "प्राकृतिक सुरक्षाका लागि जंगल नफाड्न भनेकामा उनीरूले नमानेकाले हत्या गरिएको" भनी प्रचार गर्न थालेको पनि बुझिएको छ । यस्ता विभिन्न बाहना बनाई यो समूहले पहिले पनि नेपाली मूलका व्यक्तिहरूलाई धम्क्याउने र लुट्ने गरेको थियो ।

अ.भा.ने.एकता समाजका अनुसार सो उग्रवादी समूहले दुई वर्ष अघिदेखि नै नेपाली मूलका व्यक्तिहरूसँग दुईलाख रूपियाँ दिएमा मात्र त्यहाँ बस्न दिने भन्ने धम्की दिएका थिए । रूपियाँ नदिएको निहुँ बनाई उनीहरूले नेपालीहरूलाई दुर्गमा ठाउँमा लगी हालै तीन पटक गरी सामूहिक हत्या गरेका हुन् ।

उक्त हत्या-काण्डको विरोधमा वैशाख १४ गते आयोजित कार्बी - आंग्लांग जिल्ला बन्दको कार्यक्रम प्रभावकारी रूपमा संपन्न भएको समाचार प्राप्त भएको छ । बन्दको क्रममा यातायात, पसल, बैंक तथा अन्य प्रतिष्ठानहरू पनि नखुलेका र सरकारी कार्यालयहरूमा पनि कर्मचारीहरू ठूलो संख्यामा अनुपस्थित रहेका थिए । नेपाली सुरक्षा परिषद् र कार्बी आंग्लांग नेपाली छात्र संघको आह्वानमा सो बन्दको आयोजना भएको थियो । बन्दलाई स्थानीय न्यायप्रेमी आसामी जनताहरू र अन्य संघ संस्थाहरूको पनि समर्थन रहेको थियो ।

दार्जिलिङ्गको अल गोर्खा स्टुडेण्ट मुभमेण्ट र आसामको असाम गोर्खा सम्मेलन लगायतका नेपाली मूलका भारतीय नागरिकहरूका संगठनहरू विरोध कार्यक्रममा उत्रिएका छन् ।

अ.भा.ने.एकता समाजका अध्यक्ष गिरधारीलाल न्यौपाने पनि कार्बी आंग्लांग पुग्नु भई भोक-हड्ताल र अन्य विरोध कार्यक्रममा सामेल हुनुभएको छ । अपराधीमाथि कारबाही र पीडितहरूलाई क्षतिपूर्तिका निम्ति स्थानीय अधिकारीलाई ज्ञापन-पत्र बुझाउने कामका अतिरिक्त नेपाली मूलका जनताहरूका संगठन प्रतिनिधिहरूले आसामका मुख्य मन्त्रीलाई भेट्ने कार्यक्रम पनि रहेको छ ।

उक्त हत्या-काण्डको विरोधमा ने.क.पा मसाल र रा.ज.मो. लगायतका संगठनहरूले वक्तव्य जारी गरेका छन् । ने.क.पा. मसालले विरोध वक्तव्यमा भनेको छ - भारतको आसाममा कयौं पुस्तादेखि स्थायी प्रकारले बसोबास गर्दैआएका भारतीय नेपाली तथा प्रवासी नेपालीहरू समेतमाथि लामो समयदेखि नै कयौं प्रकारका अत्याचार हुँदैआएका छन् । भारतका प्रवासी र नेपाली संगठनहरूले लगातार उक्त समस्याबारे आवाज उठाउँदै आएका छन् । तर पनि भारतस्थित नेपालीहरूका समस्याप्रति नेपाली राजदूतावास, भारत सरकार वा श्री ५ को सरकारले पनि ध्यान दिएको पाईदैन । नेकपा (मसाल) उक्त वर्बर हत्याकाण्डको तीव्र शब्दमा भर्त्सना गर्दछ र समुचित कदम उठाउन नेपाल र भारत दुवै देशका सरकारहरूसित माग गर्दै दुवै देशका सबै न्यायप्रेमी जनतासित यस प्रकारका घटनाहरूबारे आवाज उठाउन आह्वान गर्दछ ।

**भारतमा बसोबास गर्दैआएका भारतीय नेपाली तथा प्रवासी नेपालीहरूमाथि थप अत्याचार !**


अ. भा. ने. एकता समाजका अध्यक्ष गिरधारीलाल न्यौपानेका अनुसार सो समाजले स्थानीय भारतीय प्रगतिशील संगठनहरू, भा.क.पा. (मा.ले.) लिवरेसन, के.एस.यु. र डि.एस.यु. आदि समेतलाई संघर्षमा सहभागी गराउने प्रयत्न गरिरहेको छ ।

वास्तवमा, भारतस्थित नेपालीहरू र नेपाली मूलका भारतीयहरूमाथि बारम्बार हुन गरेका यस्ता जघन्य हत्या-काण्डहरू, अनि लुटपाट र अगजनीहरूका घटनाहरूमाथि भारत सरकारले विगतमा आँखा चिम्लँदै आएको कारण नै वर्तमानमा कार्बि आंग्लांग घटना भएको हो । नेपालका न्यायप्रेमी जनताहरू र भारतस्थित पीडित नेपालीहरूले संगठित भई भारत सरकारलाई सुरक्षाको ग्यारेण्टी गर्न दवाव दिनु जरूरी छ । ❑

# अल्बर्ट आइन्स्टाइन

# पूँजीवादी पत्रिकाका 'शताब्दी-व्यक्ति' चाहिँ समाजवादी !

## बैज्ञानिक क्रान्ति र मानवीय विचारको सम्मान



सबैलाई आश्चर्यचकित पार्ने हिसाबले विश्वविख्यात अमेरिकी साप्ताहिक पत्रिका *टाइम*ले "बीसौं शताब्दीका शिखर व्यक्ति"को रूपमा सर्वाधिक महान वैज्ञानिक अल्बर्ट आइन्स्टाइनलाई घोषणा गर्‍यो । *टाइम*को घोषणामा युगपुरूष आइन्स्टाइनका महानताहरूका बारेमा स्पष्ट शब्दमा भनिएका कुराहरू त सर्वत्र खुसी र आश्चर्यको वातावरण सिर्जना गर्ने खालकै थिए । त्यसमा - "अल्वर्ट आइन्स्टाइनलाई उहाँको वैज्ञानिक खोज तथा उपयोगी मानवीयता र राजनीतिमा आधारित सोचाइका लागि यो सम्मान प्रदान गरिएको हो । सापेक्षतावादको सिद्धान्त, एकीकृत क्षेत्र र क्वान्टम सिद्धान्तजस्ता महत्वपूर्ण वैज्ञानिक खोजद्वारा विज्ञानको क्षेत्रमा क्रान्ति ल्याउनु हुने अल्बर्ट आइन्स्टाइन अभूतपूर्व प्रतिभा, मेधा र बुद्धि भएका महानतम बैज्ञानिक हुनुहुन्थ्यो । आफ्ना वैज्ञानिक खोज र राजनीतिक आदर्शप्रतिको प्रतिबद्धताका कारणले हिटलरको फासीवादी शासनबाट भागेर शरणार्थी र निर्वासित जीवन बाँच्नुभएका आइन्स्टाइन बीसौं शताब्दीका महान चिन्तक तथा दार्शनिक हुनुहुन्थ्यो । हिरोशिमा र नागासाकीमाथि अमेरिकी आणुबमको प्रहारपछि उहाँले विश्वव्यापी रूपमा चलाउनुभएको आणविक हतियार र युद्ध विरोधी शान्तिवादी अभियानले उहाँलाई विश्वका महान मानवतावादीको रूपमा स्थापित गरेको थियो । उहाँका यी सबै खोज, आदर्श, विचार र मानवीय व्यवहारले गर्दा उहाँ बीसौं शताब्दीको एक सय वर्षका शिखर व्यक्ति हुनुभएको थियो ।"

बीसौं शताब्दीका शिखर व्यक्ति छनौट गर्नका लागि छानिएका अन्य नामहरू थिए - अहिंसावादी संघर्षका प्रणेताका रूपमा प्रख्यात भारतका महात्मा गान्धी र 'फासीवाद र साम्यवादमाथि विजय प्राप्त गर्ने व्यक्ति'का रूपमा चित्रण गरिएका अमेरिकाका पूर्व राष्ट्रपति फ्रेंकलिन रूजवेल्ट । अल्बर्ट आइन्स्टाइनको व्यक्तित्वले ती दुवैलाई पछि पारेको विचार प्रस्तुत गर्दै प्रख्यात वैज्ञानिक स्टेफन हकिङले आइन्स्टाइनको पक्षमा वकालत गरे । त्यसमाथि रेडियो, टि.भि., इन्टरनेटबाट गरिएको सर्भेक्षणबाट पनि उहाँ नै सबैभन्दा प्रख्यात र सबैभन्दा महान वैज्ञानिक र मानवतावादीको रूपमा छानिएपछि *टाइम*ले आइन्स्टाइनलाई नै 'बीसौं शताब्दीका शिखर व्यक्ति' घोषणा गरेको थियो ।

*टाइम*को यो घोषणापछि विश्वका केही बामपन्थीहरूले आफैंलाई खुसी र आश्चर्य मिश्रित प्रश्नहरू सोधे - "पूँजीवादी खेमाको मुखपत्रको रूपमा चर्चित *टाइम* पत्रिकाले किन र कसरी आइन्स्टाइनलाई 'शताब्दी व्यक्ति' छान्यो होला ? आइन्स्टाइन त पूँजीवादका प्रखर विरोधी र समाजवादी विचारका पक्षपाती हुनुहुन्थ्यो । एकातिर केही समयअगाडि मात्रै ब्रिटिश ब्रोडकास्टिङ कर्पोरेशन (बीबीसी) जस्तो प्रख्यात पूंजीवादी संचार माध्यमले समाजवादका प्रणेता तथा महान दार्शनिक कार्ल मार्क्सलाई दोस्रो सहस्राब्दीकै महान विचारकका रूपमा घोषणा गर्‍यो, अर्कोतिर *टाइम*ले समाजवादी विचारका पक्षपाती महान वैज्ञानिक अल्बर्ट आइन्स्टाइनलाई बीसौं शताब्दीका शिखर व्यक्ति घोषणा गर्‍यो । - यो कस्तो सुखद् र आश्चर्यजनक संयोग !

> आइन्स्टाइनका नजीकका साथी, उहाँका रचनाहरूका सम्पादनकर्ता तथा जर्मन शरणार्थी डा. अटो नाथनले दावीका साथ भन्नु भएको थियो- "आइन्स्टाइन एक समाजवादी विचारक हुनुहुन्थ्यो ।"

### *वैज्ञानिक आइन्स्टाइन समाजवादी विचारक*

प्रिय पाठकवर्ग, 'विश्व विख्यात महान बैज्ञानिक अल्बर्ट आइन्स्टाइन समाजवादी विचारका पक्षपाती हुनुहुन्थ्यो' भन्ने कुरा बामपन्थीहरूको कुनै सत्य-तथ्यहीन प्रचार होइन, यो त यथार्थ हो । आइन्स्टाइनका नजीकका साथी, उहाँका रचनाहरूका सम्पादनकर्ता तथा जर्मन शरणार्थी डा. अटो नाथन (Otto Nathan) ले उहाँलाई मूल्यांकन गर्ने क्रममा स्पष्ट शब्दमा जबर्जस्त दावीका साथ भन्नु भएको थियो - "आइन्स्टाइन एक समाजवादी विचारक हुनुहुन्थ्यो ।"

डा. अटो नाथनले आफ्ना साथी आइन्स्टाइनका रचनाहरूको आधिकारिक रूपमा सम्पादन गर्नुभएको थियो । उहाँको जीवनको अन्तिम घडीसम्म पनि साथ दिनुभएका डा.अटो नाथनलाई आइन्स्टाइनविद् पनि भनिन्छ । त्यसैले उहाँको बारेमा लिखित सामग्रीहरूमा अटो नाथनलाई धेरैजसो उद्धृत गरिएको हुन्छ । डा. नाथनले हाइन्ज नोर्डनसँग मिलेर आइन्स्टाइनले शान्तिको बारेमा पोख्नुभएका विचारहरू संकलन र सम्पादन गरी उहाँको मृत्युपछि पुस्तकको रूप दिनुभएको थियो, जसको शीर्षक हो - Eenstein On Peace (शान्तिको बारेमा आइन्स्टाइन) । न्यूयोर्क र लण्डनबाट १९६० मा प्रकाशित उक्त पुस्तकको भूमिकामा सम्पादक डा. अटो नाथनले आइन्स्टाइन समाजवादी विचारक हुनुहुन्थ्यो भन्ने कुरा दावीका साथ लेख्नुभएको थियो - "आइन्स्टाइन एक समाजवादी विचारक हुनुहुन्थ्यो । उहाँ समाजवादमा विश्वास गर्नुहुन्थ्यो । उहाँ समाजवादमाथि किन विश्वास गर्नुहुन्थ्यो भने, उहाँलाई राम्ररी थाहा थियो -पूँजीवादी व्यवस्थामा वर्ग - विभाजन विद्यमान छ, र यो व्यवस्थाले मानवमार्फत् मानवलाई शोषण गर्दछ । उहाँ समाजवादी हुनुहुन्थ्यो । उहाँ समाजवादी किन हुनुहुन्थ्यो भने, उहाँलाई राम्ररी थाहा थियो - अहिलेसम्मका आर्थिक संरचनाहरूमध्ये सर्वाधिक शोषण गर्ने व्यवस्था पूँजीवादी व्यवस्था नै हो । उहाँ समाजवादी किन हुनुहुन्थ्यो भने, उहाँलाई स्पष्ट थाहा थियो - पूँजीवादी समाजले सबै मानिसहरूको भलो हुने काम सही ढंगले गर्न सक्दैन, जसले गर्दा वर्तमान समाजमा कैयौं खराबी र समस्याहरू जन्मिन्छन् । अन्ततः उहाँ किन समाजवादी हुनुभएको थियो भने, उहाँलाई राम्ररी थाहा थियो- समाजवादी व्यवस्थाभित्र नै मानिसलाई धेरै हदसम्म पूर्ण स्वतन्त्रताको प्रत्याभूति प्राप्त हुन्छ । यसबाहेक अरू कुनै पनि सामाजिक व्यवस्थाले यसले भन्दा उन्नत र उच्चस्तरको व्यक्तिगत स्वतन्त्रताको छूट दिन सक्दैन ।"

### *आइन्स्टाइनद्वारा पूँजीवादीको पर्दाफास र समाजवादको निर्माणमा जोड*

अमेरिकाको न्यूयोर्क शहरबाट विश्वविख्यात समाजवादी पत्रिका Monthly Review को प्रथम प्रकाशनको अवसरमा शुभकामना दिंदै अल्बर्ट आइन्स्टाइन स्वयंले पनि मे १९४९ मा Why Socialism ? भन्ने

लेख लेख्नुभएको तथ्य यहाँ स्मरणीय देखिन्छ । त्यस शुभकामना लेखमा उहाँले व्यक्तिहरूको सामाजिक चेतनालाई कुण्ठित पार्ने र शोषणमाथि टिकेको पूँजीवादको पर्दाफास गर्दै व्यक्तिभित्र लुकिरहेका असीमित क्षमता र प्रतिभालाई फलाउने-फुलाउने समाजवादको स्थापनाका लागि जोडदार अपील गर्नुभएको थियो । उहाँले त्यस लेखमा लेख्नुभएको थियो - "पूँजीवादमा निजी पूँजी मुठ्ठीभर मानिसहरूको हातमा केन्द्रित हुन्छ । पूँजीवादी प्रतिद्वन्द्विताको कारणले र प्रविधिको विकासको कारणले ठूल-ठूला कारखानाहरू स्थापना गरिन्छन् । त्यसले गर्दा श्रमको विभाजन लगातार बढ्दै जान्छ । यी सबै कुराहरूको परिणाम के हुन्छ भने, साना उत्पादकहरूले ठूलो हानी व्यहोर्नु पर्ने हुन्छ । पूँजीपतिहरूको एउटा उच्च कुलीनतन्त्र स्थापित हुनजान्छ, उसको अपार शक्तिलाई प्रजातान्त्रिक ढंगले संगठित एउटा राजनीतिक समाजले पनि प्रभावकारी ढंगले नियन्त्रित गर्न सक्दैन । संसदमा जुन व्यक्तिहरू निर्वाचित भएर जान्छन, उनीहरूले पूँजीपतिहरूबाट चन्दा प्राप्त गर्दछन् । यसको नतिजा हुन्छ- सबै व्यावहारिक मामलाहरूमा निर्वाचित सांसदहरूलाई आफ्ना मतदाता जनताहरूबाट अलग गरिदिन्छन् । यसको परिणाम के हुन्छ भने जनताका प्रतिनिधि सांसदहरूलाई आफूले समाजका दुर्बल र अधिकारविहीन वर्गका हितहरूका बारेमा सोच्नु जरूरी छ भन्ने महसूस नै हुन छोड्छ ।

यसबाहेक वर्तमान परिस्थितिमा पूँजीपति वर्गले प्रत्यक्ष वा परोक्ष ढंगले संचारका साधनहरू जस्तो - प्रेस, रेडियो, टेलिभिजन तथा शिक्षामाथि आफ्नो नियन्त्रण स्थापित गर्दछ । यसप्रकारले नागरिकहरूको लागि वस्तुगत र सही निर्णयसम्म पुग्नका लागि तथा आफ्ना राजनैतिक अधिकारहरूको बुद्धिमत्तापूर्ण ढंगले प्रयोग गर्नका लागि निकै ठूलो कठिनाइ व्यहोर्नु पर्दछ, यहाँसम्म कि धेरैजसो त यो काम प्रायः असंभव नै हुन्छ ।

मुनाफाखोरीको प्रवृत्तिका साथसाथै पूँजीपतिहरू बीच हुने आपसी प्रतिद्वन्द्विताका कारण पूँजी-निर्माण र यसको समुचित प्रयोगमा बाधा उत्पन्न हुनजान्छ । यसले गर्दा भयानक मन्दीको चरण छाउँछ । असीमित प्रतिद्वन्द्विताकै कारणले प्रायःजसो श्रमको ठूलो बर्बादी हुन्छ र व्यक्तिहरूको सामाजिक चेतनालाई यसले कुण्ठित पार्दछ ।

व्यक्तिहरूको सामाजिक चेतनालाई कुण्ठित बनाउने प्रक्रियालाई म पूँजीवादको सबैभन्दा नराम्रो अभिशाप मान्दछु । हाम्रो सम्पूर्ण शिक्षा व्यवस्था यही अभिशापले ग्रस्त छ । विद्यार्थीहरूको मनमा एउटा अतिरंजित प्रतियोगी र प्रतिद्वन्द्विताको भावना पैदा गर्ने काम यसले गर्दछ तथा उनीहरूलाई भावी क्यारियरका लागि तयारीका रूपमा लोभी सफलतालाई पूजा गर्न सिकाउँछ ।

मेरो दृढ विश्वास छ- यी तमाम गंभीर खराबी र अभिशापहरूबाट मुक्त हुने एउटा मात्र उपाय हो- समाजवादी अर्थव्यवस्थाको स्थापना गर्नु र यो सँगसँगै सामाजिक लक्ष्यहरूतिर झुकाव भएको शिक्षा-व्यवस्थाको प्रचलन थाल्नु । यस्तो अर्थव्यवस्थामा उत्पादनका साधनहरूमाथि समाजको स्वामित्व हुन्छ र यसको प्रयोग नियोजित ढंगले हुन्छ । एउटा त्यस्तो नियोजित अर्थव्यवस्था, जसले उत्पादनलाई समाजको आवश्यकता अनुरूप समायोजित गर्छ, त्यस्तो व्यवस्थाले मात्रै काम गर्न सक्षम सबै मानिसहरूलाई रोजगार दिनसक्छ । यही ढंगको नयाँ शिक्षा व्यवस्थाले व्यक्तिहरूभित्र लुकिरहेका असीमित क्षमताहरूलाई फलाउने-फुलाउने काम गर्दछ । अनि उनीहरूको अगाडि सत्ता-शक्ति र सफलताको महत्वलाई बढाइ-चढाइकन रंगीन ढंगले प्रस्तुत गर्नुको सट्टा त्यसले उनीहरूभित्र आफू 'जस्तै' बाँचिरहेका मानव-बन्धुहरूप्रति गरिनु पर्ने दायित्वको बोधलाई जागृत गर्दछ ।

यी सबैका बावजुद के कुरा याद गरिराख्नु जरूरी छ भने, नियोजित अर्थव्यवस्था नै समाजवाद होइन । नियोजित अर्थव्यवस्था अन्तर्गत व्यक्ति पूर्णतः दास पनि हुनसक्छ । समाजवादको उपलब्धि केही अत्यन्त नै जटिल सामाजिक-राजनैतिक समस्याहरूको समाधान प्रस्तुत गर्न सक्नुमा निर्भर हुनेछ । राजनैतिक र आर्थिक शक्तिको व्यापक केन्द्रीकरण हुने स्थितिमा शासनतन्त्रलाई अति शक्ति सम्पन्न, प्रभुतापूर्ण र अहंकारी हुन नदिने कुरा कसरी संभव हुनेछ ? व्यक्तिसँग त्यसको प्रजातान्त्रिक ढंगको सम्बन्ध कसरी कायम हुनसक्छ ?


हाम्रो यस संक्रमणकालमा समाजवादका समस्याहरूका बारेमा उद्देश्यको स्पष्टता अति नै आवश्यक छ ।"

### *आइन्स्टाइन, लेनिन र सोभियत संघ*

महान समाजवादी नेताहरू लेनिन र रोजा लक्जम्बर्गले स्वीट्जरल्याण्डको व्यापारिक राजधानी ज्यूरिचमा बसेर क्रान्तिकारी संघर्ष चलाइरहनुभएको बेला त्यहीं बसेर पढ्दै-हुर्कदै हुनुहुन्थ्यो - आइन्स्टाइन । उहाँहरूबाट युवाकाल धेरथोर प्रभावित आइन्स भन्नुहुन्थ्यो- "लेनिन महान म हुनुहुन्थ्यो ।"

रूसमा लेनिनकै नेतृत्वमा भएको अक्टोबर समाजवादी क्रान्ति देख्नुभएका आइन्स्टइनले शुरूमा सोभियत समाजवादबाट धेरै नै आशा गर्नुभएको थियो । शुरूमा सोभियत समाजवादको महानताको बखान गर्नुहुने आइन्स्टाइनले जब सोभियत समाजवादको नाममा भएका केही नोकरशाही र अप्रजातान्त्रिक प्रयोगहरू राम्ररी नियालेर हेर्नु भयो, तब त्यहाँ जनताको लागि सीमित मात्रामा मात्र प्रजातन्त्र भएको, व्यक्तिगत स्वतन्त्रता हनन भएको कुरा उठाउनु भयो । हेनरी बारबुस्सलाई उहाँले त्यहाँ सत्ताको माथि माथि भोका मानिसहरू केवल स्वार्थवश कपटपूर्ण चालद्वारा व्यक्तिगत टक्कर गरिरहेको र तल तल व्यक्तिगत स्वतन्त्रता र वक् स्वतन्त्रताको पूर्ण दमन भइरहेको विचार राख्दै भन्नुभएको थियो,

## आदर्शवादी विद्वान बर्ट्रेण्ड रस्सेलको आँखामा



## आइन्स्टाइनको स्वभाव

'आइन्स्टाइन आफ्नै खालका एकजना अद्भूत, पूर्णतया सन्तोषी र मानवीय प्राणी हुनुहुन्थ्यो । आफ्ना विलक्षण प्रतिभा अनि प्रसिद्धिका बावजूद पनि उहाँ त्यस्तो मानिस हुनुहुन्थ्यो, जसको व्यवहार सीधा-साधा थियो र जो कुनै पनि प्रकारको श्रेष्ठताको दावी गर्दैनथ्यो । उहाँको काम र उहाँको भ्यायलिन, यही यस्ता दुइटा चीज थिए, जसले उहाँलाई असीमित खुसी दिए । मैले उहाँ कहिले पनि अरू कसैप्रति ईर्ष्यालु भएको देखिनं । तर न्यूटन र लाइबनित्स भने धेरैजसो ईर्ष्यालु भएको पाइन्छ । जिन्दगीभरि आइन्स्टाइन मानिसहरूको सुरक्षा र उनीहरूको व्यक्तिगत स्वतन्त्रताका लागि लडिरहनुभयो । साँच्चै नै आइन्स्टाइन एकजना महान बैज्ञानिक मात्रै हुनुहुन्न, एक महान व्यक्ति पनि हुनुहुन्थ्यो ।' ❑



*'आइन्स्टाइन आफ्नै खालका एकजना अद्भूत, पूर्णतया सन्तोषी र मानवीय प्राणी हुनुहुन्थ्यो । आफ्ना विलक्षण प्रतिभा अनि प्रसिद्धिका बावजूद पनि उहाँ त्यस्तो मानिस हुनुहुन्थ्यो, जसको व्यवहार सीधा-सादा थियो र जो कुनै पनि प्रकारको श्रेष्ठताको दावी गर्दैनथ्यो*

"त्यस्तो असामान्य स्थिति भएको ठाउँमा जीवनको मूल्य के होला र खै ?" (हेर्नुहोस - Einstein : The Life and Times Ronald W.Chark)

समाजवादमा समाजमुखी व्यक्तिगत स्वतन्त्रता र अधिकार-कर्तव्यबोध सहितको सशक्त जनताको तन्त्र हुनुपर्ने राय राख्नु हुने आइन्स्टाइन दोस्रो विश्वयुद्धमा हिटलर र मुसोलिनीको फासीवादमाथि सोभियत लाल सेनाको ऐतिहासिक विजयपछि फेरि एकपटक सोभियतप्रति नरम हुनुभएको थियो । त्यसपछि भने 'विश्व-सरकार'मा सोभियत संघलाई पनि सामेल गराइनु पर्ने, उसलाई पनि अणुबमको सूत्र दिएर सशक्त पार्नु पर्ने विचार राख्दै उहाँले विश्वको शान्ति अभियान एवं यहूदीहरूको अधिकारको पक्षमा सोभियत संघको सकारात्मक भूमिकाको प्रशंसा गर्न थाल्नुभएको थियो ।

### *अमेरिकामा बसी अमेरिकी शासकहरूकै विरोध*

अर्कोतिर, हिटलरका नाजीहरूद्वारा आफ्नो देश जर्मनीबाट लखेटिएका आइन्स्टाइन अमेरिका पुग्दा उहाँमाथि 'जर्मन कम्युनिष्ट'को आरोप लगाउँदै केही अमेरिकीहरूले उहाँलाई नागरिकता दिनु हुँदैन भन्ने आवाज उठाइएको यथार्थ पनि यहाँ उल्लेखनीय देखिन्छ । कैयौं महिला र युवा संगठनहरू लगायत पत्रिकाहरूले 'यहूदी बोल्शेभिक' आइन्स्टाइनको बारेमा अमेरिकी सरकारलाई दवाब दिएका थिए- "आइन्स्टाइनलाई अमेरिका आउनबाट रोकियोस्, किनकि उनी कम्युनिष्ट विचारधारा मान्दछन् । त्यसैले उनलाई यहाँ आउनदिनु भनेको अमेरिकी संस्थाहरूको बर्बादीको कारण बन्न सक्छ ।"

तिनीहरूको दबाबका बावजूद विश्वविख्यात बैज्ञानिक आइन्स्टाइन-लाई अमेरिकी सरकारले अमेरिकी नागरिकता दिएको थियो । अमेरिकी नागरिकताको कागज लिए पनि उहाँ कहिले पनि खाँटी अमेरिकी हुनुभएन । उहाँ आफूलाई सधैं यूरोपीय नै ठान्नुहुन्थ्यो । अमेरिकी नागरिक भइसकेपछि पनि उहाँलाई जर्मनीमा नाजीहरूले जस्तै अमेरिकी पूँजीवादीहरूले कायल पार्ने अभियान चलाइराखे । The Tablet लगायत थुप्रै पूँजीवादी अखवारहरूले उहाँलाई 'यहूदी कम्युनिष्ट' र 'जर्मन बोल्शेभिक' भन्दै गाली गर्न कहिल्यै छाडेनन् । यूरोप र अमेरिकाका अधिकांश वैज्ञानिकहरू पनि उहाँलाई सोभियत समर्थक र साम्यवादी विचारका पोषक मान्दै उहाँको चिन्तनलाई राजनीतिप्रेरित ठान्थे ।

यस्तो स्थितिमा म्याडम क्यूरीजस्ती कम्युनिष्ट विचारप्रति आस्थावान महान बैज्ञानिकसंग काम गर्ने, एम्सटर्डममा भएको कम्युनिष्टहरूको अन्तर्राष्ट्रिय शान्ति सम्मेलनलाई संरक्षकत्व प्रदान गर्ने, युवा कम्युनिष्टहरूको युद्धविरोधी अभियानलाई सघाउ पुऱ्याउने, नोर्मन थोमसजस्ता समाजवादी नेताहरूसँगै क्रियाशील भइरहेने कम्युनिष्टहरू पनि भएको 'वार रेसिस्टस् इन्टरनेशनल'मार्फत् युद्धविरोधी अभियानलाई चलाइरहेने आदि काममा उहाँ बिग्रँदो स्वास्थ्यका बावजूद लागिरहनु भयो । १९४५ मा हिरोशिमा र नागासाकीमाथि अणुबम प्रहार गरी लाखौं जापानी जनताको नरसंहार गरेपछि उहाँले अमेरिकाको पनि खुलेआम विरोध गर्नुभयो । अमेरिकी शासकहरू झन् झन् हिंस्रक र आक्रमक हुनथालेको आरोप लगाउँदै उहाँले विश्वभरि नै अमेरिकामा म्याकार्थीवादको नाममा फैलिएको नयाँ खाले फासीवाद-धर्मान्धता, जातिवाद र व्यक्तिगत स्वतन्त्रताविरोधी व्यवहारको पर्दाफास गर्न थाल्नुभयो । यसले गर्दा आक्रोशित भएका म्याकार्थीवादीहरूले उहाँलाई तेस्रो कम्युनिष्ट इन्टरनेशनलका सदस्य भएको आरोप लगाउँदै फर्जी फोटोहरू प्रकाशमा ल्याएर मानसिक प्रताडना दिन खोजे । उहाँले आफू तेस्रो कम्युनिष्ट इन्टरनेशनलको सदस्य नभएको, रूस कहिले नगएको र फोटोचाहिं फर्जी भएको रहस्य उद्घाटन गर्दै म्याकार्थीवादीहरू राजनीतिक दुराशयले प्रेरित भई फर्जी काम र झूठो प्रचारमा सलग्न रहेको आरोप लगाउनुभयो ।

**आइन्स्टाइन दोस्रो विश्वयुद्धमा हिटलर र मुसोलिनीको फासीवादमाथि सोभियत लाल सेनाको ऐतिहासिक विजयपछि फेरि एकपटक सोभियतप्रति नरम हुनुभएको थियो ।**

सोभियत संघ र अमेरिकाबीच 'शीतयुद्ध' शुरू भएपछि समाजवादी आइन्स्टाइन पनि म्याकार्थीवादीहरूको प्रचारयुद्धको शिकार हुनुभयो । उहाँ पूँजीवादी खेमाको नाइकेको रूपमा देखापरेको अमेरिकाका शासकहरूद्वारा वैज्ञानिकहरूको समेत वैयक्तिक र प्राज्ञिक स्वतन्त्रता हनन हुन थालेकामा निकै आक्रोशित हुन थाल्नुभयो । आफ्नो जन्म थलो-जर्मनीको फासीवादकै नयाँ संस्करणको रूपमा अमेरिकामा देखापरेको म्याकार्थीवादबाट पीडित भई उहाँले भन्नुभयो- "मैले फेरि एकपटक युवा हुन पाएँ र, आफ्नो पेशा छान्न पाएँ भने वैज्ञानिक, प्राज वा शिक्षक पक्कै पनि छान्ने थिइनँ, बरू वर्तमान स्थितिमा केही हदसम्म स्वतन्त्रता पाउने आशामा म प्लम्बर वा खुद्रा व्यापारी नै बन्ने थिएँ ।"

### *शान्तिपूर्ण विश्व सरकारका लागि*

जीवनका अन्तिम वर्षहरूमा आइन्स्टाइनले म्याकार्थीवादीहरूको बाधा-विरोधका बावजूद शान्त मनले विश्वशान्तिका लागि काम गर्न खोज्नुभयो । त्यसबेला सम्ममा उहाँको चिन्तन र व्यवहार त्यस्तो वैज्ञानिकको जस्तो भइसकेको थियो, जो विशुद्ध वैज्ञानिक चोला छाडेर विज्ञानलाई मानवीय र सामाजिक सरोकारको विषय बनाउन क्रियाशील हुन्छ । विशुद्ध विज्ञानलाई मानवीय चिन्ता र दार्शनिक चिन्तनको घेरोभित्र ल्याउनु हुने वैज्ञानिक-दार्शनिक आइन्स्टाइनले जीवनको अन्तिम क्षणसम्म पनि 'शान्तिपूर्ण विश्व सरकार' भएको व्यवस्था स्थापनाको लागि आफ्नो सम्पूर्ण क्षमता खर्च गर्नुभयो । वास्तवमा उहाँले त्यस्तो समाजवादी व्यवस्थाको निर्माणको सपना देख्नुभयो जहाँ युद्धको खतरा हुँदैन, जहाँ सामान्यजनको जीवनमा प्रगति, खुसियाली र शान्तिले छाउँछ, जहाँ भोक-प्यास, लडाइँ-झगडा, केही हुँदैन । हो त्यस्तो समाजवादी व्यवस्था, जहाँ, मानिसमाथि मानिसको अमानवीय शोषण-उत्पीडन हुँदैन । त्यस्तै व्यवस्था, मानिसहरूमा भएका असीमित प्रतिभा र क्षमताहरू स्वतन्त्र र समान रूपले फल्न-फुल्न पाउने समाजवादी व्यवस्थाको निर्माण गर्न चाहनुहुन्थ्यो - डा. अल्बर्ट आइन्स्टाइन ।

उहाँको मृत्युपछि पनि समाजवादी समाज निर्माण गर्ने आइन्स्टाइनको सपनाको अहिलेसम्म मृत्यु भएको छैन र कदापि हुने पनि छैन । ❑

❑ **राजेन्द्र महर्जन**

*सच्याइएको ..........*

*यसै अंकको कभर पेजमा आइन्स्टाइनबारेको शीर्षकमा 'सताब्दी पुरूष' हुनु पर्नेमा 'सहस्राब्दी पुरूष' भएकोले सच्याइएको छ -सं.*

२०५७ साल नयाँ वर्षको
शुखद् उपलक्ष्यमा
समस्त ग्राहकवर्ग तथा
शुभेच्छुकहरुमा
उत्तरोत्तर प्रगति, सुख, शान्ति,
एवं समृद्धिको लागि
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
नेपाल अरब बैंक लिमिटेड
Nabil Bank
Nepal Arab Bank Limited
YOUR BANK AT YOUR SERVICE
"NABIL House", Kamaladi
P.O. Box: 3729, Kathmandu, Nepal.
Tel. : 429546-47, Fax : 00977-1-429548, Telex: 2431 NABIL H NP,
e-mail: nabil@nabil.com.np
Web Page:http://www.travel.nepal.com/nabilbank

## ◄ विश्व कम्युनिष्ट आन्दोलन



डिसेम्बर, १९९९ मा बर्लिनमा भेला भएका पूँजीवादी नेताहरूको भोज निकै रमझम पूर्ण थियो । उनीहरूको अनुहारमा पूँजीवादको पुनर्स्थापना गर्न आफू सफल भएकोमा आत्मसन्तोष छाएको थियो । उनीहरूले पूँजीवादलाई एक्काइसौं शताब्दीका लागि आकर्षक र लोकप्रिय ढंगले विज्ञापन गर्नका लागि धेरै नै अलंकारपूर्ण बक्तव्य दिए ।

वर्षगांठ मनाउन उपस्थित जर्ज बुश यो जब्बर प्रश्न सुनेर अवाक र नाजवाफ भए । यस सवालको जवाफ दिन विश्वका कुनै पूँजीवादीहरूले हिम्मत गर्न सकेका छैनन् । नम्बरी घुस्याहा ठहरिएका हेल्मूट कोलले त जवाफ दिने हिम्मतसम्म पनि गर्न सकेका छैनन् ।

पूँजीको आतंकवादी शासनयुक्त नयाँ विश्व व्यवस्थाको राक्षसी रूप

*दुई तिहाई पूर्व जर्मनीवासीहरूले समाजवादलाई नै सुखद् र समानतापूर्ण व्यवस्थाको रूपमा स्वीकार्दै त्यसबेला नै आफूहरू बेसी खुसी भएको मत व्यक्त गरेका छन् ।*



समाजवाद बचाउन र फाल्न पूर्वी जर्मनीमा हिजो यसरी भएको थियो तानातानी

# 'जर्ज बुश, तिम्रो नयाँ विश्व व्यवस्था कस्तो छ ?'

# 'नारकीय र निर्दयी छ !'

## – जर्मनीवासीहरू –

आज चारैतिर 'समाजवादको मृत्यु'को उद्घोष घन्किरहेको छ ! 'कम्युनिष्टहरूको शासन खत्तम भयो !' - भन्दै पूँजीवादीहरू विश्वभरि भोजभतेर गरिरहेका छन् ।

यसै सिलसिलामा पूँजीवादीहरूका पुराना सर्वोच्च नेताहरूमध्ये भूतपूर्व अमेरिकी राष्ट्रपति जर्ज बुश र जर्मनीका चान्सलर हेल्मूट कोल तथा कम्युनिष्ट नेताको नकाब लगाएका पूँजीवादी नेता पूर्व सोभियत संघका पूर्व राष्ट्रपति मिखाइल गोर्बाचोभले जर्मनीमा भेला भएर नयाँ खाले भोज-भतेर गरेका थिए ।

बर्लिन पर्खाल ढलेको र समाजवादी शासन अन्त्य भएको दश वर्ष पुगेको खुसियाली मनाउन गत

आलंकारिक बक्तव्यहरूको बीचमा मिखाइल गोर्बाचोभले विश्वभरिका पूँजीवादीहरूको नाइके ठानिने देश अमेरिकाका पुराना नाइके जर्ज बुशलाई प्याच्च सोधीहाले - "जर्ज, तिम्रो नयाँ विश्व व्यवस्थाको स्थिति के छ ?"

जर्ज बुशले विश्वलाई पूँजीवादको शोषणमुनि कजाउने उद्देश्यले एउटा आकर्षक नारा दिएका थिए - 'नयाँ विश्व व्यवस्थाको निर्माण ।' यही नारा सफल पार्न पूर्वी जर्मनी लगायत सम्पूर्ण पूर्वी यूरोपका समाजवादी राष्ट्रहरूलाई ध्वस्त पार्ने अभियान चालिएको थियो । यसैको फलस्वरूप डिसेम्बर १९८९ मा बर्लिनको पर्खाल भत्काइएको थियो र पूर्व जर्मनीको समाजवादलाई मिल्काइएको थियो । बर्लिन पर्खाल भत्काइएको दशौं

अहिले जर्मनीमा देखिंदैछ । त्यसैले जर्मनीवासीहरू नयाँ विश्व व्यवस्थाको एउटा छावनीको रूपमा स्थापित जर्मनीको पूँजीवादको जबर्जस्त विरोध गर्दै भन्दैछन् - 'नयाँ विश्व व्यवस्था धोखा हो । पूँजीवाद अमानवीय र निर्दयी छ । समाजवाद सुखद् र समानतापूर्ण छ ।'

जर्ज बुशले दिन नसकेको जवाफ अहिले जर्मनीवासीहरूले दिन थालेका छन् - नयाँ विश्व व्यवस्था पूँजीवादकै नयाँ रूप हो, अमानवीय र निर्दयी स्वरूप हो । पूर्व जर्मनीको समाजवादी शासन जतिसुकै गएगुज्रेको समाजवाद किन नहोस्, तर त्यसै शासन-व्यवस्थालाई पनि समानतापूर्ण मान्ने पूर्व जर्मनीवासीहरूको संख्या हाल अत्यधिक रहेछ ।


एकीकृत जर्मनीको पूँजीवादी शासनमा नारकीय जीवन बाँचिरहेका पूर्व जर्मनीवासीहरूले पूँजीवादको तुलनामा समाजवाद कति हो कति बेसी खुसीले भरिपूर्ण र समानतापूर्ण रहेको विचार व्यक्त गरेका छन् । केही समय अगाडि गरिएको एउटा जनमत सर्वेक्षणको क्रममा थाहा भएअनुसार दुई तिहाई पूर्व जर्मनीवासीहरूले समाजवादलाई नै सुखद् र समानतापूर्ण व्यवस्थाको रूपमा स्वीकार्दै त्यसबेला नै आफूहरू बेसी खुसी भएको मत व्यक्त गरेका छन् ।

Die Whoche नामक साप्ताहिक अखबारद्वारा गठित Forsa नामक मत सर्भेक्षण टोलीले एक हजार पूर्वी जर्मनीवासीहरू बीच सर्भेक्षण गरेको थियो । सर्भेक्षणमा भाग लिने एक हजार जनामध्ये ८८ प्रतिशतले पूर्व र पश्चिम जर्मनीको एकीकरणलाई सही ठहऱ्याएका छन् भने त्यसमाथि प्रश्न उठाउनेहरूको संख्या पनि कम छैन ।

सर्भेक्षणमा ६० प्रतिशत मानिसहरूले पूँजीवादी राजनीतिक प्रणालीको विरोध गर्दै त्यहाँ सामाजिक सुरक्षा खस्कँदै गएकोमा असन्तुष्टी प्रकट गरेका छन् । ६४ प्रतिशत मानिसहरूले पूँजीवादी अर्थव्यवस्था बेरोजगारी, महंगी र गरिबीको कारक भएकोले त्यसको आलोचना गरेका छन् । ५८ प्रतिशतले पूँजीवादी व्यवस्थामा व्यक्तिगत अधिकार र स्वतन्त्रता प्राप्त भएकोमा खुसी प्रकट गरेका छन् । पूँजी भएकाहरूले मात्र अधिकार र स्वतन्त्रता पाउने व्यवस्थामाथि धेरै जर्मनीवासीहरूले प्रश्न चिन्ह उठाउन थालेका छन् ।

यो सर्भेक्षण र जर्मनीवासीहरूको जीवनले जवाफ दिइरहेको छ - "जर्ज, तिम्रो नयाँ विश्व व्यवस्था निकै नारकीय छ ।" ❑

# के फेरि सत्तासीन हुँदैछन् चेक कम्युनिष्टहरू ?



पूर्वी यूरोपका पहिलेका समाजवादी देशहरूमा प्रतिक्रान्ति भएको एकदशक पनि बित्दानबित्दै त्यसबेला सत्ताच्यूत गरिएका कम्युनिष्टहरू फेरि एकपटक सत्तासीन हुने संभावनाहरू निकै बढ्दैछ । दशवर्ष अगाडि मात्रै पूर्वी यूरोपेली देश चेकोस्लोभाकियाको राजधानी प्रागमा कम्युनिष्टहरूको सत्ताविरूद्ध Velvet Revolution नामक पूँजीवादी क्रान्ति भएको थियो, तर 'क्रान्ति' गर्ने पूँजीवादीहरू चेक गणतन्त्रभित्र कम्युनिष्टहरूको बढ्दो शक्ति, चढ्दो लोकप्रियता र अथक संघर्षशीलता देखेर अचेल थर्कमान हुँदैछन् । र, पूँजीवादी खेमाका प्रखर, विश्लेषक-विद्वानहरू समेत खुलेआम घोषणा गर्दैछन् - "अब कम्युनिष्टहरू प्रागको सत्तामा कुनै पनि बेला आसीन हुनसक्छन् ।"

चेक गणतन्त्रभित्र शक्तिशाली र लोकप्रिय भइरहेका कम्युनिष्टहरूको प्रभाव अचेल पूंजीवादी खेमाको टाउको दुखाइको विषय भइरहेको छ । कम्युनिष्टहरू पुनः सत्तासीन हुने संभावनाको सन्दर्भ उनीहरूको लागि विगत केही वर्षसम्म सात समुद्रपारिको एकादेशको कथाजस्तो भइसकेको थियो । तर, जब चुनाव र मत सर्वेक्षणहरूमा, अनि चेक जनताको मन-मस्तिष्कमा कम्युनिष्टहरूले केही वर्ष अगाडिदेखि आफ्नो प्रवल प्रभाव देखाउन थाले, तवदेखि उनीहरू अत्तालिन थालेका छन् । स्मरणीय छ, पछिल्लो चुनावमा चेक गणतन्त्रको कम्युनिष्ट पार्टी - 'कम्युनिष्ट पार्टी अफ बोहेमिया एण्ड मोराभिया' ले देशका सबैभन्दा ठूला र लोकप्रिय दुईवटा राष्ट्रिय पार्टीमध्ये एउटा पार्टी हुने अवसर पाएको छ ।

अहिले चेक गणतन्त्रमा चेक सोशल डेमोक्रेटिक पार्टीले दक्षिणपन्थी सिभिल डेमोक्रेटिक अलाएन्सको समर्थनसहित अल्पमतको पूंजीवादी सरकार चलाइरहेको छ । पूंजीवादी शासनको अनिवार्य परिणामको रूपमा विगत तीन वर्षदेखि त्यहाँ आर्थिक मन्दीको डरलाग्दो क्रम चलिरहेको छ । सरकारमा रहेको पार्टी र त्यसलाई समर्थन दिइरहेको पार्टीले पूँजीपति वर्गको स्वार्थ अनुकूलको शासन चलाइरहने, सत्ता प्राप्तिको लागि जुनसुकै कुकृत्य पनि गर्ने अनि देश र जनता भाँडमै गए पनि वास्ता नगर्ने प्रवृत्ति देखाइरहेकोमा पूँजीवादी खेमाकै अखवार 'वाशिंगटन पोष्ट'ले समेत आलोचना गरेको छ । 'वाशिंगटन पोस्ट'का *पिटर फिनले* स्पष्ट शब्दमा लेखेका छन् - विगत तीन वर्षको आर्थिक मन्दीले जन्माएको दुख, कष्ट र पीडाहरूले कम्युनिष्टहरूलाई लाभ पुऱ्याइरहेका छन् । पछिल्लो मत सर्भेक्षणमा ८० प्रतिशत चेक जनताहरूले देशमा चलिरहेको सत्ता छिनाझप्टीको राजनीतिप्रति घृणा व्यक्त गरेका छन् । एक लाख मजदूरहरूले महिनौंदेखि ज्याला पाइरहेका छैनन् । तर सत्तासीन दुई पार्टीहरूले सत्ताको आनन्दमै चुर्लुम्म डुबेर आर्थिक प्रगतिप्रति पूरै बेवास्ता गरिरहेको स्थितिमा कम्युनिष्टहरू बढ्नु कुनै अनौठो कुरो होइन ।

सत्तासीन दुईवटा पार्टीहरूले देशमा दुई दलीय व्यवस्था सिर्जना गर्ने प्रयत्न गरिरहेका छन्, तर जनदवावबश उनीहरूले चुनावमा प्राप्त मतको आधारमा अरू पार्टीहरूलाई पनि संसदमा प्रतिनिधित्व गराउनु पर्ने अवस्था आएको छ । यो स्थितिमा कम्युनिष्टहरू चेक संसदमा मात्रै होइन, सरकारमा समेत आसीन हुने संभावना व्यक्त गर्दै राष्ट्रपति भास्लाभ हाभेलका का सल्लाहकार जिरि पेहे भन्छन् - "यी दुवै पार्टीहरूले आँखा चिम्लेर कम्युनिष्टहरूका लागि फराकिलो राजमार्ग खन्दैछन् । यस्तो स्थितिमा भोलि कम्युनिष्ट पार्टीले ३० प्रतिशत मत प्राप्त गर्न सक्दैन, संसदमा ४५ प्रतिशत सिट जित्नै सक्दैन भनेर कसले दावी गर्नसक्छ र ?"

वाशिंगटन पोष्टका *पिटर फिन* लेख्छन् - "अर्को चुनाव हुन दुई वर्ष मात्रै बाँकी छ । विगत दुई वर्षमा कम्युनिष्ट पार्टीको बढ्दो लोकप्रियता र जन-समर्थनको बृद्धि हेर्दा त्यो पार्टी झन्झन् मजबूत हुँदै जाने निश्चित छ । यस्तो स्थितिमा भोलि चेक गणतन्त्रमा कम्युनिष्ट पार्टी पुनः एकपटक सत्तासीन हुन केही गाह्रो छैन ।"




## विश्व बैंक र मुद्राकोषविरूद्ध चेक युवाहरूले प्रदर्शन गर्ने

ऋण, अनुदान र लगानीको पाशो फैलाएर विश्वभरिका जनतालाई चुसिरहेका वित्तीय दैत्यहरुका रुपमा कुख्यात विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्राकोष (IMF) विरुद्ध चेक गणतन्त्रका युवा कम्युनिष्टहरुले विशाल प्रदर्शन गर्ने भएका छन् । दोस्रो सहस्राब्दीको अन्त्यतिर 'समाजवादमाथि पूँजीवादको अभूतपूर्व विजय'को खुशियाली मनाउन र तेस्रो सहस्राब्दीका लागि पूँजीवादको भविष्य तय गर्न आयोजना गर्न लागिएको विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्राकोषको प्राग बैठकविरुद्ध सो जन-प्रदर्शन केन्द्रित गर्न खोजिएको बताइन्छ ।

सन् २००० को सेप्टेम्बरमा चेक गणतन्त्रको राजधानी प्रागमा आयोजना गरिने सो बैठकको विरोधमा चेक गणतन्त्रका कम्युनिष्ट युवाहरुको यूनियनले विश्व बैंक-मुद्राकोषको कारणले बढ्दो गरिबी, बढ्दो महंगी, गिर्दो स्वाधीनता, क्षेत्रीय युद्ध, साम्राज्यवादी हस्तक्षेप, नरसंहार र वातावरणीय विनाशको बृद्धिविरुद्ध आवाज घन्काउने घोषणा गरेको छ ।

*कम्युनिष्ट युथ यूनियन अफ चेक रिपब्लिक* (KSM) को आह्वानमा हुने सो विशाल प्रदर्शनमा देशका हजारौंहजार किसान, मजदूर, विद्यार्थी, युवा, कम्युनिष्ट पार्टी (KSCM) र सोशल डेमोक्रेटिक पार्टी (CSSD) का कार्यकर्ताहरु र अरु स्वतन्त्र क्रान्तिकारी बौद्धिकहरुको सहभागिता हुने विश्वास लिइएको छ ।

आयोजक कम्युनिष्ट युथ यूनियन (KSM) ले अपील गरेको छ - "विश्व बैंक र मुद्राकोषलाई नष्ट पार्न, पूँजीवादलाई परास्त पार्न विश्वव्यापी रुपमा पूँजीवादविरोधी जनपक्षीय ऐक्यवद्धताको जालो निर्माण गर्नु र वैकल्पिक आर्थिक-राजनैतिक, सांस्कृतिक नीति र कार्यक्रम निर्माण गर्नु जरुरी छ । मजदूर, किसान, युवा, उत्पीडित जात-जाति, लिंग र नस्लका जनताको ऐक्यवद्धता र संघर्षबाटै नयाँ स्वतन्त्र, समतामूलक वैकल्पिक समाज निर्माण हुनसक्छ । बाह्य ऋण र अनुदानको नामबाट पस्ने पूँजीवादले सर्वत्र विनाशबाहेक केही गर्नेवाला छैन ।"

❑ समाचार स्रोत: पिपुल्स भ्वाइस, क्यानडा

# के भन्छन् चेक कम्युनिष्टहरू ?



*राजधानी प्रागको एउटा प्रमुख सडक नजिकै त्यसको केन्द्रीय कार्यालय छ, जहाँ सहस्राब्दीका महान चिन्तक कार्ल मार्क्सको सेतो मूर्ति श्रद्धापूर्वक सजाइएको छ*

पूर्वी यूरोपमा प्रतिक्रान्ति भएपछि पूँजीवादी प्रजातन्त्रको हूरीले त्यहाँका धेरैजसो कम्युनिष्ट पार्टीहरूलाई उडाएको थियो । पोल्याण्ड र हंगेरीका कम्युनिष्ट पार्टीहरूले त आफ्नो नाम र काम समेत फेरे, साम्राज्यवादीहरूको सैनिक मोर्चा - नाटो (NATO) प्रति भक्तिभाव प्रदर्शन गर्दै खुलाबजार अर्थनीतिप्रति प्रतिबद्ध सोशल डेमोक्रेटको रूप धारण गरे । तर चेक कम्युनिष्टहरूले भने न त आफ्नो साइनबोर्ड फेरे, न त सबैभन्दा वैज्ञानिक सिद्धान्त मार्क्सवादी विचारलाई नै त्याग गरे । सन् १९९३ मा पार्टीको विचार र नाम फेर्न चाहनेहरूको पूँजीवादपरस्त अभियानलाई पार्टीभित्र भएको चुनावबाटै परास्त गरेर त्यहाँका कम्युनिष्टहरूले पूर्वी यूरोपमा चलेको पूँजीवादी प्रजातन्त्रको हूरीसँग टक्कर लिए ।

तिनै चेक कम्युनिष्टहरू 'कम्युनिष्ट पार्टी अफ बोहेमिया एण्ड मोराभिया'को नाममा क्रियाशील हुँदै आएका छन् । राजधानी प्रागको एउटा प्रमुख सडक नजिकै त्यसको केन्द्रीय कार्यालय छ, जहाँ सहस्राब्दीका महान चिन्तक कार्ल मार्क्सको सेतो मूर्ति श्रद्धापूर्वक सजाइएको छ । हँसिया-हथौडायुक्त रातो झण्डा अगाडि बसेर पार्टीको रणनीति र कार्यनीतिको बारेमा छलफल गरिरहेका पार्टी सचिव भ्लास्तिमिल बालिनलाई पनि त्यहीं देख्न सकिन्छ । उनी भन्छन् - "मार्क्स र कम्युनिष्ट घोषणा-पत्र हाम्रो लागि पथ-प्रदर्शक हुन् ।"

"लामो समयसम्म आत्मनिरीक्षण, आत्मसमीक्षा र परीक्षापछि पार्टीले कार्ल मार्क्सका आधारभूत शिक्षातिरै फर्किने निधो गर्‍यो । यसमा झुठो बोल्नु पर्ने कुनै कारण छैन । हो, पार्टीले लामो समयसम्म आफ्नो सिद्धान्त मार्क्सवादको बारेमा आत्मसमीक्षा गरेको थियो ।"- कम्युनिष्ट पार्टीका प्रथम सचिव बालिन भन्छन् । उनी थप भन्छन्, "अब हामी जति बेसी सकिन्छ, त्यति मात्रामा मार्क्सका शिक्षाहरूलाई उँचो उठाउँछौं र त्यसलाई व्यवहारमा लागू गर्नेछौं । किनकि हामीहरू कम्युनिष्ट हौं ।"

चेक कम्युनिष्टहरू अचेल सडक संघर्षमा व्यस्त छन् । जन-जीविकासँग सम्बन्धित हरेक सवालमा यसको क्रियाशीलता देखिन्छ । संघर्षको संचालन र आफ्नो संगठनको पुन निर्माणमा व्यस्त चेक कम्युनिष्टहरू राजनैतिक बहुलवादलाई स्वीकार गर्दै चुनावमार्फत् सत्तामा जाने सोचाइमा छन् । सत्ताले शिक्षा र स्वास्थ्यको अधिकारलाई स्थापित गर्नुपर्ने र गिर्दो अर्थतन्त्रमाथि प्रभावकारी हस्तक्षेप गरी जनमुखी बनाउनु पर्ने विचार बोकिरहेका यी कम्युनिष्टहरूलाई सत्तासीन हुन दिइन्छ कि दिईदैन, त्यो भविष्यकै गर्भमा लुकिरहेको छ ।

पार्टी नेता बालिन भन्छन् - "हामी कम्युनिष्टहरू चेक गणतन्त्रलाई यूरोपीय समुदाय (EU) मा गाभिएकोमा शंकालु छौं । तर त्यसको विरोधमा नै लागीपरेका पनि छैनौं । तर नाटोको सदस्यता भने हामीलाई स्वीकार्य छैन, किनकि हाम्रो देश नाटोजस्तो आक्रमणकारी सैनिक संगठनको नयाँ सदस्य भएकोमा हामीले विरोध नै गरिरहेका छौं । हाम्रो सरकार आएमा चेक गणतन्त्र नाटोबाट निश्चित रूपमा हट्नेछ । ❑

# माकपाद्वारा ११६ जना क्रान्तिकारीहरूको हत्या !

पूँजीवादी शासनविरूद्ध जनसंघर्ष गर्ने जिम्मा लिएर क्रियाशील रहेको दावी गर्ने भारतीय कम्युनिष्ट पार्टी (मार्क्सवादी) अर्थात् माकपाका कार्यकर्ताहरूले अर्को कम्युनिष्ट पार्टीका नेता-कार्यकर्ताहरूको भटाभट हत्या गर्न थालेको खबर सुनेर जो कोही पनि आश्चर्यचकित र दुःखित् हुन्छ ।

पश्चिम बंगालको दक्षिण पर्गनाज क्षेत्रमा मात्रै सन् १९७७ देखि अहिलेसम्ममा सोशलिष्ट यूनिटी सेन्टर अफ इण्डिया (SUCI) नामक अर्को कम्युनिष्ट पार्टीका ११६ जना नेता-कार्यकर्ताहरूको निर्मम हत्या गरिसकेको तथ्य हालै प्रकाशमा आएको छ । पश्चिम बंगालभरिको तथ्यांक जम्मा गर्ने हो भने माकपाद्वारा हत्या गरिएका SUCI का नेता-कार्यकर्ताहरूको संख्या हजारभन्दा बैसी हुनआउँछ ।

माकपा पश्चिम बंगालमा पहिलोपटक संयुक्त मोर्चामार्फत् सत्तासीन हुँदा मोर्चाको एक घटकका रूपमा सरकारमा सामेल भएको SUCI ले माकपा पछि गएर देशी-विदेशी पूँजीपतिवर्गको स्वार्थ अनुकूलको काममा संलग्न रहेको आरोप लगाउँदै संयुक्त मोर्चाको सरकारबाट बाहिरिएको थियो । त्यसपछि त्यसले जनसंघर्षको लहर सिर्जना गर्ने कामलाई बढाउँदै आइरहेको छ । पश्चिम बंगालको माकपाको नेतृत्वमा चलिरहेको बाममोर्चाको सरकारका जनविरोधी नीतिहरूको संघर्ष गर्दै सडकको प्रमुख प्रतिपक्षीको भूमिका खेल्दै आएको SUCI विरूद्ध माकपाका कार्यकर्ताहरूले दिनहुँजसो हिंसात्मक आक्रमण गर्दै आएका छन् । आफ्नो पार्टीका सयौं नेता-कार्यकर्ताहरूको निर्मम हत्याको सिलसिला चलिरहँदा पनि SUCI ले प्रतिहिंसात्मक कारवाही भने कहिं कतै चलाएको देखिदैन । बरू त्यसको सट्टा हिंसा, आतंक र जनविरोधी नीतिहरूका विरूद्ध जनचेतना अभिवृद्धि गर्ने र जन-संघर्षको लहर सिर्जना गर्ने काम गर्दै आएको देखिन्छ ।

योभन्दा अचम्मको कुरो के हो भने सत्तासीन भाजपाको फासीवाद र विश्वव्यापी रूपमा फैलिरहेको साम्राज्यवादको विरोधमा जति हदसम्म सकिन्छ, त्यति हदसम्म माकपासँग पनि अरू बाम पार्टीहरूसँग जस्तै हातेमालो गर्दै जनसंघर्ष अगाडि बढाउन पनि यो पार्टी अलिकति पनि पछि हटेको देखिदैन । एकता, संघर्ष र एकताको यो एउटा ठोस उदाहरण नेपाली बामपन्थीहरू लागि पनि चासोको विषय हुन कि ? ❑

# भाकपा मालेको ३१ औं स्थापना दिवस

सशस्त्र संघर्षबाट जनसंघर्ष र संसदीय संघर्षसम्म अगाडि बढिसकेको भारतीय कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) अर्थात् भाकपा (माले) ले २२ अप्रिल (लेनिन दिवस) मा देशभरि ३१ औं पार्टी स्थापना दिवस मनायो । सो अवसरमा साम्प्रदायिक फासीवादको विरूद्ध संघर्ष तीव्र पार्ने र बामपन्थलाई स्वतन्त्र-निर्णायक शक्तिको रूपमा स्थापित गर्ने संकल्प गरिएको थियो ।

खबरअनुसार पार्टी स्थापना दिवसको उपलक्ष्यमा महासचिव दीपंकर भट्टाचार्यले कलकत्तामा आयोजित एउटा जन-सभालाई सम्बोधन गरेका थिए भने पोलिटब्यूरो सदस्य स्वदेश भट्टाचार्यले बेगुसराय नामक स्थानमा त्यस पार्टीका दिवंगत नेता क. विनोद मिश्रको प्रतिमाको अनावरण गरेका थिए । यसका साथै आसाम, उडिसा, आन्ध्र प्रदेश, तमिलनाडु, कर्नाटक, मध्य प्रदेश, विहार, गुजरात, उत्तर प्रदेश र राजधानी दिल्लीमा पनि विविध कार्यक्रम गरी पार्टी स्थापना दिवस मनाइएको खबर छ । ❑




*अमेरिकी कम्युनिष्ट पार्टी 'वर्कस् वर्ल्ड पार्टी'को राष्ट्रिय सम्मेलनका सहभागीहरू अन्तराष्ट्रिय गीत गाउँदै*

# अमेरिकामा मार्क्सवादबारे सम्मेलन

WORKERS WORLD

पूँजीवादीहरूको केन्द्रको पनि मुटुको रूपमा चर्चित न्यूयोर्क शहरमा अमेरिकी कम्युनिष्ट पार्टी - 'वर्कर्स वर्ल्ड पार्टी'ले केही समय अगाडि एउटा राष्ट्रिय सम्मेलन गरेर घोषणा गरेको छ - "पूँजीवादी अमेरिकी शासकहरूविरूद्ध चलिरहेको जन-संघर्षका लागि मार्क्सवाद सबैभन्दा उन्नत र बैज्ञानिक हतियार हो ।"


'वर्तमान संघर्षका लागि मार्क्सवादको अध्ययन' विषयक राष्ट्रिय सम्मेलनको पहिलो सत्रमा सहभागी भएका सबै मजदूर, प्रतिनिधिहरूले मार्क्सवादद्वारा सु-सज्जित भई पूँजीवादलाई बिस्थापित गरेर समाजवादको निमार्ण गर्ने, विश्वव्यापी ऐतिहासिक संघर्षमा लागीपर्ने र आफ्नो देशमा पनि क्रान्तिकारी आन्दोलनको सिर्जनाद्वारा केही अरबपतिहरूको शासनलाई उखेल्ने दृढता प्रकट गरेका छन् ।

सम्मेलनको दोस्रो सत्रमा सहभागीहरूले क्रान्तिकारी आन्दोलनकै एउटा ज्वलन्त समस्याको रूपमा काला जातिका क्रान्तिकारी तथा पत्रकार मुमिया अबु-जमाल र आदिवासी अमेरिकीहरूका नेता लियानार्ड पेल्टियरको जीवन रक्षार्थ संघर्ष चलाउँदै जाने प्रतिबद्धता पनि व्यक्त गरेका छन् । स्मरणीय छ - ती दुवै नेताहरूको जीवन रक्षार्थ 'वर्कर्स वर्ल्ड पार्टी'ले अमेरिकाभरि जुलूस, धर्ना, र्‍यालीको आयोजना गर्दै अमेरिकी सरकारलाई आच्छुआच्छु पार्दै आइरहेको छ ।

सम्मेलनको तेस्रो सत्रमा 'एक्काइसौं शताब्दीमा मार्क्सवादको लागि भविष्य-दृष्टि' बिषयक अन्तरक्रियामा जर्जर पूँजीवादले मानव जीवनको कल्याण गर्नुको सट्टा त्यसलाई झन् ध्वस्त पार्ने कुराको ठोस उदाहरण पूर्व सोभियत संघ हो भन्दै वक्ताहरूले पूँजीवादी व्यवस्थाको नारकीय जीवनबाट मुक्त हुन नयाँ ढंगले सही कम्युनिष्ट आन्दोलन चलाउनु पर्ने र त्यसको लागि मार्क्सवादले आलोक प्रदान गर्ने विचार व्यक्त गरे ।

चौथो सत्रमा 'अमेरिकामा वर्ग-संघर्षको निर्माण' सम्बन्धी छलफलमा सहभागीहरूले जर्जर उत्पीडनमा परिरहेका श्रमिकहरू, आप्रवासीहरू, कैदीहरू, समलिङ्गीहरू र महिलाहरूको पक्षमा पार्टीले पूँजीवादको उत्पीडनको विरोधमा विविध रूपका संघर्षहरू चलाउनु पर्ने राय व्यक्त गरे । सम्मेलनमा साम्राज्यवादविरोधी संघर्षको एउटा मूल मुद्दाको रूपमा रहेको पोर्टो रिको नामक देशमाथिको सय वर्षभन्दा बेसी समयको अमेरिकी प्रभुत्वविरूद्ध त्यहाँका जनता, त्यहाँको क्रान्तिकारी पार्टी- 'सोशलिष्ट फ्रन्ट अफ पोर्टो रिको' ले चलाइरहेको संघर्षलाई सघाउने प्रतिवद्धता पनि व्यक्त गरिएको थियो । साथै, इराक, युगोस्लाभिया, उत्तर कोरिया र क्यूबामाथि अमेरिकी साम्राज्यवादको थिचोमिचोविरूद्ध यस वर्ष पनि आन्दोलन चलाइरहने घोषणा गरिएको थियो ।

'इन्टरनेशनल गीत' गाएर मार्क्सवादप्रति आफ्नो आस्था प्रकट गर्ने अमेरिकी कम्युनिष्टहरूको यो सम्मेलनले अमेरिकी मजदूर र विश्वभरिका न्यायप्रेमी जनताबीच क्रान्तिकारी उत्साह संचार गर्ने विश्वास



मुमिया अबु-जमाल

लिइएको छ । पूँजीवादको बन्धन चुँडाल्न पूँजीवादीहरूकै केन्द्रका मजदूर र कम्युनिष्टहरू क्रियाशील भइरहेको दृश्य देखेर मानिसहरूले भन्न थालेका छन् - "कम्युनिष्टहरू जहाँ भए पनि पूँजीवादको चिहान खन्न व्यस्त हुन्छन्, मार्क्सवाद तिनीहरूको आस्था र हतियार हो ।" ❑

*"पूँजीवादी अमेरिकी शासकहरूविरूद्ध चलिरहेको जन-संघर्षका लागि मार्क्सवाद सबैभन्दा उन्नत र बैज्ञानिक हतियार हो ।"*

# अमेरिकी चुनावमा कम्युनिष्ट महिला पनि उम्मेदवार

समाजवादको स्थापना गर्नका लागि भइरहेका जन-संघर्षहरूलाई सहयोग गर्ने उद्देश्यले पूँजीवादीहरूको नाइके देश अमेरिकाको राष्ट्रपति पदको चुनावमा कम्युनिष्ट महिलाहरू पनि उम्मेदवार भएका छन् । पूँजीवादी अमेरिकामा समाजवाद स्थापना गर्ने उद्देश्यसहित जनसंघर्ष चलाइरहेको कम्युनिष्ट पार्टी 'वर्कर्स वर्ल्ड पार्टी'ले आगामी चुनावमा राष्ट्रपति पदमा आफ्ना प्रख्यात नेताहरू मोनिका मूरहेड र उप-राष्ट्रपति पदमा ग्लोरिया ला रिभालाई उम्मेदवार बनाएको छ । उनीहरू वर्षौंवर्षदेखि जन-संघर्षको नेतृत्व गर्दै आएका दुई जना मदजूर नेतृहरू, कालो र गोरो दुई रंगका दुई जना कम्युनिष्ट महिलाहरूका रूपमा चर्चित छन् ।

उम्मेदवारहरू मोनिका र ग्लोरियाले अमेरिकाका करोडौं मजदूरहरूको प्रतिनिधित्व गर्दै राष्ट्रपतिको चुनावमा लड्ने, उनीहरू संगसंगै समाजवादका लागि संघर्ष गर्ने र पूँजीवादको विस्थापनका लागि चुनावलाई उपयोग गर्ने घोषणा गरेका छन् । आफ्नो घोषणापत्रमा उनीहरूले 'चुनावबाट सत्ताको संरचनामा कुनै हेरफेर नहुने र आमूल परिवर्तनका लागि सडकमा मजबूत खालको मजदूर वर्गीय आन्दोलन नै चलाउनु पर्ने, विचार व्यक्त गरेका छन् । उनीहरूले भनेका छन् - "हामी डेमोक्रेट्स र रिपब्लिकन्सको नाममा सत्तासीन पूँजीपति वर्गले चलाइरहेको चुनावी नाटकलाई पर्दाफास गर्न र उत्पीडन-शोषणको व्यवस्थाको आयु सकिनलागेको सन्देश दिन तपाईंहरूको भोट चाहन्छौं । र, हामी तपाईंहरूबाट एउटा मतदानभन्दा धेरै बेसी कामकुरो र दानको आशा गर्दछौं ।"

ती कम्युनिष्ट उम्मेदवारहरूले घोषणा गरेका छन् - "मजदूरहरूलाई संगठित गर्न, संगठित हुने अधिकारलाई सुरक्षित राख्न, आप्रवासी मजदूरहरू र उनीहरूका परिवारजनलाई सम्पूर्ण अधिकार प्रदान गर्न, सामाजिक सुरक्षालाई पुनर्स्थापित र बिस्तार गर्न हामी चुनाव लडिरहेका छौं । हामी वातावरणको रक्षा गर्न र कर्पोरेशनहरूलाई सरसफाइको कर तिराउन, निःशुल्क शिक्षा, स्वास्थ्य र आवासको अधिकारको प्रत्याभूति गर्न र समान कामबापत समान ज्याला दिलाउन चुनाव लडिरहेका छौं ।"

सबै जातजाति, धर्म, लिंग र नस्लको समान अधिकार स्थापित गर्न राष्ट्रपतिको चुनावमा उठेको घोषणा गर्दै मोनिका - ग्लोरियाको कम्युनिष्ट-शैलीको चुनावी अभियान अहिले अमेरिकाभरि चलिरहेको छ ।

उनीहरूले अभियानको क्रममा आह्वान गरेका छन् - "यो समय भनेको फेरि एक पटक सडकमा उत्रने बेला हो, वर्ग-संघर्षलाई पुनर्जीवित पार्ने अवसर हो । हातमा हात मिलाऔं, हामी संपूर्ण मजदूर र उत्पीडितहरू संगठित र संघर्षशील भएमा यो संसारलाई फेर्न सक्छौं ।" ❑




*अमेरिकी चुनावमा खडा भएका कम्युनिष्ट महिलाहरू : राष्ट्रपति पदका निम्ति मोनिका मुरहेड र उप-राष्ट्रपति पदका निम्ति ग्लोरिया ला रिभा*

◀ घटना र प्रवृत्ति

# साहित्य-सन्ध्या पुरस्कार निभा र शास्त्रीलाई

२०५६ सालको 'साहित्य-सन्ध्या' पुरस्कार यही वैशाख ३ गते एक समारोहका बीच कवि तथा हास्यव्यंग्यकार विमल निभालाई प्रदान गरियो ।

सो समारोहमा वरिष्ठ लेखक शान्तदास मानन्धरले सो पुरस्कार हस्तान्तरण गर्नुभएको थियो भने पुरस्कृत साहित्यकार विमल निभाको साहित्यिक विशिष्टताका बारेमा साहित्यकार खगेन्द्र संग्रौलाले बोल्नुभएको थियो । साहित्य सन्ध्याका संयोजक कवि मित्रलाल पंगेनीको सभापतित्वमा संपन्न सो समारोहमा विमल निभाबारे गंगाप्रसाद उप्रेती, श्यामप्रसाद शर्मा र केवलपुरे किसानले पनि बोल्नुभएको थियो ।



*विमल निभा*

यसैगरी, अर्को 'साहित्य-सन्ध्या' समूहले सोही नामको पुरस्कार साहित्यकार मोदनाथ शास्त्रीलाई प्रदान गरेको छ । एमाले स्थायी समितिका सदस्य क. झलनाथ खनालले सो पुरस्कार हस्तान्तरण गर्नुभएको थियो । पुरस्कार वितरण समारोहलाई वरिष्ठ लेखक गोविन्द भट्ट, आनन्ददेव भट्ट, डा. माधव प्र. पोखरेल र पूर्ण प्रकाश यात्रीले संबोधन गर्नुभएको थियो भने सो सन्ध्याका संयोजक कवि राम विनयले समारोहको सभापतित्व गर्नुभएको थियो ।

सो दुवै पुरस्कारहरूको राशी पाँच पाँच हजार रूपियाँ रहेको छ ।

दुवै समारोहका क्रममा विशेष कवि-गोष्ठीको पनि आयोजना गरिएको थियो । ❑

नयाँ वर्ष २०५७ सालको
पावन अवसरमा
समस्त देशबासीहरूमा
हार्दिक मंगलमय
शुभकामना
व्यक्त गर्दछौं ।

राष्ट्रिय बाणिज्य बैंक
परिवार




# कोलम्बिया : अमेरिकाको '-अर्को भियतनाम' बन्दैछ ?

## वामपन्थी छापामारहरुद्वारा ९ वटा शहरमा एक्कै रात आक्रमण

अमेरिकी साम्राज्यवादले आफ्नो घर पछाडिको आँगन ठान्दै आएको ल्याटिन अमेरिकी देश-कोलम्बियामा क्रान्तिकारी शक्ति र साम्राज्यवादभक्त सरकारबीच वार्ता र युद्ध चलिरहेको छ । अरू गरीब मुलुकहरूजस्तै डरलाग्दो आर्थिक संकट, बेरोजगारी, गरिवी र महंगीको मारमा परिरहेको कोलम्बियामा क्रान्तिकारी शक्तिहरूले सडकका संघर्षहरू र जंगलका युद्धहरूमार्फत् घुँडा टेकाउने हद्सम्मको राजनैतिक चुनौती दिइरहेका छन् ।

संसद र सम्पूर्ण वैधानिक संघर्षको ढोका बन्द भएपछि मात्रै बाध्यतावश ३५ वर्ष अगाडिदेखि सशस्त्र संघर्ष गरिरहेका कम्युनिष्टहरूमा, मूलतः रिभोल्यूशनरी आर्म्ड फोर्सेज अफ कोलम्बिया-पिपुल्स आर्मी (FARC-EP) र आर्मी अफ नेशनल लिबरेशन (ELN) उल्लेखनीय देखिन्छ ।




उनीहरूले अहिले देशको ४० प्रतिशतभन्दा बेसी भूभागमाथि अलग अलग ढंगले आफ्नो नियन्त्रण कायम गरिरहेका छन् ।

वार्ता र युद्धको क्रममा तिनीहरूले एकातिर देशको जर्जर आर्थिक-राजनैतिक समस्याबारे विश्वभरिका जनता र कोलम्बियाली सरकारको ध्यान आकृष्ट गर्न सफल भएका छन् । जनवरी, १९९९ देखि राष्ट्रपति एण्ड्रेज पास्त्राना र उनका प्रतिनिधिहरूसँग भएको प्रत्यक्ष वार्तापछि युद्धरत दुवै खेमाका प्रतिनिधिहरू यूरोपतिर दौडाहामा गएका थिए । दौडाहाको क्रममा FARC-EP का प्रतिनिधिले कोलम्बियाले युद्धको सट्टा वैकल्पिक शान्ति प्रयासलाई अन्तर्राष्ट्रियकरण गरेको, युद्धका वास्तविक कारण र निदानका बारेमा प्रचार-प्रसार गरेको र अन्तर्राष्ट्रिय समुदायले आफ्नो देशको आन्तरिक मामिलामाथि हस्तक्षेप नगरीकनै भरपूर सहयोग गर्न सक्ने कुरा प्रचार गर्दै हिंडेका थिए । वार्ताको क्रममा आफूले नयाँ तथा स्वतन्त्रता, समानता र न्यायपूर्ण कोलम्बिया निर्माण गर्ने लक्ष्यलाई थाँती नराखीकन तत्काललाई बहुलवादी, देशभक्त सरकार स्थापनार्थ संझौताका बूँदाहरू तय गर्न खोजिएको जानकारी दिँदै FARC-EP का प्रतिनिधि दावी गर्दछन् - जनताको नयाँ कोलम्बिया निर्माण गर्ने सपनाको अन्त्य भएको छैन ।

अर्कोतिर, वार्तामार्फत् प्राप्त छूटलाई उपयोग गर्दै करीब स्वीट्जरल्याण्ड सरहको मुक्त इलाकामा उनीहरूले आफ्नै क्रान्तिकारी प्रशासन चलाउने अधिकार वैधानिक रूपमा समेत पाएका छन् । जहाँ सडक र पूल बनाउने, स्वास्थ्य-शिक्षालाई बढावा दिने जस्ता जनपक्षीय सुधारका कामहरूलाई तीव्र पारिएको छ ।

वार्ता भंग भएपछि तिनीहरूले ९ वटा शहरहरूमा एक्कै राति आक्रमण गरी केही पुलिस चौकी, सैनिक ब्यारेक र बैंकहरू क्षतिग्रस्त पारेका छन् । अर्कोतिर, तिनीहरूले कोलम्बियाली सरकारका जनविरोधी नीति तथा कार्यक्रमहरूका विरूद्ध वैधानिक रूपले विशाल जनसंघर्षहरू पनि संगठित र प्रोत्साहित गर्दै आएका छन् । विशेष गरी सशस्त्र संघर्ष गर्दागर्दै तिनीहरूले मजदूर, किसान, विद्यार्थी, आदिवासी जनताहरूका जुझारू खालका सडक-संघर्षहरूलाई पनि उत्तिकै प्रोत्साहित गरिरहेको तथ्य यहाँ उल्लेखनीय देखिन्छ । केही महिना अगाडि मात्रै लाखौं कोलम्बियाली मजदूरहरूले हडताल र प्रदर्शनमा भाग लिएर सरकारलाई आच्छुआच्छु पारेका थिए ।

यसरी कोलम्बियामा क्रान्तिको प्रवल संभावना बढ्दै गएको देखेर अमेरिकी साम्राज्यवादले विगत तीन वर्षभित्र मात्रै आफ्नो सहयोग रकम २० गुनाले बढाएको छ, र लागू औषधका तस्करहरूसँग लड्ने निहुँमा त्यहाँका खुँखार सैनिकहरू -लाई आफ्ना अत्याधुनिक हतियार, युद्धका नयाँ नयाँ प्रशिक्षणले लैश पार्ने, अनि आफ्ना विशेष सैनिक दस्ताको संख्यामा वृद्धि गर्ने काम गरिरहेको छ । यस्तो स्थितिमा कोलम्बिया "ल्याटिन अमेरिकाको भियतनाम" हुन कुनै बेर छैन, किनकि अमेरिकाले त्यहाँ आफ्नो हस्तक्षेपकारी पन्जा भन्भन् पैलाउँदै गइरहेको स्थितिमा उसले प्रत्यक्ष सैनिक हस्तक्षेप गर्ने संभावनालाई कसैले इन्कार गर्न सक्दैन ।

कोलम्बिया"ल्याटिन अमेरिकाको भियतनाम" भएमा त्यसको परिणाम पनि भियतनामकै जस्तो हुने निश्चित छ - अर्थात् अमेरिकी साम्राज्यवादको पराजय र किसान-मजदूर वर्गको विजय । नयाँ कोलम्बियाको लागि संघर्षरत रहेको घोषणासहित क्रियाशील *रिभोल्यूशनरी आर्म्ड फोर्सेज अफ कोलम्बिया-पिपुल्स आर्मी*ले विश्वभरिका न्यायप्रेमी जनतासमक्ष अपील गरेको छ- "सबै खाले जन-शत्रुहरूसँग लड्न तयार छौं, टेबुलमा भए टेबुलमा, जंगलमा भए जंगलमा । हामीलाई विश्वभरिका न्यायप्रेमी जनताको समर्थन, सहयोग र ऐक्यवद्धता भए एक थोपा रगत बाँकी रहेसम्म लड्दैभिड्दै नयाँ स्वतन्त्र, स्वाधीन र समुन्नत कोलम्बिया निर्माण गरी छाड्ने छौं ।" ❑

# प्रजातन्त्रको जननी बेलायतमा
# महिलाहरूको स्थिति कस्तो छ ?

- मुक्ता श्रेष्ठ -

विश्वमै सबैभन्दा पहिले संसदीय व्यवस्था स्थापना भएको देश, प्रजातन्त्रवादी देश भनेर कहलिएको देश- बेलायत । त्यो देशमा अझै पनि महिलाहरूले पुरूष समान हक र अधिकार उपभोग गर्न पाइरहेका छैनन् । जहाँ राष्ट्राध्यक्ष महिला छिन्, त्यहीं देशका महिलाहरू पुरूषको दाँजोमा पुग्न सकेका छैनन् । के यो अचम्मको कुरा होइन र ?

हुन त सन् १९७१ मा भन्दा अहिले बेलायतमा महिला र पुरूषबीचको विभेद केही घटेको छ ।



सन् १९७१ मा आर्थिक रूपले सक्रिय महिलाहरू ५७ प्रतिशत मात्र थिए, जब कि पुरूषहरू ९१ प्रतिशत थिए । तर अहिले सन् १९९७ को तथ्याङ्कअनुसार आर्थिक रूपले सक्रिय महिलाहरू ७२ प्रतिशत पुगेका छन्, पुरूषहरूको प्रतिशत भने घटेर ८५ मा झरेको छ । अहिले कारखानामा काम गर्ने महिलाहरू पहिलेभन्दा बढ्न थालेका पनि छन् । तैपनि महिला र पुरूषहरूले काम गर्ने कारखानाहरू भने फरक छन् । मुख्यतया जन-प्रशासन, शिक्षा तथा स्वास्थ्य क्षेत्रमा महिलाहरूको बढी सहभागिता देखिन्छ । बस्तु निर्माण उद्योगहरूमा भने महिलाहरूको सहभागिता एकदमै कम मात्र देखिन्छ । ती क्षेत्रहरूमा १० जना पुरूषमा ३ जना मात्र महिलाहरू रहेका छन् । बेलायतमा ठूलाठूला पदहरूमा अझै पनि पुरूषहरूकै बढी बाहुल्यता देखिन्छ । जस्तो कि सन् १९९८ को तथ्यांङ्कअनुसार डाइरेक्टर पदमा ५ प्रतिशत मात्र महिलाहरू रहेका छन् ।

त्यस्तै, आम्दानीको क्षेत्रमा पनि पुरूषहरूभन्दा महिलाहरू पछि नै देखिन्छन् । महिलाहरूको आम्दानी पुरूषहरूको भन्दा कम नै देखिन्छ । सन् १९९५ को तथ्याङ्कअनुसार कूल कमाइएको आयलाई १०० प्रतिशत मान्ने हो भने पुरूषको आयको हिस्सा ६२.५ प्रतिशत हुँदा महिलाहरूको ३७.६ प्रतिशत मात्र छ । बेलायतमा पुरै समय काम गर्ने पुरूषहरूको आम्दानी ५ भाग छ भने महिलाहरूको आम्दानी ४ भाग मात्र रहेको पाइन्छ । महिलाहरूभन्दा पुरूषहरू उच्चस्तरको कमाइ, स्वरोजगारबाट प्राप्त आम्दानी तथा बढी समय काम गर्न पाउने अवसरले गर्दा नै महिलाहरूको भन्दा पुरूषहरूको बढी आम्दानी भएको देखिन्छ । सायद घरेलु कामकाज, बच्चा हुर्काउनु पर्ने जिम्मेवारी आदिले गर्दा महिलाहरूले पूरै समय काम गर्न नसक्ने हुनुको साथै बीच बीचमा काम छाड्नुपर्ने बाध्यता आइपर्छ । त्यसैले गर्दा त्यहाँ पुरूषले भन्दा महिलाहरूले पेन्सन पाउने सम्भावना पनि कम रहेको देखिन्छ ।



बेलायतकी महारानी एलिजाबेथ द्वितीयः राष्ट्राध्यक्ष नै महिला भएको मुलुक बेलायतमा पनि महिलाहरू असमानताका शिकार छन्

यसरी बेलायती महिलाहरू आर्थिक क्षेत्रमा मात्र असमान भएका होइनन्, राजनैतिक क्षेत्रमा पनि असमान छन् । त्यहाँको संसदमा १८ प्रतिशत महिलाहरू मात्र सदस्य रहेका छन् भने मन्त्री परिषद्मा २५ प्रतिशत महिला मन्त्रीहरू रहेका छन् ।

बेलायतमा महिला र पुरूषहरूको बीचमा भेदभाव हटाउने कानून सन् १९७५ मै बनिसकेको थियो । तर अझै पनि महिला र पुरूषको बीचमा पूरै भेदभाव हट्न सकेको छैन । एउटै काम गरेबापत, उतिनै समय काम गरेबापत ज्यालामा भेदभाव गर्न पाइँदैन भन्ने कानून पनि सन् १९७० मै बनिसकेको थियो । तर अझै पनि त्यहाँ महिलाहरूले पुरूष समान ज्याला पाउन सकेका छैनन् । पुरूषहरूको १०० पाउण्ड ज्याला हुँदा महिलाहरूको ७० पाउण्ड मात्र ज्याला भएको कुरा UN को सन् १९९४ को तथ्याङ्कले पनि देखाएको छ ।

बेलायतका महिलाहरू अझै पनि हिंसाका शिकार हुनबाट बच्न सकेका छैनन् । घरबाहिर तथा घरभित्रै पनि महिलाहरूमाथि चर्को रूपमा हिंसा हुने गरेको देखिन्छ । सन् १९९८ को बृटिस क्राइम सर्भेअनुसार घरभित्र हुने १० वटा हिंस्रक घटनामध्ये ७ वटा घटनाका शिकार महिलाहरू हुनेगरेको पाइएको छ । र, त्यस्तै घरभित्रै हुने आक्रमणमध्ये पनि १० वटा आक्रमणमा १ वटा आक्रमण मात्र पुरूषहरूमाथि हुने गर्छ भने १० वटा आक्रमणमा ४ वटा आक्रमण महिलाहरूमाथि हुने गर्छ । यसरी आफूलाई प्रजातन्त्रको ठेकेदार ठान्ने मुलुक बेलायतमै पनि महिलाहरू पुरूषहरूभन्दा धेरै गुणा बढी हिंसाको शिकार भइरहेका छन् ।

प्रायःजसो यूरोपीय महिलाहरूले विवाहलाई एउटा बन्धनको रूपमा लिने गर्छन् । त्यसैले त्यहाँका महिलाहरूमा विहा नै नगर्ने प्रवृत्ति तीब्र रूपमा बढ्नथालेको देखिन्छ ।

प्रायःजसो यूरोपीय महिलाहरूले विवाहलाई एउटा बन्धनको रूपमा लिने गर्छन् । त्यसैले त्यहाँका महिलाहरूमा विहा नै नगर्ने प्रवृत्ति तीब्र रूपमा बढ्नथालेको देखिन्छ । यो प्रवृत्तिबाट बेलायत पनि अछुतो रहन सकेको छैन । त्यहाँका महिलाहरूमा पनि विहा नै नगरिकन बच्चा जन्माउने प्रवृत्ति निकै बढेको देख्न थालिएको छ । सन् १९९७ को तथ्याङ्कअनुसार ८,००,००० गर्भवती महिलाहरूमध्ये करिब आधा [illegible] महिलाहरू अविवाहित रहेका छन् । सन् १९९६ मा ७,३३,००० बच्चा जन्मेकोमा २,६०,००० बच्चाहरू अविवाहित आमाबाट जन्मेका थिए । अर्थात् कुल बच्चाको ३६ प्रतिशत ।

यसरी त्यहाँ यो विकृति जन्मनुको एउटा प्रमुख कारण त्यहाँको छाडा संस्कृति नै हुनसक्छ भने अर्को कारण, विहालाई बन्धन ठान्नु पनि हो । विहा गरेर पुरूषको दबावमा रहनु र उनीहरूको कुटपीट तथा हिंसाको शिकार हुनुभन्दा राम्रो कुमारी आमा बनेर नै आफ्नो मातृत्व फुलाउन सक्ने विचार त्यहाँका महिलाहरूले गरेका हुनसक्छन् ।

वास्तवमा यस्ता किसिमका विकृतिहरू जन्मनु र महिलाहरू पुरूषसरह पूर्णरूपमा समान हुन नसक्नु पूँजीवादी देशहरूकै एउटा विशेषता हो भन्न सकिन्छ । किनभने जहाँ महिलाहरूलाई एउटा मानवको रूपमा हेरिदैन, उनलाई एउटा उपभोग्य बस्तुको रूपमा हेर्ने गरिन्छ, त्यहाँ महिलाहरूले कहिल्यै पनि पूर्णरूपमा मुक्ति प्राप्त गर्न सक्तैनन् । बेलायत पनि एउटा यस्तै पूँजीवादी देश हो । त्यसैले, त्यहाँ चाहे महिला नै राष्ट्राध्यक्ष होऊन् वा जतिसुकै प्रजातन्त्रवादी देश भनेर फलाकियोस्, महिलाहरूले पूर्ण मुक्ति प्राप्त गर्न सक्तैनन् । यो स्वयंसिद्ध कुरा हो ।

❑ सन्दर्भ स्रोत :

*1. Britain 2000 The Official Year Book of the United Kingdom P. 119.20 prepared by the Office of National Statistics.*

*2. The Statesman's Year Book 2000 Macmillan UR P. 1627*

# कोरियाली युद्धमा अमेरिकी र दक्षिण कोरियाली सैनिकहरूको नृशंसता



*सन् १९५० मा १८०० जना कोरियाली बन्दी मारिएको दृष्य, जसमा फाइरिङ्ग स्क्वाडका सैनिकहरूले बचेखुचेका मानिसहरू खोज्दै गोली हान्दै छन् ।*

प्रकृति हेरेर जोकोहीले पनि घृणापूर्वक भन्न सक्छन् - अमेरिकी सैनिकहरू र दक्षिण कोरियाली सैनिक तथा पुलिसहरू हिटलरभन्दा अलिकति पनि कम पाशविक र हिंस्रक छैनन् !

पछिल्लो पटक अमेरिकी संचारमाध्यम एशोसिएटेड प्रेस (A.P.) ले लामो अनुसन्धानपछि अमेरिकी सैनिकहरूले *नो गुन रि* नामक स्थानमा सयौं कोरियाली बृद्ध-बृद्धा किसानहरू, बालबालिकाहरू र महिलाहरूलाई मेशिनगनले भुटेको खबर असोज १२ गते प्रकाशित गरेर हलचल मच्चाएको थियो । खबरअनुसार तिनीहरूले सन् १९५० जुलाईमा *नो गुन रि* स्थित रेलवेको पुलमुनि शरण लिइरहेका ३०० जना गैर-सैनिक शरणार्थीहरूमाथि बमवर्षक विमानहरूबाट मेशिनगनले आक्रमण गरी आमहत्या गरेका थिए ।

ए.पी.ले *नो गुन रि* आमहत्यामा संलग्न अमेरिकी सेनाका पाइलटहरूदेखि लिएर हवाई आक्रमणको शिकार भएका कोरियाली नागरिकहरूको समेत अन्तर्वार्ता लिई यो खबर प्रकाशित गरेको थियो । खबरअनुसार, अमेरिकी सैनिकहरूलाई पहिले नै थाहा थियो - आमहत्यामा परेका कोरियालीहरू शरणार्थीहरू हुन्, गैर-सैनिकहरू हुन् । ती कोरियालीहरू गैर-सैनिक र शरणार्थीहरू हुन् भन्ने कुरा थाहा हुँदाहुँदै पनि तिनीहरूमाथि सैनिक मन छैन भने यहाँबाट भाग नत्र मेशिनगनको गोलीले भुट्नेछौं' भनी चेतावनी दिएका छौं ।"

तर ए.पी.ले लेखेको छ - "अमेरिकी सेनाका अभिलेखहरू हेर्दा धेरैजसो सैनिकहरूलाई नागरिकहरूमाथि नै गोली बर्षाउने आदेश दिइएको र सुनियोजित ढंगले आमहत्या गर्ने निर्देशन दिइएको प्रमाण भेटिन्छ । यस्ता आदेशहरू अवैधानिक भएको विचार सैनिक विशेषज्ञहरूको छ ।"

यी सबै तथ्य-प्रमाणहरूका आधारमा भन्न सकिन्छ - अमेरिकी साम्राज्यवादका संचालकहरूले कोरियाली युद्धमा सामान्य जनता जो कोहीलाई पनि मार्ने आदेश दिएका थिए, चाहे ती सैनिकहरू हुन् या गैर-सैनिक । सामान्य जनताबीच पानीमा माछा लुकेझैं लुकेर साम्राज्यवादीहरूमाथि आक्रमण गर्ने कोरियाली क्रान्तिकारीहरूलाई निमिट्यान्न पार्न यस्तो अवैधानिक आदेश दिइएको थियो ।

अमेरिकी कम्युनिष्टहरूको पत्रिका 'वर्कर्स वर्ल्ड'ले दक्षिण कोरियाली प्रत्यक्षदर्शीहरूलाई उद्धृत गर्दै लेखेको छ -"अमेरिकी सैनिकहरूले जनवरी १९५१ मा सियोलभन्दा दक्षिणमा ९० माइल टाढा रहेको योउङछूनस्थित गुफामा लुकिरहेका ३०० जना दक्षिण कोरियाली गैर-सैनिक शरणार्थीहमाथि बम र गोली वर्षा गरेर आमहत्या

# १ लाख बामपन्थीहरूको हत्या !

साम्राज्यवाद र त्यसका मतियारहरू कति निर्मम, निर्दयी, क्रुर र हिंस्रक हुन्छन् भन्ने कुराको एउटा ठोस उदाहरण हो - कोरियाली जनताविरूद्ध गरिएका नरसंहारहरू !

सन् १९५० देखि १९५३ सम्म कोरियामाथि आक्रमण गर्ने क्रममा अमेरिकी साम्राज्यवादका सैनिकहरू र तिनका मतियार- दक्षिण कोरियाली सैनिक तथा पुलिसहरूले कोरियाली जनताविरूद्ध गरेका नरसंहार, हवाई आक्रमण र नृशंस अत्याचारका बारेमा धमाधम पोल खुल्दै गइरहेका छन् । कोरियाली युद्धको शुरूवातको पचासौं वर्षगांठको सन्दर्भमा अमेरिकी र दक्षिण कोरियालीहरूले नै अचेल आफ्नै देशका क्रूर शासकहरूबाट त्यहाँ भएका युद्ध-अपराधका रहस्यहरू एकपछि अर्को गर्दै उद्घाटन गर्न थालेका छन् ।

अमेरिकी सैनिकहरूले कोरियाली जनताहरू, विशेष गरी दक्षिण कोरियाली जनताहरूविरूद्ध गरेका युद्ध-अपराधहरूका रहस्यहरू पनि दर्जनौंदर्जनको संख्यामा उद्घाटित हुँदैछन् । एशोसिएटेड प्रेस (A.P.) ले 'नो गुन रि आमहत्या' सम्बन्धी रिपोर्ट अचानक प्रकाशित गरेपछि पुस महिनासम्ममा मात्रै कोरियाली युद्धको क्रममा भएको ३८ वटा आमहत्याहरूको बारे रिपोर्ट प्रकाशित भएको देखियो । ती पनि अधिकांश त दक्षिण कोरियालीहरूविरूद्ध अमेरिकी सैनिकहरूका नृशंसताहरू मात्रै थिए ।

युद्ध अपराधहरूको डरलाग्दो कमाण्डरको आदेशमा बमबर्षक विमानमा रहेका अमेरिकी सैनिकहरूले आकाशबाट मेशिनगनले गोली बर्साएका थिए । यो तथ्य अमेरिकी रक्षा मन्त्रालय - पेन्टागनका पुराना दस्तावेजहरूको अध्ययनबाट पनि प्रमाणित भएको खबर छ ।

अमेरिकाको '३५ औं लडाकू बमवर्षक स्क्वाड'को दस्तावेजमा सैनिक पाइलटहरूलाई कोरियाली युद्ध भूमिमा सैनिक र गैर-सैनिक व्यक्तिहरू छुट्याउन गाह्रो भएको तर्क प्रस्तुत गर्दै भनिएको छ - "हामीले मानिसहरूबीच पर्चा खसालेर 'मर्ने

**ए.पी.ले नो गुन रि *आमहत्यामा संलग्न अमेरिकी सेनाका पाइलटहरूदेखि लिएर हवाई आक्रमणको शिकार भएका कोरियाली नागरिकहरूको समेत अन्तर्वार्ता लिई यो खबर प्रकाशित गरेको थियो ।***

गरेका थिए । उक्त गुफा दक्षिण कोरियाली जनताको एउटा शरणस्थल थियो । त्यसको वरिपरि धेरै नै मानिसहरू शरण खोज्दै आउने-जाने गर्थे" - एकजना गाउँले भन्छन् । प्रत्यक्षदर्शी गाउँले भन्छन् - "शुरूमा गुफा वरिपरि एउटा प्लेन उडेको देखियो, त्यसपछि चारवटा बमबर्षक प्लेनहरूले गुफा पस्ने ठाउँमै आगो लगाउने खालका बमहरू खसाले । गुफाबाहिर रहेका मालसामान, लुगाफाटा तथा घरहरूमा ह्वारह्वार्ती आगो लाग्यो । धेरैजसो मानिसहरू आगो लागेर, धूँवाले गर्दा सास फेर्न नसकेर मरे ।"

त्यसले थप लेखेको छ- "त्यसको ठीक एक हप्ता अगाडि मात्रै पनि अमेरिकी हवाई आक्रमणका कारण ३०० जना दक्षिण कोरियाली शरणार्थीहरू मारिएका थिए । सियोलबाट ६० माइल दक्षिणमा रहेको *दून-पा* गाउँमा अमेरिकी आक्रमणकारीहरूलाई एउटा

भण्डारघरमा लुकेर रहेका ३०० जना शरणार्थीहरूले आफ्नो जिउ तताउन आगो बालिरहेको बेला बमबर्षा गरी आमहत्या गरेका थिए । त्यस आमहत्यामा बल्लतल्ल बच्न सफल भएका *किम इन ताइ*ले भनेका छन् - बमबर्षा भएको देखेपछि म पनि बेहोश भएँ, तीन दिनपछि मात्रै म लाशहरूको थुप्रोबीच ब्यूँझें ।"

न्यूयोर्कबाट प्रकाशित हुने कोरियाली भाषाको दैनिक अखबार- 'कोरिया टाइम्स' नामक पुरातनपन्थी पत्रिकाले समेत जून १९५० मा कोरियाली युद्ध छेडिएपछि दक्षिण कोरियाली सैनिक तथा पुलिसहरूले हजारौंहजार बामपन्थी राजनैतिक बन्दीहरूको हत्या गरेको सनसनीपूर्ण खवर छापेको छ । अमेरिकी सरकारका पुराना दस्तावेजहरूको अध्ययनको आधारमा प्रकाशित सो खवरमा राजनैतिक बन्दीहरूको हत्यामा अमेरिकी सरकारको संलग्नतालाई पनि उजागर गरिएको छ । त्यसबेला कोरियामा अमेरिकी कन्सुलर अफिसरका रूपमा कार्यरत ग्रेगोरी हेण्डरसनले स्वीकारेका छन् - 'सन् १९५० मा दक्षिण कोरियाली शासकहरूले १ लाख मानिसहरूको हत्या गरेका थिए, ता कि ती राजबन्दीहरूको सहयोग लिएर उत्तर-कोरियाका क्रान्तिकारी सैनिकहरूले दक्षिण कोरियामाथि कब्जा गर्न नसकून् ।'

हत्या गरिएका अधिकांश मानिसहरू कोरियामाथि साम्राज्यवादी-हरूको उत्पीडन र स्वदेशी पूँजीपतिहरूको दमन, शोषणको विरोध गर्ने र देशको मुक्तिको लागि लडिरहेका क्रान्तिकारीहरूप्रति सहानुभूति राख्ने क्रान्तिप्रेमी र क्रान्तिकारीहरू थिए । उत्तर कोरियाका क्रान्तिकारीहरू दक्षिण कोरियाको मुक्तिका लागि संघर्ष चलाउँदै युद्धमोर्चामा अगाडि बढ्दै आइरहेको स्थितिमा १ लाख क्रान्तिकारीहरू र क्रान्तिप्रेमीहरू जेलमा जिउँदै हुनु र तिनीहरूलाई त्यत्तिकै छाडेर हिड्नु भनेको आफ्नो लागि ठूलो खतराको रूपमा महसूस गरे - अमेरिकी साम्राज्यवाद र त्यसका दक्षिण कोरियाली मतियारहरूले । त्यसैले मै ती सबै बन्दीहरूलाई निर्ममतापूर्वक मारेर तिनीहरू पछि हटेका थिए । यी हत्याकाण्डहरू जुलाई १९५० मा *देइजोन* कारागारमा र सेप्टेम्बर १९५० मा *सुवोन* नामक जेलमा भएका थिए ।

ती दुवै नरसंहारहरूको वारेमा अमेरिकी साम्राज्यावादले केही महिना अगाडिसम्म त्यसको सम्पूर्ण जिम्मेवारी उत्तर कोरियाको टाउकोमाथि थोपर्दै आएको थियो । तर, जब अखवारहरूले ती दुवै नरसंहारका प्रत्यक्षदर्शीहरूलाई उभ्याएर अमेरिकी साम्राज्यवादलाई नांगेभार पारे, तब अमेरिकी पूँजीवादी पत्रिका 'न्यूजवीक'ले समेत स्वीकारोक्तिका साथ समाचार दियो - अमेरिकी सैनिक अधिकारीहरूको उपस्थिति बीच दक्षिण कोरियाली सैनिक र पुलिसहरूले ती नरसंहारहरूको आयोजना गरेका थिए ।

'न्यूजवीक' दक्षिण कोरियाली सैनिक र पुलिसहरूले नरसंहार गरिरहँदा दुईजना अमेरिकी सैनिकहरूले *लाइका* क्यामराले फोटो नखिचेका भए *देइजोन* कारागारको त्रासदी इतिहासको फैसलाबाट मुक्त हुनेरहेछ भन्ने विश्लेषण गर्दै लेख्छ - एक जना अमेरिकी मेजरले नरसंहारका दृष्यहरू क्यामेरामा कैद गरे । दक्षिण कोरियाली सैनिक र प्रहरीहरूले आफ्ना शिकारहरूलाई खुला चौरमा लगे अनि ट्रेन्चमा बथानकाबथान बन्दीहरू हुले । त्यसपछि गोलीले भुट्न थाले । एउटा दुखद् तस्वीरमा फाइरिङ स्क्वाडका सैनिकहरू लाशहरूको डंगूरबीच-बचेखुचेका मानिसहरूलाई मार्नका लागि बन्दूक सोभ्याउँदै हिँडिरहेका छन् ।

'न्यूजवीक'का अनुसार, त्यसबेला अमेरिकी सैनिक सहचरीका रूपमा कोरियामा कार्यरत लेफ्टिनेन्ट कर्णेल बबे एकवर्ड्सले आफ्नो संस्मरणमा लेखेका छन्- "१८०० जना राजबन्दीहरूलाई मार्न दक्षिण कोरियाली सैनिक पुलिसहरूलाई ३ दिन लागेको थियो । दक्षिण कोरियाली पुलिसहरूले युद्ध शुरू भएपछि योभन्दा ठूला ठूला हिंस्रक नरसंहारहरू गरेका थिए ।"

कोरिया टाइम्स र अरू दक्षिण कोरियाली अखवारहरूले *देइजोन* नरसंहारका प्रत्यक्षदर्शीहरूमध्ये दुई जना अष्ट्रेलियाली अधिकारीहरू र एकजना फ्रान्सिसी पादरीलाई सार्वजनिक गरेका छन् । उनीहरूले अमेरिकी सैनिक अधिकारीहरूको उपस्थितिमा दक्षिण कोरियाली सैनिकहरूले *देइजोन*को कारागारमा मारेका ७ हजार राजबन्दीहरूमध्ये १७ सय जनाको हत्याको दृश्य आफ्नै आँखाले देखेका थिए ।

'How many times can I die ?' नामक आफ्नो संस्मरणात्मक किताबमा पहिलेका अमेरिकी सैनिक-गुप्तचर अधिकारी डोनाल्ड निकोल्सले *सुवोन* कारगारमा दक्षिण कोरियाली सैनिकहरूले अमेरिकी सैनिकहरूको आदेशमा गरेका नरसंहारको विस्तृत रिपोर्ट दिएका छन् । त्यहाँ बन्दी बनाइएका १८ सय कम्युनिष्टहरू र श्रमिक नेताहरूलाई दक्षिण कोरियामा अमेरिकी सैनिक सरकार हुँदा सन् १९४५ देखि १९४८ मा गिरफ्तार गरिएको थियो । पछि अमेरिकी सैनिक सरकारको काँधमा चढेर सत्तासीन भएका दक्षिण कोरियाली बुख्याँचा *सिङमन री* का सैनिकहरूले सो आमहत्या गरेका थिए ।

अमेरिकाको शिकागो विश्वविद्यालयको कोरियाली युद्ध इतिहाससम्बन्धी विशेषज्ञ ब्रुश कमिङ्स भन्छन् - "देइजोन नरसंहारजस्तो भीषण अपराध र नृशंसताबाट भाग्ने अमेरिकी निर्णयले यसमा अमेरिकी सरकारको संलग्नताको तथ्यलाई बैधानिक बनाएको छ ।"

अहिले उत्तर र दक्षिण कोरियामा मात्र होइन, अमेरिकामा समेत कोरियाली युद्धमा अमेरिकी सैनिकहरूले गरेका नरसंहारहरू, हवाई आक्रमणहरू र नृशंस दमनहरूको निष्पक्ष छानवीनको माग भइरहेको छ । त्यस्ता मागहरूमध्ये *नो गुन रि* आमहत्या जस्तो अत्यन्त गंभीर त्रासद घटनासम्बन्धी छानवीनको मागमा सबैभन्दा बेसी आवाज उठिरहेको छ । त्यही मागकै फलस्वरूप अमेरिकी राष्ट्रपति विल क्लिन्टनले *नो गुन रि* आमहत्यासम्बन्धी सम्पूर्ण कुरा खुलस्त पार्ने वचन दिएका छन् ।

*नो गुन रि* आमहत्याको बारेमा राम्ररी छानवीनसहित सत्य-तथ्य प्रकाशमा आएमा अमेरिकी साम्राज्यवादको पाशविक रूप अझै नराम्ररी नाङ्गिने निश्चित देखिन्छ । त्यसैले अमेरिकी सैनिकहरू र तिनीहरूको एक नाइकेका रूपमा परिचित अमेरिकी रक्षा मन्त्री लोइस काल्डेराले दक्षिण कोरियाको भ्रमणताका अमेरिकी सैनिकहरूको अत्याचारको एकपछि अर्को पोल खुल्ने डरले भनेका छन् - "युद्धका एक-एक घटनाहरूको छानवीन गरेर रौंचिरा पारेर हेर्न संभव छैन ।"

उता, दक्षिण कोरियाको रक्षा मन्त्रालयमा पनि अमेरिकी र दक्षिण कोरियाली सैनिकहरूद्वारा भएका युद्ध-अपराधको छानवीनको माग गर्दै ३७ वटाभन्दा बेसी अपीलहरू परेका छन् । त्यस्तै, सडकबाट पनि यसबारे आवाजहरू घन्किरहेका छन् ।

गत माघको पहिलो हप्ता दक्षिण कोरियाका राष्ट्रपति किम दाय जुङले नो *गुन रि न* आमहत्याभन्दा पनि डरलाग्दो नरसंहारको बारेमा छानवीन गर्न स्वीकृति दिएका छन् । कोरियाली युद्धभन्दा अगाडि सन् १९४८ मा अमेरिकाद्वारा निर्मित दक्षिण कोरियाली शासकहरूले कम्युनिष्ट-हरूलाई सखाप गर्ने नियतले ३० हजारभन्दा बेसी बामपन्थीहरू र उनीहरूका परिवारजनहरूको निर्मम हत्या गरेको सम्वन्धमा जाँचबुझ गर्ने काम अब कोरियाली संसदीय छानवीन समितिले गर्ने भएकोछ । ❑



*अमेरिकी र दक्षिण कोरियाली सैनिकहरूद्वारा वामपन्थीहरूको हत्या गरिँदै*

**दक्षिण कोरियाली सैनिक र प्रहरीहरूले आफ्ना शिकारहरूलाई खुला चौरमा लगे अनि ट्रेन्चमा बथानकाबथान बन्दीहरू हुले । त्यसपछि गोलीले भुट्न थाले ।**

*(छेजु र शिन्छोनका जनता-हरूको आमहत्याको दर्दनाक दृश्य अर्को अंकमा ।)*

## द्वन्दवादी भौतिकवाद

# परिमाणको गुणमा र गुणबाट परिमाणमा हेरफेरको नियम



◆ प्रज्ञान रत्न

### यो नियमको आविष्कार र बिकास

यो हेगेलले पत्ता लगाउनुभएको द्वन्दवादको एउटा मुख्य नियम हो, जसलाई मार्क्स र एंगेल्सले आफ्नो द्वन्दवादी, भौतिकवादी दर्शनमा ग्रहण गर्नुभयो । हेगेलले यो नियम आदर्शवादी ढंगले बिकसित गर्नुभएको थियो । उहाँले यो नियम विचारको क्षेत्रमा मात्र लागु हुने बताउनुभएको थियो ।

हेगेलको गल्ती कहाँ थियो भने, बिचारको क्षेत्रमा मात्र लागू हुने यो नियम प्रकृति र इतिहाससमाथि जर्वदस्ती थोपर्ने, प्रकृति र इतिहासबाट चाहिं यो नियम निचोडको रूपमा ननिकाल्ने धारणा उहाँले राख्नुभएको थियो ।


मार्क्स र एंगेल्सले हेगेलको यो आदर्शवादी ढंग र पद्धतिलाई बिल्कूलै उल्ट्याउनु भयो । उहाँहरूले के बिचार अघि सार्नु भयो भने, बिचारको क्षेत्रमा मात्र लागु हुने भनिएको नियम प्रकृति र समाजमाथि जर्वदस्ती थोपर्न खोज्नु गलत हो । यो आदर्शवादी बिचार हो । मुख्य कुरा हो-प्रकृति र समाज चाहिँ यही नियम अनुसार बिकसित भइरहेको छ कि छैन ? - त्यो ठेगान गर्नु ।

मार्क्स र एंगेल्सले प्रकृति विज्ञान र इतिहासको थुप्रै पछिल्ला बैज्ञानिक आविष्कारको अध्ययन-अनुसन्धानका आधारमा के निष्कर्ष अघि सार्नु भयो भने प्रकृति र इतिहास दुवै यही नियमअनुसार विकसित भईरहेका छन् । तसर्थ, विचारको क्षेत्रमा मात्र लागु हुने नियम प्रकृति र इतिहाससमाथि लाद्ने कुरो होइन, प्रकृति र इतिहास दुवै यही नियमअनुसार बिकसित भइरहेको हुनाले बिचारको विकासमा पनि यही नियम लागु गर्न खोज्ने हो । बिचार वास्तविकतामाथि थोपर्न खोज्नु आदर्शवाद हो । सही कुरा र भौतिकवाद त वास्तविकताका आधारमा विचार बनाउन खोज्नु हो । हेगेल यही कुरामा चुक्नु भयो ।

त्यसैले, परिमाणको गुणमा र गुणबाट परिमाणमा हेरफेरको नियमको आविष्कार त हेगेलले गर्नुभएको थियो, विश्वमा पहिलोपटक र विचारको विकासको नियमका रूपमा । परन्तु यो नियमलाई प्रकृति, इतिहास र विचार-तीनवटैको विकासको नियमका रूपमा पेश गर्ने काम चाहिं सर्वप्रथम मार्क्स र एंगेल्सले नै गर्नुभयो । बिशेष गरी एंगेल्सले गर्नुभयो ।

एंगेल्सले लेख्नुभयो : "...मेरो निम्ति द्वन्दवादका नियमहरू प्रकृतिमाथि लाद्ने कुनै सवाल थिएन, बरू यी नियमहरू प्रकृतिमा पत्ता लाउने र यसबाट तिनीहरूको विकास गर्ने कुरा थिए ।"

[Anti-Duhring, दोस्रो संस्करणको भूमिका, Foreign Languages press, Peking, 1976, पृष्ठ १३]





कार्ल मार्क्स र फ्रेडरिक एंगेल्स

**मार्क्स र एंगेल्सले हेगेलको यो आदर्शवादी ढंग र पद्धतिलाई बिल्कूलै उल्ट्याउनु भयो । उहाँहरूले के बिचार अघि सार्नु भयो भने, बिचारको क्षेत्रमा मात्र लागु हुने भनिएको नियम प्रकृति र समाजमाथि जर्वदस्ती थोपर्न खोज्नु गलत हो**

### यो नियमको चूरो कुरो

यो नियमको चूरो कुरो के हो भने, प्रकृति र समाजमा गुणात्मक परिवर्तन तब मात्र हुन्छ, जब त्यहाँका पदार्थमा वा गतिमा परिमाणात्मक थप वा घट हुन्छ ।

प्रकृति र समाजमा कुनै पनि कुरा स्थिर छैनन् । प्रत्येक कुरा निरन्तर बदलिरहन्छन् । यो बदलाहट पहिले परिमाणको थप वा घटमा हुन्छ, अनि मात्र गुणमा हुन्छ । पदार्थ वा गतिको वा ऊर्जाको परिमाणमा थप या घट नभईकन एक्कासी कुनै कुरा पनि गुणात्मक रूपले अर्को नयाँ कुरामा बदलिँदैन ।

यो कुराको ज्वलन्त उदाहरण तपाईं हाम्रै अगाडिका थुप्रै घटनामा दिन सकिन्छ ।

पानीको अवस्थामा गुणात्मक हेरफेर आएर यो बाफ वा बरफमा बदलिन एउटा खास वातावरणीय प्रेसरमा पानी पहिले एउटा निश्चित परिमाणमा तातिनु वा चिसिनु पर्दछ । पानी बाफमा बदलिन सामान्य वातावरणीय प्रेसरमा १०० डिग्री तापक्रमको विन्दुसम्म यो तातेको हुनुपर्छ । यो बरफमा बदलिन ० डिग्री तापक्रमको बिन्दुसम्म यो चिसिएको हुनुपर्छ । त्यही पानी ५५० डिग्रीको तापक्रमसम्म तताइयो भने प्लाज्मामा रूपान्तरित हुन्छ ।

एंगेल्सले 'प्रकृतिको द्वन्दवाद' नामक आफ्नो अपूर्ण ग्रन्थमा यसका केही ठोस उदाहरणहरू पेश गर्नुभएको छ । उहाँका अनुसार- "बिजुलीको बल्वमा रहेको प्लाटीनमको तार चम्किलो बस्तुका रूपमा बल्न एउटा निश्चित न्यूनतम परिमाणमा करेण्टको ऊर्जा जरूरत हुन्छ, हरेक धातुको तातिएर बन्ने र पगल्ने तापक्रम हुन्छ, हरेक तरलको खास प्रेसरमा एउटा निश्चित जम्ने र उम्लने विन्दु हुन्छ, प्रत्येक ग्याँसको एउटा निर्णायक विन्दु हुन्छ, जसमा यसलाई प्रेसर र चिस्याउने क्रियाद्वारा तरलमा बदल्न सकिन्छ । छोटकरीमा भन्ने हो भने, तथाकथित नबदलिने भौतिक अवस्था भनेको बढीजसो अरू केही नभएर त्यस्ता निर्णायक विन्दुहरूको नाम हो, जसमा गतिको परिमाणात्मक जोड वा घटाउले संबन्धित बस्तुको अवस्थामा गुणात्मक परिवर्तन पैदा गर्छ, जसमा त्यसैले, परिमाण गुणमा रूपान्तरित हुन्छ ।"

- फ्रेडरिक एंगेल्स, Dialectics of Nature, Progress Publishers, Moscow, 1976, पृष्ठ ६५

हामी भन्छौं - २०४६ सालमा नेपालमा पंचायती व्यवस्था नामको सामन्ती एकतन्त्र ढल्यो र बहुदलीय व्यवस्था नामको पूँजीवादी प्रजातन्त्र आयो । इतिहासमा राजनीतिक प्रणालीका हिसावले यसरी २०४६ सालमा नेपालमा गुणात्मक हेरफेर देखापर्‍यो । परन्तु यो राजनीतिक प्रणालीमा गुणात्मक हेरफेर एक्कासी आएको घटना थिएन । नेपाली जनताको ३० वर्ष लामो संघर्षको गति वा ऊर्जाले यहाँको शक्ति सन्तुलनमा ल्याउँदै गरेको मात्रात्मक हेरफेरको निर्णायक विन्दु मात्रै २०४६ साल थियो । २०४६ सालमा त खालि परिमाण गुणमा रूपान्तरित भएको मात्रै हो, पानी १०० डिग्रीमा बाफमा परिणत भएजस्तो । परिमाणमा पानी तात्ने-तताउने क्रम त २०१७ सालदेखि नै प्रारम्भ भएको थियो, जतिखेर बहुदलीय व्यवस्था ढालेर निरंकुश राजतन्त्र नेपालमा फेरि स्थापित गरिएको थियो ।


मानवशास्त्रले भन्छ कि आजभन्दा

६० देखि ४० लाख वर्ष पहिले पृथ्वीमा हात फुक्का भएका ढेडुहरूको विकास भयो, हात फुक्का भएका यिनै ढेडुहरू नै मानव जातिको पहिलो पुर्खा थिए । एकथरि ढेडुको हात फुक्का हुनु मानव विकासको इतिहासको पहिलो महान फड्को थियो । आजभन्दा २५ लाख वर्ष पहिलें यिनै हात फुक्का भएका ढेडुहरूले पहिलोपटक ढुंगाको आदिम औजार विश्वमा निर्माण गर्न थाले । मानव विकासको इतिहासमा यो दोस्रो महान फड्को थियो ।

हो, ढेडुहरूको हात फुक्का हुनु र उनीहरूले ढुंगाको औजार निर्माण गर्नथाल्नु मानव जातिको इतिहासमा महान फड्को थियो । जन्तुको मानवमा गुणात्मक रूपान्तरण थियो यो । किनभने, कुनै अर्को जन्तुको पनि शरीरको संरचना यस्तो छैन कि उसको हात फुक्का होस्, त्यसले श्रमको औजार निर्माण गर्न सकोस् र फलस्वरूप आफ्नो जीविका उत्पादन गर्न सकोस् । परन्तु, मुख्य प्रश्न हो - के यो गुणात्मक हेरफेर एक्कासी र उत्तिकै आएको घटना थियो ? के अलगथलग रूपमा ६० देखि २५ लाख वर्ष पहिले ढेडुले एकाएक यस्तो क्षमता हासिल गरेको थियो ?

मानव शास्त्रले के पत्ता लगाएको छ भने, यो घटना एक्कासी र उत्तिकै घटेको गुणात्मक फड्को थिएन । एकथरि ढेडुमा यो अलगथलग रूपमा र एकाएक आएको गुणात्मक रूपान्तरण थिएन । ढेडुमा यो गुणात्मक हेरफेर आउन लाखौं वर्ष लामो संघर्ष गर्नुपरेको थियो- अस्तित्वको बाध्यतावश । लाखौं वर्ष लामो संघर्षले ल्याएको मात्रात्मक हेरफेरपछि मात्र यो गुणात्मक हेरफेर पैदाभएको थियो ।

आजभन्दा एक करोड साठी लाखदेखि एक करोड दश लाख वर्ष पहिले जंगलै जंगलले भरिएको अफ्रिकाको उष्ण प्रदेशीय जंगलहरू वर्षाको कमीले नष्ट भएपछि र ती भूभागहरू लामा लामा घाँस भएका फाँटमा बदलिएपछि त्यहाँका ढेडुहरूको सामुन्ने नयाँ अस्तित्वको संकट देखापर्‍यो । जंगल हुँदा रूख चढेर उनीहरू शत्रुबाट ज्यान जोगाउन सक्थे । अब रूखै नभएपछि शत्रुबाट ज्यान जोगाउने कसरी ? बाँच्नका लागि खाना खोज्ने कसरी ? ढेडुहरूको अस्तित्वको लागि यो नयाँ संकटले ठूलो चुनौती खडा गर्‍यो । लामा लामा घाँसका फाँटमा खाना खोज्न र जोगाउनका लागि शत्रु आयो कि भनेर दायाँ-बायाँ अगाडि पछाडि फर्केर हेर्नका लागि पछाडिका दुई खुट्टाले मात्र टेकेर हिंड्नु पर्ने



*अक्सीजनका दुईवटा परमाणु मिलेर अक्सीजन तत्वको अणु बन्यो भने त्यो हामीले सास लिने प्राणवायु- अक्सीजन बन्दछ । तर, त्यही परमाणु तीनवटा मिले भने गुणमा बिल्कुलै भिन्न अर्को बस्तु बन्दछ - ओजोन ।*

*ढेडुहरूको हात फुक्का हुनु र उनीहरूले ढुंगाको औजार निर्माण गर्नथाल्नु मानव जातिको इतिहासमा महान फड्को थियो*

बाध्यता आयो । यस्तो नयाँ बाध्यात्मक गतिविधि उनीहरूले लाखौं वर्षसम्म लगातार गर्नुपर्‍यो ।

यो क्रममा जुन जुन ढेडु बाँदरले - बदलिएको परिस्थिति अनुकूल आफूलाई बदल्न सकेनन्, ती सबै या त भोकै मरे या हिंस्रक मांसाहारी जन्तुको शिकार भए । जो ढेडु बसाई सरे, ती बाँचे, तर ढेडुको ढेडु भईरहे । जुन ढेडुहरू घाँसिला क्षेत्रहरूमा नै रहिरहे परन्तु बदलिएको परिस्थिति अनुकूल दुईखुट्टाले टेकेर हिंड्नु पर्ने प्राकृतिक बाध्यतालाई उनीहरूले लाखौं वर्षको प्रयत्नपछि शारीरिक स्वभावको रूपमा ग्रहण गरे, ती ढेडुहरू मात्र अरू सारा ढेडुहरूभन्दा गुणात्मक रूपले फरक भए, उनीहरूको हात फुक्का भयो । हात फुक्का भएका ढेडुले नै अरू लाखौं वर्षको संघर्षपछि श्रमको औजार बनाउन सके, श्रम गरेर जीविकाको उत्पादन गर्नसके । जीविकाको उत्पादनको निम्ति श्रमले नै ढेडुलाई मानवमा रूपान्तरण गर्‍यो ।

यो छोटो दार्शनिक लेखमा हामी मानव विकासको इतिवृत्तान्त दिन सक्दैनौ । परन्तु, समाज विज्ञान र इतिहासबाट पनि के निष्कर्ष निकाल्न सकिन्छ भने, जसरी प्रकृतिमा परिमाणात्मक हेरफेरले एउटा निर्णायक विन्दुमा गुणात्मक हेरफेर ल्याउँछ, ठीक त्यसरी नै इतिहासमा पनि, समाज विज्ञानमा पनि, गुणात्मक हेरफेर तब मात्रै आउँछ, जब परिमाणात्मक हेरफेर बढ या घटको रूपमा एउटा निर्णायक विन्दुसम्म विकसित हुन्छ । कुनै पनि गुणात्मक हेरफेर एक्कासी र अलगथलग रूपमा देखा पर्दैन । गुणात्मक हेरफेरको ऐतिहासिक सिलसिला हुन्छ र त्यो सिलसिला मात्रात्मक हेरफेरको रूपमा हुन्छ । मात्रात्मक हेरफेरको सिलसिलाको एउटा हद हुन्छ, एउटा निर्णायक विन्दु हुन्छ, एउटा उत्कर्ष हुन्छ, जसमा मात्रा गुणमा रूपान्तरित हुन्छ । यसैलाई फड्को भनिन्छ ।

एंगेल्सका अनुसार हामी प्रकृतिमा थुप्रै गुणमा भिन्नै बस्तुहरू देखिरहेछौं । यी सबै गुणमा भिन्न बस्तुहरू यसकारणले भिन्न छन्, किनकि यी बस्तुको रासायनिक संरचना भिन्न छ, या यिनीहरूमा गति वा ऊर्जाको भिन्नाभिन्नै मात्रा वा रूप छ वा ज्यादाजसो दुवै छ । त्यसैले पदार्थ वा गतिको थप वा घटबिना कुनै पनि बस्तुको गुण बदल्नु असंभव छ ।

यो कुरा रसायन-शास्त्रमा सबैभन्दा छर्लंग देखिन्छ । त्यसैले, एंगेल्सले रसायनशास्त्रलाई त्यस्तो विज्ञानको रूपमा नामाकरण गर्नुभएको छ जसमा मात्राको संरचनामा आएको हेरफेरले बस्तुहरूमा गुणात्मक परिवर्तन आउँछ ।

उदाहरणका लागि, अक्सीजनका दुईवटा परमाणु मिलेर अक्सीजन तत्वको अणु बन्यो भने त्यो हामीले सास लिने प्राणवायु- अक्सीजन बन्दछ । तर, त्यही परमाणु तीनवटा मिले भने गुणमा बिल्कुलै भिन्न अर्को बस्तु बन्दछ - ओजोन ।

संसारमा अहिलेसम्म १०५ वटाभन्दा ज्यादा तत्वहरू फेला परेका छन्, जो गुणमा एक आपसमा नितान्त भिन्न छन् । तर यो भिन्नता ती तत्वहरूमा इलेक्ट्रोन र प्रोटोनको विभिन्न मात्राले पैदा गरेको देखिन्छ । जस्तो -

◆ हाइड्रोजन नामको तत्वमा - इलेक्ट्रोन १, प्रोटोन १ हुन्छ ।

◆ हेलियम नामको तत्वमा - इलेक्ट्रोन २, प्रोटोन २ हुन्छ

◆ लिथियम नामको तत्वमा - इलेक्ट्रोन ३, प्रोटोन ३ हुन्छ

र, यिनै अहिलेसम्म थाहा भएका १०५ वटाभन्दा ज्यादा तत्वहरू मिलेर संसारका तमाम बस्तुहरू बनेका छन् । यसरी हेर्दा संसारमा गुणमा भिन्न तर अनगिन्ती बस्तुहरू कुन कुन तत्वहरू मिलेर बनेका छन् भन्ने कुराले ल्याएको छ र गुणमा भिन्न अलगअलग तत्वहरू चाहिं ती तत्वमा कुन संख्यामा इलेक्ट्रोन र प्रोटोन छन् भन्ने कुराले ल्याएको छ । यसप्रकार संसारमा अलग अलग गुणका अनगिन्ती भिन्न बस्तुहरूको मतलब हो- तिनीहरूमा रहेको अलगअलग तत्व अर्थात् अलगअलग इलेक्ट्रोन र प्रोटोनको संख्या ।

मात्राको गुणमा रूपान्तरणबारे योभन्दा स्पष्ट उदाहरण अरू के हुनसक्छ ?

❑ (क्रमशः)

# हामीले आफूलाई 'राजनीति पीडित' ठान्ने कि नठान्ने ?

- चन्द्रदेव नेपाली -

**यतिखेर जनता प्रश्न गर्दैछ- यसरी आज हामीबाट अकुत संपत्ति हडप्ने रहेछौ त हिजो त्यो कथित 'त्याग' नै किन गऱ्यौ ? ऋणीको स्वीकृति बेगर नै उसका थाप्लामा किन ऋण लाद्यौ ?**

स्वास्थ्यको हिसावले गंभीर र चिन्ताजनक हालतमा पुग्नुभएका वामपन्थी नेता क. निर्मल लामालाई यही वैशाख ८ गते काठमाण्डौमा जनस्तरबाट अभिनन्दन गर्न आयोजित कार्यक्रममा विभिन्न वक्ताहरूले बोल्नुभयो । क. लामाका असल गुणहरूबारे उहाँहरूले बखान गर्नुभयो । राष्ट्रिय सभागृहको हल र हलबाहिर चौरमा समेत बसेर सुनीरहेका थुप्रै दर्शक-श्रोताहरूले वक्ताहरूका कुराहरू खुबै ध्यान दिएर सुनीरहेका थिए । क. लामाका प्रसंशनीय गुणहरूको उल्लेख हुँदा दर्शक श्रोताहरू उत्साहित भई बिचबिचमा जोडदार ताली बजाइरहेका थिए ।

कुनै एकजना वक्ताले भने - "२००७ सालको घटनादेखि आफूले लामो समय राजनीतिक-आन्दोलनमा लाग्नु भएतापनि क. निर्मल लामाले 'राजनीति पिडीत'को नाममा सरकारले बेलाबेलामा दिएका कुनै पनि सहायता लिनु भएन ।"

यो सुनेर पनि दर्शक श्रोताहरूले ताली बजाए । यो ताली निकै जोडदार ताली थियो । क. लामाको यो गुण धेरैलाई मन परेको कुराको संकेत थियो यो ।

एक कुराकानीका क्रममा क. लामाले बताउनु भएको थियो - "मैले जे जति राजनीतिक काम गरें, त्यो मेरो मनले 'गर्नैपर्ने काम' ठानेर गरें, मैले आफैंले रोजेर गरेको त्यो काम गर्दा आफू पिडीत भएको म ठान्दिनँ । त्यसैले 'पिडित'को नाममा दिने सुविधा म लिन्नँ ।"

बास्तवमा, जनताको आन्दोलनमा स्वेच्छाले लाग्ने जोकोहीले पनि आन्दोलनमा लाग्दा लिनु पर्ने एकदमै सही दृष्टिकोण हो यो ।

केही वर्षअघि डी. आर. पोखरेलले 'त्यागको मानसिकता' शीर्षकमा 'मूल्यांकन'मा यो दृष्टिकोणको वकालत गर्नुहुँदा उहाँको त्यस लेखले पनि गंभीर अध्येताहरूको ध्यानाकर्षण गराएको थियो । क. लामाको ब्यवहार र भनाइ पनि यो दृष्टिकोणको निकै बलियो र नैतिक वकालत हो ।

वास्तवमा, जनताको आन्दोलनमा लाग्नु भनेको 'पछि ब्याज खाउँला' भनेर अहिले बैंकमा पैसा जम्मा गरेजस्तो कुरा हैन । जसले यसलाई त्यस्तो रूपमा बुझ्छ, त्यसले पछि गएर आफ्नो विगतको 'त्याग'को हिसाव किताव गरी सयौं गुना 'व्यक्तिगत लाभ' हसुर्ने काम गर्छ ।

- अहो ! फलानाजी त हिजो ज्यानै दिएर खटेको मान्छे हुनुहुन्छ, उहाँलाई नै दिनुपर्छ चुनावमा सांसद पदको टिकट ।

- ढीस्कानाजीले हिजो पार्टीको लागि धेरै खट्नुभएको थियो, जिल्ला विकास समितिको सभापति पद उहाँलाई नै दिनुपर्छ ।

- मैले त्यत्रो ठूलो त्याग र बलिदान गरें, आज मलाई नै राजनीतिक नियुक्ति नदिने ? यो त हदै भयो नि !

यस्ता सिफारिस र दावीहरू हामी २०४६



*क. निर्मल लामा, जसले आफूलाई राजनीति पीडित ठान्नुभएन !*

पछिको कांग्रेस पार्टी र केही वामपन्थी पार्टीहरूमा पनि बग्रेल्ती भेट्छौं ।

यी सिफारिस र दावीहरू यही 'त्यागको मानसिकता'का परिणामहरू हुन् ।

यही मानसिकताकै बृहद रूप हो - आजका संसदीय नेताहरूको रातारातको संपत्ति, पजेरो-गाडी र गगनचुम्बी महलहरू !

हिजो जेल बसेको, भूमिगत बसेको वा निर्वासित भएको घटनाको एकएक हिसाव गरी आज जनताबाट मनोमानीसँग व्यक्तिगत फाइदा र सुविधाहरू हडप्ने काम उनीहरू गर्दैछन् ।

यतिखेर जनता प्रश्न गर्दैछ - यसरी आज हामीबाट अकुत संपत्ति हडप्ने रहेछौ त हिजो त्यो कथित 'त्याग' नै किन गऱ्यौ ? ऋणीको स्वीकृति बेगर नै उसका थाप्लामा किन ऋण लाद्यौ ?

ती पजेरोहरू र गगनचुम्बी महलप्रति जनतामा आज फैलिएको घृणा यही प्रश्नकै बृहद् रूप हो ।

क. निर्मल लामाले आफूले लामो समय जेल-नेल खपेको कुरालाई आफ्नो स्वेच्छाले स्वीकारेको बाटोको रूपमा लिनुभयो । त्यो बाटो साँच्चै कष्टप्रद थियो । तर त्यो कष्टलाई आफूले सहेर पनि जन-संघर्षलाई कायम राख्नु, जन-संघर्षको स्वाभिमानलाई ढल्न नदिनु कयौं गुना महत्वपूर्ण र जरूरी ठान्नु भयो उहाँले । त्यो महत्वपूर्ण र जरूरी उपलब्धि आफूले हासिल गर्दा, वा आफूमार्फत् समाजले हासिल गर्दा जुन आत्म-सन्तुष्टी उहाँले प्राप्त गर्नुभयो, त्यसलाई नै उहाँले आफ्नो प्राप्ती ठान्नु भयो । यसरी उहाँको हिसाव त्यतिखेर नै चुक्ता भएको ठान्नु भयो उहाँले ।

बस्तुतः सत्य वा न्यायको पक्षको आन्दोलनमा लाग्नु हरेक मान्छेको कर्तव्य हो । सचेत र मानवीय गुणले संपन्न मान्छेहरू यो कर्तव्य पथमा हिंड्न चाहन्छन् । उनीहरू यो कर्तव्य निर्वाह गरेवापत्, व्यक्तिगत ज्याला खोज्दैनन्, नाफा खोज्दैनन् । पशुजस्तो साँगुरो स्वार्थमा सीमित, पिछडिएको जिन्दगी त्यागेर सत्यमुखी, न्यायमुखी, उज्यालो र उन्नत, संघर्षशील मानवीय जीवन बाँच्न चाहन्छन् उनीहरू । यस्तो उज्यालो र उन्नत जीवन बाँच्न पाउँनुलाई उनीहरू 'पिडीत' भएको ठान्दैनन् । 'पिडीत' नठानेपछि 'पिडीतलाई दिइने राहत वा क्षतिपूर्ति' उनीहरू खोज्दैनन्, स्वीकार्दैनन् । न उनीहरूको त्यस्तो दावी रहन्छ, न त सिफारिस नै ।

आफूले आफ्नो पिछडिएको, पशुवत् जीवन 'त्याग' गर्नु त ठूलो उपलब्धि पो हो त, त्यसलाई 'पीडा' किन ठान्ने ?

जसले पीडा ठान्दछ, उसले पछि त्यसवापत क्षतिपूर्ति असुल्छ जनताबाट- पजेरो, गगनचुम्बी महल आदि आदि र अनेक ।

त्यसैले हाम्रो आन्दोलनमा धेरै नेता-कार्यकर्ताहरूमा हावी भैरहेको 'त्याग'को यो गलत मानिसकता हटाइनु जरूरी छ । यो हट्ने हो भने धेरै विकृतिहरू दूर हुनेछन् । क. निर्मल लामामा यो विकृति नरहनुको मूल कारण यो गलत मानसिकता उहाँमा नरहनु नै हो ।

व्यक्तिगत रूपमा आफ्नो चेतना, समर्पण र सामर्थ्यको सीमा बुझेर, जति सकिन्छ त्यति गर्ने, जति गर्ने हो, त्यति भित्रैदेखि समर्पित भएर गर्ने, अरूको मुक्तिको 'दया'को मानसिकता वा ठेकेदारीको मानसिकता लिएर हैन , आफ्नो समेत मुक्तिको आत्मिक सुखानुभुति सहित गर्ने हो भने आन्दोलन ढोंग र पाखण्डबाट मुक्त हुन पनि थाल्नेछ । ❑

# नेपालको प्रथम राजनैतिक संस्था

# प्रचण्ड गोरखा

- विष्णुदेवी श्रेष्ठ

प्रथम विश्वयुद्धको समाप्ती संगसँगै विश्वका विभिन्न मुलुकमा सामन्तवादको अन्त्य र प्रजातन्त्रको उदय शुरू हुनथाल्यो । रूसमा भएको समाजवादी आन्दोलनले विश्वमै हलचल ल्याइदियो । नेपालबाट युद्धमा लड्न गएका केही सैनिकहरू पनि प्रजातान्त्रिक देशहरूबाट प्रभावित भएर नेपाल फर्कन थाले । उनीहरूले आ-आफ्ना गाउँहरूमा प्रजातन्त्रबारे प्रचारप्रसार गर्न शुरू गर्न थाले । त्यसले गर्दा नेपाली जनतामा पनि चेनताको लहर उठ्नथाल्यो । अझ भारतमा भएको अंग्रेज विरोधी आन्दोलनले त नेपालमा प्रत्यक्ष रूपले नै प्रभाव पर्न शुरू भयो ।

नेपालभित्र रहेका नेपाली युवाहरू र प्रवासमा रहेका युवाहरूले पनि राणाशाहीको विरूद्धमा आवाज उठाउन थाले । प्रथम विश्व युद्ध समाप्त भएको लगत्तैपछि वि.सं. १९७७ सालमा सुब्बा कृष्णप्रसाद अधिकारीले 'मकैको खेती' नामक पुस्तक लेखेर राणा शासनमाथि कडा प्रहार गरेका थिए । त्यो पुस्तक लेखेबापत उनलाई राणा सरकारले ९ वर्षको जेल सजायँ दियो । तर तीन वर्षपछि जेलभित्रै उनको मृत्यु भयो ।

यसरी, प्रजातन्त्र चाहने मानिसहरूमाथि राणा शासनको दमन बढेतापनि नेपाली युवाहरू भने देशमा राणाशाही हटाएर प्रजातन्त्र स्थापना गर्ने ध्येयमा अघि बढ्नथाले । वि.सं. १९८८ मा केही युवाहरू मिलेर काठमाडौंमा 'प्रचण्ड गोरखा' नामक एउटा संगठनको स्थापना गरे । देशमा राणाशाही खतम गरेर राजाको बैधानिकतामा प्रजातन्त्रको स्थापना गर्नु त्यस संगठनको उद्देश्य थियो । यस संस्थाका प्रमुख नेताहरू थिए - खण्डमान सिंह, मैनाबहादुर, खड्गमान सिंह र उमेश विक्रम शाह । अरू सदस्यहरू थिए - नानीकाजी सिजापति, रंगनाथ शर्मा, कृष्णप्रसाद वाग्ले आदि ।

तिहारको समयमा श्री ३ महाराजधिराजलाई रोलवालामा रहेका अरू राणाहरू भेट्न जाने समय पारेर सबैलाई एकै ठाउँमा बम हानेर सिध्याउने उनीहरूको योजना थियो । त्यसको लागि भारतका एक जना नेता कपिलदेवकहाँबाट बम तथा हातहतियार ल्याउने भन्ने योजना पनि उनीहरूले बनाएका थिए । राणाहरूलाई कसरी खतम गर्ने भन्नेबारे त्यही संगठनका एकजना सदस्य खड्गमान सिंहले आफ्नो पुस्तक *जेलमा २०* वर्षमा यसरी लेखेका छन् ।

- "वि.सं. १९८८ सालताका महाराज थिए - भीमशमशेर, बस्थे टंगालमा, कमाण्डर चिफ जुद्ध समशेर चाहिं जावलाखेलमा । त्यसताक हालको पुतलीसडक थिएन । जावलाखेलबाट कालिकास्थान हुँदै डिल्लीबजारबाट टङ्गाल जानुपर्थ्यो । डिल्लीबजारको मोड त्यसबेला साँगुरो थियो । त्यही मोडमा चार युवकले बम लिएर धमाधम हानी बग्गी तथा बग्गीको पछिल्तिर रहेका राणाहरूलाई स्वाहा पार्न खोजेका थिए । उहाँ एकजना मात्र टाउके 'महाराज' टङ्गालमा छटपटिन्थे । उनलाई खुत्रुकै पार्न उनैको गारतमा रहेको नानीकाजी सिजापति (बम्बु कर्नेलको नाति)लाई ठीक पारेका थियौं । राणाशाहीका छोरा नाति को कहाँ छन् र कसकहाँ कति जनाको गारत छ, यसको एउटा नक्सा सूची बनाएका थियौं । डिल्लीबजारमा त्यो काण्ड भएपछि भाडाका टुट्टहरू कुनै पनि सती जान आउने थिएनन् । कुनै ठाउँको गारतले राणाशाहीको पक्ष लिन खोजे भने तिनीहरू उपर पनि बम छाड्ने हाम्रो निधो थियो । जसरी जंगबहादुर र उनका भाइहरूले नेपालका राजभक्त, देशभक्त, जान्ने बुझ्ने भाइभारदारहरूलाई कोतमा एकै ठाउँमा मारेका थिए, त्यस्तै हत्याराका सन्तानलाई एकै दिन एकै चिहान पार्ने हाम्रो योजना थियो ।"

यसरी राणाहरूलाई सखाप पारिसकेपछि सेनालाई नियन्त्रण गर्नु जरूरी थियो । सेनालाई नियन्त्रण गर्न सक्ने एउटै शक्ति उनीहरूले राजालाई देखे । त्यसैले राजासंग सम्पर्क राख्न उनीहरूले मान्छे खोज्न थाले । त्यतिवेला राणाहरूले राजालाई कसैसँग भेटघाट गर्न नदिएर दरवारमै बन्दीको रूपमा राखिराखेको थिए । नारायणहिटी राजदरवारमा चौबिसै घण्टा राणा परिवारकै जरनेलको पालो रहन्थ्यो । दरवारमा काम गर्ने मानिसहरू पनि राणाहरूको अति विश्वासिला मात्रै भर्ना गरिन्थे । यस्तो स्थितिमा दरवारसँगै पहुँच भएको र प्रजातन्त्रप्रति आस्थाभएको मानिसको जरूरत थियो । त्यस्तै मानिस खोज्दै जाँदा लक्ष्मण राजा (चन्द्र विक्रम शाह, जुद्ध शमसेरका ज्वाई) लाई उनीहरूले भेट्टाए । खड्गमान सिंहमार्फत् उनीसँग सम्पर्क भयो र करीब १/२ महिनासम्म नै राणाशाही कसरी समाप्त पार्ने भन्ने कुरामा छलफल भयो ।

तर लक्ष्मण राजा राणाशाहीतन्त्र समाप्त पार्ने कुरामा सहमत भए तापनि सबै राणाहरूलाई एकैचोटि खतम पार्ने कुरामा उनको सहमति रहेन । उनको भनाइ पहिले प्रधान मन्त्रीलाई खतम गर्ने, त्यो देखेर त्यसपछि बनेको प्रधानमन्त्रीले सुधारका कामहरू गर्लान्, यदि उनले पनि सुधार गरेनन् भने त्यसलाई पनि खतम गर्ने भन्ने थियो । यो कुरामा *प्रचण्ड गोरखा* का अरू सदस्यहरूको सहमति रहेन । त्यसपछि अरू सदस्यहरूसँग लक्ष्मण राजाले भेटघाट नै गर्न छाडे । र, उनले सबै कुरा प्रधानमन्त्री भीम शमसेर र कमाण्डर इन्चिफ जुद्ध शमसेरलाई भने ।

यसपछि 'प्रचण्ड गोरखा'का सबै सदस्यहरूको पछाडि सी.आइ.डि. लाग्न थाल्यो । साउन २६ गते नै सबै नेताहरू पक्रिए, उनीहरूसँगसँगै रंगनाथ शर्मा, नानीकाजी सिजापति, कृष्णप्रसाद वाग्ले आदि पनि गिरफ्तार भए । उनीहरूलाई राजाको गाथगद्दी ताक्ने अभियोग लगाइयो । बयान लिनुअगाडि नै उनीहरूलाई बाँसमा झुण्डयाएर कोर्रा हानियो । बयान लिने बेलासम्म सबै अधमरो भइसकेका थिए । अन्त्यमा साउन २८ गते राजा त्रिभुवनलाई समेत उपस्थित गराएर उनीहरूलाई सजायँ सुनाइयो । मैनाबहादुर, खण्डमान, खड्गमान र रंगनाथलाई सर्वस्वसहित जन्मकैद सजायँ सुनाइयो । उनीहरूलाई नेल, हतकडी र गलफन्दी ठोकियो र त्यही दिन उनीहरू चारै जनालाई सेन्ट्रल जेलमा लगियो । साहेव उमेश विक्रमलाई राजघरानाको भएकोले पाल्पामा नजरबन्दमा राखियो । नानीबाबु सिजापतिलाई डाँडा कटाइ दिए ।

रङ्गनाथ शर्मा श्रीपुर दरवारको महारानीको निगाहले २ वर्ष, चार महिनामै जेलबाट छुटे । उमेशविक्रम शाह पाल्पामा ३ वर्ष नजरबन्दमा बसेपछि उनी पनि नजरबन्दबाट मुक्त भए । र, उनी आफ्नै घर वरियारपुरमा गएर बस्नथाले । यसको केही समयपछि नै उनको मृत्यु भयो । खण्डमानसिंह, मैनाबहादुर र खड्गमान सिंह जेलमै रहे । वि.सं. १९९० सालको भूकम्पमा जेलमा पानीको हाहाकार भयो । तर प्रशासकले पानीको व्यवस्था मिलाइ दिने सुरसार नै कसेन । त्यसैलाई निहुँ पारेर उनीहरूकै नेतृत्वमा जेलका सबै कैदीहरूले भोक हड्ताल गरे । भनिन्छ, त्यही हड्तालबाटै जेलका कैदीहरूले मकैको पिठोको सट्टा चामल पाउन थालेका हुन् ।

त्यसपछि तीनै जनालाई ६ महिनासम्म गोला ठोकेर पिंजडामा राखियो । यसले गर्दा खण्डमान सिंह र मैनाबहादुरको स्वास्थ्यमा निकै नराम्रो प्रभाव पर्‍यो । दिनपरदिन खण्डमान सिंहको स्वास्थ्य बिग्रँदै गयो । उपचार गराउनको लागि बाहिरबाट बैद्य लानसम्म पनि दिइएन । एक वर्षसम्म खण्डमान सिंह ओछ्यान परे । अन्तिम अवस्थामा उनका भाइ मे.क. केदारमान सिंहले आफू हाजिरी जमानी बसेर उनलाई पशुपतिको घाटमा लगे । एक हप्तापछि वि.सं. १९९२, चैत्र २४ गते घाटमै उनको मृत्यु भयो ।

त्यसको करीव ३ वर्षपछि मैनाबहादुरलाई पनि रोगले ज्यादै च्याप्न थाल्यो । रगतैरगत बान्ता हुनथाल्यो । उनकी ७२ वर्ष पुगेकी आमाले उनलाई बाहिर लगेर उपचार गराउन सरकारसँग बारम्बार अनुरोध गरिन् । तर सरकारले त्यसको

**वि.सं. १९९० सालको भूकम्पमा जेलमा पानीको हाहाकार भयो । तर प्रशासकले पानीको व्यवस्था मिलाइ दिने सुरसार नै कसेन ।**

अनुमति दिएन । आखिर जेलको गोलघर भित्रै वि.सं. १९९५, भाद्र ७ गते ३३ वर्षको उमेरमा उनको मृत्यु भयो ।

खड्गमान सिंह भने, जेलभित्रै एक्लो कष्टमय जीवन बिताउन बाध्य भए । २००७ सालको आन्दोलनपछि नै उनी जेलबाट रिहा भए ।

यी वीर सपूतहरूले बास्तवमा देशमा प्रजातन्त्रको स्थापना गर्ने उद्देश्य लिएर नै 'प्रचण्ड गोरखा'को स्थापना गरेका थिए । तर यसले जनस्तरमा संगठन फैलाउने नीति नलिएर राजपरिवारको सहयोग लिनतिर लागेर, हिंसा तथा आतङ्ककारी नीति प्रयोग गरेर राणाशाही खतम गर्न खोजेकोले आफ्नो उद्देश्य पूरा गर्न नपाउँदै उनीहरू राणाशाहीको कोपभाजनको शिकार हुनपुगे । र, उनीहरू समातिए पछि मात्रै जनताले उनीहरूको उद्देश्य र कार्यबारे थाहा पाए ।

जेहोस्, उनीहरूको नीति गलत भएतापनि उनीहरू देशभक्त तथा प्रजातन्त्रप्रेमी व्यक्तिहरू नै थिए । उनीहरूले देशमा प्रजातन्त्र स्थापना गर्ने ध्येय लिएर नै आफ्नो ज्यान आहुती गरे । धेरै युवाहरूले उनीहरूबाट प्रेरणा पाए । र, राणाशाही विरोधी आन्दोलनमा लाग्न एकजुट भए । आखिर नेपाली युवाहरूको अथक प्रयासबाट राणाशाही अन्त्य भएरै छाड्यो । ❑

*सन्दर्भ स्रोत :*

*१. नेपालको जनक्रान्ति - २००७- भुवनलाल प्रधान२. जेलमा २० वर्ष - खड्गमान सिंह ३. २००७ सालको आन्दोलनमा नेपाल प्रजापरिषद्को भूमिका- डा. राजेश गौतम ४. छानिएका रचनाहरू भाग १- पुष्पलाल श्रेष्ठ* ❑

# 'आरोहण' समूहको नाटक – "कुमारी"

२०४५-४६ साल र २०४८ सालमा "आरोहण शनिवार"को नामले हरेक महिना एउटा एउटा नाटक प्रस्तुत गरेर समेत चचित भएको "आरोहण" समूहले यो वर्ष पनि राजधानीमा त्यस्तै नियमित प्रस्तुति गर्ने भएको छ । प्रत्येक दुई महिनामा प्रस्तुत गरिने सो नाटक-प्रस्तुतिको सृंखलाको पहिलो कार्यक्रम यही वैशाख ७ गते संपन्न भयो ।

सो अवसरमा अशेष मल्लद्वारा लिखित "कुमारी" नाटक प्रस्तुत गरिएको थियो । "आरोहण"का संयोजक तथा सो नाटकका निर्देशक सुनील पोखरेलका अनुसार "आरोहण"लाई राजकीय प्रज्ञा प्रतिष्ठानले सो प्रस्तुतिका निम्ति निःशुल्क हल उपलब्ध गराउने छ । सो द्वैमासिक नाट्य प्रस्तुति नियमित हेर्न चाहने र अन्तर्क्रियामा भाग लिन चाहने दर्शकहरूले रू. ५०० ।- देखि रू. १००० ।- सम्म शुल्क तिरी नियमित सदस्यता लिन सकिने व्यवस्था पनि गरिएको बुझिएको छ ।

आरोहणको प्रस्तुति "कुमारी"मा काठमाण्डौंमा ज्यूँदी देवी भनी "कुमारी"को रूपमा स्थापना गरिने बालिकाहरूले युवा उमेरमा घर फर्केपछि ब्यहोर्नु पर्ने मानसिक घात-प्रतिघातको चित्रण गरिएको छ। 'कुमारी'ले विहे गरेमा लोग्ने मर्छ भन्ने अन्धविश्वासले ग्रस्त पूर्व'कुमारी' इन्द्रमाया आफ्नो लोग्नेलाई कुनै रोग पो लाग्यो कि भन्ने आशंकाले ग्रस्त छे । ऊ आफू र आफूपछिका अरू कुमारीहरू एकै पटक "कुमारी पनि र स्वास्नीमान्छे पनि" बन्न नसकेकोमा असन्तुष्ट मन लिएर प्रस्तुत हुन्छे । नाटक उसैको वरिपरि "कुमारी" छनौटको ज्योतिषीय परंपरा,



## दुई महिने प्रस्तुतिको शुरुवात

कुमारीले बालसुलभ जीवन बाँच्न नपाएको पक्ष र कुमारी -घर छोडेपछि उसलाई समाजले महत्व नदिएको पक्ष आदि प्रसंगमा फैलिएको छ ।

स्थानीय नेवारी बाजागाजा र वेशभुषाको प्रयोगले नाटकमा विविधता थपेको थियो । मंचमा केन्द्र र दायाँबायाँ बनाइएका उच्चासनहरूमा पालैपालो जस्तो गरी प्रकाश केन्द्रीत गरी विविध घटना र स्थानहरूको बिम्ब खडा गरिएकोले पर्दा बन्द नगरिकनै पनि दृष्य बदलिएको आभास दिने प्रस्तुति प्रभावकारी देखिन्थ्यो ।

कुमारी प्रथा मूलतः नेपाली सामाजिक परंपराको एउटा पाटो हो । यो हाम्रो पुर्खाहरूको विश्वास र आस्थाको जगमा खडा भएको थियो । आज बैज्ञानिक चिन्तनको विकासका कारण मान्छेको आस्था र विश्वास पनि बदलिंदै गएको र बस्तुवादी बन्दै गएको छ । यो स्थितिमा "कुमारी" प्रथाको नयाँ विकल्पको खोजी वा यस प्रथामा सुधारको जरूरत – यी दुवै कुरातर्फ समग्रमा नाटकले केही प्रश्नहरू उभ्याउँछ । यो यस नाटकको सकारात्मक पक्ष हो ।

तर आजको वास्तविक समाजमा यो प्रश्न मूर्त रूपमा उठाउने व्यक्तिहरूको उचित र मुखर प्रतिनिधित्व नाटकमा गराउन लेखक तथा निर्देशक हिच्किचाएका देखिन्छन् । नत्र एउटा युवा पात्रले दुई चारवटा विरोधी वाक्यहरू बोलेको देखाउनुमा मात्र यो पक्ष सीमित हुने थिएन ।

कलाकालहरू निशा शर्मा, श्रीओम श्रेष्ठ रोदन, रोमी महर्जन, रामदेवी श्रेष्ठ, मनिष श्रेष्ठ, कृष्णभक्त महर्जन, धनसिं भाट, रवि महर्जन, युवराज घिमिरे, दिलीप न्यौपाने, समीर भण्डारी, कमलमणि नेपाल, सीता मैया राजचल, सृष्टि भट्ट, रोजिन शाक्य, आलिस्का गौतम आदिको अभिनय मझौला स्तरको थियो । तयारी पर्याप्त हुन नसकेको देखिन्थ्यो।

पर्दा बन्द नगर्ने ब्यवस्था गरिंदा इन्द्रमाया र रूद्रमानको कोठाको बीचबाटै अरू प्रसंगका कलाकारहरू मंचमा प्रवेश गरेको देखाइनु पनि केही असंगतिपूर्ण देखिन्थ्यो । ❑

– हरिगोविन्द लुईटेल

# प्रगतिशील लेखक संघले कार्यक्रम तय गऱ्यो

यही वैशाख ३ गते प्रगतिशील लेखक संघको केन्द्रीय समितिको वैठकले २०५७ सालभरिको लागि आफ्नो केन्द्रीय कार्यक्रम तय गरेको छ । वैशाख २४ गते काठमाण्डौमा 'जन-आन्दोलनको दश वर्ष र अभिव्यक्ति स्वतन्त्रता' विषयको विचार-गोष्ठी हुँदै चैत्र १८ र १९ गते रूपन्देहीमा 'समकालीन प्रगतिवादी कथाका प्रवृत्तिहरू' विषयक विचार गोष्ठीमा पुगेर यसको वार्षिक कार्यक्रमको अन्त्य हुनेछ । यस बीचमा, पोखरामा जेठ ७ र ८ गते 'प्रगतिवादी मूल्य मान्यता र लेखकीय आचरण' शीर्षकमा, काठमाण्डौमा असोज ६ र ७ गते भाषिक समानता विषयमा, दाङमा मंसीर २३ र २४ गते 'समकालीन नेपाली कविताका प्रवृत्तिहरू' शीर्षकमा, इटहरीमा माघ २७ र २८ गते 'सांस्कृतिक साम्राज्यवाद र जन-संस्कृतिकर्मीहरूको दायित्व' शीर्षकमा विचार-गोष्ठीहरू हुनेछन् । यी सबै विचार गोष्ठहरूसँगै कवि-गोष्ठीहरू पनि गरिनेछन् ।

प्रलेसंघको उक्त वैठकले साहित्यकारहरू श्यामप्रसाद शर्मा, गोविन्द भट्ट, मोदनाथ प्रश्रित, माणिकलाल श्रेष्ठ, शक्ति लंसाल, रामहरि पौडेल र गंगाप्रसाद उप्रेती रहनुभएको एक सल्लाहकार समितिको गठन पनि गरेको छ । संघको प्रकाशन 'प्रलेस'को निम्ति संपादक मण्डल, देशका विभिन्न क्षेत्रहरूमा संघको कार्य संचालन गर्न क्षेत्रीय र अंचल प्रतिनिधिहरू, संघको आर्थिक सुदृढीकरण गर्न आर्थिक विभाग र प्रगतिशील साहित्यकारहरूको व्यक्ति-वृत्त संकलन गर्ने उप-समिति पनि सो वैठकले चयन तथा गठन गरेको छ।

क. निर्मल लामाको स्वास्थ्यलाभको कामना र लेखक-पत्रकार कृष्णसेन 'इच्छुक'को रिहाइको माग पनि बैठकले गरेको छ । ❑

◀ व्यंग्य

# गद्दारहरू धेरै छन्

- विमल निभा -

> अचेल म अनुसन्धानरत छु । अर्थात् विधावारिधिको क्रियामा धुमधामले संलग्न । मेरो विषय वाम राजनीतिसंग सम्बन्धित छ । शोधको शीर्षक हो - नेपालको कम्युनिष्ट आन्दोलनमा देश-भक्तहरूको स्थान ।

अचेल म अनुसन्धानरत छु । अर्थात् विधावारिधिको क्रियामा धुमधामले संलग्न । मेरो विषय वाम राजनीतिसंग सम्बन्धित छ । शोधको शीर्षक हो - नेपालको कम्युनिष्ट आन्दोलनमा देश-भक्तहरुको स्थान । काम अतीव गहन भएको हुनाले सामग्रीको जोरजाम गर्न विभिन्न कम्युनिष्ट पार्टीका नेताहरुसँग भेटघाट गरिरहेछु । कहिले यससँग त, कहिले उससँग । मलाई एकछिन पनि फुर्सद छैन । कुदेकोकुदै छु । परन्तु भेटघाटपश्चात जुन निष्कर्ष निस्केको छ, त्यसले मलाई विचलित पारेको छ ।

## ६ वैशाख २०५७

सर्वप्रथम मैले एमालेको नेतासँग सम्पर्क गरें । मेरो घर नजिकैको भव्य घरमा बस्छन् । भर्खरै बनाएका हुन् । उनलाई भेटेर मैले भनें, "अभिवादन कमरेड !"

"अभिवादन !" उनले निधार बेस्सरी खुम्च्याए, "भन्नोस्, किन आउँनुभयो ?"

"म तपाईंको छिमेकी नै हुँ कमरेड ।" मैले भनें ।

"हो, थाहा छ । काम के हो ?"

"म शोध गरिरहेछु । यही सिलसिलामा केही जानकारी लिन आएको हुँ । कमरेड एमालेको केन्द्रीय नेता । आवश्यक सहयोग हुने नै छ भन्ने विश्वास लिएको छु ।" मैले आउनुको उद्देश्य स्पष्ट गरें ।

उनले इसाराले स्वीकृति जनाए । मैले सोधें, "नेपालको कम्युनिष्ट आन्दोलनमा देशभक्तहरुको के स्थिति छ ?"

"राम्रो छ । उदाहरणको लागि हाम्रो पार्टीलाई हेर्नोस् । हाम्रा सबै नेताहरु देशभक्त छन् । कम्युनिष्ट राजनीतिलाई देशभक्तिसँग जोड्ने नै हामी हौं ।" उनले जोशपूर्वक भने, "एमालेले सदैव देशभक्तिको राजनीति गरेको छ ।"

"अन्य कम्युनिष्ट पार्टीहरु नि ?"

"कुन कम्युनिष्ट पार्टी ?"

"जस्तो माओवादी, माले, मसाल, एकता केन्द्र, मालेमा, नेमकिपा...।" मैले नाउँ लिएँ ।

"अरु सबै गद्दार हुन् । हामीहरु मात्र देशभक्त हौं । उनीहरुका विषयमा म धेरै केही भन्न चाहँदिन ।" उनले मुख पूरै बिगारे ।

तत्पश्चात् म एक माले नेताको घरमा गएँ । यो घर पनि कम भव्य छैन । घरको मामलामा माले र एमाले एकै हुन् । कुनै अन्तर छैन । मैले घरमा प्रवेश गर्दै भनें, "कमरेड अभिवादन !"

"अभिवादन !" उनले छेउको सोफामा बस्ने संकेत गरे ।

मैले विस्तारै बस्दै भनें, "म एक अनुसन्धानको सिलसिलामा कमरेडसँग केही प्रश्न गर्न चाहन्छु । आशा छ, उचित उत्तर दिनु हुनेछ । शुरु गरौं कमरेड ?"

उनले समर्थनको टाउको हल्लाए ।

"कमरेड, नेपालका कम्युनिष्टहरु र देशभक्तहरुको के सम्बन्ध छ ?" मैले तत्कालै प्रश्न गरें ।

"उत्तम प्रश्न गर्नुभयो । नेपालका कम्युनिष्टहरुमा देशभक्तिको भावना उमार्ने नै हाम्रो पार्टी हो । यही कारणले गर्दा हामी एमालेबाट अलग भएका हौं ।" उनले गम्भीरता धारण गरे,"माले भनेकै देशभक्तहरुको थलो हो ।"

"एमाले देशभक्त होइन ?"

"तिनीहरु गद्दार हुन् ।" उनले तीव्र स्वरको प्रयोग गरे ।

त्यस उप्रान्त म त्यहाँबाट पनि निस्कें । उनी 'पख्नोस्, पख्नोस्, चिया खाएर जानोस्' भन्दैथिए, तर मलाई अरु ठाउँमा पनि जानु थियो । म एक मसालका नेताकहाँ पुगें । उनको घर पनि बन्दै थियो । त्यसैले भव्यताको कुनै अनुमान लगाउन सकिएन । मैले जानासाथ 'लाल सलाम' भनेर आफ्नो उही प्रश्न उपस्थित गरें, "कमरेड, नेपालको कम्युनिष्ट आन्दोलन र देशभक्तिबारे के भन्नुहुन्छ ?"

"हेर्नोस् कम्युनिष्ट आन्दोलन एक अन्तराष्ट्रिय आन्दोलन हो, तर यो देशसँग पनि जोडिएको छ । किनभने, हाम्रो देश यही संसारको एक भूखण्ड हो । त्यसैले कम्युनिष्ट आन्दोलनमा देशभक्तिको लागि स्थान छ ।" उनले विश्लेषण प्रस्तुत गरे ।

"कस्तो स्थान छ ?"

"जहाँसम्म हाम्रो पार्टीको कुरो छ, हामी देशभक्त हौं । हामीलाई देशभक्तिसँग कुनै परहेज छैन । यो हामीलाई मान्य छ ।"

"अरु कम्युनिष्ट पार्टीहरुबारे के विचार छ कमरेड ?"

"अरुहरु गद्दार हुन् । यो हामीले पहिलेदेखि भन्दै आइरहेका छौं । कुनै नौलो कुरो होइन यो । सबभन्दा पहिले गद्दारको खोजी गर्ने हामी नै हौं । पढनोस् 'गद्दार पुष्पलाल' पुस्तक । सबथोक छर्लङ्ग हुन्छ ।" उनको अनुहार उज्यालो भयो ।

यति सुनेर म त्यहाँबाट पनि हिंडे । र एक एकताकेन्द्रका नेताको घरमा पुगें । घर पुरानै थियो । तर भव्यता कमसल थिएन । मैले भनें, "लाल सलाम कमरेड !"

"लाल सलाम !" उनले उत्सुकतापूर्ण नजरले मलाई हेरे ।

"म केही जिज्ञासासहित आएको छु । कमरेडको मद्दत चाहन्छु । आशा छ, मद्दत गर्नुहुनेछ ।"

"भन्नोस्, के जिज्ञासा छ ?"

"कमरेड, नेपालका कम्युनिष्टहरु देशभक्तिपूर्ण छन् ?" मैले आफ्नो सोधाइ अघिसारें ।

"छन् । किन छैनन् ? हामीलाई नै लिनोस् । हाम्रो पार्टी देशभक्तिमाथि निकै जोड दिन्छ । यो अत्यावश्यक छ ।" उनले मलाई सम्झाउँदै भनें, "देशभक्तिलाई कम्युनिष्ट आन्दोलन-बाट अलग्याउनु हुन्न ।"

"अन्य कम्युनिष्ट पार्टीवारे के भनाइ छ कमरेड ?"

"सबै गद्दार हुन् । अरु के भनुँ?" उनले तीक्त भावमा भने ।

अनि म त्यहाँबाट पनि निस्कें र सोझै भक्तपुर पुगें । कमरेड रोहितसँग भेट गर्न । तर उनीसँग भेट हुन सकेन । उनी काठमाडौं गएका रहेछन् । कमरेड रोहितको भव्य घरमा नेमकिपाको एक अर्को नेतासँग मेरो कुराकानी भयो । मैले आफ्नो पुरानो प्रश्नलाई अघि राखें, "कमरेड, हाम्रो देशका कम्युनिष्टहरु कतिका देशभक्त छन् ?"

"अरुको त थाहा छैन, हामीहरु चाहिं पक्का देशभक्त कम्युनिष्ट हौं । यही देशभक्तिको विचार संगसंगै हाम्रो पार्टी हिंडिरहेछ ।" उनले उत्साहको प्रदर्शन गरे, "हामी अरु जस्तो होइनौं ।"

"के अरु कम्युनिष्टहरु देशभक्त छैनन् ?"


"सबै गद्दार हुन् ।" उनको मुड एकाएक खराव भयो ।

## अन्त्यमा

हेर्नोस्त, म नेपालको कम्युनिष्ट आन्दोलनमा देशभक्तहरु खोज्न हिंडेको थिएँ, जताततै गद्दारहरुबारे मात्र जानकारी उपलब्ध भयो । के हो यो ? मलाई त विश्वास नै भइरहेको छैन । के नेपालको कम्युनिष्ट आन्दोलनमा देशभक्तहरु थोरै र गद्दारहरु धेरै छन् ?

मेरो विद्यावारिधिको यो अहिलेसम्मको अचम्मको नतिजाबारे तपाईंहरु के भन्नुहुन्छ ? ❑

> *"अरु कम्युनिष्ट पार्टीहरुबारे के विचार छ कमरेड ?"*



व्यंग्यकार

# सम्पूर्ण जीवन देश र जनताको लागि समर्पण गर्ने



# क. निर्मल लामा

◆ तुल्सीदास महर्जन ◆

त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगञ्जको भि.भि.आई.पि. बेडमा अहिले नेपाली कम्युनिष्ट आन्दोलनका बरिष्ठ नेता क. निर्मल लामा मृत्युसँग जुधिरहनु भएको छ । उहाँको नाकमा अक्सिजनको पाइपजडित छ भने हातको नाडीमा स्लाइन पानीको पाइप । उहाँ अहिले ठोस बस्तु त के, पानीसम्म पनि निल्न नसक्ने अबस्थामा हुनुहुन्छ । त्यस्तै, उहाँले अहिले सामान्य मानिसलेझैं हावामा भएको अक्सिजन आफ्नो शरीरलाई पुग्ने गरी लिन सक्नुहुन्न । त्यसैले उहाँलाई पाइपद्वारा अक्सिजन दिँदै गरिएको छ ।

डाक्टरहरूले उहाँको विशेष उपचार अब समाप्त भइसकेको घोषणा गरेका छन् । उनीहरू अब क. लामालाई उहाँको अत्यन्त छोटो बाँकी जीवन कसरी पीडारहीत बनाउने भन्ने ध्यानमा व्यस्त छन् ।

तैपनि क. लामाका राजनीतिक सहयात्रीहरू र उहाँका परिवारजनहरूले अझै केही उपायहरू बाँकी छन् कि भनेर आयुर्वेद उपचार प्राणाली लगायत केही परम्परागत घरेलु उपचार विधिहरूका औषधीहरू क. लामालाई खुवाइराखेका छन् ।

क. लामालाई आफ्नो रोगको बारेमा पूर्ण जानकारी छ । उहाँको जीवन अब धेरै छैन भन्ने डाक्टरहरूको ठम्याइबारे उहाँलाई पूर्णतः ज्ञान छ । तर उहाँको अनुहारमा अलिकति पनि हतास, निशासको लक्षण देखिँदैन । अहिले उहाँलाई भेट्न जाने मानिसहरूको भीड छ । उहाँ आफूलाई भेट्न आउने सबै व्यक्तिहरूसँग बडो हँसिलो मुहारले स्वागत गर्नुहुन्छ । उहाँको अनुहारलाई हेरेर उहाँको शारीरिक पीडा तथा रोगको स्थितिलाई अन्दाज गर्न मुश्किल छ । उहाँलाई अब धेरै समयसम्म आफू बाँचुला भन्ने छैन ।

औषधीले छुन्छ भन्ने कुरामा उहाँको विश्वास हराइसकेको स्पष्ट बुझिन्छ । तैपनि उहाँ आफूलाई खुवाइने औषधी हाँसीहाँसी खाइरहनुभएको छ । सायद् आफूलाई भन्दा पनि आफ्ना सहयोगी, परिवार-जन तथा शुभ चिन्तकहरूलाई सान्त्वना वा हौसला दिन उहाँ त्यसो गरिरहनुभएको छ ।

क. लामालाई अस्पतालमा भेट्न जाने प्रायः सबैलाई पनि के कुरा थाहा छ त भन्दा, आयुर्वेद तथा परम्पारगत घरेलु औषधीले कुनै चमत्कार देखाएमा बाहेक उहाँ अब धेरै दिन हाम्रो साथमा रहनु हुनेछैन । मजदूर, किसान, विद्यार्थी, बुद्धिजीवि, विभिन्न पार्टीका राजनीतिक नेता तथा कार्यकर्ताहरू, उहाँका आफ्नै पुराना सहयोद्धा, साथीहरू सबैले नै क. लामालाई भेटेर पूर्ण स्वास्थ्य लाभको कामना गरिरहेका छन् । तर सबैलाई के थाहा छ त भन्दा, साँच्चिकै उहाँलाई स्वास्थ्यलाभ हुन्छ भन्ने आशाबाट भन्दा पनि उहाँप्रति सम्मानको भाव व्यक्त गर्ने क्रममा नै ती कामनाहरू गरिएका छन् ।

# मृत्युसँगको संघर्ष : क. निर्मल लामा

◆ जन-अभिनन्दन कार्यक्रममा कसले के भने ?

◆ क. लामाका स्वीकारोक्तिहरु

◆ अहँ कहिल्यै मर्दैन निर्मल लामा !

◆ क. निर्मल लामासँगको विशेष अन्तर्वार्ता

◆नेपाललाई कस्तो बनाउने सपना क. निर्मल लामाको थियो ?

◆नयाँ पिंढीका साथीहरूलाई क. लामा के सुभाव दिनुहुन्छ ?

◆क. लामा आफ्नो पार्टीको हालको बाटोबारे के भन्नुहुन्छ ?

◆क. लामा नेपाली कांग्रेसलाई कस्तो सुभाव दिनुहुन्छ ?

◆आफ्ना गल्तीहरूबारे क. लामा के भन्नुहुन्छ ?

**◆समग्रमा जीवन, राजनीति र परिवारबारे क. लामा के भन्नुहुन्छ ?**

यस्तै क्रममा गत बैशाख ८ गते क. लामालाई काठमाण्डौको राष्ट्रिय सभा गृहमा जन स्तरबाट एक भव्य कार्यक्रमबीच जन-अभिनन्दन गरियो । कार्यक्रममा पूर्व प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले दोसल्ला ओढाई क. लामालाई अभिनन्दन गर्नुभयो भने उक्त अभिनन्दन समारोह समितिका संयोजक तथा स्वतन्त्र वाम नेता क.पद्मरत्न तुलाधरले जनताको तर्फबाट अभिनन्दन-पत्र प्रदान गर्नुभयो ।

त्यस जन-अभिनन्दन कार्यक्रमा केही क्षणको निम्ति उपस्थित हुन क. लामा टिचिङ्ग अस्पतालबाट स्लाइन पानीको शिशी र अक्सिजनको सिलिण्डरसहित एम्बुलेन्सबाट सभागृहमा जानुभएको थियो । उहाँलाई उहाँको उपचारमा संलग्न बरिष्ठ डाक्टर प्रकाश सायमिको नेतृत्वमा डाक्टर तथा नर्सहरूको एक टोलीले सभागृहसम्म जान-आउन साथ दिएको थियो ।

सभागृहको हलभित्र जब क. लामा डाक्टर र नर्सहरूका साथ र सहयोगबाट स्ट्रेचरमा बसी प्रवेश गर्नुभयो, तब खचाखच भरिएको हलभित्रका सबै मानिसहरूले भाव विह्वल भई उठेर धेरै बेरसम्म ताली पिटेर स्वागत तथा सम्मान व्यक्त गरिरहे । कैयौं मानिसहरूको आँखाबाट आँसु बहिरह्यो । फोटो खिच्ने पत्रकारहरूको भीडलाई पन्छाउन स्टेजमा रहेका आयोजकहरूलाई मुश्किल पर्‍यो ।

क. लामालाई मन पर्ने 'लेनिनको सालिक ढाल्दैमा मार्क्सवाद लेनिनवादप्रतिको आस्था मर्दैन' भन्ने आशय रहेको गीत प्रगतिशील कलाकार रायन श्रेष्ठले गाएर शुरू भएको उक्त जन-अभिनन्दन समारोहमा प्रगतिशील साहित्यकार खगेन्द्र संग्रौलाले क. लामाको जीवनी पढेर सुनाउनु भयो भने क. लामा शुरूमा विरामी पददिखि अहिलेसम्को उपचार प्रक्रियाको घटना विवरण 'निर्मल लामा उपचार सहयोग समिति' का अध्यक्ष क. अमिक शेरचनले सुनाउनु भयो । उक्त कार्यक्रमा भूतपूर्व सभामुख दमननाथ ढुङ्गाना, नेकपा (एमाले) का नेता क. भरतमोहन अधिकारी, नेकपा (माले) का अध्यक्ष क. सहाना प्रधान, शान्ता श्रेष्ठ लगायतका विभिन्न वक्ताहरूले क. लामाले नेपालको प्रजातान्त्रिक आन्दोलन तथा कम्युनिष्ट आन्दोलनमा गर्नुभएको योगदानको बारेमा चर्चा गरी उहाँको शिघ्र स्वास्थ्य लाभको कामना गरे ।

सो कार्यक्रम 'निर्मल लामा जन-अभिनन्दन समारोह समिति' का सदस्य भरत लामिछानेले सञ्चालन गर्नुभएको थियो ।

वि.सं. १९८६ साल माघ १ गते दार्जीलिङ्गमा एक गरीब मजदूर परिवारमा जन्मनु भएका क. निर्मल लामा २००७ सालको राणाविरोधी सशस्त्र आन्दोलनमा नेपाली कांग्रेसको भण्डामुनि रहेर जनसेनाको कमाण्डरको रूपमा नेपालको राजनीतिमा प्रवेश गर्नुभयो । शुरूमै मार्क्सवादप्रति लगाव रहेका क. लामा राणा शासनलाई ढाल्न मात्र त्यतिखेर कांग्रेसमा प्रवेश गर्नुभयो । र, राणाशासनको पतनपछि तुरून्त उहाँ कम्युनिष्ट आन्दोलनमा लाग्नुभयो । २०१७ सालमा राजा महेन्द्रले सैनिक कू गरेर पंचायती व्यवस्था ल्याएपछि उहाँ पटक पटक गरी वर्षौं जेलमा पार्नुभयो । २०२७ सालमा जेलबाट छुटेपछि क. मोहनविक्रमहरूसँग मिलेर उहाँ २०३१ सालमा नेकपा (चौम) को गठनमा सरिक हुनुभयो । त्यतिखेर नेपालमा सर्वाधिक विस्तृत र शक्तिशाली पार्टी नेकपा (चौम) मा उहाँ क. मोहनविक्रमपछिको दोस्रो नेता बन्नु भयो । साहसी, इमान्दार र जनमानससँग सजिलै घुलमिल हुनसक्ने क्षमताका धनी क. लामा राजनीतिमा व्यवहारिक नीति निर्माण गर्नमा कुशल हुनुहुन्छ ।

२०३६ सालको राष्ट्रव्यापी जन-आन्दोलनबाट बाध्य भई राजाद्वारा गरिएको जनमत संग्रहको घोषणालाई नेपाली कांग्रेसले स्वागत गरेपछि वामपन्थीहरूले पाँच वटा पूर्वशर्तहरू राखी जनमत संग्रहमा बहुदललाई जिताउन कांग्रेससँग मिलेर संयुक्त संघर्ष गर्ने नीति क. लामाले पार्टीमा ल्याउनु भयो । तर पार्टीको बहुमतले उहाँको प्रस्तावलाई अस्वीकार गरी जनमत संग्रहलाई बहिष्कार गर्ने नीति लियो । पछि अन्तिम समयमा आएर अर्थात् बेला गइसकेपछि मात्र बल्ल पार्टीको बहुमतले जनमत संग्रहमा भाग लिने नीति लियो । सायद शुरूमै बहुदलको पक्षमा मत सुरक्षित गर्न पाँच पूर्वशर्तसहित कांग्रेससँग संयुक्त भई संयुक्त आन्दोलन गरेको भए त्यतिखेर नै बहुदल आउँथ्यो कि भन्ने धारणा क. लामाको रहेको छ । किनकि त्यतिखेरको वाम आन्दोलनको नेतृत्व नेकपा (चौम)को हातमा थियो ।

२०३९ सालमा नेकपा (चौम) फुटेर नयाँ नेकपा (चौम) र नेकपा (मशाल) बने । क.लामा नयाँ बनेको नेकपा (चौम) को नेता बन्नुभयो । क. मोहनविक्रम सिंह नेकपा (मशाल)को नेता बन्नुभयो ।

२०४६ सालको कांग्रेस र वामपन्थीहरूको संयुक्त नेतृत्वमा भएको ऐतिहासिक जन-आन्दोलनले निरंकुश पंचायती व्यवस्थालाई फालेर बहुदलीय व्यवस्थालाई पुनः स्थापना गर्‍यो । तर यसपाली राजतन्त्र संबैधानिक बन्न बाध्य भयो । उक्त जन-आन्दोलनमा नेकपा (चौम) ले खेलेको महत्वपूर्ण भूमिकाको हैसियतले पार्टीको तर्फबाट उहाँले संविधान निर्माण आयोगमा प्रतिनिधत्व गर्नुभयो र २०४७ सालको संविधान बनाउनमा महन्वपूर्ण भूमिका खेल्नुभयो ।

२०४७ सालमा नेकपा (चौम), नेकपा (मशाल) र सर्वहारा श्रमिक संगठन मिलेर नेकपा (एकता केन्द्र) बन्यो । त्यस पार्टीमा उहाँ केन्द्रिय नेता बन्नुभयो । तर २०५१ सालमै पुनः पार्टी

*वैशाख ८ गते जन-अभिनन्दन समारोहमा केही मिनेटका लागि उपस्थित हुनुभएका क. लामा संक्षिप्त मन्तब्य दिनुहुँदै (फोटोमा क. निरञ्जन गोविन्द वैद्य, क. पद्मरत्न तुलाधर र पूर्व प्र.म. कृष्णप्रसाद भट्टराई पनि देखिनु हुन्छ ।)*



फुट्यो । आजका 'माओवादी' हरू त्यतिखेर एकता केन्द्रबाट फुटेर गई उनीहरूले शुरूमा नेकपा (मशाल) बनाए र पछि नाम परिवर्तन गरेर उनीहरू नेकपा (माओवाद) बने ।

क. लामा विश्व कम्युनिष्ट आन्दोलनमा क. माओका योगदानहरूलाई 'माओवाद' भन्ने नाम दिई अहिले नै हतियार उठाई जनयुद्धको नाममा सशस्त्र गतिविधि संचालन गर्ने नीतिलाई उग्र-वामपन्थी भड्काव ठान्नुहुन्छ र त्यससित उहाँ सहमत हुनुहुन्न । उहाँ नेपालको तत्कालीन राजनीतिक कार्य दिशा जनयुद्ध होइन, जन-संघर्ष र जन-आन्दोलन हो भन्ने ठान्नुहुन्छ ।

बिरामी पर्नुभन्दा केही समयअघिदेखि वृद्धावस्थाको कारणले गर्दा उहाँ पार्टीको केन्द्रिय कामको खटन-पटनबाट बिदा लिई म्हेपीस्थित घरमा आफ्नो परिवारका साथमा बस्दै आउनुभएको थियो । तर गत बर्षको साउनको अन्तिम हप्तातिर घाँटीमा अप्ठेरो महशूस भई स्वास्थ्य परीक्षण गराउँदा उहाँलाई अन्न नलीमा क्यान्सर भएको पत्तो लाग्यो । र, डाक्टरहरूले तुरून्त उहाँलाई विदेशमा लगी शल्यक्रिया गराउने सल्लाह दिए ।

क. लामालाई क्यान्सर भएको समाचार सार्वजनिक हुनासाथ तुरून्त उहाँको उपचारको लागि नेकपाका संस्थापक सदस्य तथा नेकपा ( एकताकेन्द्र) का नेता क. नरबहादुर कर्माचार्यको नेतृत्वमा 'उपचार सहयोग समिति' बन्यो भने तीन दिनभित्र जन-स्तरमा ३ लाख ६९ हजार रूपियाँ जम्मा भयो । र , गत भाद्र ४ गते अन्न नलीमा शल्यक्रियाको लागि भारतको मुम्बइको टाटा मेमोरियल क्यान्सर अस्पतालमा भर्ना हुनुभयो । आवश्यक सम्पूर्ण प्रक्रिया पूरा गरिसकेपछि गत भाद्र १७ गते विहिवार क. लामाको शल्यक्रिया सफलतापूर्वक सम्पन्न भयो ।

क.लामाको उपचार खर्च जुटाउन सरकारले शुरूमा उदासिनता देखायो । तर संसद र संचारमा सरकारलाई व्यापक आलोचना भएपछि बल्ल सरकारले क. लामाको उपचारमा लागेको सम्पूर्ण खर्च ब्यहोर्ने निर्णय गऱ्यो ।

भारतमा शल्यक्रियापछि गत अशोज ६ गते उहाँ स्वदेश फिर्ता हुनुभयो । शल्यक्रिया सफल भएकोले आफू पूर्णतः स्वस्थ हुने कुरामा उहाँ ढुक्क हुनुहुन्थ्यो । उपचारको प्रक्रिया अन्तर्गत भारतबाट नेपाल फर्किसकेपछि उहाँ केमोथेरापीको लागि पटक पटक चितवन भरतपुरस्थित वि.पि. मेमोरियल क्यान्सर अस्पतालमा धाउँदै गर्नुभयो ।

तर गत फागुन २१ गते अचानक उहाँ पुनः गम्भीर बिरामी भएपछि भोलिपल्ट फागुन २२ गते भरतपुरस्थित वि.पि. मेमोरियल क्यान्सर अस्पतालमा भर्ना हुनुभयो र परीक्षणबाट उहाँको क्यान्सर रोगलाई शल्यक्रिया र कोमोथेरापीले रोक्न नसकेको प्रमाणित भयो ।

क. निर्मल लामा चैत्रको दोस्रो हप्तातिर चितवनको क्यान्सर अस्पताल छोडी लगातार आफ्नो स्याहारामा जुटिरहेका सहयोगी कमरेडहरू अर्जुन थापा र डिलाराम सापकोटाको साथमा आफ्नो घर काठमाडौं म्हेपी फर्कनुभयो । केही दिनसम्म क. लामा घरमै बसेर आयूर्वेद तथा अन्य घरेलु उपचार विधिका औषधीहरू सेवन गर्दै बस्नुभयो । तर अचानक गत चैत्र २४ गते उहाँलाई सास फेर्न अत्यन्तै कठिन भयो । त्यस दिन नेकपा (माओवादी)ले आह्वान गरेको 'नेपाल बन्द' को दिन थियो । सडकमा गाडीहरू शून्य थिए । अत्तालिंदै क. लामाका सहयोगी क. अर्जुन थापाले एम्बुलेन्स बोलाई उहाँलाई टिचिङ्ग अस्पताल महाराजगञ्जमा पुऱ्याउनु भयो । परीक्षण पछि उपचारमा संलग्न बरिष्ठ डाक्टर प्रकाश सायमिले क. लामाको छातीमा संक्रमण भएकाले त्यसरी सास फेर्न कठिन भएको कुरा सार्वजनिक गर्नुभयो । र, त्यही दिनदेखि अक्सिजन र स्लाइन पानी दिई क. लामा टिचिङ्ग अस्पतालमा राखिनु भएको छ ।

क. निर्मल लामा गरीखाने वर्गको उज्यालो भविष्यप्रति प्रतिवद्ध र त्यसकै निम्ति जीवनभर लड्दै आउनुभएका एक नेता हुनुहुन्छ । उहाँ नेपाल देशको राष्ट्रिय स्वाधीनताको पक्षमा उभिएका एक योद्धा हुनुहुन्छ । उहाँ मार्क्सवादी सिद्धान्तलाई पथप्रदर्शक मान्दै व्यवहारिक आन्दोलनमा होमिनु भएका एक कम्युनिष्ट हस्ती हुनुहुन्छ । प्रतिक्रियावादीहरूको लोभ, लालच, भय, यातना कुनैबाट पनि विचलित नभई आफू र आफ्नो परिवारको लागि भनेर जीवनको थोरै अंश पनि खर्च नगरी सम्पूर्ण रूपमा शोषितपीडित गरीखाने जनताको पक्षमा लड्दै आउनुभएका उहाँ नेपाली जनताका आदरणीय नेता हुनुहुन्छ ।

रोगले विशेष गम्भीर चरणमा प्रवेश गरेको जानकारी भएपछि उहाँले तुरून्त मूल्यांकन मासिकलाई उहाँको आत्म-कथाको बाँकी अंश रेकर्ड गराउन चितवनस्थित क्यान्सर अस्पतालमा डाक्नुभयो । र, हामीले उक्त अस्पतालमा क. लामासँगै ४ दिन रहेर उहाँका स्मृतिहरूलाई रेकर्ड गऱ्यौं । स्मरणीय छ, यस मासिकले विगत डेढ वर्षदेखि क.लामाको आत्मकथाको श्रृंखला प्रकाशित गर्दैआएको छ । यसै सन्दर्भमा हामीले उहाँसँग आत्मकथाबाहेक समग्र विषयहरूमा आधारित एक विशेष अन्तर्वार्ता पनि लिएका थियौं । पछि उहाँले काठमाण्डौ आउनुभएपछि शिक्षण अस्पतालको बेडबाटै यसका नपुग अंशहरू रेकर्ड गराउनुभएको थियो ।

*(सो विशेष अन्तर्वार्ता यहाँ प्रस्तुत गरिएको छ ।)* ❑

# जतिखेर म राजनीतिमा लाग्न थालें, त्यतिखेर मेरो कुनै सपना थिएन

**-क. निर्मल लामा**



## क. निर्मल लामासँगको विशेष अन्तर्वार्ता

(मिति : २०५७ वैशाख ३ गते, त्रि. वि. शिक्षण अस्पताल, काठमाण्डौं । २०५६ चैत्र १२ गते, वि.पी. मेमोरिल क्यान्सर अस्पताल, भरतपुर, चितवन ।)

**❑ यो समयसम्म आइपुग्दा तपाईले जीवनमा सिक्नुभएका पाठहरू के के छन्, जुन नयाँ पिँढीको लागि नभनी हुँदैन ?**

◆ हेर्नुस्, जीवनमा मैले केही कामहरू गरें । त्यस्तै गरी केही साथीहरूले जीवनभरि नै काम गरे । हामीहरूले अनेकौं कामहरू गऱ्यौं । ती कामहरूमा मेरो सबभन्दा ठूलो गुनासो केमा रह्यो भने, हामीहरूले प्रायः सधैं नै एकपक्षीय कामहरू गऱ्यौं । हिजोको कुरा गर्ने हो भने, पार्टी सदस्य हुने बित्तिकै हामी झोला बोकेर "जिन्दावाद ! मूर्दावाद !" भनेर हिंड्यौं । घर छोड्यौं । गाउँ छोड्यौं । यसरी नै निरन्तर हिड्यौं । अन्ततः टाढा पुगेर फर्केर हेर्दा चाहिं प्रायः उपलब्धि देखेनौं । यही क्रममा केही साथीहरूले 'यसरी भएन । अध्ययन गर्नुपर्छ । चिन्तन मनन गर्नुपर्छ । अध्ययन चिन्तन मनन नगरी केवल झोला बोकी हावामा उडेर मात्र हुन्छ र ?' भने । धेरै वर्षपछि यो ज्ञान हामीलाई प्राप्त भयो । साँच्चै भन्नुहुन्छ भने मलाई यो ज्ञान २०२२-२५ सालतिर जेल परेपछि भयो । जेलमा साधनहरू मगाएँ । कितावहरू मगाएँ र पढ्न थालें ।

अध्ययनपश्चात् हिजोको झोला बोकर दगुर्दै गरेका कामहरूबारे मूल्यांकन गर्नथालें । यस सिलसिलामा हिजोका कामहरूका स्पष्ट चित्रहरू अगाडि आए । 'त्यहाँ त्यो गल्ती गरेको रहेछु । यहाँ यो गल्ती गरेको रहेछु । मार्क्सवादको व्याख्या त्यहाँ त अर्कै पो गरेको रहेछु । म त फटाहा पो रहेछु । सिद्धान्त एउटा रहेछ, मार्क्सवाद-लेनिनवाद भनेर मैले अर्कै पो ब्याख्या गरेर हिंडिराखेको रहेछु ।' मलाई यस्तो महशूस भयो ।

माओले त के भन्नुभएको रहेछ भने, 'जातपातको पछाडि नलाग । जनता सचेत भएपछि त उनीहरू आफैं लाग्छन् - यसलाई हटाउन ।'

हामी त क्रान्तिकारी भएर मन्दिरमा मुत्न पो थालेका रहेछौं । घरको पूजाकोठामा जुत्ता लगाएर जान थालेका रहेछौं । यो फरकपनालाई सन्तुलनमा ल्याउन अबका नयाँ पिंढीका साथीहरूलाई म भन्छु- 'अध्ययन गर्नुस् । चिन्तन मनन गर्नुस् । त्यसको साथमा नै ब्यवहारिक काममा झोला बोकेर

दगुर्नुस् । झोला बोकेर दगुर्दा अध्ययन गरेर प्राप्त भएको ज्ञानलाई ध्यानमा राख्नुहोस् । त्यस्तै, अध्ययन गर्दा झोला बोकेर दगुरेको कुरालाई ध्यानमा राख्नुहोस् । यी दुईटा कुराहरूबीच सन्तुलन मिलाउनुहोस् । यसो नगरिकन भावनामा बगेर बन्दूक उठाएर वा ठूलाठूला मार्क्सवादी साहित्य अध्ययन गरेर मात्र हुदैन । मान्छे पक्का कम्युनिष्ट तब बन्छ, जब संघर्षको कखरादेखि सिक्दै, संघर्ष गर्दै अगाडि बढेर ऊ परिपक्व हुन्छ । त्यसरी परिपक्व नहुँदै कम्युनिष्ट पार्टीका दुईटा किताब पढ्दैमा, पार्टीको विधान, कार्यक्रम पढ्दैमा कम्युनिष्ट बनिन्न ।

यही नै मेरो नयाँ पिँढीलाई विशेष अनुरोध छ ।

**❑ तपाईंले लामो राजनीतिक जीवन बिताउनुभएको छ । आफ्नो जीवन तपाईंले नेपाली समाजको लागि भनेर अर्पण गर्नुभयो । एक सामान्य मानिसको दृष्टिबाट हिजो तपाईंले नेपाल र नेपाली समाजलाई कस्तो बनाउन चाहनुभएको थियो ? अर्थात् यो कस्तो बनोस् भन्ने चाहना तपाईं राख्नुहुन्थ्यो ?**

◆ सत्य कुरो गर्ने हो भने, जुन बेलामा म राजनीतिमा लाग्नथालें त्यतिखेर मेरो सपना भन्ने कुरो पनि थिएन । राजनीति भन्ने कुरा पनि थिएन । मलाई समाजवाद, संशोधनवाद आदि इत्यादि केही पनि थाहा थिएन । एउटै चीज थाहा थियो । त्यो हो - राणा परिवारबाट जनताले मुक्ति पाउनुपर्छ । अनि त्यसको नाउँ नेपाली कांग्रेसले सिकाएको थियो - 'श्री ५ महाराजधिराजको छत्रछायाँमा प्रजातन्त्र ।' बस्, यही मूल नारामा मैले काम गर्दै गएँ । सिक्दै गएँ । तर पछि मलाई लाग्यो - 'यो नारा त दरवारको नारा पो भयो । जनताको नारा त भएन ।'

पछि राणाहरू धपाइए भनियो । तर माहेनशमशेर प्रधानमन्त्री बन्यो । नरशमशेर आई.जी.पि. बन्यो ।

त्यसपछि पनि मैले लगातार काम गर्दै आएँ । पञ्चायती व्यवस्था आयो । त्यसबेला मेरो एउटा स्पष्ट दृष्टिकोण, एउटा स्ष्ट रूपरेखा बनिसकेको थियो । त्यो रूपरेखा के थियो भने, नेपालको प्रत्येक किसानले एक हल जमीन जोत्न पाउनुपर्छ, एउटा बास पाउनुपर्छ । छोराछोरीलाई एउटा समान्य पाठशालामा पढ्न पठाउन पाउनुपर्छ । त्यस्तै, प्रत्येक मजदूरले उचित ज्याला पाउनुपर्छ, प्रत्येक विद्यार्थीहरूले पढ्न पाउनुपर्छ । प्रत्येक नवयुवकले बेकार बस्नु नपर्ने हुनुपर्छ । अब यी कुराहरू प्रजातन्त्र, समाजवाद, साम्यवाद के ले पूरा गर्छ ? मलाई थाहा थिएन । तर ती कुराहरू पूरा गर्ने काममा म लाग्नुपर्छ भन्ने चाहिं मलाई लाग्यो ।

यी कुराहरूका बावजूद मलाई राजनीतिको बाटोमा ल्याउन शुरूवातमा अलिकति मार्क्सवादी ज्ञानले नै काम गर्‍यो भन्ने मलाई लाग्दछ । पछि बिस्तारै नेपाली राष्ट्रियताले ममा घर गर्न थाल्यो । त्यसकारण राजनीतिमा लाग्दा शुरूवातमा नेपाली जनता विदेशी हेपाइबाट मुक्त, स्वतन्त्र, प्रजातन्त्रवादी र विकासशील होस् भन्ने मैले चाहेको थिएँ ।

**❑ अहिलेको समयमा आइपुग्दा हिजो तपाईंले चाहनुभएको कोणबाट हेर्दा नेपाल र नेपाली समाजको बारेमा तपाईंलाई कस्तो लागिरहेछ ?**

◆ अहिले त मैले मार्क्सवाद बुझेको छु । सबैले भन्दा धेरै बुझें त म भन्दिनं । तर बुझ्न चाहिं बढी नै बुझ्दछु भन्ने लाग्दछ ।

एक त दार्जिलिङ्गको चियाबगानको एक मजदूरको घरमा म जन्में । अर्को, मेरो बाल्यकाल त्यहीं चियाबगानमा मजदूरी गरेर नै बित्यो । त्यसैले मेरो वर्गस्रोत भनेको मजदूर हो ।

पछि मार्क्सवादमा मजदूरवर्गको विषयमा पढ्दा मैले आफ्नो जीवन झल्झली देखें । मार्क्सवाद मैले लगातार पढ्दै गएँ । त्यही दौरानमा केही बुद्धिजीविहरूसँग पनि संगत गरियो । र, बहस, छलफलहरू पनि गरियो । अब म प्रजातन्त्र भनेको के हो, प्रष्ट बुझ्दछु । प्रजातन्त्र भनेको हुनेखाने, लुटीखाने वर्गको निम्ति आएको छ । गरीबको प्रजातन्त्र भनेको के हो भने - धनीवर्ग, बसीखाने-लुटीखानेवर्गहरू नअटाउने, दश नंग्रा खियाएर पसीना चुहाएर गरीखाने वर्गहरूले आफैं व्यवस्था गरेको शासन हो । त्यस्तै, समाजवाद भन्नाले सम्पूर्ण चीजहरू राष्ट्रियकरण गरी सरकारले जिम्मा लिएको व्यवस्था भनेर बुझिन्छ । जमीन राष्ट्रियकरण, उद्योग राष्ट्रियकरण, सेवा र शिक्षा सबै राष्ट्रियकरण गरिएको हन्छ - समाजवादमा । त्यहाँ जनताको काम के ? सक्दो देऊ । यो भनेको सक्दो परिश्रम गर भन्ने हो । आवश्यकता अनुसार लेऊ । आवश्यकता अनुसार खान, लाउन पुग्नेगरी लेऊ । बाँकी छोराछोरीको पढाइ, स्वास्थ्य आदिको व्यवस्थाको काम सबै सरकारको जिम्मामा रहन्छ ।

तर त्यो समाजवादमा पनि केही कुरामा असमानता रहन्छ । साँच्चै समानता त साम्यवादमा गएर मात्र प्राप्त हुन्छ । साम्यवादको समानता नै असमानता हो ।

यो बडो अप्ठेरो कुरो छ । मानौं, तपाईं र म समाजवादी व्यवस्था अन्तर्गत छौं । तपाईं र म एउटै स्कूलमा एउटै स्तरका शिक्षकहरू हौं । तपाईं र मैले सक्दो किसिमले राष्ट्रलाई योगदान र सेवा गर्छौं । मेरा पाँचवटा छोराछोरीहरू छन् । एउटी स्वास्नी छे । म मेरा पाँचवटा छोराछोरी र स्वास्नीलाई समेत खान पुग्ने रकम राष्ट्रबाट लिन्छु । तपाईं एक्लो हुनुहुन्छ । र, तपाईंले एक्लैलाई खान पुग्ने रकम मात्र राष्ट्रबाट लिनुहुन्छ । यस्तो हुँदा तपाईं र म कसरी समान भयौं त ? यो त घोर असमान भएन र ? मैले पाँच भाग लिंदा तपाईंले एक भाग मात्र लिनुहुन्छ । समान त भएन । तर यसैलाई मार्क्स भन्नुहुन्छ - समाजवादको समानता यही हो । यदि एक्लै हुनुभएका तपाईंलाई पनि पाँच भाग दिइयो भने तपाईंले सम्पत्ति जम्मा गर्नुहुन्छ र त्यो सम्पत्तिले अरूलाई शोषण गर्न थाल्छ । यसबाट समानताको जरै काटिन्छ ।

साम्यवादमा गयौं भने यी सबै झञ्झट ब्यहोर्नु पर्दैन । तेरो-मेरो भन्ने चीजै हराउँछ । त्यहाँ समानता कायम रहेको हुन्छ ।

यसरी समाजको स्पष्ट दृष्टि मसँग छ । जहाँसम्म नेपालको सवाल छ, आजको बिसंगति, विकृति, मान्यताहीनता, मूल्यहीनता, आचरणहीनताको विकल्प छ - हाम्रो पार्टीसँग । त्यो उजागर भएको छैन । त्यसलाई उजागर गर्नको निम्ति त्यो सायद पूर्ण छैन होला । त्यसलाई पूर्ण बनाई हामी आजको बिसंगति, भ्रष्टाचार आदि सारा चीजलाई हटाएर जनतालाई स-सम्मान बाँच्न दिने व्यवस्था ल्याउन सक्छौं । आजको मेरो दृष्टि यही हो ।

**❑ तपाईं आन्दोलनमा लाग्नुहुँदा परिवार र पार्टीको बीचमा कसरी तालमेल मिलाउनु भयो ?**

◆ यो अलि अजीव किसिमको थियो । परिवारमा म सानैदेखि एक प्रकारले स्वतन्त्र जस्तै थिएँ । साथीभाइकहाँ घुम्न जाँदा ५-७ दिन बसीदिने । कहिलेकाहीं महिना दिनसम्म पनि बसीदिने गर्थें । त्यसकारण परिवारमा म स्वतन्त्र थिएँ । एकचोटि मामाको ससुराली गएर दुई तीन महिना बसीदिएँ, -मेचीवारीको सोलपुरे भन्ने ठाउँमा ।

# क. निर्मल लामाका स्वीकारोक्तिहरू



**◆ मान्छेमा सबभन्दा मनपर्ने गुण ?** -लोग्नेमान्छे होस् या स्वास्नीमान्छे, जो श्रम गर्छ, त्यो सर्वगुण सम्पन्न हुन्छ ।

**◆ दुर्गुण, जुन सबभन्दा बढी घृणा गर्न योग्य छ ?** -त्यो दुर्गुण अल्छीपना हो । गफ हाँक्ने, तर काम केही नगर्ने । यो नै घृणा गर्नयोग्य दुर्गुण हो ।

**◆ मान्छेको त्यो कमजोरी, जसलाई क्षमा गर्न सकिन्छ ?** -प्रायः म मान्छेका सबै कमजोरीहरूलाई क्षमा गर्छु । तर ज्यादै खतरनाक किसिमको अपराध छ भने, खासगरी वर्गीय दुश्मनीको अपराध छ भने, त्यस्तो बेलामा क्षमा दिन म असमर्थ हुन्छु ।

**◆ विश्वमा सबभन्दा बढी मनपर्ने व्यक्तित्व ?** -कार्ल मार्क्स ।

**◆ नेपालमा सबभन्दा बढी मनपर्ने व्यक्तित्व ?** -जति मतभेद भए पनि नेपालमा मलाई सबभन्दा बढी मनपर्ने व्यक्तित्व विश्वेश्वरप्रसाद कोइराला नै हुन् ।

**◆ नेपालको वाम आन्दोलनमा सबभन्दा बढी मनपर्ने व्यक्तित्व ?** -यो कुरा भन्न बडो गाह्रो छ । किनभने यस मामिलामा हामीले समग्र रुपमा हेर्नुपर्छ । सैद्धान्तिक, बैचारिक, संगठनात्मक र व्यवहारिक कुरामा समग्र रुपले अडान भएको व्यक्ति वाम आन्दोलनमा प्रायः पाइने गरेको छैन । यी कुराहरु भनेर मैले आफूलाई बढाईचढाई गर्न खोजेको होइन । अहिलेसम्म जति व्यक्तित्वहरु देखिए, तिनीहरुमा कुनै न कुनै रुपमा गम्भीर त्रुटीहरु देखापरे ।

**◆ विश्वमा सबभन्दा बढी मनपर्ने साहित्यकार ?** -दोस्तोयेव्स्की । उनका कृतिहरुमा धेरैलाई *'क्राइम एण्ड पनिस्मेण्ट'* मनपर्छ । तर मलाई *'इनसल्टेड एण्ड ह्युमिलिएटेड'* मनपर्छ ।

**◆ नेपालमा सबैभन्दा बढी मनपर्ने साहित्यकार ?** -पारिजात ।

**◆ सबभन्दा बढी मनपर्ने कलाकार ?** -यस फाँटमा मेरो ज्ञान कम छ ।

**◆ मनपर्ने फिल्म ?** -हिन्दी फिल्ममा 'मदर इण्डिया' ।

**◆ किताबमा सबभन्दा बढी मनपर्ने ?** -मार्क्सवादी शास्त्रीय पुस्तकहरु । यी पुस्तकहरु पढ्दा बुझ्न थालेपछि मलाई उपन्यास पढेजस्तै मजा आउँछ ।

**◆ मनपर्ने खाना ?** -मासुभात । अमिलो पिरो ।

**◆ सबभन्दा मनपर्ने ठाउँ ?** -आफू जन्मेको ठाउँ दार्जिलिङ्ग, आफू हुर्केको ठाउँ नेपाल र त्यसपछि काठमाण्डौ ।

**◆ मनपर्ने समय ?** -बिहान ।

**◆ मनपर्ने रङ्ग ?** -रातो ।

❑

त्यस्तै, नेपालमा जहाँबाट म सक्रिय राजनीतिमा लागें, त्यहाँबाट घरमा आवतजावत अत्यन्त कम थियो । विशेष गरी पार्टीको काम पर्दा नै घरतिर जाने र त्यो काम सिद्धिएपछि तुरून्त त्यहाँबाट हिंड्ने गर्थें । घरबाट मलाई कहिल्यै कुनै बिघ्न बाधा आएन । घरले मलाई काम गर्न स्वतन्त्र छोडीदियो । मेरा बावु भन्नु हुन्थ्यो - "आठ भाइ छोरा छन् । एउटा छोरा नेपाल आमालाई सुम्पिदिएँ ।"

❑ तपाईको परिवार आन्दोलनमा लाग्ने सम्भावना थियो कि थिएन ?

◆ कठीन नै थियो । किनकि हाम्रो आर्थिक अवस्था ज्यादै कमजोर थियो । प्रायः सबैले कमाइ गर्नुपर्ने स्थिति थियो । आमा-बावुको तागत हुन्जेल उहाँहरूले श्रम गरेर परिवारलाई पाल्नुभयो । करीब करीब मजदूरी गरेर पाल्नुभयो । त्यसपछि दाजुभाइहरू सबै आफ्नो आफ्नो कमाइमा लागे । त्यसकारण आन्दोलनमा लाग्ने सम्भावना ज्यादै कम भयो ।

दोस्रो कुरा, म घरमा रहिनँ । म कहिले गोरखपुर, कहिले बनारस त कहिले कलकत्तामा हुन्थें । दुई-चार, पाँच-सात वर्षपछि घर जान्थें । र एक दुई दिन बसेर फर्किहाल्थें । त्यसले गर्दा मैले मेरो परिवारलाई राजनीतिक प्रभाव पार्न सकिनँ ।

❑ तपाईको दृष्टिमा संसदीय ब्यवस्थाको यो दश वर्षको अवधिमा देश, ब्यवस्था, सरकार र प्रतिपक्ष कसरी अगाडि बढिरहेछन् ?

◆ एउटै शब्दमा भन्न सकिन्छ- देश राजनीतिक भ्रष्टाचारमा डुबेको छ । चाहे सत्तापक्ष होस्, चाहे प्रतिपक्ष होस्, चाहे जुनसुकै पक्ष किन नहोस्, सबै नै राजनीतिक भ्रष्टाचारमा डुबेका छन् । यसले पैदा गरेको विसंगति, विकृति समाजमा ब्याप्त छ । र, नेपाली समाज बहुदल आएपछि पनि अगाडि बढ्नसकेको छैन । जबसम्म राजनीतिक भ्रष्टाचार निर्मूल गर्ने जन-आधारको आन्दोलन चल्दैन, सशक्त आन्दोलन चल्दैन र जबसम्म राजनीतिक भ्रष्टाचार निर्मूल हुँदैन, तबसम्म बहुदलमा नेपालको भविष्य छैन ।

त्यसैले देशलाई बर्बाद हुनबाट बचाउने हो भने आज राष्ट्रिय समस्याको रूपमा देखापरेको यो राजनीतिक भ्रष्टाचारलाई उन्मूलन गर्नको निम्ति त्यसको विरूद्धमा इमान्दार छन् भने पुरानो पिढीसमेत गरी नयाँ पिढीका सबै तप्काका मानिसहरू अरिङ्गालको गोलो खनिएजस्तै गरी सशक्त ढंगले आन्दोलनमा खनिनुपर्ने स्थिति छ ।

२००७ सालमा राणशाहीको विरूद्ध नेपाली जनता अरिङ्गालको गोलो खनिएजस्तै खनियो । त्यस्तैगरी, ०४६।०४७ सालमा पंचायती व्यवस्थाको विरूद्ध नेपाली जनता खनियो । तर आज नेपाली जनता बहुदलको विरूद्धमा होइन, बहुदलका नेताहरूले, हर्ताकर्ताहरूले ल्याएको राजनीतिक भ्रष्टाचारको विरूद्धमा अरिङ्गालको गोलोजस्तै खनिनुपर्छ । प्रधानमन्त्रीले भ्रष्टाचार गऱ्यो, मन्त्रीले भ्रष्टाचार गऱ्यो, सचिवले भ्रष्टाचार गऱ्यो - आदि कुराहरू कतिवटा अखबारहरूमा छापिए ती सबै अखबारहरू खोजी गर्नुपर्छ - जनताले । त्यसरी आजको राष्ट्रिय आन्दोलन भ्रष्टाचार उन्मूलन-आन्दोलन बन्नुपऱ्यो ।

❑ तपाईंले सुधारात्मक आन्दोलनलाई इङ्गित गर्न खोज्नुभएको हो ?

◆ निश्चित । भ्रष्टाचार उन्मूलन आन्दोलन एक सुधारको आन्दोलन मात्रै हो । यसलाई समाधान गर्ने दुईटै मात्र बाटाहरू छन् - सुधारको आन्दोलन र सशस्त्र संघर्षको आन्दोलन । अहिले के त्यो सशस्त्र संघर्षबाट हट्छ ? - हट्दैन । हट्छ भने जाऔं त त्यसरी नै । के को आनाकानी ? तपाई हामी सबैले राइफल बोकेर जाऔं । भोलि नै हटाऔं । किन राखीराख्ने ?

तर त्यो स्थिति छैन । त्यो स्थिति नभएपछि के हुनसक्छ त ? अहिले देशमा शिक्षालाई व्यापारीकरण र निजीकरण गरिएको छ । बच्चाहरूलाई 'ड्याडी' 'मम्मी' भन्ने कुरा सिकाउने स्कूलहरूले महँगो फी लिएर सिकाउने गरेका छन् । सरकारी स्कूलहरूले सस्तो फीमा भ्काराटार्ने पढाइ पढाइरहेछन् । लिङ्कन स्कूलले डलर लिने गर्छ । त्यहाँ पनि हाम्रा नेपाली दाजुभाइहरूले आफ्ना छोराछोरीहरू पढाउने गर्छन् । ग्यालेक्सी स्कूलले हज्जारौं रूपियाँ लिन्छ । त्यहाँ पनि हाम्रा नेपाली दाजुभाइहरूले छोराछोरीहरू पढाउने गरिरहेछन् । तर लिङ्कन, ग्यालेक्सी र बुढानीलकण्ठजस्ता स्कूलहरूमा कसका छोराछोरीहरू पढ्ने गर्छन् त ? अधिकांशतः तस्कर, उद्योगपति, कमिशनखोर, घूसखोर, कालाबजारीया आदिका छोराछोरीहरूले ती स्कूलहरूमा पढेर योग्य नागरिक बन्छन् । भोलि नेपालको सम्पूर्ण प्रशासन उनीहरूको हातमा जानेछ । अर्थविद् उनीहरूको, स्वास्थ्यविद् उनीहरूको, इन्जिनियर उनीहरूको, वकिल उनीहरूको, सबै सबै नै उनीहरूको हुनेछ । यसरी सबै ठाउँमा उनीहरूले घेरेपछि भोलि नेपाल थोरै मानिसहरूको व्यक्तिगत सम्पत्तिको रूपमा परिणत हुनेछ ।

सारा विद्यार्थीहरूलाई गएर यो कुरा भनौं त । सबैले यो कुरा बुझ्छन् । लाख रूपियाँ तिर्न नसकेर डाक्टर इन्जिनियर पढ्न नपाएका विद्यार्थीहरू र तिनीहरूका आमाबावुहरूले पनि यी कुराहरू बुझ्छन् । उनीहरू अहिले अन्य राजनीतिक कुराहरू छोड् भन्छन् । पहिला उनीहरूको पढाइ ठीक गर् भन्छन् । पढाइ ठीक गर्नको निम्ति सारा शिक्षा राष्ट्रियकरण गर्नुपर्छ । 'ड्याडी' 'मम्मी' भन्ने कुरा सिकाउने सबै स्कूलहरूलाई सरकारी स्कूल सरहमा ल्याउनुपर्छ ।

यहाँ युवाहरूको समस्या, महिलाहरूको समस्या, किसान, मजदूर, वुद्धिजीवी आदि सबैको समस्या समाधान गर्न सबै वर्गले आ-आफ्ना ठाउँबाट, आ-आफ्नो ढंगले आन्दोलन उठाउन खोजे भने त्योभन्दा ठूलो बहुदलीय ब्यवस्थाविरोधी आन्दोलन अरू के हुनसक्छ र ? यो बाहिरबाट हेर्दा बहुदललाई छुँदै नछोएको आन्दोलनजस्तो देखिए तापनि शिक्षामा राष्ट्रियकरण, युवाहरूमा बेकारीको समस्याको समाधान, किसानहरूको मल, विउ, बजार, पानीको समस्याको समाधान, मजदूरको ज्याला र आवासको समाधान, सबैका समस्याहरूको समाधान गर्ने आन्दोलन चल्यो भने त्यो आन्दोलन स्वतः बहुदलीय ब्यवस्थाको विपरीत जान्छ भन्ने मेरो भनाइ हो ।

❑ त्यसो हो भने अहिले देशमा कायम राजनीतिक वातावरणमा हेर्दा बहुदलीय ब्यवस्थाको भविष्य कस्तो देख्नुहुन्छ ?

◆ हरेक चीजको सीमा हुन्छ । त्यो सीमा नाघेपछि उत्पात मच्चिन्छ । वि.सं. १९९० सालको भूकम्प नगएको भए काठमाडौंको न्यूरोड बन्दैनथ्यो । अहिले नेपाली समाजले करीब करीब त्यस्तै भूकम्पको सामना गर्नु परिराखेको छ । यसले सीमा नाघ्छ । सीमा नाघेपछि यसले देशव्यापी जनसंघर्षको विकास गर्छ । र, त्यस आँधीबेरी, हुरीबतासमा के के फालिन्छ, के के उजाड हुन्छ त्यो अहिले भन्न सकिन्न । जस्तो २००७ सालमा १०४ वर्षको राणाशाही फालियो । ०४६-४७ सालको जनसंघर्षबाट पंचायती व्यवस्था फालियो । त्यस्तै, ठूलो संघर्ष आएर सम्भव छ- बहुदलीय व्यवस्था नै फालिदेओस् । योभन्दा उन्नत जनताको अर्को ब्यवस्था आओस् । त्यो अवश्यंभावी छ । त्यसलाई कसैले रोकेर रोक्न सक्दैन ।

**नब्बे सालको भूकम्प नगएको भए काठमाडौंको न्यूरोड बन्दैनथ्यो, अहिले नेपाली समाजले करीब करीब त्यस्तै भूकम्पको सामना गर्नु परिराखेको छ ।**



❑ २००६ सालमा शुरूभएको नेपाली कम्युनिष्ट आन्दोलन अहिलेको समयसम्म आइपुग्दा विभिन्न टुक्रामा विभाजित हुँदै अगाडि बढिरहेको छ । उता विश्वलाई हेर्दा सोभियत संघ ढल्नुका साथै पूर्वी यूरोपका सम्पूर्ण समाजवादी राज्यसत्ताहरू एक एक गरी ढलीसके । यसरी अहिले नेपाललगायत विश्वमा नै कम्युनिष्ट आन्दोलनले धक्का खाएको देखिन्छ । यस परिप्रेक्ष्यमा तपाईले कम्युनिष्ट आन्दोलनको भविष्य कस्तो देख्नुभएको छ ?

◆ निश्चित नै अहिले कम्युनिष्ट आन्दोलनले सेटब्याक खाएको छ । तर एउटा कुरो के बुझौं भने, विश्व कम्युनिष्ट आन्दोलन एउटा सिङ्गो युद्ध हो र देश देशमा चल्ने कम्युनिष्ट आन्दोलनहरू त्यस युद्धभित्रका विभिन्न मोर्चाहरू हुन् । विश्वमा कम्युनिष्ट आन्दोलन चलेको करीब डेढ सय वर्ष भएको छ । यतिञ्जेल हामी विश्वभरि नै विभिन्न फ्रन्टहरू खोलेर युद्ध लडिरहेका छौं । हामीले दुईटा फ्रन्टमा अप्रत्याशित रूपमा विजय प्राप्त गऱ्यौं -

सोभियत रूस र चीनमा । त्यो विजयको प्रभाव पूर्वी यूरोपमा पर्‍यो, भियतनाममा पर्‍यो, कोरियामा पर्‍यो, क्यूबामा पर्‍यो र विश्वभरि नै ठाउँ ठाउँमा त्यसको प्रभावबाट कम्युनिष्टहरूका आन्दोलनहरू चर्कँदै गए । हामीले केही मोर्चामा जितेका थियौं र त्यो अझै लगातार अगाडि बढिरहेको छ । तर अचानक हाम्रै केही गल्ती र कमजोरीको कारणले गर्दा केही मोर्चाहरूमा हामीलाई पछाडि हट्नुपरेको छ । रूस, चीन र अन्य केही ठाउँहरूबाट हामी पछि हट्नुपर्‍यो । युद्धमा हामीले हार्‍यौं भन्ने कुरा होइन । जितेका केही मोर्चाहरूबाट मात्र हामी पछि हट्यौं । युद्ध अझै जारी छ, युद्ध अझै चलिरहन्छ । हामी युद्धमा हारिसकेको पनि छैनौं र हार्दैनौं पनि ।

रह्यो नेपालको कुरो । विश्वभरि-को कम्युनिष्ट आन्दोलन पछि पर्दा पनि, त्यसले धक्का खाँदा पनि नेपालमा कम्युनिष्ट आन्दोलनले लगातार बिकास गर्दै गएको छ । यहाँ सरकार बनाउन सक्ने स्थितिसम्म पनि कम्युनिष्ट आन्दोलन पुग्यो । तर दुर्भाग्य के हो भने, यहाँ कम्युनिष्ट आन्दोलनले कम्युनिष्ट शब्दको ठीक अर्थ र कम्युनिष्ट पार्टीको ठीक स्वरूप बुझेन । हँसिया, हथौडा र रातो झण्डा त हामीले बुझ्यौं, कम्युनिष्ट पार्टीको नाम त बुझ्यौं, यो गरीबको पार्टी हो र यसले गरीबको भलो गर्छ भन्ने कुरो त बुझ्यौं तर यी कुराहरूभन्दा ज्यादा अन्य आवश्यक कुराहरू हामीले बुझेनौं र बुझाएनौं पनि ।

बास्तवमा कम्युनिष्ट पार्टी भनेको गरीबको पार्टी हो र यसको सरकार भनेको गरीबको सरकार हो भनेर एउटा देशव्यापी लहर नै चल्यो । चुनावी लहर पनि आयो । त्यो लहर नेपाल व्याप्त भयो । अहिले पनि त्यही लहरले नेपाल व्याप्त छ । अब हामीले कम्युनिष्ट पार्टीको सही अर्थ र सही स्वरूप ल्याउन सकेनौं भने यो लहर केराको पातमा परेको शीतजस्तै तुरुन्त विलीन भएर जानेछ ।

अहिले पनि समय बाँकी छ । अहिले पनि अवसर छ । कम्युनिष्ट पार्टी भनेको साँचो अर्थमा भन्ने हो भने गरीबको पार्टी पनि होइन, किसानको पार्टी पनि होइन, यो त गरीब र किसानभन्दा पनि तल ओर्लेको सर्वहारा वर्गको पार्टी हो । सर्वहारावर्ग भन्नाले त्यस्तो श्रमिक हो, जसको हातमा आफ्नो भन्नु श्रमबाहेक अरू केही हुँदैन । काम गर्नको लागि एउटा सामान्यभन्दा सामान्य औजारसमेत पनि उनीहरूको हातमा हुँदैन ।

तर अहिले हामी त्यो वर्गमा पर्दैनौं । यति भएर पनि त्यस्तो वर्गको पार्टी भएको र काम गरेको अनुभव हामीसँग छ । रूसमा, चीनमा त्यो पार्टीले शुरूमा विजय प्राप्त गरेको र पछि हारेको अनुभव हामीसँग छ ।



*क. लामा भरतपुरबाट काठमाण्डौ फर्केपछि म्हेपिस्थित आफ्नो निवासमा*

त्यसकारण, कम्युनिष्ट पार्टी भनेको कारखानामा जन्मेको पार्टी हो । मार्क्सवाद भनेको कारखानामा जन्मेको सिद्धान्त हो । कम्युनिष्ट अनुशासन भनेको कारखानामा जन्मेको कुरा हो । कम्युनिष्ट आन्दोलन 'तेरो मेरो' भन्ने भावनाबाट 'हाम्रो' भन्ने भावनामा विकसित गरिँदा पैदा हुने आन्दोलन हो । कम्मर कसेर अगाडि बढ्ने हो भने अहिले पनि केही बिग्रेको छैन । अहिले पनि हामी कम्युनिष्ट पार्टीलाई अजेय र अपराजित बनाउन सक्छौं । होइन, त्यसलाई अहिलेकै अवस्थामा राखीराख्यौं भने यी कम्युनिष्ट पार्टीहरूले कम्युनिष्ट पार्टीको नाममा जनतालाई ठगेर, कम्युनिष्ट आचरण विपरीत काम गरेर केही व्यक्तिहरूको स्वार्थ सिद्ध गर्नेछन् ।

यही हिसाबमा नै अगाडि बढ्ने हो भने माओवादीहरू लगायत सबै नै विसर्जनमा जान्छन् ।

अब माले, एमालेहरू बहुमत ल्याएर सरकार बनाउने नीति लिई कम्युनिष्ट पार्टीको झण्डा बेचेर, कम्युनिष्ट पार्टीको नीति छोडेर पूँजीवादी स्वभाव अपनाएर बाँच्छन्, जसरी फ्रेन्च कम्युनिष्ट पार्टी, इटालियन कम्युनिष्ट पार्टी, जापान कम्युनिष्ट पार्टी आदि बाँचिराखेका छन् । उनीहरू कम्युनिष्टको रूपमा रहँदैनन् ।

❑ तपाईंले केही गल्ती र कमजोरीको कारणले गर्दा सोभियत संघलगायत पूर्वी यूरोपमा समाजवादले सेटब्याक खायो भन्नुभयो । ती गल्ती र कमजोरीहरू के हुन् त ?

◆ जनवादी केन्द्रीयताको सवालमा सायद हामीले जनवादलाई त्यति महत्व दिएनौं । यसलाई हामीले अति हलुका पाराले लियौं ।

समाजवादको निर्माणकालमा युद्ध सिद्धिसकेको थियो । शान्तिपूर्ण निर्माणकाल शुरूभएको थियो । त्यसबेला जनतालाई जनवाद बढी दिनुपर्थ्यो । जनताको भूमिकालाई प्रमुख रूप दिनुपर्थ्यो । व्यापक जनतामा खुलेआम स्वतन्त्र बहस गर्ने मौका दिइनुपर्थ्यो । माओत्सेतुङ्गले भन्नुभएको छ - "सयौं फूलहरूलाई फूल्न देऊ । बास्ना दिने फूललाई समात । कुबास्ना दिने फूललाई हटाउँदै लैजाऊ ।" हामीले यही गर्नुपर्थ्यो । तर यो नभइकन बढी केन्द्रियता अर्थात् माथिको कुरो लाद्ने काम बढी भयो । यसले जनतामा एक किसिमको वितृष्णा पैदा भयो । समाजमा एक किसिमको विकृति पैदा भयो । यी कुराहरूले निकास पाएका थिएनन् । स्टालिनको देहान्तपछि र ख्रुश्चोभको संशोधनवादी विचारमा तिनीहरूले निकास पाए । र, ती कुराहरूले नै सोभियत रूस, चीनलाई पतन गराए ।

❑ सोभियत रूसमा बढी केन्द्रियता लागू गर्ने काम कहिलेदेखि शुरू भयो त ?

◆ करीब करीब स्टालिनको पालादेखि शुरू भएको छ ।

एक ठाउँमा कमरेड माओले कमरेड स्टालिनको आलोचना गर्नुभएको छ - अधिभूतवादी भनेर । सायद अधिभूतवादको अर्थ कुनै एउटा पूर्ण बस्तुको एउटा अङ्गलाई मात्र महत्व दिनु होला । त्यस्तै स्टालिनले एउटा अङ्ग केन्द्रियतामाथि जोड दिनुभएको थियो । चीनलाई पनि कोमिन्ताङ्गमार्फत् युद्ध रोक्ने र सामन्तहरूसँग मिलेर काम गर्ने निर्देशन स्टालिनले दिनुभएको थियो । माओत्सेतुङ्गले मान्नु भएन ।

लेनिनको पालामा रूसी कम्युनिष्ट पार्टीको केन्द्रिय कमिटीमा लेनिनको आलोचना गर्ने प्रशस्त क्षमता थियो । ट्राटस्की, बुखारिन, बोग्दानोभ आदिले लेनिनलाई केन्द्रिय कमिटीभित्र नै आलोचना गर्थे । लेनिनले उनीहरूको आलोचनालाई कदर गर्नुहुन्थ्यो । सम्मान गर्नुहुन्थ्यो । र, उनीहरूको विरोधलाई आफ्नो तर्कद्वारा गलत भएको कुरा सावित गर्नुहुन्थ्यो । तर उहाँले उनीहरूलाई क्षमता अनुसारको जिम्मेवारी पनि दिनुहुन्थ्यो । ट्राटस्की लेनिनको विरोधी हुँदाहुँदै पनि उनलाई लेनिनले परराष्ट्र मन्त्री बनाउनुभयो । ट्राटस्कीको क्षमतालाई हेरी लालसेना गठन गर्ने, संगठन गर्ने पूरा अधिकार उनलाई दिइयो ।

तर स्टालिनको पालादेखि सानोतिनो मतभेद हुनासाथ पार्टीबाहिर फाल्ने, व्यक्तिको क्षमतालाई मारिदिने चलन चलेछ । त्यो चलन सबैतिर सरेछ ।

हाम्रोमा पनि मोहनविक्रम र मेरो

**कम्युनिष्ट पार्टी भनेको साँचो अर्थमा भन्ने हो भने गरीबको पार्टी पनि होइन, किसानको पार्टी पनि होइन, यो त गरीब र किसानभन्दा पनि तल ओर्लेको सर्वहारा वर्गको पार्टी हो ।**

मतभेद के मा भयो र ? टंकप्रसाद आचार्यले बोलाएको ठाउँमा संयुक्त मोर्चा बनाउन गएको कुराबाट पार्टी फुट्न गयो । मोहनविक्रम र मशालको केमा विरोध थियो र ? तर पार्टी फुट्यो । यसरी सानातिना मतभेदबाट पार्टी फुट्ने कारण के थियो त ? त्यो हो - बहुमतले केन्द्रियताको नाममा गुलाम बनाउन खोज्नु ।

❑ स्टालिनबाट पाठ सिकेर क. माओले जनतालाई शक्तिसम्पन्न गर्ने काम थालनी गर्नुभयो भनिन्छ । तर फेरि चीनमा कम्युनिष्ट पार्टीले बाटो बिरायो भनिन्छ । यो कसरी भयो त ?

◆ निश्चय नै रूसबाट पाठ सिकेर क. माओले आफूसँग मतभेद भएकाहरूलाई पनि केन्द्रिय कमिटीमा प्रशस्त ठाउँ दिनुभएको रहेछ । यो कुरो हामीलाई पछि थाहा भयो । क. माओको लिउ साओ चीसँग पहिलादेखि नै मतभेद रहेछ । तैपनि उहाँले हमेशा लिउ साउ चीलाई च्याप्नुभयो । त्यस्तै लिलिशानसित लगातार विरोध रह्यो । उनी निकालिए पनि । तर विरोधी भएको कुरा थाहा पाउँदा पाउँदै पनि उनलाई फेरि केन्द्रिय कमिटीमा ल्याउने काम उहाँले गर्नुभयो । यति गर्दागर्दै पनि पुरानो अवशेष, स्टालिनको अवशेष पार्टीभित्र रहेछ । त्यसले क. माओको देहान्तपछि तुरुन्त शीर उठायो । त्यसै कुराले नै चीनमा पनि क. माओलाई फेल गरायो ।

❑ रूस र चीन समाजवादबाट पतन हुनको कारण त्यहाँ सांस्कृतिक आन्दोलनको अभाव हुनाले पनि होइन र ? सांस्कृतिक आन्दोलनको अभावले नेपाली कम्युनिष्ट आन्दोलनमा पनि विकृति र दिशाहीनता आएको छैन र ?

◆ कम्युनिष्ट आन्दोलनमा बिचारधारा, सिद्धान्तको जति महत्व छ, त्यति नै महत्व सांस्कृतिक आन्दोलनको पनि छ । धेरै हदसम्म क. लेनिनले सांस्कृतिक आन्दोलन शुरू गर्नुभयो । तर उहाँले त्यसलाई पूरा गर्नुभएन । अथवा पूरा गर्न भ्याउनु भएन । क स्टालिनलाई सांस्कृतिक क्रान्तिसित त्यति लगाव नभएको जस्तो देखिन्छ ।

सांस्कृतिक क्रान्तिको अत्यन्त महत्व छ । सांस्कृतिक क्रान्तिको अभावमा नै सोभियत रूसको पतन भएको हो । क. माओले त्यसलाई सम्हाल्न कोशीस

# जन-अभिनन्दन समारोहमा कसले के भने ?

### ◆ पद्मरत्न तुलाधर

... कमरेड निर्मल लामा दुई करोड नेपाली जनताका ढुकढुकी हुनुहुन्छ । उहाँले जीवनभर जनताका शत्रुहरूसँग, देशका शत्रुहरूसँग जुध्नुभयो । हामी सबैलाई थाहा छ - उहाँ अत्यन्त संवेदनशील रोग क्यान्सरबाट पीडित हुनुहुन्छ र मृत्युसँग जुध्दै हुनुहुन्छ । उहाँले देश र जनताका लागि आजीवन समर्पित भएर जे जति सेवा गर्नुभयो, त्यसको लागि हामी सम्पूर्ण जनता अनुग्रहित छौं । पचहत्तरै जिल्लाका मुक्तिकामी जनता, न्यायप्रेमी जनता हृदयदेखि नै उहाँलाई आदर गर्दछन्, सम्मान गर्दछन् । उहाँलाई जीवित अवस्थामै जनताको तर्फबाट अभिनन्दन हुनुपर्दछ र त्यसैले हामी आज अभिनन्दन गरिरहेका छौं । हामी यो सभागृहको एउटा सानो कोठामा छौं तर हामीले यहाँ उपस्थित नभएका लाखौंलाख न्यायप्रेमी, मुक्तिप्रेमी जनताहरूको समेत प्रतिनिधित्व गर्दै उहाँप्रति आज अनुग्रह र अभिनन्दन अर्पण गर्दछौं ।...

### ◆ मोहन दुवाल

...पाँच दशक अघिदेखि निरन्तर रूपमा नेपाली राजनीतिक क्षितिजमा निष्कलंक ढंगले समर्पण र त्यागका डोबहरू छोड्नु हुने, इतिहासमा सधैं जीवन्त रहने एकजना राजनीतिक योद्धाको सम्मान जनस्तरबाट गर्ने मौका पाएकोमा हामी हर्षविभोर छौं ।...

### ◆ अमिक शेरचन

...कमरेड निर्मल लामा नेपाली कम्युनिष्ट आन्दोलनको एउटा त्यस्तो धरोहर हो, जसले जीवनभरि निश्छलता, निर्भिकता, स्वाभिमान र नेपाली राष्ट्र र जनताको मुक्ति बाहेक अरू कुनै कुरा सोच्नुभएन । उहाँले एउटा साधारण चियाबगानको मजदूर परिवारबाट जन्मिएर नेपाली जनताको मुक्तिको निम्ति आफ्नो सम्पूर्ण जीवन दिन सक्नुभयो ।...

### ◆ कृष्णप्रसाद भट्टराई

...तपाईहरू सबैलाई के निवेदन गर्न चाहन्छु भने, संभवतः यो ५-७ हजार जनसमुदाय, दिदी बहिनीहरूबीच मैले नै त्यो सौभाग्य पाएँ कि सबैभन्दा पहिला मैले निर्मल लामालाई चिन्थें । धेरै



समयअघि उहाँ कांग्रेसमा हुनुहुन्थ्यो, सरकार भएको समयमा होइन, घोर संघर्ष भएको समयमा, जुन बेला कम्युनिष्ट पार्टीको स्थापना पनि भएको थिएन । त्यस बेलाको कांग्रेसमा उहाँ सदस्य हुनुहुन्थ्यो । सदस्य मात्र नभएर उहाँमा सबैको यति विश्वास थियो कि उहाँ सारा अफिसको इन्चार्ज हुनुहुन्थ्यो, अफिसमा बस्नुहुन्थ्यो ।

निर्मल लामाको सबैभन्दा ठूलो गुण उहाँको उदारता हो । त्यसबाहेक अर्काको राम्रो चिजलाई उहाँले कहिल्यै पनि डाह गर्नुभएन । 'यो चिज त मेरो भए पनि हुने' भन्ने कहिल्यै गर्नुभएन । उहाँको अर्को गुण हो - विनम्रता, अत्यन्त ठूलो विनम्रता, उहाँ गुणको खानी नै हुनुहुन्छ- उदारता, विनम्रता अनि सौर्यको । सौर्य पनि त्यस्तै आफूलाई ठूलो ठान्नेको सामुन्ने नझुक्ने, त्यो गुण पनि उहाँको छँदैछ ।

हामीहरूले निर्मल लामाका ती गुणहरू अलिकति पनि आफूमा उतार्न सक्यौं भने हामीहरू अवश्यमेव अझैं राम्रो समाजमा परिणत हुनेछौं । त्यस्तो निर्मल लामा अझै हाम्रो माझ बाँचिरहनुहोस् - मेरो हार्दिक शुभकामना छ ।...

### ◆ श्यामप्रसाद शर्मा

...त्यसबेला भूमिगत एकजना आमासँग म सोध्थें- 'आमा, यहाँ त धेरैथरि नेताहरू आउनुभयो । को कस्ता छन् ?' उहाँ भन्नुहुन्थ्यो - अरू नेता आएको बेलामा भात पाकेको छ भने भात खान्थे, पाक्न लागेको छ भने पर्खिएर खाएर जान्थे, भात पकाउने मेसो छैन भने 'जाउँ है आमा' भनेर जान्थे । तर निर्मल लामा आएको बेलामा चाहिं आफू नखाए पनि यहाँ बा-आमाले खान पाउनुभएको छ, छैन, के कसो छ भनेर विचार गर्नुहुन्थ्यो । हामीकहाँ दालचामल सकिएको छ भने उहाँ किनेर ल्याएर हामीलाई खुवाउनुहुन्थ्यो ।

ती आमाले यसरी अनुभव सुनाउँदा म साह्रै भावविभोर हुन्थें । उहाँका यस्ता

गर्नुभयो । तर उहाँले पनि भ्याउनु भएन । त्यसकारण नयाँ पिढीले सांस्कृतिक क्रान्तिलाई ध्यान दिनु पर्छ, पर्छ । अर्को कुरा, सोभियत रूस चीनको पतनमा अरू विभिन्न तत्वहरूको पनि हात छ । तर मेरो आफ्नो विचारमा साम्यवादको पहिलो स्टेजको रूपमा रहेको समाजवादमा राज्य, पार्टी, वर्ग, नोकरशाही आदि सबै विलीन भएर जानुपर्नेमा अर्थात् एकैचोटि पूरा नभए पनि कमसेकम त्यो प्रक्रियाको थालनी हुनुपर्नेमा त्यसको ठीक उल्टो ती तत्वहरू झन् झन् बलिया हुँदै गए । रूस र चीनमा समाजवाद पतन हुनमा त्यसैको नै प्रमुख हात रहेको छ ।

ती तत्वहरू कसरी बलिया हुँदै गए त ? वैचारिक त्रुटी केही थियो कि ? नेतृत्वको केही त्रुटी थियो कि ? सम्बन्धित साथीहरूले र अबको नयाँ पिढीले खोजी गरेर त्यसलाई बाहिर ल्याउनु पर्‍यो । छयाङ्छयाङ्ती बनाउनु पर्‍यो । त्यसरी छयाङ्छयाङ्ती बनायौं भने मात्र पछि गएर हामी धेरै हदसम्म ठीक ठाउँमा पुग्नेछौं ।

मार्क्स, एंगेल्स, लेनिन, स्तालिन, माओ सबैले नै भनेका छन् - अन्ततः सत्ता विलीन हुन्छ । पार्टी, वर्ग, नोकरशाही विलीन हुन्छन् । तर विलीन हुने सानो प्रक्रिया पनि त्यतिखेर रूसमा देखिएन । दोस्रो विश्व युद्धको समयमा त ती तत्वहरू झन् बलिया भए । त्यसले गर्दा त्यहाँ प्रजातन्त्र मर्‍यो । प्रजातन्त्र मरेपछि जनतामा एक किसिमको विकृति आयो । विसंगति आयो । यी कुराहरूले अन्ततः सोभियत रूसलाई खायो । समाजवादलाई पनि खायो ।

❑ तपाईको हालको आफ्नो पार्टी नेकपा (एकता केन्द्र)ले अहिले लिइराखेको राजनीतिक बाटो तपाईलाई कस्तो लाग्छ ?

◆ मूल रूपमा वामपन्थी समूहहरूभित्र हाम्रो पार्टी एकताकेन्द्रको राजनीतिक दिशा तुलनात्मक रूपमा सबैको भन्दा सत्यको नजीक छ । तर पूर्ण छैन । जस्तो कि अहिलेको समाजको विसंगति, विकृतिको समाधानको विकल्प हाम्रो पार्टीले पेश गरेको छ । तर त्यो पूर्ण छैन । त्यसलाई पूर्ण बनाउन हामी सबै लागीपर्नु पर्छ ।

❑ त्यो अपूर्णता के हो ?

◆ अहिलेको बहुदलीय व्यवस्थाको विकल्प के ? -नयाँ जनवाद । अहिलेको बदलिएको परिस्थितिमा नयाँ जनवाद भनेको के ? -व्याख्या गरिएको छैन । अहिलेको वर्तमान परिस्थितिमा त्यो नयाँ जनवाद कसरी लागु गर्ने ? वा लागु गर्न सक्तैसक्तैनौं भने त्यसको सट्टामा के दिन सक्छौं ? यसबारेमा स्पष्ट गर्न सकिएको छैन । तर स्पष्ट गर्नुपर्ने बेला भइसकेको छ । यसबारे हाम्रो पार्टीबाहेक अरू कसैले पनि स्पष्ट गर्न सक्दैन ।

*अहिलेको बहुदलीय व्यवस्थाको विकल्प के ? -नयाँ जनवाद । अहिलेको बदलिएको परिस्थितिमा नयाँ जनवाद भनेको के ? -व्याख्या गरिएको छैन ।*

घटनाहरू धेरै छन् ।...

### ◆ भरतमोहन अधिकारी

...मेरो आफ्नै अनुभव छ- २०१७ सालको काण्डपछि हामीले बनारसमा तेस्रो महाधिवेशन गर्न थाल्यौं । त्यसबखत उहाँ जेलमा पर्नुभयो । त्यस बखतमा कम्युनिष्ट पार्टीमा आएको बिचलनको खिलाफमा संघर्ष गर्नुपर्दछ र यो निरंकुश पंचायती व्यवस्थाको खिलाफमा कम्युनिष्टहरूले एक भएर लड्नुपर्छ भन्ने उहाँको दृढ धारणा रहेको थियो । जेलबाट उहाँले महाधिवेशनमा त्यही सन्देश पाउनुभएको थियो ।

हामी वाम आन्दोलनमा कुनै विचारका हौं, प्रजातान्त्रिक आन्दोलनमा कुनै विचार हौं तर सबैले निर्मल लामालाई बाम आन्दोलनको बरिष्ठ नेताको रूपमा सम्मान गर्छौं, आदर गर्छौं । यो उहाँले छोडेको अमिट छाप हो ।...

### ◆ दमननाथ ढुंगाना

...आज हामी सबै नै भावुक छौं । शब्दमा व्यक्त गर्न नसकिने अनुभूति भैरहेछ - जनअधिकारका आजीवन योद्धा निर्मल लामा हाम्रो सम्मुख हुनुहुन्छ । यो साँच्चै हृदयस्पर्शी क्षण हो । हामी सबैले उहाँबाट प्रेरणा लिनुपर्छ । उहाँको आत्मबल ठूलो छ, भावना उच्च छ । उहाँ तपस्वी हुनुहुन्छ, ज्ञानी हुनुहुन्छ । अस्पतालको शैयाबाट सभा स्थलसम्म आउने उहाँको अठोटले यही सिद्ध गरिरहेछ । यो असाधारण मनोबल हो, अलौकिक शक्ति हो । जुन लामाजीले संघर्ष र साधना बलबाट प्राप्त गर्नुभएको छ, यो उहाँको जिन्दगीभरको आर्जन हो । उहाँको कमाई भनेकै यही हो । जनताका हक अधिकारको लागि रातोदिन समर्पण, अटुट संघर्ष, कठोर कष्ट ! तैपनि सदा हिम्मती, सदा प्रसन्न, सत्ताभन्दा संगठनलाई ठूलो मान्ने र संगठनभन्दा पनि त्यस्तै पर्दा आफ्नै सिद्धान्तलाई ठूलो मान्ने, बरू एक्लै बस्ने, अनुचित सम्झौता नगर्ने, सदा अविचलित, सदा सिंगो जन हक-अधिकारको पक्का योद्धा ।

यस क्षणमा उहाँलाई सम्झने सन्दर्भ अर्को पनि छ । यही सभा गृहमा सँगै बसेर हामीले वर्तमान संविधानको मस्यौदा गरेका थियौं । सधैं सिंह जस्तो क्रान्तिकारी अडान लिने निर्मल लामा संविधान सुझाव आयोगमा कसरी अटाउलान् ? सबै उहाँलाई हेरिरहेका थिए । संविधान बनाउने बेलामा उहाँ अत्यन्त शालिन, सहयोगी र सकारात्मक हुनुभयो । अहिले त्यो सबै सुनाउँदा लामो कथा हुन्छ । संविधान सुझाव आयोगमा उहाँ बिल्कुलै उदार, समझदार र रचनात्मक किन हुनुभयो ? किनकि, उहाँमा प्रतिबद्धता थियो , इमान्दारीता थियो । जनआन्दोलनको उपलब्धी खेर नजाओस् भन्ने चिन्ता, बुद्धिमानी र व्यवहारिकता थियो । उहाँले २००७ सालदेखिको नेपाली इतिहासको पाठ राम्ररी बुझ्नुभएको थियो ।...

### ◆ शान्ता श्रेष्ठ

...निर्मल लामाज्यू ! तपाईंले आफ्नो महल, पजेरो जोड्नु भएन, कुनै पदमा जानुभएन तर तपाईंले आज यो अपार जनसाधारणको काँध चढ्न पाउनुभएको छ, हृदयमा बस्न पाउनुभएको छ । तपाईंले मरीमरी पैसा कमाउनेतिर कहिल्यै पनि ध्यान दिनुभएन । तपाईंले बाँचीबाँची संघर्ष गर्नुभयो । हामीले त्यही संघर्षको पाठ वचपनदेखि सिकेर आएका छौं ।

तपाईंले जीवनको यस घडीमा दुःखी हुनुपर्ने कुनै आवश्यकता छैन । किनभने तपाईं यो देशको यस्तो एउटा इतिहास हुनुहुन्छ, जुन इतिहासमा पुग्न शायद कुनै पनि नेताले हिम्मत गर्नसकेको छैन ।...

◆ साहाना प्रधान

...निर्मल लामासँग मैले धेरै समय सँगै बसेर काम गर्ने अवसर पाएको छु । उहाँ निर्भिक, निश्छल, वालसुलभ, उदार र साथसाथै साहसी एवं जहिले पनि राष्ट्रियताको निम्ति, जनजीविकाको निम्ति लडिरहने व्यक्तित्व हुनुहुन्छ ।



उहाँले आजसम्म जनताको हितको विपरीत कहिल्यै पनि सम्झौता गर्नुभएको छैन ।...

### ◆ निर्मल लामा

सम्मानपूर्वक, स्वतन्त्रतापूवर्क बाँच्न खोज्ने नेपाली नागरिकहरू सामुन्ने आज साह्रै ठूलो समस्या उब्जिएको छ । मैले बारम्बार दोहोऱ्याउने गरेको त्यो समस्या हो - राजनीतिक भ्रष्टाचार । अहिले हामीहरू राजनीतिक भ्रष्टाचारमा नडुबेको भए हाम्रो राष्ट्रियतामा त्यति ठूलो खतरा आइपर्ने थिएन, प्रजातन्त्र खतरामा पर्ने थिएन । राजनीतिक भ्रष्टाचारको ५०-६० प्रतिशत मात्रै हामीले देशमा खर्च गर्न सकेको भए जनताको जन-जीविकाको निम्ति यति गाह्रो पर्ने थिएन । यसरी आज सम्पूर्ण नेपाली नागरिकहरूलाई अप्ठ्यारोमा पार्ने मूल कारण हो - नेतृत्वमा राजनीतिक आचरण भएन, राजनैतिक नैतिकता भएन । अब नेपाली नागरिकहरूले यो आचरण, यो नैतिकता कायम गर्नको निम्ति कम्मर कसेर अगाडि आउनुपर्छ । हामीले संघर्ष गरे कुनै गाह्रो छैन । अहिले कुन चाहिं गा.वि.स.मा, कुन चाहिं क्षेत्रमा भ्रष्टाचार भएको छैन ? यस्ता सम्पूर्ण भ्रष्टाचारीहरू विरूद्धमा हामीले 'हिसाब माग आन्दोलन' जोडदारसँग चलायौं भने अरू सारा माग त्यसभित्र गाँसिएर आउँछन् । म आशा गर्छु - साथीहरूले मेरो यो विचारलाई, मेरो यो भनाइलाई गंभीरतापूर्वक लिनुहुनेछ । धन्यवाद !

❑ वर्तमान समयमा नेकपा (एकता केन्द्र) का चुनौतीहरू के के हुन् ?

◆ अहिलेको विकृति विसंगतिबाट नेपाली समाजलाई जोगाउनु तात्कालीक जनकार्य हो । सैद्धान्तिक रूपमा उग्र वामपन्थी भड्काव र दक्षिणपन्थी भड्काव अर्थात् तुरून्त बन्दूक उठाएर नयाँ जनवाद ल्याउने र चुनावमा जसरी भए पनि बहुमत ल्याएर सरकार बनाउने जस्ता कुराहरूबाट पार्टीलाई जोगाएर सही मार्क्सवादी बाटोमा हिँडाउनु नै आजको एकताकेन्द्रको निम्ति चुनौती हो ।

❑ अहिलेको परिप्रेक्ष्यमा एकता केन्द्रले कस्ता बाटो लेओस् भन्ने चाहनुहुन्छ ?

◆ अहिले ठीक बाटो लिइराखेको छ । हामीले निर्वाचनको उपयोग गरिराखेका छौं । भण्डाफोरको नीति लिइराखेका छौं । आमूल परिवर्तन चायिो भनीराखेका छौं । यो ठीक नीति हो । कुरो कतिमात्र हो भने, चुनावको उपयोग ठीक भएको छ कि छैन ? ठीक भएकोछैन भने कहाँ कमजोरी भएको छ ? यसलाई कसरी हटाउने ? भण्डाफोरको नीति ठीक छ कि छैन ? हामीले के कति कुरामा भण्डाफोर गर्न सफल भएका छौं ? वा सफल भएका छैनौं ? यी कुराहरू खोजी गरेर ठीक तरीकाले कामहरू अघि बढाउनु परेको छ । यी कामहरू बाँकी छन् । चुनाव उपयोग व्यवहारिक रूपले जनताले बुझ्ने गरी र क्रान्तिलाई फाइदा हुने गरी भएको छ कि छैन ? भण्डाफोर गर्ने काम जनताले बुझ्ने, क्रान्तिलाई फाइदा हुने किसिमले भएको छ कि छैन ? यी दुईटा कुराहरू गरेर मूल क्रान्तिको निम्ति सशस्त्र संघर्षको तयारी गर्नमा हामीले के प्रगति गरेका छौं ? प्रगति गरेका छैनौं भने किन गरेका छैनौं ? गरेका छौं भने सन्तुष्ट छौं कि छैनौं ? यी कुराबाट अगाडि कसरी बढ्न सकिन्छ ? यी सबै चुनौतीहरू हुन् ।

❑ हाम्रो समाजमा क्रियाशील अहिलेको नयाँ पिढीमा तपाईंले के राम्रा गुण देख्नुभएको छ ? के नराम्रा गुण देख्नुभएको छ ?

◆ सामान्यतया जुनसुकै समाजमा पनि नयाँ पिढीका नयाँ गुणहरू प्रशस्त हुन्छन् । यी कुराहरूका साथै युग अनुसारका गलत प्रवृत्तिहरूले पनि घर गरेका हुन्छन् । हाम्रो नयाँ पिढीले के पायो त नयाँ चीज ?

बहुदलीय प्रजातन्त्र पायो । राजनीतिक पार्टी गठन गर्ने अधिकार पायो । त्यसलाई सरकारले प्रतिबन्ध लगाउन सक्दैन ।

अर्को हो, छाप्ने अधिकार । सरकारले कुनै पनि अखबारलाई प्रतिबन्ध लगाउन सक्दैन । यी सबै अधिकारहरूबाट लैश भएर नयाँ पिढी आएको छ । यी अधिकारहरूलाई नयाँ पिढीले राम्ररी बुझेर, समातेर, संगठित भएर अगाडि बढ्नुपर्छ ।

तर नयाँ युगका गलत छापहरू पनि नयाँ पिढीमा छन् । पश्चिमा संस्कृतिको छाप, लागू पदार्थको छाप, उग्र प्रगतिशील बन्ने कुराहरूको छाप आदि छन् । तैपनि लागु पदार्थ र पश्चिमा संस्कृतिले बिग्रेका समूहहरूमा पनि म आशाको किरण देख्छु । लागु पदार्थ खाएर पल्टिराखेका नयाँ पिढीहरू, पश्चिमी संस्कृतिले गर्दा हातमा चुरा, कानमा मुन्द्री लाएर हिंड्ने नौजवानहरूमा पनि 'ए, तिम्रो नेपाललाई हिन्दूस्थानले क्वाप्लाक्क निल्न थाल्यो रे' भन्दा 'हँ, हो र ?' भन्ने एउटा चेतना छ । त्यो चेतनालाई हामीले समातेर बिकास गराउनुपर्छ ।

तराईबासी नौजवानहरू, जसलाई हामी 'मर्स्या' भनेर हेप्छौं, तिनीहरूसँग एकचोटी राम्रोसँग संगत गर्नुहोस् त ! उनीहरूलाई पनि पारीपट्टि बिहारीहरूले हेपेको पटक्कै मन पर्दैन । बिहारी प्रवृत्ति उनीहरूलाई मन पर्दैन । हाम्रो नेपाली प्रवृत्ति, नेपाली संस्कृति र नेपाली राष्ट्रियता नै उनीहरू मन पराउँछन् ।

चाहे पहाडको होस्, चाहे तराईको होस्, हामी नेपाली हौं भन्ने स्पिरिट नौजवानहरूमा छ । हामीले यसलाई बिकसित रूप दिनुपर्छ ।

यसरी हेर्दाखेरि, बिग्रेको नयाँ पिढीबाट पनि हामी आशा गर्न सक्दछौं । हामी सबै मिलेर मेहनत परिश्रम गऱ्यौं भने राष्ट्रियता जोगाउन सक्छौं । प्रजातन्त्रको विकास गर्न सक्छौं । जनतालाई थुप्रै किसिमको राहत दिन सक्छौं ।

❑ नेपालको कम्युनिष्ट आन्दोलनलाई समग्र रूपमा हेर्दा यसले आउने दिनहरूमा कसरी जानुपर्छ भन्ने ठान्नुहुन्छ ?

◆ समग्र रूपमा भन्दा वामपन्थीहरू संयुक्त भएर संयुक्त आन्दोलन चलाउनुपर्छ । तर यो मेरो पवित्र ईच्छा मात्र हो । यो ईच्छा सानातिना मेहनत र सानातिना परिश्रमले पूरा हुनेवाला छैन । यसको लागि धेरै ठूलो मेहनत र परिश्रम चाहिन्छ । त्यसकारण निक्कै ठूलो, निक्कै लामो मेहनत गर्दाखेरि प्रारम्भमा धेरै ठूलो चीज अँगाल्नु हुँदैन ।

*तराईबासी नौजवानहरू, जसलाई हामी 'मर्स्या' भनेर हेप्छौं, तिनीहरूसँग एकचोटी राम्रोसँग संगत गर्नुहोस् त , उनीहरूलाई पनि पारीपट्टि बिहारीहरूले हेपेको पटक्कै मन पर्दैन ।*

कलापानी, जङ्गे पिलर, महाकाली, कर्णालीबीचमा जमीन मिचेको जस्ता चार पाँचवटा कुराहरूलाई समातौं । यति कुरामा हामी कुन कुन वामपन्थीहरू एक हुनसक्छौं ? एकै ठाउँमा बसौं । प्रजातन्त्रमा धाँधलीरहित चुनाव, कम खर्चिलो चुनाव, साम्प्रदायिकता विनाको चुनाव, खसोखास चुनाव गराउने जस्ता यति कुराहरूमा हामी कुन कुन पार्टीहरू मिल्न सक्छौं, मिलौं । जनतालाई राहत दिने कुरा, भ्रष्टाचार हटाउने कुरा, महँगी घटाउने आदि जस्ता कुराहरूमा मिल्ने कम्युनिष्टहरू मिलौं । यी र यस्ता सानासाना कार्यक्रमहरूलाई लिएर संयुक्त होऔं । यस्ता कार्यक्रममा संयुक्त संघर्षहरू सफल भएछन् भने खास खास कुराहरू पूरा गराउन संयुक्त सरकार बनाउने नै पनि कुरा गरौं ।

❑ सारमा भन्दा प्रजातन्त्र, राष्ट्रियता र सुधारको लागि संयुक्त भएर वाम आन्दोलन अगाडि जाओस् भन्ने तपाईंको भनाइ हो ?

◆ तीनैवटा आन्दोलनको न्यूनतम मागहरूमा सहमति गरेर संयुक्त भएर अगाडि जाऔं । त्यो संयुक्त आन्दोलनको दौरानमा एक अर्कामा हुने सम्पर्कले एक अर्कामा राम्रो समझदारीको बिकास गर्छ । र, अन्ततः त्यसले पार्टी एकताको जग खडा गर्छ । यो प्रक्रिया सम्पन्न हुन बर्षौं लाग्छ । एकैचोटि अहिले नै हुँदैन ।

❑ तपाईंले शुरूमा नेपाली कांग्रेसमा बसेर पनि काम गर्नुभयो । अहिले तपाईं कम्युनिष्ट आन्दोलनका एक बरिष्ठ नेता हुनुहुन्छ । नेपाली कांग्रेसलाई अहिले तपाईं कस्तो किसिमको सुझाव दिनुहुन्छ ?

◆ पहिलो कुरा के हो भने, म शुरूमा कांग्रेस होइन । म शुरूमै मार्क्सवादी थिएँ । त्यसपछि मात्र कांग्रेस भएको थिएँ । र, तेस्रो चरणमा आएर म कम्युनिष्ट बनें ।

म शुरूमा मार्क्सवादी मात्रै थिएँ । यस्तो कसरी भयो भने, म दार्जिलिङ्गमा जुन विद्यार्थी फ्रन्टमा काम गर्थें, त्यो विद्यार्थी फ्रन्टलाई भारतको 'रेडिकल डेमोक्रेटिक पार्टी' (एम.एन.रायको पार्टी)ले गाइड गरेको रहेछ । त्यो पार्टीले त्यस विद्यार्थी फ्रन्टलाई मार्क्सवादी चिन्तनधारा दिएको रहेछ । त्यस विद्यार्थी फ्रन्टमार्फत् चियाबगानहरूमा हामी नाटकहरू गर्थ्यौं । त्यहाँ हामी मजदूरहरूको बीचमा काम गर्थ्यौं । यसरी, त्यस विद्यार्थी फ्रन्टले मलाई मार्क्सवादको 'म' सिकाएको थियो । र, त्यही क्रममा नै मैले कम्युनिष्टहरूको कुरा सुनेको थिएँ ।

तर पछि जुन बेलामा म नेपालको राजनीतिमा लागें, त्यसबेला मैले देखें कि राणाहरूलाई हटाउन यहाँ कम्युनिष्टहरू थिएनन् । त्यसको लागि यहाँ कांग्रेस थियो । त्यही कारणले म कांग्रेसमा लागें । कांग्रेसमा पनि त्यतिखेर दुईटा पार्टीहरू थिए । संजोगले म प्रजातन्त्र कांग्रेसमा लागें । पछि दुईटा कांग्रेस एउटै भए । र, म कांग्रेस भएर नै २००७ सालको क्रान्तिमा लडें । त्यसपछि मात्र म कम्युनिष्ट भएको हुँ ।

अहिले मैले कांग्रेसलाई दिने सुझाव के हो भने 'मेरो पुराना कांग्रेस बन्धुहरू र नयाँ कांग्रेस साथीहरू ! तपाईंहरूले शुद्ध पूँजीवादी पार्टी बनाउनुहोस् । शुद्ध पूँजीवादी भनेको इङ्गल्याडको जस्तो प्रजातन्त्र, फ्रान्सको जस्तो प्रजातन्त्र, अमेरिकाको जस्तो प्रजातन्त्र हो । तपाईंहरूले त्यस्तो प्रजातान्त्रिक पार्टी बनाउनुहोस् । यति बेला फेरि पनि म तपाईंहरूलाई सहयोग गर्न, तपाईंहरूसँग संयुक्त हुन तयार छु । तपाईंहरूले गणतन्त्र ल्याउनुपर्छ भन्नुहुन्छ भने म मान्छु । तर तपाईंहरूले मेरो कुरा के मान्नुपर्छ भने, गणतन्त्र ल्याउनलाई दुई चारवटा राजाका टाउका काटिनुपर्छ अनि मात्र गणतन्त्र आउँछ । त्यसकारण अहिले गणतन्त्रको कुरा नगरौं । तपाईंहरू उदार बुर्जुवा पार्टी बन्नुहोस् । विशुद्ध पूँजीवादी प्रजातन्त्र ल्याउनुहोस् ।'

❑ तपाईंको राजनीतिक जीवनमा लामो समयसम्म साथै रहेका दुई व्यक्तित्वहरू कमरेड जयगोविन्द साह र पारिजात अहिले यो संसारमा हुनुहुन्न । उहाँहरूलाई तपाईं कुन रूपमा स्मरण गर्नुहुन्छ ?

◆ जय गोविन्द साह शुद्ध ग्रामीण वर्गसंघर्षको उत्पादन हो । उहाँ वर्गसंघर्षबाट निस्केका विशुद्ध किसान नेता हुनुहुन्थ्यो । उहाँलाई मैले जीवनभर त्यही रूपमा मानें ।

पारिजात विशुद्ध साहित्यकार हुन् । त्यसको साथमा, उहाँका केही सामाजिक योगदानहरू पनि छन् । तर ती सबै गौण पक्ष हुन् । मुख्य रूपमा उहाँलाई म साहित्यकारको रूपमा मान्दछु ।

❑ तपाईंले अहिलेसम्मको जीवनकालमा आन्दोलनको लागि थुप्रै काम गर्नुभयो, त्यस दौरानमा तपाईंले कुनै गल्ती गर्नुभएको महसूस हुन्छ ?

◆ जीवनमा सानाठूला थुप्रै गल्तीहरू भएका होलान् । मैले आफूले थाहा पाएका गल्तीहरूको सधैं इमान्दारीका साथ आत्माआलोचना गरेर सुधारेको छु ।

तर एउटा गल्ती, गल्ती हो – खराव हो भनेर ठान्दाठान्दै पनि त्यसलाई कहिल्यै सुधारिनँ । कहिल्यै सुधार्ने प्रयत्न नै गरिनँ । जुन साथीहरूले आलोचना गरेर सुधार भने, ती साथीहरूसित भित्र मनमा रीस उठ्थ्यो । त्यो हो – रक्सी खाने बानी । यसलाई मैले कहिल्यै सुधारिनँ । अब अहिले क्यान्सर भएपछि सारा साथीभाइ जनताको सहयोग पाएपछि, 'ए, मैले उहिले नै नसुधारेर गल्ती गरेंछु' भन्ने महशूस भएको छ । अब क्यान्सर रोग लागेपछि त खानै हुँदैन । कुरै सिद्धियो । सुधार्ने त कुरा नै आएन । तर क्यान्सर रोग निको भए पनि अब म रक्सी खाँदैखान्न । र, म जनताको सेवामा फेरि फर्कन्छु ।

अर्को कुरो, कतिपय सानातिना गल्तीहरू मनमा सुधार गर्न सकिन्छ, तर सार्वजनिक गर्न नसकिंदो रहेछ । त्यस्ता केही गल्तीहरू छन्, जसलाई म अहिले लेखेर राख्छु । म मरेपछि र त्यससँग सम्बन्धितहरू पनि मरेपछि मात्र त्यसलाई सार्वजनिक गरिनु उचित हुन्छ । मेरो निम्ति त ती गल्तीहरू अहिले नै सार्वजनिक गर्न पनि म तयार छु । तर त्यससँग सम्बन्धित अरूहरूको निम्ति त भएन नि ।

❑ तपाईंको जीवनीबाट अबको नयाँ पिढीले के कुरो सिकोस् र के कुरो नसिकोस् भन्ने ठान्नुहुन्छ ?

◆ सिकोस् र नसिकोस् भन्ने कुरा मेरो इच्छामा निर्भर गर्ने होइन । मैले राम्रो जति सिकोस्, नराम्रो जति नसिकोस् भनेर हुने कुरा होइन । हुने कुरा के हो भने, मैले ठानेको राम्रो कुरा सिक्नको निम्ति कस्तो किसिमको वातावरण चाहिन्छ भन्ने कुरा हो । म के चाहन्छु भने, समाजमा यस्तो वातावरण बनोस्, जुन वातावरण लागु पदार्थतिर नौजवानहरूको ध्यानै नपुगोस् । जुन वातावरणमा अध्ययन नगरिकन उनीहरू बस्नै नसकुन् । जुन वातावरणमा काम नगरिकन मान्छेहरू बस्नै नसकून्, जुन वातावरणमा अल्छी भएर बस्नै नसकून् । त्यो वातावरण अहिले बन्दैन । त्यो वातावरण बन्नको निम्ति समाजवाद-साम्यवाद चाहिन्छ । त्यसैले त्यो वातावरण बनाउन अहिले प्रयत्नहरू गरौं । हाम्रो आफ्नो परिवारमा, साथीभाइहरूको बीचमा, टोल छरछिमेकमा, गाउँमा त्यस्तो किसिमको वातावरण बनाउन कोशिश गरौं ।

जस्तो कि, गाउँमा देखाइने नाटकहरूमा मादक पदार्थलाई प्रोत्साहन गर्ने किसिमको चीजै नरहोस् । रेडियो, टि.भि.ले मादक पदार्थको प्रचारनगर्ने भनेजस्तो होइन । उनीहरूले प्रचार नगर्ने भनेर पनि बेस्करी प्रचार गरिराखेछन् । 'त्यागौं त्यागौं खैनी चुरोट त्यागौं' भन्ने विज्ञापन दिएर रेडियो टेलिभिजनमा तीनै मादक पदार्थको प्रचार भैरहेको छ । यो प्रचार अप्रत्यक्ष किसिमको हो । त्यस्तो पनि गर्नुहुँदैन । स्वाभाविक सामाजिक रूपहरूलाई अगाडि सारौं । शिक्षालाई अगाडि बढाऔं, स्वास्थ्यलाई अगाडि बढाऔं, सामाजिक काम, सामूहिक काम, गाउँको कामलाई महत्व दिऔं, सबैलाई यो वातावरणमा लैजाऔं । आफैं त्यो वातावरण ठीक हुन्छ ।

मैले "यो सिक्नुस् कामरेड । त्यो नसिक्नुस् कामरेड ।" भनेर जति नै भाषण गरे पनि वातावरण छैन भने कसैले सिक्दैनन् ।

❑ तपाईंको जीवनकालमा विरामी पर्दा, आपत पर्दा को को साथीले कहाँ कहाँबाट



क. लामा भरतपुर अस्पतालको बेडमा

**_अहिले मैले कांग्रेसलाई दिने सुझाव के हो भने, 'मेरो पुराना कांग्रेस बन्धुहरू र नयाँ कांग्रेस साथीहरू ! तपाईंहरूले शुद्ध पूँजीवादी पार्टी बनाउनुहोस् ।'_**

**सहयोग गर्नुभयो, जुन अविस्मरणीय पनि छ ?**

◆ मैले अविस्मरणीय सहयोग पाएको काठमाण्डौं किलागलको चन्द्रानन्दको सिङ्गो परिवारबाट हो । त्यसबेला एस.एल.सी.को फाराम भर्न पन्ध्र रूपियाँ लाग्थ्यो । त्यो पन्ध्र रूपियाँ तिर्ने पनि मेरो अवस्था थिएन । चन्द्रानन्दको त्यतिखेर भर्खरकी प्रेमिका थिइन्, जो अहिले उनकी श्रीमती हुन् । उनले आफ्नी प्रेमिकासित मागेर मलाई एस.एल.सी. को फर्म भर्न पन्ध्र रूपियाँ दिए । र, मैले फाराम भरें । मैले जेलमा वि.ए.को जाँच दिंदाखेरि फारामको बीस रूपियाँ तिरेको थिएँ । त्यो पनि उनै चन्द्रानन्दले जेलसम्म आएर फाराम भरिदिए । उनको घरमा म १४ ।१५ वर्षसम्म निरन्तर रूपमा बसें । मसँग भएको बेलामा दुई चार रूपियाँ दिन्थें । नभएको बेलामा त सधैं उनीहरूको नै खाएर बसें । यो एउटा अविस्मरणीय सहयोग हो ।

दोस्रो, त्रि-रत्न मानन्धर । पढ्दाखेरि जान पहिचान भई साथी भएका उनीसँग मेरो आवत जावत भयो । उनले मलाई लुगा हाल्दिने, केही नभएर भोकै हुने स्थितिमा दाल चामल तरकारी किनेर ल्याईदिने गर्थे । म जेल पर्दा जेलमा उनले दुई क्रेट, तीन क्रेट कुखुराको फुल बोकेर ल्याईदिन्थे । त्यसको साथमा उनले विस्कुट सिस्कुट र खर्चबर्च पनि ल्याईदिन्थे । जेलबाट छुटेपछि, विवाह गरेपछि मलाई कसैले पनि डेरा दिएन । आफ्नै साथीहरूले पनि दिएनन् । तर उनै त्रि-रत्नले म्हेपीमा अहिले जहाँ हामी बसिराखेका छौं, त्यहाँ लगेर हामीलाई राखे । त्यतिखेर त्यहाँ उनको पोल्ट्रीफर्म थियो । त्यही पोल्ट्री फर्ममा सुकन्या र मेरो निम्ति एउटा, मेरा भाइ बुहारीको निम्ति एउटा, पारिजातको निम्ति एउटा र एउटा भान्छा कोठा गरी जम्मा चारवटा कोठाहरू मलाई त्रि-रत्नले उपलब्ध गराइदिए । उनले पैसा लिएनन् । तर उनको निम्ति मैले केही गर्न सकिनँ ।

त्रि-रत्नको निम्ति थोरै मैले के गरें भने, उनी क्यान्सर रोग लागेर बिरामी परेको बेलामा उपचारको निम्ति बम्बई पठाउन मैले केही व्यवस्था गरिदिएँ । क्यान्सर रिलिफ सेन्टरबाट सित्तैमा टिकट लिइदिने र केही खर्च जुटाइदिने काम मैले गरिदिएँ । त्यस्तै गरी आफ्नो तर्फबाट मेरी श्रीमतीसँग लिएर तीन हजार र भाइको तर्फबाट पाँचहजार पैसा जुटाइदिएँ भने अरू साथीभाइहरूको तर्फबाट बम्बईमा बस्ने खाने व्यवस्था मिलाई दिने काम पनि गरिदिएँ । पछि उनी अन्तिम अवस्थामा टिचिङ्ग अस्पतालमा भर्ना हुनआए । तर म भेट्न गइनँ । किनभने, मर्ने बेलाको मान्छेलाई म अस्पतालमा हेर्नै सक्तिनँ । उनी मरे । मरेपछि म मलामी गएँ । त्यो घटनालाई मैले अविस्मरणीय घटनाको रूपमा लिएको छु ।

तेस्रो अविस्मरणीय कुरा । म जुन घरमा भूमिगत बसें, त्यहाँ मलाई भूमिगत महशूस नै भएन । पाटनको बखुम्बहालको एउटा परिवारमा म बहाल तिरेर बसें । बहाल त सधैं तिरें । तर त्यहाँ म एउटै परिवारकै रूपमा बसें । खाना त म आफैं पकाउँथें । तर नून नहुँदा नून माग्थें, तेल नहुँदा तेल माग्थें, चामल नहुँदा चामल नै पनि घरपतिसँगै माग्थें । त्यसरी माग्न मलाई कुनै अप्ठेरो लाग्दैनथ्यो । माग्न मलाई सजिलै लाग्थ्यो । बखुम्बहालको त्यो परिवारका साथीहरू दिव्य र सुवर्ण हुन् । उनीहरूको पेशा मूर्ति बनाउने कला थियो । यो पनि मेरो अविस्मरणीय घटनाको रूपमा रहेको छ ।

*म आफू जवान छँदा अलि बढी बहस गर्न मन पराउँथें । त्यतिखेर म पार्टी नेताहरूसित बहसहरू गर्थें । मनमोहन, शम्भुराम, शैलेन्द्र, डि.पी. अधिकारीहरूसँग छलफल गर्थें ।*



❑ **राजनीतिक जीवनमा तपाईलाई बौद्धिक रूपमा सहयोग गर्ने साथीहरू पनि छन् ?**

◆ म आफू जवान छँदा अलि बढी बहस गर्न मन पराउँथें । त्यतिखेर म पार्टी नेताहरूसित बहसहरू गर्थें । मनमोहन, शम्भुराम, शैलेन्द्र, डि.पी. अधिकारीहरूसँग छलफल गर्थें । यता गोविन्दप्रसाद लोहनीहरूसँग पनि छलफलहरू गर्थें । पंचायतकालमा पनि विभिन्न बुद्धिजीविहरूसँग छलफलहरू गर्थें । तर कसैलाई शिक्षक नै ठानेर, कसैको गाइडमा चाहिं म हिंडिनँ । त्यसकारण धेरै साथीहरू मलाई "Self made man" भन्थे ।

❑ **अहिलेको यस घडीमा तपाईले गर्नुपर्ने महत्वपूर्ण काम के हुनसक्छन् ?**

◆ मलाई लाग्छ, मेरो बिमारीको एउटा टुङ्गो लागिसकेको छ । डाक्टरहरूको मसँगको व्यवहार, कुराकानी र मेरो परिवारका सदस्यहरूको व्यवहार, कुराकानीले म के बुझिरहेको छु भने, मेरो जीवनकाल अब अत्यन्तै छोटो छ । पहिले ठानेको थिएँ, मेरो जीवनकाल एक डेढ बर्षको होला । पछि ठानेको थिएँ पाँच छ महिनाको होला । अब ठान्दैछु - कहीं मेरो जीवनकाल एक डेढ महिनाको पनि छैन कि ? तर म आत्तिएको छुइनँ । एउटा कुरामा म आत्तिएको छु - मैले आजको समाजको विसंगति, विकृति, मूल्यहीनता, मान्यताहीनताको विरूद्धमा ठ्याक्कै बुझ्ने किसिमको व्यवहारिक विकल्प दिनुपर्छ, भन्ने ठानेको छु । हतार छ अब मलाई । हतार भएको हुनाले नै करीब करीब एक महिनाभित्रमा यो बिकल्पको खाका मैले तयार गर्नुपर्छ भन्ने लागेको छ ।

खाका भनेको त्यसको एउटा मात्रै पक्ष छैन । सिङ्गो पक्ष छ । त्यसका सैद्धान्तिक, संगठनात्मक, राजनीतिक, सामाजिक, आर्थिक लगायत सबै पक्षहरू छन् । यी सबै कुराहरूको व्याख्या मैले डेढ महिनाभित्र सिध्याउनु पर्छ भन्ने मलाई लागेको छ । यो कामलाई अहिले मैले ज्यादै महत्व दिएको छु ।

त्यसको साथमा अर्को एउटा चीजलाई पनि मैले महत्व दिएको छु । त्यो चीज मेरो घरको विषय हो । घरको कथा त मैले मेरो आत्मकथाको शुरूमै बताइसकें । अहिले म के थप्न चाहन्छु भने नेपाल बैंकबाट लिलाम गर्नको लागि ताकिता आइरहेछ । आज भोलि कुनै पनि समय त्यो घर लिलाम हुँदैछ । जुन कमरेडले हामीलाई खासगरी सुकन्यालाई फकाएर, मनाएर, भुक्याएर ठगी गरेको छ, त्यो कमरेडलाई नाङ्गेझार

**अब ठान्दैछु - कहीं मेरो जीवनकाल एक डेढ महिनाको पनि छैन कि ? तर म आत्तिएको छुइनँ ।**

पार्ने मन छ । तर के गरूँ ? म अस्पतालको बेडमा छु । बेडैबाट पनि के गर्न सकिन्छ, गर्छु । यो समस्या सामाजिक होइन, मेरो व्यक्तिगत समस्या हो । तैपनि यसबाट मलाई साह्रै मर्का परेको छ । त्यसैले तपाईंहरूले यसलाई अलिकति बढी नै महत्व दिनुपऱ्यो । कतिसम्म भयो भने, त्यसले त्यतिखेर हाम्रो घरबन्धकी राखेर बैंकबाट २८ लाख लिएको भनेको थियो तर वास्तवमा ३० लाख लिएको रहेछ । अब त्यो ब्याजस्याज गरेर ३६ लाखभन्दा पनि बढी पुगीसकेको छ ।

❑ **शुरूमा अन्तर्वार्ता दिंदा तपाईले तपाईहरूलाई भुक्याउने त्यस कमरेडको नाम सार्वजनिक गर्ने बेला भएको छैन भन्नुभएको थियो । अहिले त्यो सार्वजनिक गर्ने बेला भयो ?**

◆ भयो । लीला चौलागाईं । रामेछाप घर हुने ।

❑ **अन्त्यमा तपाईं मूल्यांकन पत्रिकामार्फत् नेपाली जनतालाई के सन्देश दिनुहुन्छ ?**

◆ खासगरी, नयाँ पिढीलाई मेरो एक मात्र सन्देश छ - "तपाईंहरू एक पक्षीय नहुनु होस् । अध्ययन केही नगरी झोला भिरेर गाउँ गाउँमा घुमेकोघुम्यै नगर्नुस् । अर्कोतर्फ, अध्ययन गरेकोगऱ्यै गरी किताबको कीरा भई झोला नभिर्ने, गाउँमा नजाने र संघर्षमा नजाने नगर्नुस् । दुईटाको बीच सन्तुलन मिलाउनुहोस् । दुईटै कामलाई संगसँगै लाने गर्नुहोस् । दुवै क्षेत्र बिकास गर्न सकिन्छ - व्यवहारिक क्षेत्र पनि, सैद्धान्तिक क्षेत्र पनि ।

अर्को कुरा, कम्युनिष्ट पार्टीको सदस्य हुने वित्तिकै घरबार छाडेर जोगी बन्नुपर्छ, खेतीपाती व्यवसाय सबै छोड्नुपर्छ भन्ने कुरा होइन । ती सबै चीजहरू गर्दागर्दै पनि, समाजमा आफ्नो स्तर राख्दाराख्दै पनि कसरी कम्युनिष्ट बन्न सकिन्छ, त्यस पक्षमा बढी ध्यान दिनुपर्छ । अत्यन्त व्यवहारिक, अत्यन्त नम्र, अत्यन्त अध्ययनशील र अत्यन्त परिश्रमी हुनुपर्छ । यति भयो भने सही कम्युनिष्ट बन्न सकिन्छ ।

अर्को, आम नेपाली जनताको लागि मेरो सन्देश छ- "नेपाल डुब्न लाग्यो । नेपाल आधिराज्य हजार-दुईहजार मानिसहरूको व्यक्तिगत सम्पत्ति बन्न लाग्यो । तिनीहरूको हातबाट नेपाल खोसेर सम्पूर्ण जनताको नेपाल बनाउनको निम्ति सबै संगठित होऔं । संघर्षमा उत्रौं । संघर्ष, संघर्ष फेरि पनि संघर्षमा लागौं ।"

❑

वैशाख ८, ०५७ का दिन राष्ट्रिय सभागृहका फूलहरू पनि शोकमग्न भावुकताले आन्दोलित थिए । त्यहाँ उपस्थित अगणित मान्छेहरू व्यथित र विचलित हृदय लिएर एउटा एम्बुलेन्सको पर्खाइमा आफ्ना रसाएका आँखा ओछ्याइरहेका थिए । र, पर्खिरहेका थिए एउटा सिङ्गो रातो इतिहासलाई, जसलाई निर्मल लामा भन्ने गरिन्छ । शायद एम्बुलेन्सले पाँच दशकको इतिहास बोकेको त्यो पहिलो घटना थियो, नेपालको सन्दर्भमा ।

त्यो दिनको नागरिक अभिनन्दनमा मान्छेहरूले देखे - निर्मल लामा हाँसी-हाँसी बाँचिरहेको छ र मृत्यु रोई-रोई मरिरहको छ । तैपनि श्रद्धा न हो, मान्छेहरू सोधिरहेका छन् आफैंलाई - कतै मर्ने त हैन निर्मल लामा ? विश्राम लिने त होइन एउटा रातो इतिहासले ?

तर लामाका शुभेच्छुकहरू ! ढुक्क हुनुहोस् - लामा मर्दैन । लामा शरीर होइन, सपना हो - न्यायपूर्ण समाजको सपना, समताको सपना, स्वतन्त्रताको सपना । के मृत्युको आगोले सपनालाई छुन सक्छ ? निर्मल लामा एउटा खुला पुस्तक हो, जहाँ पढ्न सकिन्छ मान्छेका जिजीविषा र सङ्घर्षका कथा, समता र न्यायको सङ्कल्प, मुक्तिको आकाङ्क्षा र श्रमको गरिमा । त्यस्तो पुस्तक कहिल्यै मर्छ ?

लामाका बारेमा लेख्न गाह्रो छ, किनकि शब्दहरूले न्याय गर्न सक्दैनन् लामामाथि । उसको निष्ठा, उसको सङ्घर्ष, उसको सङ्कल्प, उसको प्रतिबद्धता र उसको अठोटलाई शब्दको तराजुमा जोख्न सकिन्न । अहँ, चिसा अक्षरहरूमा कैद गर्न सकिन्न त्यो बहादुर मान्छेलाई । जहाँ जहाँ छन् मुक्तिका छटपटीहरू, जहाँ जहाँ छन् विद्रोहका फिलिङ्गाहरू, जहाँ जहाँ छन् आन्दोलित चेतनाहरू- लामा त्यहाँ छ । ऊ कसरी मर्छ ?

निर्मल लामा अर्थात् उत्पीडित आत्माहरूको त्यो इञ्जिनियर, मुक्त सपनाहरूको त्यो आर्किटेक्चर, जनसंघर्षको पाठशालाको त्यो योग्य शिक्षक, न्यायको युद्धमा सदैव अग्रिम मोर्चामा क्रियाशील त्यो वीर सिपाही, जनआन्दोलनका हरेक क्षणमा सडकको शान बन्ने त्यो नायक- त्यो कसरी मर्छ ? ऊ मर्दैन, किनकि उसको निष्ठाभन्दा निकै निकै होचो छ मृत्यु । निर्मल लामा गीत हो आस्थाको, आस्थालाई कसले मार्न सक्छ ?

वैशाख ८ गतेको नागरिक अभिनन्दनमा ठीकै त भनेथे दमननाथ ढुङ्गानाले - "मृत्यु निर्मल लामासँग लडिरहेछ ।" र, निर्मल लामाका हकमा मृत्यु पराजित हुनेछ, त्यो पनि पटक-पटक, हजारौं हजार पटक ।

झण्डाले कम्युनिष्ट धेरै भए यो

# अहँ, कहिल्यै मर्दैन



# निर्मल लामा

- कृष्णज्वाला देवकोटा -

*निर्मल लामा एउटा खुला पुस्तक हो, जहाँ पढ्न सकिन्छ मान्छेका जिजीविषा र सङ्घर्षका कथा, समता र न्यायको सङ्कल्प, मुक्तिको आकाङ्क्षा र श्रमको गरिमा । त्यस्तो पुस्तक कहिल्यै मर्छ ?*

देशमा, नाराले कम्युनिष्ट पनि धेरै भए । तर निर्मल लामा जीवनको कम्युनिष्ट थियो, कर्मनिष्ट थियो, कर्मवीर थियो । जीवनका हरेक सन्दर्भमा उसले मार्क्सवादलाई जीवनमा रूपान्तरित गरेको छ । उसको जीवनका झाँकीहरूमा हेर, त्यहाँ श्रमप्रतिको सम्मान छ, जनसमूहप्रतिको कर्तव्यबोध छ, भविष्यप्रतिको निष्ठा छ र कर्मशीलहरूप्रतिको असीम ममता छ । लामा व्यक्ति होइन, इतिहास हो - निष्ठाको इतिहास, संघर्षको इतिहास । के इतिहास पनि मर्छ ?

लामाको राजनीतिक इतिहास सर्वाधिक स्वच्छ, सर्वाधिक कञ्चन र सर्वाधिक त्यागपूर्ण छ । उसको दीर्घ इतिहासका पोशाकमा कहीं कतै छैनन् प्रलोभनका दागहरू । कहिल्यै नविकेको, कहिल्यै नझुकेको त्यस्तो गर्विलो र दर्बिलो राजनीतिक शिरको संख्या कति छ नेपाली राजनीतिमा? अरू कति पो छन् र निष्ठाका सगरमाथाहरू ?

हिजो बेइमान हुने अवसर नपाएर इमानदार बचेका थुप्रै भूतपूर्व कमरेडहरूले देखाए - उनीहरूका नाराहरू देखाउने दाह्रा थिए । तर लामा सदैव ती नाराहरूप्रति इमान्दार रह्यो । हो, अति मानव थिएन निर्मल लामा । केही गम्भीर कमजोरीहरू पनि थिए उसका । जनसंघर्षलाई नै प्रधानता दिँदादिँदै पनि लामाले उठाउन सकेन जनसंघर्षको आँधी । आत्मालोचनाका उसका अगणित रेकर्डहरू भन्छन् - केही पटक लामाले नबोल्नु पर्ने पनि बोल्यो । तर स्पष्टवक्ता हुनु अपराध हो र ? कम्युनिष्ट पार्टीभित्रको नौकरशाही किल्ला पनि अनपेक्षित निर्मम होइन र ?

मार्क्सवादलाई नेपाली समाजको विशिष्टतामा प्रयोगको सन्दर्भमा देखिएको अन्यौलबाट मुक्त रहेन निर्मल लामा पनि । नेपाली कम्युनिष्ट आन्दोलनको दिग्कारलाग्दो रजौटाकरणमा केही न केही जिम्मेवार त पक्कै हो निर्मल लामा पनि । वैचारिक अस्पष्टताले केही न केही गाँजेकै हो उसलाई पनि । र, आग्रही प्रतीत हुने नै हो जनयुद्धप्रतिको उसको दृष्टिकोण पनि । तर, प्रायः जानाजान भएनन् यी कमजोरीहरू । अहँ, लामाको नियतमा खोट थिएन ।

केही महिना अगाडि हरि बुढाथोकीको क्रियाशीलतामा लामासँग बिताएको एउटा अल्परातमा मैले लामालाई सोधेको थिएँ - 'कमरेड, पाँच दशकको रातो यात्रामा अमूक अमूक मोर्चामा किन हार्‍यो त कम्युनिष्ट आन्दोलनले ?' लामाले भनेथ्यो - "पेटी बुर्जुवाहरू हाबी छन् आन्दोलनमा । धेरै विफलताहरू यही कारणले जन्मिएका हुन् ।" इतिहास आफैं बोल्दैन र - लामाको यो अनुभव सम्पूर्ण सत्य हो ?

समकालमा निर्मल लामा भनेको एउटा त्यस्तो बिम्ब हो, जसले राजनीतिक भ्रष्टाचारको यो अन्धकार कालखण्डमा पनि आशाको संचार गराउँछ । भ्याँक्रीको असिस्टेण्टबाट कम्युनिष्ट आन्दोलनको अगुवासम्मको उसको यात्रा निष्ठाको प्रकाशले आलोकित छ । कांग्रेस हुँदा पनि इमान्दार हुने त्यो अपवाद, क्याबिनेट मन्त्रीको प्रलोभन र आग्रहलाई लात मारेर जनताका आँसुलाई बारूदमा बदल्न हिंडेको त्यो निडर क्रान्तिकारी कम्युनिष्ट आन्दोलनको जीउँदो मिथक हो । लामा पारिजातका रचनाको स्रोत पनि हो । त्यसैले नेपाली प्रगतिवादी साहित्यको एउटा सबल प्रतीक पनि त होइन र ऊ ?

लामाले इतिहास बनायो र बचायो, जब कि धेरै इतिहास-पुरूषहरूले आफ्नै इतिहासलाई आफ्नै हातले आफ्नै महलका जगमा पुरे । तिनीहरू इतिहासले बनाइदिएका 'वीर'हरू थिए, त्यसैले इतिहासलाई बचाउन सकेनन् । लामा इतिहास बनाउने राजनेता हो, उसले इतिहास उभ्यायो र त्यसलाई जीवित राख्यो । नत्र जीवनको सम्भावित अन्तिम जन-सम्बोधनमा कसरी भन्न सक्थ्यो उसले - "राजनीतिक भ्रष्टाचार बन्द गराऊ ।" देशका लागि बाँचेर देशकै चिन्ताको सिरानीमा मृत्यु रोज्ने त्यो मान्छे पनि कहिल्यै मर्छ ?

लामालाई कहिल्यै मुकुण्डो चाहिएन । कहिल्यै दोहोरो जिन्दगी बाँचेन ऊ । रक्सी खायो, रक्सीसँगै गाली पनि खायो । नत्र उसको आचरणमा, संस्कारमा, जीवनपद्धतिमा अरू के छ खोट लगाउने कुरो ? समकालको राजनीतिमा को छ यति पारदर्शी नायक ?

लामा मर्दैन । मृत्यु कायर कुरा हो, मृत्युका शिकारीहरू पनि कायरहरू नै हुन्छन् । लामा वीर हो, ऊ मर्दैन । जबसम्म शोषणका सीमाहरूले आकाशसम्मको अतिक्रमण गरिरहन्छन्, जबसम्म स्वामित्वका नाममा मान्छेले पिइरहन्छ मान्छेको रगत, जबसम्म कर्मवीरहरूका पसिनालाई रूपान्तरित गरिन्छ ककटेलहरूमा, जबसम्म कङ्काल प्राणीहरूका आँसु थापेर मुट्ठीभर मान्छेहरूले उत्सव मनाउँछन्, जबसम्म दमित हुन्छन् समताका आकांक्षाहरू, जबसम्म राष्ट्रियता सत्तास्वार्थको खाल बनिरहन्छ र जबसम्म रहन्छ समाजको वर्गीय संरचना - लामा दमितहरूको मुक्तिको छटपटी भएर बाँचिरहन्छ । लामाका मित्रहरूले सुनून् र गर्व गरून् - लामा मर्दैन । लामाका शत्रुहरूले पनि सुनून् र शिर झुकाउन् - लामा जत्तिको 'अग्लो' मान्छे उनीहरूसँग कहिल्यै भएन, हुँदैन, हुनेछैन । लामाको आस्थाको चट्टानमा ठोक्किएर मृत्यु धूलिसात् हुनेछ । ◘

## भाषा आन्दोलनकारीहरूलाई नै झस्काउने आगामी जेठ १८ को 'बन्द'

# अखिल नेपाल जनजाति संघको 'नेपाल बन्द'

सर्वोच्च अदालतले गत वर्षको जेठ १८ गते देशका विभिन्न भाषाहरूको अधिकार सम्बन्धमा जारी गरेको एउटा कालो फैसलाको विरोध स्वरूप यस वर्षको जेठ १८ गते अखिल नेपाल जनजाति संघको तर्फबाट अचानक 'नेपाल बन्द' गरिने जस्तो माथिल्लो स्तरको कार्यक्रमको घोषणा गरिएको छ । बन्दको यो घोषणा यति आकस्मिक र अज्ञात किसिमले भयो कि त्यसको जानकारी पाएर स्वयम् जनजाति आन्दोलनका अग्रजहरू समेत चकित भएका छन् ।

जेठ १८ गते सर्वोच्च अदालतले काठमाण्डौ महानगरपालिकामा नेपाली भाषाका साथै नेपाल भाषा र धनुषा जिविस एवं राजविराज नगरपालिकामा मैथिली भाषाको प्रयोगको मान्यता खारेज गरेको थियो । सो आदेशका विरूद्ध देशका सम्पूर्ण जनजातिहरू त्यति बेलादेखि नै आन्दोलनरत छन् । तर अहिले अचानक सो आदेश दिएको दिनमै अखिल नेपाल जनजाति संघ नामक एउटा संगठनले आफूसँग कुनै किसिमको सल्लाह समेत नगरी नेपाल बन्दको घोषणा गरेको देखेर यो आन्दोलनलाई शुरूदेखि नै हाँक्दै आइरहेका 'भाषिक अधिकार संयुक्त संघर्ष समिति' र 'नेपाल भाषा संघर्ष समिति' दुवै धर्मसंकटमा पर्न गएका देखिन्छन् ।

यद्यपि, यो नेपाल बन्द जनजातिहरूको सामूहिक कार्यक्रम भनिएता पनि यसमा जनजातिका कुन कुन समूहहरू संलग्न छन् भन्ने कुरा सार्वजनिक भएको छैन । तर पनि यसको लागि सुरेश आलेमगर अध्यक्ष रहनु भएको अखिल नेपाल जनजाति संघले पहल चलाइरहेकोले र, उक्त संघले नेकपा माओवादीका सोचहरूप्रति सहानुभूति राख्ने भएकोले यस बन्दको पछाडि नेकपा (माओवादी) कै हात रहेको अनुमान भाषिक आन्दोलनका अगुवाहरूले गरेका छन् । बन्दको लागि हाल विभिन्न भाषिक संघ संस्थाहरूसँग सम्पर्क र संवाद चलाउने काम अखिल नेपाल जनजाति संघका लोकबहादुर थापामगरले गरिरहेका छन् । तर बन्दको लागि माओवादीको सोचप्रति विशेष सहानुभूति राख्ने संगठनका रूपमा परिचित छ - सातवटा संघ संस्थाहरूको बाहेक जेठ १८ को फैसलाविरोधी आन्दोलनको भावनालाई बोक्नसक्ने संघर्ष समितिहरूको समर्थन भने प्राप्त भइरहेको छैन । सबै खाले र सबै विचारका भाषिक नेता-कार्यकर्ताहरू संलग्न भएको 'भाषिक अधिकार संयुक्त संघर्ष समिति' र 'नेपाल भाषा संघर्ष समिति' जस्ता संघर्ष समितिहरूलाई अखिल नेपाल जनजाति संघद्वारा आव्हान गरिएको यो बन्दलाई साथ दिन समस्या परिरहेको छ । तर आफैंले उठाइरहेका भाषिक मुद्दाहरूको सवालमा नै बन्दको आव्हान गरिएकोले भने यिनीहरूलाई बन्दको विरोधै गर्न पनि नमिल्ने भइरहेको छ ।

यी संघर्ष समितिहरू जेठ १८ गतेको सर्वोच्च अदालतको फैसलालाई विरोध गर्ने एकसूत्रीय मागलाई अघि सारेर गठन गरिएका हुन् । तर अहिले आव्हान गरिएको नेपाल बन्दमा यो लगायत सम्पूर्ण भाषिक, जातीय शोषणको विरोधका साथै आत्मनिर्णयको अधिकारको मागलाई समेत जोडिएको छ । र, अखिल नेपाल जनजाति संघ 'नेपाल बन्द'पछि पनि यो आन्दोलनलाई चर्काउने पक्षमा छ । तर अस्ति वैशाख १० गते काठमाण्डौमा बसेको एउटा बैठकमा नेपाल बन्दलाई समर्थन गर्ने केही भाषिक नेताहरूले पनि १८ गते पछिको कार्यक्रमबारे पुनः विचार गरिनुपर्ने राय राखेका थिए । बैठकपछि बन्दको लागि एउटा एक्सन कमिटी मात्र बनाउने सहमति भएको छ । उक्त बैठकमा पहलकर्ता लोकबहादुर थापामगर पहिल्यै कतै सबै कुराको निर्णय गरी त्यसलाई अनुमोदन मात्र गराउने हिसाबले आउनुभएको विचार उक्त बैठकमा सहभागी एक सदस्यले बताएका छन् ।

> *तर आफैंले उठाइरहेका भाषिक मुद्दाहरूको सवालमा नै बन्दको आव्हान गरिएकोले भने अन्य संगठनहरूलाई बन्दको विरोधै गर्न पनि नमिल्ने भइरहेको छ*

स्मरणीय छ, जेठ १८ गते आव्हान गरिएको नेपाल बन्द जनजाति संगठनहरूले आव्हान गरेको पहिलो नेपाल बन्द हो । तर यस्तो 'नेपाल बन्द' जस्तो उच्च स्तरको संघर्षको कार्यक्रम भाषा आन्दोलनकारीहरूलाई नै झस्काउने गरी अचानक घोषणा गरिएकाले धरै नै अनुत्तरित प्रश्नहरू जन्मिरहेका छन् ।

भाषिक र जातीय शोषणको विरोधमा संघर्षरत संगठनहरू, त्यसमा पनि विशेष गरी, जेठ १८ को कालो फैसलाका विरूद्ध चलिरहेको संघर्षको नेतृत्व गरिरहेका भाषिक अधिकार संयुक्त संघर्ष समिति र नेपाल भाषा संघर्ष समितिसँग कुनै सल्लाह नगरी, एकलौटी रूपमा यस्तो उच्च स्तरको संघर्षको कार्यक्रम एकाएक किन घोषणा गरियो ? यस्तो उच्च स्तरको कार्यक्रमलाई ठोस र उपलब्धिमूलक बनाउनका लागि शुरू शुरूमा जनचेतना अभिबृद्धि गर्ने, जनतालाई झन् झन् संगठित र संघर्षशील बनाउने, अनि तल्लो स्तरदेखि माथिल्लो स्तरसम्मको खुड्किलो चढ्दै जाने खालका संघर्षका कार्यक्रमहरू तय गर्दै जानुको सट्टा यति अपर्झट, यति अचानक एकलौटी रूपमा नेपाल बन्द किन घोषणा गरियो ? के यसमा माओवादी पार्टीकै जस्तो उग्र वामपन्थी सोच नै हावी भएको त हैन ? र, जस खोज्ने मानसिकता हावी भएर मात्रै पो यस्तो भएको त हैन ?

हामी सबैलाई थाहा छ, नेपाल बन्द जस्तो कुनै पनि संघर्षको कार्यक्रमको उद्देश्य मात्रै सही हुँदैमा संघर्ष सही, सफल र उपलब्धिमूलक हुँदैन, त्यसको लागि संघर्षको तरिका, उपाय, र प्रक्रिया पनि सही र वैज्ञानिक हुनुपर्दछ । बन्द आव्हानकर्ताले अहिले जसरी अरू भाषिक र जनजातीय संघर्ष समतिहरूसँग कुनै सल्लाह नगरी एकलौटी रूपमा बन्दको घोषणा गर्ने, घोषणा गरिसकेपछि अरूको समर्थन र सहयोगको मात्र आशा गर्ने, सर्वपक्षीय बैठकमा पनि आफ्नो संगठनको आन्तरिक निर्णयप्रति अरूहरूबाट अनुमोदनको मात्र माग गर्ने अनि संघर्षका लागि अप्नाउनु पर्ने बैज्ञानिक र सही तरिका नअप्नाउने जस्ता व्यवहार बन्दका आव्हानकर्ताले अपनाउनाले सही उद्देश्यबाट भएको संघर्षलाई पनि उपलब्धिमूलक पार्नुको सट्टा त्यसलाई नै क्षति पार्ने संभावना बेसी छ । यस्ता संघर्षका कार्यक्रम-हरूलाई सबै व्यक्ति र संगठनहरूले आलोचनात्मक दृष्टिले हेरी संघर्षको उद्देश्य र कारणमाथि गंभीर हुँदै अनि संघर्षप्रतिको उनीहरूको प्रतिबद्धतामाथि सहानुभूति राख्दै संघर्षको तरिका सही र वैज्ञानिक बनाउनका लागि भित्र वा बाहिरबाट वैचारिक संघर्ष चलाउनु आवश्यक देखिन्छ । ❑

- बिवेक मानन्धर

५ पेजको बाँकी

हो । यो प्रगतिको लक्षण हो । परन्तु राजासित मिलेर कांग्रेससित लड्नु पर्ने पूर्व स्थिति नेपालमा अहिले विद्यमान छैन । बरू यसको उल्टो दर्बार यतिखेर निकै सक्रिय हुन खोज्दैछ । संवैधानिक राजतन्त्र बेला बेलामा आफ्नो अधिकार क्षेत्रभन्दा बाहिर जान खोज्दैछ । जस्तो- माओवादी समस्या सम्बन्धमा संसदलाई चिठी लेख्नु । दर्बारले प्रायोजित रूपमा पूर्वपंचहरूको जुलूस आयोजना गर्दैछ- राजा पूनः सक्रिय हुनुपर्‍यो भनेर । यो स्थितिमा राजालाई आफ्नो थान्कोमा राख्नका लागि, कांग्रेससित समेत मिलेर दर्बारको पूनर्स्थापनाको प्रयत्नविरूद्ध लड्नु ज्यादा जरूरत भएको छ ।

संयुक्तमोर्चामा फराकिलो चिन्तन सँगसँगै माओवादी मित्रहरूले विकास गर्नुपर्ने देखिएको अर्को कुरा हो- इमान्दारी । संयुक्त कार्यक्रम गर्दा माओवादीहरूले आफ्नै नारा लगाइदिने, आफ्नो कार्यक्रम कार्यान्वयन गरीदिने गुनासो संयुक्तमोर्चामा सामेल सबै शक्तिले बारम्बार गरिरहेछन् । यस्तो संस्कृतिले संयुक्तमोर्चा दिगो रहन सक्दैन ।

व्यापक संयुक्तमोर्चा संभव हुनका लागि माओवादीहरूले विकास गर्नुपर्ने अर्को कुरा हो- भिन्न र आलोचनात्मक मत राख्ने सबै मित्रहरूलाई शत्रुको व्यवहार गर्ने र शत्रुवत बिल्ला भिराईदिने प्रवृत्तिको अन्त्य । आलोचना र भिन्न मतप्रति माओवादी नेतृत्वमा रहेको चरम असहिष्णुता अन्त्य नगरेसम्म व्यापक संयुक्तमोर्चा बन्नु र टिक्नु कदापि संभव हुने छैन ।

माओवादी नेतृत्वले पछिल्लो समयमा शहरिया जनसंघर्षमाथि पहिलेभन्दा ज्यादा जोड दिन थालेको देखिएको छ । यो उनीहरूमा आउन थालेको अर्को महत्वपूर्ण सकारात्मक हेरफेर हो ।

रमेश ढुंगेलको हत्या र पुष्कर गौतमहरूको हत्या-प्रयत्न तथा बहिर्गमनपछि अहिले आएर पूर्वाञ्चल क्षेत्रका इन्चार्ज क. आलोकमाथि - ती घटनाहरूमा उहाँको गैर-जिम्मेवारपूर्ण रवैया रहेको ठहर्‍याई उहाँमाथि कारवाही भएको थाहा भएको छ । साथै उहाँलाई त्यो क्षेत्रबाटै निकाली अन्यत्र पठाइएको बुझिएको छ ।

हालै आएर ने.क.पा. (माओवादी) ले बिद्रोही मसालसित मिलेर एउटा संयुक्तवक्तव्य जारी गरेको छ । त्यो वक्तव्यमा "विभिन्न पार्टी र समूहहरूमा छरिएर रहेका वा स्वतन्त्र रूपमा रहेका सच्चा क्रान्तिकारीहरूबीच व्यापक वैचारिक छलफल र क्रान्तिकारी ध्रुवीकरणको प्रक्रिया अगाडि बढाउनु पर्ने" प्रस्ताव प्रस्तुत गरिएको छ । यो प्रस्तावले पनि माओवादीहरूको सोचमा आइरहेको सकारात्मक परिवर्तनको एउटा झझल्को दिन्छ । परन्तु ती सच्चा क्रान्तिकारी पार्टी र समूह भनेका को हुन् त ? - वक्तव्यमा स्पष्ट उल्लेख छैन । वक्तव्यमा "जनयुद्धको पहल गरिरहेका र त्यसको घोषणा नगरेर पनि तयारीमा जुटेका पार्टीहरू" भनेर प्रष्ट पार्न त खोजिएको छ, परन्तु त्यस्ता पार्टी कुन कुन हुन् त ? प्रश्न फेरि पनि उठ्नु संभव छ ❑

# ◀ पाठकको कुरो

## हिरक अंकको संपादकीय

गत हीरक अंकमा मूल्यांकनले आफूलाई रचनात्मक प्रतिपक्षी पत्रिका बनाइराख्ने वचनवद्धता दोहोऱ्याएको रहेछ । यो स्वागतयोग्य छ । यसले कुनै पनि पार्टी वा निकायका गलत पक्षको आलोचना गर्न खुट्टा नकमाओस् । हरेक पार्टीहरूमा आज आन्तरिक आलोचनात्मकता घटेको छ । यस्तोमा मूल्यांकको महत्व र भूमिका अरू बढेको छ ।

राजन 'विप्र'

*पशुपति, देवपत्तन, काठमाण्डौं- ८*

## वास्तविकता बुझौं

मूल्यांकन मासिक सयौं पत्रिकाहरूको अग्रभागमा नै देखिन्छ । विश्व कम्युनिष्ट आन्दोलनको परिचय, वास्तविकता, सल्लाह, सुझाव र अन्य सबै लेख एवं विचारधाराहरू समयसापेक्ष नै छन् । तर 'बहुदलीय जनवादी' सिद्धान्त र आदर्शलाई आत्मसात् गर्ने सवाल, एवं सक्षम कम्युनिष्ट पार्टीलाई सुझाव दिने खालका समालोचनात्मक लेखहरू किन मूल्यांकनले कमै प्रकाशित गर्दछ ?

स्व. जननेता मदन भण्डारीले प्रतिपादन गर्नुभएको 'जनताको बहुदलीय जनवाद'लाई निसंकोच र निर्भिक भएर कार्यन्वयन गरिरहेको एमालेलाई कसैले पनि त्यसै विभिन्न आरोप-प्रत्यारोप लगाउँदैमा ती आरोपहरू प्रमाणित भैहाल्दैनन् ।

- सागर गुरागाई

*सिद्धिथुम्का गा.वि.स.- ८ खान्द्रुङ्ग, इलाम ।*

## स्टेफन माइकसेलको लेखबारे

फागुन अंकमा पेरूको कम्युनिष्ट पार्टी साइनिङ्ग पाथका बारेमा लेखिएको लेख पूर्वाग्रही जस्तो लाग्यो । त्यस लेखमा सशस्त्र क्रान्तिलाई पूरै लत्याउने तरिकाले विश्व श्रमजीवी जनतालाई सधैं संसदवादी सुधारवादी दलदलमा फसाइराख्ने कुराको वकालत गरिएको जस्तो लाग्यो । 'राष्ट्रको जीवनका महत्वपूर्ण प्रश्नहरू खाली बल प्रयोगद्वारा मात्र हल हुनसक्छन्' भन्ने मार्क्सवादी मान्यतालाई त्यो लेखले नकारेको छ । चुनाव कम्युनिष्टहरूको लागि कार्यनीतिक सवाल मात्र हैन र ? के शान्तिपूर्ण संसदीय बाटोबाट जनमुक्ति सम्भव छैन भन्ने कुरा विश्व कम्युनिष्ट आन्दोलनले सिद्ध गरिसकेको छ, हैन र ? विश्व साम्राज्यवाद र सामन्तवादले विश्वमा कम्युनिष्टहरूलाई नष्ट गर्ने बाटो लिइरहेको अवस्थामा के श्रमजीवी जनसमुदायले प्रतिक्रियावादीहरूको बारूद गोलाहरूलाई फूलको मालाले प्रतिकार गर्न सक्छ त ? यो प्रश्न स्टेफन माइकसेल र मूल्यांकन मासिकलाई ।

- लीलाप्रसाद पौडेल,

*भीमस्थान- ३, सिन्धुली ।*

## महिला स्तम्भले स्थान पाएकोमा खुशी

मूल्यांकनको ७५ औं अंक ढीलो हात पऱ्यो । महिला नेतृ स्नेहलता ओन श्रेष्ठसँगको अन्तर्वार्ताले नेपाली नारीहरू सामन्तवादी शोषणविरूद्ध कसरी लड्दै आए भन्ने कुरा बुझाउनुको साथै पुराना पिढीको अनुभवबाट हामी आजका नयाँ पिढीलाई संघर्षशील र उत्साहित पारेको छ । तर पनि दुख लाग्ने कुरा के छ भने, प्रजातन्त्र प्राप्तिको दश वर्ष बितिसक्दा पनि सरकारमा बस्नेहरूको नजर ती पीडित व्यक्तिहरूमाथि परेन । पाम राजपूतको अन्तर्वार्ताले सामन्तवादी शोषण र थिचोमिचो भएका मुलुकका महिलाहरूको अवस्था दयनीय हुन्छ भन्ने देखाएको छ । साहसी महिला जर्मन कम्युनिष्ट नेता रोजा लक्जम्बर्ग र कार्ल निब्नेख्तको हत्याको ८१ वर्षपछि पनि लाखौं जनताले जुलुश प्रदर्शन गरेको समाचारले हामीजस्ता केही गरौं भन्ने ईच्छा राख्ने मानिसहरूलाई प्रोत्साहित गरेको छ ।

- सुश्री विमला दुङ्गाना

*रीस्कु- ७, गालटार, उदयपुर ।*

## मूल्यांकनले...

साम्राज्यवादी उत्पीडन र सामन्तवादी शोषणको विरूद्ध राष्ट्रिय मुक्तिको लागि लडिरहेका कम्युनिष्ट पार्टीहरूमा मार्क्सवादको व्याख्या र राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थितिको विश्लेषण गर्ने सवालले महत्व पाउनुपर्छ । यसमा देखिएको मतविभाजन र एकतालाई उग्रवामपन्थ तथा दक्षिणपन्थ कतैतर्फ पनि नढल्की मूल्यांकनले पारदर्शी रूपमा राख्नेगरेको छ ।

उग्रवापन्थी भड्कावबाट क्षतविक्षत भएको कम्बोडियाली कम्युनिष्ट पार्टी, दक्षिणपन्थी भड्कावबाट पतन हुनुका साथै एउटा एकीकृत विशाल राष्ट्र सोभियत संघलाई १५ वटा राष्ट्रमा विभाजन गर्ने काम पनि कम्युनिष्ट पार्टीको नामबाट भएको घटनालाई सरल भाषाबाट नेपाली पाठकलाई सचेत पर्ने काम मूल्यांकनले गरेको छ ।

त्यस्तै जल विद्युततर्फ पनि गहकिला सामग्री दिने काम मूल्यांकनले गरेको छ ।

देशमा व्यापक भ्रष्टाचार छ । त्यसको नियन्त्रणतर्फ सम्पूर्ण देशका प्रवुद्धवर्गलाई सोच्ने वातावरण यसले बनाएको छ । तर क्रान्तिकारी भूमिसुधार, कृषि समस्या र भूमिसम्बन्धी सवालमा मूल्यांकन परिवारको ध्यान अलि केन्द्रित भएको छैन कि जस्तो लागेको छ ।

नेपाली समाजलाई विकृत पारिरहेको धर्मग्रन्थहरूको आलोचनात्मक विश्लेषण तथा चेलीबेटी बेचविखन जस्ता कुरामा पनि मूल्यांकन केन्द्रित नभएको पाइयो ।

१) सत्ता प्राप्तिको लागि लडिरहेका कम्युनिष्ट पार्टीमा देखिने सैद्धान्तिक, राजनैतिक, वैचारिक विचलनबारे लेखियोस् ।

२) पूंजीवादी समाज व्यवस्थाले जन्माएका विसंगति र विकृतिको थप भण्डफोर गरियोस् ।

३) समाजवाद स्थापना भएर पतन भएका मुलुकहरूमा उठाइने वर्ग-संघर्षको स्वरूप र चरित्रबारे थप सामग्री प्रस्तु गरियोस् ।

- राममणी पोखरेल,

*उदयपुर*

## ध्यान तानिनु पऱ्यो

नेपालमा जति पनि संविधानको दायराभित्रका पार्टीहरू छन्, ती सबै आफ्नो स्वार्थमा लिप्त छन् । अरू पार्टी त आफ्नो स्वार्थमा जानु ठीकै हो तर आफूलाई कम्युनिष्ट भन्ने पार्टीहरू पनि गरीब, भोका नाङ्गा जनताका आशा र आकांक्षाहरूको विपरीत चलिरहेका छन् । मूल्यांकन मासिकको ध्यान यता तानिनु पऱ्यो ।

रमेश विकलसँगको कुराकानी सबैभन्दा चाख लाग्यो । अरू सामग्रीहरू पनि उपयोगी र चाखलाग्दा नै छन् ।

**Bisu Neupane**
P.O.Box No.- 295
Saihat- 31972, K.S.A.

## निर्मल लामाको जीवनी

क. लामाको स्वास्थ्य लाभको कामना गर्दछु । "मूल्यांकन"ले उहाँको आत्मजीवनी टेप गरेर सुरक्षित राखी क्रमशः प्रकाशित गर्न नछोडोस् । सके किताव नै निकाल्नु राम्रो हुनेथियो ।

- विष्णु आचार्य,

*नारायणगढ, चितवन*

*(सो आत्मजीवनी रेकर्ड गरिएको छ । क्रमशः प्रकाशित गरिने छ । यो शृंखला प्रकाशन कार्य सकिएपछि "मूल्यांकन" ले पुस्तकाकार रूपमा प्रकाशित गर्नेछ ।-सं.)*


नयाँ वर्ष २०५७ सालको पावन अवसरमा समस्त देशबासीहरूमा

हार्दिक मंगलमय शुभकामना

व्यक्त गर्दछौं ।

औद्योगिक क्षेत्र व्यवस्थापन लि.

बालाजु, काठमाण्डौ,

फोन नं. ३५१२२४, ३५०८४९

नयाँ वर्ष २०५७ सालको पावन अवसरमा समस्त देशबासीहरूमा

हार्दिक मंगलमय शुभकामना

व्यक्त गर्दछौं ।

नेपाल औद्योगिक विकास निगम

# नव वर्ष २०५७ सालको

सुखद उपलक्ष्यमा हामी हाम्रा सम्पूर्ण ग्राहक तथा

देशबासीहरूमा हार्दिक

## शुभकामना

व्यक्त गर्दछौं ।

## नेपाल आयल निगम लि.

NEPAL OIL CORPORATION LTD

२००७ सालमा नेपाली कांग्रेस पार्टीको तर्फबाट जन-कमाण्डरको रूपमा संक्रिय राजनीति शुरू गरी, पछि वामपन्थी आन्दोलनमा निरन्तर र विशिष्ट योगदान दिँदै आउनुभएका वरिष्ठ वामपन्थी नेता



क. निर्मल लामाको


शिघ्र स्वास्थ्यलाभको कामना गर्दछौं ।

**ऋषिराम शर्मा** मेयर तथा

**बाग्लुङ्ग नगरपालिका**

परिवार

वामपन्थी आन्दोलनमा निरन्तर र विशिष्ट योगदान दिँदै आउनुभएका एवं वर्तमान नेपालको सम्बिधान निर्माणमा समेत महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएका वरिष्ठ



वामपन्थी नेता क. निर्मल लामाको

शिघ्र स्वास्थ्यलाभको कामना गर्दछौं ।

**लीलाबहादुर थापा मगर**

सभापति तथा

**बाग्लुङ्ग जि.वि.स.** परिवार

ल.पु.जि.प्र.का. द.नं. ९९/०४९/५० म.क्षे.हु.द.नं. १२/०५१/५२

